# प्रथम परिच्छेद

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **सुशील गौतमको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

## १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह, दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका निम्ति तयार पारिएको हो ।

## १.३ समस्याकथन

नेपाली साहित्यका विविध विधामा कलम चलाएका सुशील गौतम कवि, गीतकार र गजलकारका रूपमा प्रतिष्ठापित छन् । साहित्यसृजनाका क्षेत्रमा लामो समयदेखि साधनारत गौतमका विषयमा हालसम्म सामान्य टिप्पणी, चर्चा-परिचर्चाबाहेक उनको जीवनवृत्तसहित समग्र कृतिहरूको विस्तृत र सुव्यवस्थित अध्ययन भएको देखिँदैन । हालसम्म उनी र उनका विषयमा चर्चा-परिचर्चा र मोटामोटी नामोल्लेख गरिनुबाहेक सम्पूर्ण कृतिहरूको साङ्गोपाङ्ग अध्ययन हुन सकेको छैन । यसर्थ प्रस्तुत शोधपत्र तल लेखिएका समस्यामा केन्द्रित रहेर सुशील गौतमको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन-विश्लेषणमा उन्मुख रहेको छ :

(१) सुशील गौतमको जीवनी के-कस्तो रहेको छ ?

(२) उनको व्यक्तित्वका पाटाहरू के-कस्ता रहेका छन् ?

(३) उनको साहित्ययात्रा र चरणगत प्रवृत्तिहरू के-कस्ता छन् ?

(४) उनले के-कति साहित्यिक तथा साहित्येतर कृतिहरू लेखेका छन् र ती के-कस्ता छन् ?

## १.४ शोधपत्रको उद्देश्य

प्रस्तुत शोधपत्रका उद्देश्यहरू यसप्रकार रहेका छन् :

(१) सुशील गौतमको जीवनीको विश्लेषण गर्नु,

(२) उनका व्यक्तित्वका पाटाहरूको विश्लेषण गर्नु,

(३) उनको सिर्जनायात्रा र सिर्जनात्मक प्रवृत्तिहरूको विश्लेषण गर्नु ।

(४) उनका साहित्यिक कृतिहरूको विश्लेषण गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यका विविध विधामा साधनारत सुशील गौतमका विषयमा हालसम्म सामान्य टीका-टिप्पणी, चर्चा-परिचर्चाबाहेक उनको जीवनवृत्तसहित सम्पूर्ण कृतिहरूको सुव्यवस्थित अध्ययन-अनुसन्धान भएको पाइँदैन । हालसम्म उनी र उनका कृतिबारे गरिएका चर्चा-परिचर्चा वा टीका-टिप्पणीहरू यसप्रकार रहेका छन् :

(१) **मध्यपश्चिमका कविता** नामक पुस्तकमा सङ्कलित ‘रापतीका कविता, पृष्ठभूमि र परम्परा’ लेखमा केशव सुवेदीले सुशील गौतमलाई दाङबाट २०२० को दशकमा देखापरेका कविका रूपमा चिनाएका छन् ।[1]

(२) **कविताञ्जलि**मा रोमहर्ष लम्सालले ‘कविताञ्जलिबारे दुई शब्द’ लेख्दै उक्त कृति विद्वत्तापूर्ण भावाव्यक्ति भएको, अन्धविश्वास, सामन्तवाद, दास-मनोवृत्ति र भ्रष्टाचारमाथि अचूक प्रहार गर्न सफल उत्कृष्ट रचना भएको कुरा व्यक्त गरेका छन् ।[2]

(३) **एक सय एक प्रेमगीतहरू** नामक कृतिमा उत्तमकृष्ण मजगैयाँले गौतमलाई प्रेम र संवेदनाका सरोवर भएका मन छुने कोमल र सुन्दर गीतहरूका कुशल शिल्पी भन्दै उनको साहित्यिक यात्राको उत्तरोत्तर प्रगतिको कामना गरेका छन् ।[3]

(४) **चर्किएको जून** नामक कवितासङ्ग्रहमा नारायण नेपालले आफ्नो मन्तव्यमा उनका कविताहरू सरल भएर पनि गहिराइलाई छुन सक्ने खालका, परिपक्व बौद्धिकताले युक्त छन् भनेका छन् । उनको कलमलाई ‘शतं जीवेम शरदः’ भन्दै उनीबाट युगान्तकारी रचना गर्नका लागि आमन्त्रण गरेका छन् ।[4]

(५) **नयाँ युगबोध** (राष्ट्रिय दैनिक) पत्रिकामा टीकाराम उदासीले ‘सुशील गौतमको एक सय एक प्रेमगीतहरू’ लेखमा उनका गीतको विश्लेषण गर्दै उनी एक सफल

---

1= केशव सुवेदी, ‘रापतीका कविता, पृष्ठभूमि र परम्परा’, **मध्यपश्चिमका कविता**, (काठमाडौँ : मध्य पश्चिमाञ्चल साहित्य परिषद्, २०५३), पृ. १४५ ।

2= रोमहर्ष लम्साल, ‘कविताञ्जलिबारे दुई शब्द’, **कविताञ्जलि**, (दाङ : लेखक संघ, २०५६), पृ. क ।

3= उत्तमकृष्ण मजगैयाँ, ‘मन्तव्य’, **एक सय एक प्रेम गीतहरू**, (दाङ : लेखक संघ, २०६०), पृ. उल्लेख नभएको ।

4= नारायण नेपाल, ‘मन्तव्य’, **चर्किएको जून**, (दाङ : लेखक संघ, २०६०), पृ. उल्लेख नभएको ।

गीतकार भएको कुरा व्यक्त गरेका छन् ।[5]

(६) **नयाँ युगबोध** (राष्ट्रिय दैनिक) पत्रिकामा नारायण नेपालले 'एक सय एक प्रेमगीतका स्रष्टाको प्रतिभा मूल्याङ्कन' नामक लेखमा सुशील गौतमका गीतहरूको मूल्याङ्कन गर्दै उनका गीतहरू गेय र मर्मस्पर्शी छन् भनेका छन् ।[6]

(७) लेखक संघ दाङद्वारा पुरस्कृत **साहित्यिक प्रतिभाहरू** लेखमा कृष्णराज डी.सी.ले २०६० सालका पुरस्कृत प्रतिभाको परिचय दिने सिलसिलामा साहित्यकार गौतमको पनि परिचय दिएका छन् ।[7]

(८) **छन्दमा रापती : एक संक्षिप्त अवलोकन** लेखमा उत्तमकृष्ण मजगैयाँले सुशील गौतमलाई शास्त्रीय छन्द र मुक्त छन्द दुवै शैलीमा समान रूपले कलम चलाउने दाङ जिल्लाका आधुनिक कालका कविका रूपमा चिनाएका छन ।[8]

(९) सिर्जनशील परिवार दाङका अध्यक्ष गणेश विषमले **प्रेसर कुकर**को प्रकाशकीयमा गौतमलाई आक्रामक कवि कटु द्रष्टा, स्वसंस्कृति, आस्था र मान्यताका पक्षपाती र एक ऊर्जाशील राष्ट्रवादी कवि हुन् भनेका छन् ।[9]

(१०) **यथार्थको प्रतिविम्ब : प्रेसर कुकर** शीर्षक लेखमा नरेन्द्र के.सी. ले उनका कविताहरू यथार्थताको प्रतिविम्ब भएको भन्दै इमानदारी, नैतिकता, अनुशासनको मर्म र समयको महत्त्व नबुझ्ेकाहरूलाई गतिलो झापड हो 'प्रेसर कुकर' भनेका छन् ।[10]

(११) **गजल रापती**मा भावाभिषेक लेखमा गोविन्दराज विनोदीले गजलकार गौतमका गजलमा प्रेम-प्रणय सामाजिक विसङ्गति, स्वसंस्कृति, भाषा, धर्मको भाव र पूर्ण शास्त्रीय छन्दको प्रयोग गर्ने गजलकारका रूपमा चिनाएका छन् ।[11]

---

5= टीकाराम उदासी, 'सुशील गौतमका एक सय एक प्रेमगीतहरू', **नयाँ युगबोध**, (वर्ष २७, अङ्क १४२, २०६० असोज), पृ. ४ ।

6= नारायण नेपाल, 'एक सय एक प्रेमगीतका स्रष्टाहरूको प्रतिभा, मूल्याङ्कन', **नयाँ युगबोध**, (वर्ष २७, अङ्क १५९, २०६० कार्तिक) पृ. ४ ।

7= कृष्णराज डी. सी., 'लेखक संघ दाङद्वारा पुरस्कृत साहित्यिक प्रतिभाहरू', **नयाँ युगबोध**, (वर्ष २७, अङ्क २६९, २०६० फागुन) ।

8= उत्तमकृष्ण मजगैयाँ, छन्दमा रापती : एक सङ्क्षित अवलोकन', **छन्दमा रापती**, (दाङ : राप्ती कलाकेन्द्र, २०६१) पृ. छ ।

9= गणेश विषम, 'प्रकाशकीय' **प्रेसर कुकर**, (दाङ : सिर्जनशील परिवार, २०६१) पृ. ग ।

10= नरेन्द्र के .सी., 'यथार्थको प्रतिविम्ब : प्रेसर कुकर', **नयाँ युगबोध**, (२०६१, चैत्र १९), पृ. ४ ।

11= गोविन्दराज विनोदी, 'गजल रापतीमा भावाभिषेक', **गजल रापती**, (दाङ : लेखक संघ, २०६४), पृ. उल्लेख नभएको ।

## १.६ अध्ययनको औचित्य र **महत्त्व**

साहित्य सृजनातर्फ उन्मुख भएका सुशील गौतमका बारेमा उपर्युक्त सामान्य टीका-टिप्पणी र छिटफुट चर्चा मात्रै भएका छन् । सृजनामा विगत दशकमा निरन्तर सक्रिय रहे पनि उनी ओझेलमा परेका प्रतिभा हुन् । उनी र उनका समग्र कृतिहरूका बारेमा व्यवस्थित ढङ्गले व्यापक अध्ययन र अनुसन्धान हालसम्म पनि नभएकोले व्यवस्थित रूपमा गरिएको यो अध्ययन स्वतः औचित्यपूर्ण छ । समवर्ती र उत्तरवर्ती साहित्यिक प्रतिभाका लागि उनको जीवनी, व्यक्तित्व र कृतित्व प्रेरणादायी बन्नुका साथै उनका बारेमा जान्न चाहने अध्येताहरूका लागि पनि यो शोधकार्य महत्त्वपूर्ण हुनेछ ।

## १.७ शोधकार्यको सीमाङ्कन

नेपाली साहित्यका बहुआयामिक व्यक्तित्व सुशील गौतमले कथा, कविता, गीत, गजल जस्ता क्षेत्रमा कलम चलाएको पाइन्छ । प्रस्तुत शोधपत्र उनको जीवनी र व्यक्तित्वका बारेमा विवेचना गर्दै उनको साहित्यिक यात्रा र चरणगत प्रवृत्तिको चर्चा एवम् हालसम्म (२०६५ मङ्सिर मसान्तसम्म) प्रकाशित रचनाहरूमध्ये फुटकर रचनाहरूको सूची प्रस्तुत गर्नु र सङ्ग्रहका रूपमा प्रकाशित भएका कृतिहरूको अध्ययन र विश्लेषण गर्नु यस शोधकार्यको सीमा हो ।

## १.८ शोधविधि तथा सैद्धान्तिक ढाँचा

प्रस्तुत शोधपत्र पुस्तकालयीय अध्ययन विधिमा आधारित छ । यसका साथै उनका घरपरिवार एवम् छोराछोरीहरूसँग प्रत्यक्ष भेटघाट तथा उनका आफन्त नातेदारहरूसँग पनि सोधपुछ गरी आवश्यक सामग्री सङ्कलन गरिएको छ । यस क्रममा आवश्यकताअनुसार सम्बद्ध क्षेत्रका विद्वान् प्राध्यापक एवम् समालोचकहरूसँग पनि छलफल गरी आवश्यक सूचना तथा जानकारी लिइएको छ । यसरी सङ्कलित सामग्रीको प्रस्तुतीकरण वस्तुपरक र विश्लेषणात्मक विधिले गरिएको छ भने उनका कृतिहरूको विवेचनाका क्रममा सम्बद्ध विधासिद्धान्तहरूको आधार लिइएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यलाई व्यवस्थित रूपमा प्रस्तुत गर्न निम्नलिखित सात परिच्छेदमा विभक्त गरिएको छ :

| | | |
|---|---|---|
| पहिलो परिच्छेद | : | शोधपरिचय |
| दोस्रो परिच्छेद | : | सुशील गौतमको जीवनीको अध्ययन |
| तेस्रो परिच्छेद | : | सुशील गौतमको व्यक्तित्वको अध्ययन |
| चौथो परिच्छेद | : | सुशील गौतमको साहित्यिक यात्रा र चरणगत प्रवृत्ति |
| पाँचौं परिच्छेद | : | सुशील गौतमका कविताकृतिको विश्लेषण |

छैठौँ परिच्छेद : सुशील गौतमका गीत र गलजको विश्लेषण

सातौँ परिच्छेद : उपसंहार तथा निष्कर्ष

यसरी प्रस्तुत शोधपत्रलाई उपर्युक्त सात परिच्छेदमा विभाजित गरिएको छ र आवश्यकताअनुसार उपर्युक्त प्रत्येक परिच्छेदलाई विविध उपशीर्षकहरूमा समेत विभाजित गरिएको छ ।

## दोस्रो परिच्छेद


# सुशील गौतमको जीवनीको अध्ययन

### २.१ जन्ममिति र जन्मस्थान

सुशील गौतमको जन्म वि.सं. २००२ असोज महिनाको शुक्लपक्ष नवदुर्गाभित्रको चतुर्थी तिथिका दिन बिहान ८ बजे भएको थियो। उनी हालको राप्ती अञ्चलअन्तर्गत पर्ने दाङ जिल्लाको हापुर गा.वि.स. वडा नं. ८ बगिया गाउँमा जन्मेका हुन्।[12]

### २.२ पुर्खा र वंशपरम्परा

सुशील गौतम थरका अत्रिगोत्रीय ब्राह्मण कुलमा जन्मेका हुन्। उनको पुर्ख्यौली थलो दाङ, हापुर-८ बगिया हो। उनका पुर्खाको सम्बन्धमा खोजबिन गर्दा उनीभन्दा ५ पुस्ता अगाडिका पाराशरसम्मको नामावली प्राप्त भएको छ :




---

12= शोधनायकबाट प्राप्त जानकारी।

13= छोरा किशोरचन्द्र गौतमसँगको कुराकानीबाट प्राप्त जानकारी।

सुशील गौतमका पुर्खाहरू दाङमा नै बसोबास गर्दै आएका हुन्। उनीहरू सबै मूलतः कृषक थिए। ३०० बिघा जमिनका जमिनदार भएकाले उनीहरूले प्रशस्त घोडा तथा गाईवस्तु पाल्ने गर्थे। दाङमा ३०० बिघा जग्गा भए पनि अन्न कम फल्ने, फले पनि नबिक्ने र एकसरो कपडा र मालपोत बुझाउनसमेत नपुग्ने हुनाले पैदल जुम्लासम्म पुगी घोडाको बछेडो ल्याएर पाली ठूलो बनाउने र भारतको तुलसीपुर पाटनमा लाग्ने मेलामा बेची त्यसको नाफाबाट घरखर्ची सामानहरू ल्याउने गर्थे।[14] सुशीलका हजुरबुबा चन्द्रनिधि संस्कृत शिक्षाप्रेमी थिए। उनले आफ्ना छोराहरूलाई पनि संस्कृतकै शिक्षा दिएका थिए। उनले अङ्ग्रेजी शिक्षालाई गाईखाने शिक्षाको नाम दिन्थे।[15] चन्द्रनिधिका पाँच भाइ छोराहरूमध्ये शालिग्राम नेपालकै एक मूर्धन्य विद्वान् हुन्। उनलाई दाङका प्रथम पुस्ताका प्रतिभाशाली कविका रूपमा चिनिन्छ। त्यस्तै चन्द्रनिधिका कान्छा छोरा अर्थात् सुशील गौतमका पिता टेकनाथ गौतम दाङका समाजसेवी व्यक्ति हुन्। उनले एक दर्जनभन्दा बढी कृतिहरू प्रकाशित गर्नुका साथै संस्कृत र हिन्दी भाषाका विभिन्न कृतिहरूको नेपालीमा अनुवादसमेत गरेका छन्। केही कृतिहरूका यिनी सहअनुवादक पनि हुन्। यिनको प्रतिभाबाट प्रभावित भएर कपिलवस्तु डेर्वाका वासुदेव ज्ञवालीले आफ्नी छोरी मुन्नादेवी ज्ञवालीको विवाह टेकनाथ गौतमसँग गरिदिए। यिनै मुन्नादेवी र टेकनाथका एक्लो सन्तानका रूपमा सुशील गौतम जन्मिएका हुन्।[16]

## २.३ नामकरण

सुशील गौतमको न्वारनको नाम हरिप्रसाद गौतम हो भने राशिको नाम नीलमणि गौतम हो। सुशील जन्मिएपछि प्रसवव्यथाका कारण उनकी आमाले सदाको लागि यस संसारबाट आँखा चिम्लिन्। आमाको असामयिक देहावसानबाट टुहुरा बन्न पुगेका सुशीललाई एक-डेढ वर्षसम्म हजुरआमाले स्याहारसुसार गरिन्। त्यतिखेर उनको उचित स्याहार पुग्न सकेन जसको फलस्वरूप उनी शारीरिक रूपमा कमजोर हुन पुगे। यो कुरा सुशीलका मामाले थाहा पाएपछि उनले भान्जालाई आफ्नै घरमा लिएर गए। देख्दा शीलवान् स्वभावका भएकाले उनको न्वारनको नाम हरिप्रसाद भए पनि बोलाउँदा उनका मामाले सुशील भनी बोलाउन थाले र पछि यही नामबाट उनी परिचित हुन पुगे।[17]

## २.४ बाल्यकाल र पालनपोषण

---

14= शोधनायकबाट प्राप्त जानकारी।

15= सुशील गौतम र अन्य, **पं. शालिग्राम स्मृतिग्रन्थ** (दाङ : लेखक संघ, २०५८), पृ. ५७।

16= शोधनायकबाट प्राप्त जानकारी।

17= सुशीलका बुबा टेकनाथ गौतमबाट प्राप्त जानकारी।

सुशील गौतम जन्मसमयदेखि नै मातृविहीन हुन पुगेकाले उनी आमाको माया र ममताबाट वञ्चित भएको देखिन्छ । उनले आफ्नो बाल्यावस्थाका डेढ वर्ष आफ्नै जन्मघरमा हजुरआमा र काइँली आमाको रेखदेखमा बिताए । उनका पितामह र पिता खेतीपाती गर्नका लागि कोटबैँसी गरिरहनुपर्ने हुँदा सुशीलको हेरचाहका निम्ति त्यति समय दिन पाउँदैनथे । उनका बुबा पनि खेतीपाती र घर-गृहस्थीका निम्ति आफ्ना पितासँगै जानु पर्दथ्यो । त्यसकारण टेकनाथ गौतमले आफ्नो छोराका लागि समय दिन पाउँदैनथे । जसको फलस्वरूप उनको शारीरिक अवस्था विकलाङ्ग बन्न पुग्यो । अबोध शिशु अवस्थामै मातृविहीन हुन पुगेका सुशीलले केही समय हजुरआमा र काइँलीआमाबाट मातृवात्सल्य पाए पनि उनको शारीरिक अवस्था कमजोर नै थियो । यस्तो कुरा थाहा पाएपछि उनलाई मावलीहरूले कपिलवस्तु लिएर गए । त्यसपछि नौ वर्षको उमेरसम्म उनी मावलीघरमै बसेको देखिन्छ । त्यस समयमा उनी मावलीहरूकै लाडप्यारमा हुर्के । मामाघर बस्दा उनी घर अगाडिको ठूलो तलाउमा डुङ्गा चढ्न, माछा मारेको हेर्न, हात्ती चढ्न, चाइँया पापा खान मन पराउँथे । सात वर्षको उमेरसम्म आफैँ हिँडडुल गर्न नसक्ने हुनाले उनलाई मामा र हजुरबुबाले काँधमा राखेर र औला समातेर वरपर घुमाएको कुरा उनी स्वयम् बताउँछन् ।[18] नौ वर्षको उमेरपछि उनी कपिलवस्तुबाट बुबासँग दाङ फर्के र बुबासँगसँगै कोटबैँसी गर्न थाले । प्रपितामहको पालादेखि नै कोटबैँसी गर्ने परम्परा र प्रचलन रहेकोले बाबुसँगको कोटबैँसी गर्नुपर्दाको उनको समय रमाइलोसँग नै बितेको देखिन्छ ।

## २.५ चूडाकर्म र उपनयन संस्कार

सनातन धर्म र परम्पराअनुसार बालक जन्मेको एक वर्षदेखि तीन वर्षको उमेरभित्र चूडाकर्म गर्ने प्रचलन छ। तर सुशील गौतमको चूडाकर्म भने ८ वर्षको उमेरमा कपिलवस्तुको लुम्बिनीमा उनका मामा चिन्तामणि ज्ञवालीले गरिदिएका थिए। यिनको उपनयन संस्कार पनि २१ वर्षको उमेरमा तौलिहवास्थित मामाघरमा नै भएको थियो ।[19]

## २.६ शिक्षादीक्षा

सुशील गौतमको जन्म एक शिक्षित परिवारमा भएको देखिन्छ। उनका पितृवंशमा शालिग्राम गौतम बौद्धिक तथा साहित्यिक व्यक्तित्वका रूपमा प्रसिद्ध छन् भने पिता टेकनाथ गौतम पनि साहित्यिक र समाजसेवी व्यक्तित्वका रूपमा परिचित छन् । यसरी शिक्षित पठित परिवारमा जन्मिएका सुशील गौतमले नौ वर्षको उमेरमा आफ्ना पिताजीसँग घरमै अक्षरारम्भ गरेका हुन् । त्यसपछि १२ वर्षको उमेरसम्ममा उनले आफ्नै बुबासँग अमरकोष, लघुकौमुदी,

18= शोधनायकबाट प्राप्त जानकारी ।

19= भतिजी राधिका आचार्यबाट प्राप्त जानकारी ।

रघुवंश, रामायण आदिको पढाइ तीव्र गतिमा गरेको देखिन्छ । त्यसपछि उनले दाङको बिजौरीस्थित जनता प्रधान पाठशालाबाट प्रथमा परीक्षा दिए । त्यसपछि संस्कृतको पढाइलाई छोडेर उनी दाङको घोराहीस्थित पद्मोदय पब्लिक हाईस्कुलमा कक्षा नौमा भर्ना भए । त्यहाँ केही समयसम्म पढी उनले २०१८ सालमा तौलिहवास्थित रत्नराज्यलक्ष्मी हाईस्कुलबाट प्रथम श्रेणीमा एस.एल.सी. गरे । त्यसपछि सुशील गौतमले २०२१ सालमा महेन्द्र इन्टर कलेज दाङबाट आई.ए., २०२२ सालमा त्रिचन्द्र कलेजबाट बी.ए. उत्तीर्ण गरे । यसैबीच उनले सम्पूर्णानन्द विश्वविद्यालयबाट संस्कृत साहित्यमा शास्त्री परीक्षा पनि उत्तीर्ण गरेको देखिन्छ । त्यसपछि २०२५ सालमा उनले त्रिभुवन विश्वविद्यालयबाट अर्थशास्त्रमा एम.ए. गरेका थिए । यो प्रथमादेखि एम.ए.सम्मको औपचारिक अध्ययन पूरा गर्ने क्रममा उनले स्वभावतः आफ्नो मातृभाषा नेपालीबाहेक हिन्दी, अङ्ग्रेजी र संस्कृत भाषाको पनि जानकारी हासिल गरेको देखिन्छ ।[20]

आफ्नो एम.ए.सम्मको औपचारिक अध्ययनपछि पनि सुशील गौतम पठनपाठनको कार्यलाई अनिवार्य ठान्छन् । त्यसैले उनले आफ्नो स्वाध्ययनलाई अनवरत कायम राखेका छन् । उनी विशेषतः मार्क्सवादी दर्शनको गहन अध्ययन गर्न मन पराउँछन् । आफ्नो खर्चले भ्याएसम्म नयाँ-नयाँ पत्रपत्रिका पढिरहने उनको स्वभाव देखिन्छ । आफूले मात्र होइन उनी आफ्ना परिवारलाई समेत पत्रपत्रिका पढ्न प्रोत्साहन दिन्छन् ।[21] उनी पढाइमा निकै प्रतिभाशाली छन् । शिक्षित परिवारमा जन्मेका सुशीलले मूलतः बुबा टेकनाथ गौतम र मामा चिन्तामणि ज्ञवालीको स्नेहसिक्त प्रेरणा र प्रोत्साहनबाट पढाइमा राम्रो सफलता प्राप्त गरेको बुझिन्छ ।

## २.७ विवाह र दाम्पत्य जीवन

२०२८ सालमा २६ वर्षको उमेरमा सुशील गौतमको विवाह भएको थियो । दाङको घोराही, भरतपुर निवासी अपर्णादेवीसँग उनको विवाह भएको थियो ।[22] अपर्णादेवी पं. बुद्धिप्रकाश शर्माकी छोरी हुन् ।[23] यिनका बाबु बुद्धिप्रकाश दाङका शिक्षित प्रतिष्ठित व्यक्ति थिए । यता सुशील गौतमका पिता टेकनाथ गौतम पनि मध्यमवर्गीय परिवारका प्रतिष्ठित व्यक्ति थिए । त्यसकारण यी दुवै परिवारका बीच वैवाहिक सम्बन्ध गाँसिन पुगेको थियो । टेकनाथ गौतम र बुद्धिप्रकाश दुवैले मन फुकाएर सुशील र अपर्णादेवीको विवाह गरिदिएका

20= राधिका आचार्यबाट प्राप्त जानकारी ।

21= छोरी मञ्जुश्री शर्माबाट प्राप्त जानकारी ।

22= सुशीलका बुबा टेकनाथ गौतमबाट प्राप्त जानकारी

23= छोरा दीपक गौतमबाट प्राप्त जानकारी ।

थिए ।[24]

सुशील गौतम र उनकी श्रीमती अपर्णादेवीका कोखबाट तीन छोरा र एक छोरी गरी जम्मा चार सन्तान जन्मेका छन् । यिनीहरूका सन्तानमध्ये जेठा छोरा किशोरचन्द्र गौतम २०३० सालमा जन्मेका थिए भने छोरी मञ्जुश्री शर्मा २०३२ सालमा जन्मेकी थिइन् । २०३४ र २०३६ सालमा यिनीहरूका अरू दुई भाइ छोरा दीपक र जनार्दन जन्मेका थिए ।[25]

२६ वर्षको उमेरमा वैवाहिक जीवनमा आबद्ध सुशील गौतमले अहिलेसम्म ६३ वर्षको उमेर पार गरिसकेका छन् । यति लामो दाम्पत्य जीवनमा पति-पत्नीका बीच कहिल्यै मनोमालिन्य भएन ।[26] अपर्णादेवी नारीसुलभ गुण भएकी सहनशील स्वभावकी महिला हुन् । सुशील पनि मिलनसार, विनोदप्रिय, जिज्ञासु र मेधावी स्वभावका व्यक्ति हुन् । यी दुवै पति-पत्नीका बीच पारस्परिक सहयोगको भावना देखिन्छ । अपर्णादेवीले कहिल्यै पनि आफ्नो श्रीमान्प्रति कठोर व्यवहार गरिनन् । उनी सधैँ सुशीलका क्रियाकलापप्रति तटस्थ रहँदै आएकी छन् । उनी आफ्ना पतिको सेवा गर्नु र खानपिनमा ध्यान पुऱ्याउनु नै आफ्नो धर्म सम्झन्छिन् । उनी पतिलाई मनपर्ने गहुँको च्याँख्ला र दूध जसरी भए पनि जुटाउने गर्छिन् । सुशील गौतम खेतीपाती, समाजसेवा र साहित्यिक गतिविधिमा व्यस्त रहने हुँदा अपर्णादेवीले नै सन्तानको हेरचाह र घरव्यवहार गर्छिन् । सुशील शारीरिक रूपमा कमजोर भएकाले उनी परिवारका लागि खट्न सक्दैनन् बरु परिवारले नै आफ्नो हेरचाह गर्नुपर्ने कुरा स्वयम् बताउँछन् । परिवारका कुनै पनि सदस्यले गरेका कामको उनी विरोध गर्दैनन् तर मन नपरेमा आवश्यक सल्लाह र सुझाव दिने गर्छन् । उनकी पत्नी विवाहदेखि नै उनकै साथमा छिन् । आफ्ना पति र ससुराको सेवा, सन्तानको स्याहारसुसार र भरणपोषण नै उनकी श्रीमतीको मुख्य पारिवारिक कर्म भएको देखिन्छ ।[27] यसरी सुशील गौतमको दाम्पत्य जीवन र सुखद र सफल रहेको छ ।

## २.८ बसोबास

दाङ जिल्लाको हापुरमा पर्ने बगिया गाउँमा जन्मेका सुशील गौतम डेढ वर्षको उमेरसम्म आफ्नी हजुरआमा र काइँली आमाको पालनपोषणमा गाउँमै बसे । उनी जन्मनेबित्तिकै आमाको प्रसव वेदनाको कारण मृत्यु भएकाले उनको स्याहार राम्रोसँग हुन सकेन; फलस्वरूप उनको शारीरिक अवस्था कमजोर हुन गयो । यस्तो कुरा थाहा पाएपछि मामा चिन्तामणि ज्ञवालीले उनलाई हालको कपिलवस्तु जिल्लाको डेर्वामा पर्ने देहाती गाउँमा लिएर गए । त्यसपछि उनी डेढ वर्षदेखि आठ वर्षको उमेरसम्म मावलीघरमै बसेको देखिन्छ । उनी नौ वर्षको हुँदा उनका बुबा टेकनाथ गौतमले उनलाई आफ्नै जन्मघर हापुरमा लिएर

24= नारायण नेपालबाट प्राप्त जानकारी ।

25= छोरी मञ्जुश्री शर्माबाट प्राप्त जानकारी ।

26= श्रीमती अपर्णादेवीबाट प्राप्त जानकारी ।

27= छोरा दीपक गौतमबाट प्राप्त जानकारी ।

आए । त्यसपछि उनले अक्षरारम्भ गराए । पढाइ-लेखाइकै सिलसिलामा कहिले भारत र कहिले काठमाडौँमा बसोबास गरेका गौतम २०५५ सालदेखि आफ्नो जन्मस्थान हापुरको घर अरूको रेखदेखमा छोडी त्रिभुवन नगरपालिका-११ काठेकोल घोराही दाङमा सपरिवार बसोबास गर्दै आएका छन् ।[28]

## २.९ शैक्षिक तथा साहित्यिक सेवा

सुशील गौतम एक शिक्षाप्रेमी व्यक्ति हुन्। सृजनामा रमाउने एउटा अविश्रान्त साहित्यिक यात्री सुशील गौतम राप्ती अञ्चलका नाम चलेका कवि प्रतिभा तथा सम्मानयोग्य साहित्यिक व्यक्तित्व हुन् ।[29] सुशीलले अध्ययन कार्य सिध्याउनुभन्दा अगाडि २०२३ सालमा हापुर-८ बगिया दाङमा स्थापित माध्यमिक विद्यालय निघुवारमा दुई वर्षसम्म अङ्ग्रेजी शिक्षकका रूपमा अध्यापन कार्य गरेका थिए ।[30] हरेक साहित्यकारले कुनै विचारविशेषबाट अनुप्राणित नभई आफ्ना अनुभूतिलाई प्रकट गर्नुपर्छ भन्ने मान्यता राख्ने गौतम साहित्य-सृजनकार्यमा मात्र संलग्न नभई लेखक संघ, राप्ती साहित्य परिषद् जस्ता स्थानीय साहित्यिक संस्थाहरूसँग संलग्न रहेर साहित्यको सेवा गर्दै आएका छन् । बेलाबखत विभिन्न साहित्यिक समारोह तथा कविगोष्ठीहरूमा उपस्थित भई आफ्ना लेखरचनाहरू वाचन गरेर पनि उनले साहित्यको सेवा गरेको देखिन्छ । **नयाँ युगबोध** राष्ट्रिय दैनिक, **गोरक्ष** राष्ट्रिय दैनिक तथा **ज्योत्स्ना**, **अन्तर्ध्वनि**, **प्रवाह** जस्ता साहित्यिक पत्रिकामा फुटकर लेखरचनाहरू प्रकाशित गरेर उनले आफ्नो साहित्ययात्रालाई अगाडि बढाउँदै आएका छन् । **अन्तर्ध्वनि**, **प्रवाह**, **छन्दमा रापती** आदि पत्रिका तथा कविताहरूको सङ्कलन सम्पादनकार्यमा संलग्न रहेर पनि उनले भाषासाहित्यको उत्थानमा सक्रियता देखाउँदै आएको पाइन्छ ।[31] यसरी उनले २०२१ सालदेखि अहिलेसम्म अनवरत रूपमा नेपाली साहित्यको सेवामा आफूलाई सक्रिय तुल्याइरहेका छन् ।

## २.१० साहित्यिक प्रेरणा र प्रभाव

मानवविरह र वेदनाका गायक सुशील गौतम एक अध्ययनशील र संवेदनशील

---

28= भतिजा सुदीप गौतमबाट प्राप्त जानकारी ।

29= गोविन्दराज विनोदी, 'गजल रापतीमा भावाभिषेक', **गजल रापती**, (दाङ : लेखक संघ, २०६४) ।

30= छोरी मञ्जुश्रीबाट प्राप्त जानकारी ।

31= छोरी मञ्जुश्रीबाट प्राप्त जानकारी ।

साहित्यकार हुन् ।[32] उनी सिर्जनाका क्रममा कविता, लेख-निबन्ध, गीत, गजल, कथा, समालोचनाजस्ता विविध विधामा प्रवृत्त भएका छन् । उनी अनुवाद कार्यमा समेत प्रवृत्त रहिआएका छन् । साहित्यसिर्जना गर्ने क्रममा उनी विभिन्न व्यक्ति, घटना र परिवेशबाट प्रेरित र प्रभावित भएका छन् । उनका काइँला बुबाले तीन विषयमा आचार्य गर्नुका साथै कविराज पनि थिए । उनका पिता टेकनाथ साहित्य र साहित्येतर दुवैमा निपुण छन् । आफ्ना बुबा दाङ जिल्लाका प्रतिष्ठित विद्वान् एवम् समाजसेवीका रूपमा क्रियाशील छन् । त्यस्तै उनका मामा चिन्तामणि ज्ञवाली साइँलाबुबा नन्दप्रसाद राजनीतिक र शैक्षिक क्षेत्रमा राम्रो दखल भएका व्यक्ति थिए ।[33] आफ्ना पिताजीको प्रत्यक्ष प्रेरणा र प्रभाव उनका सिर्जनकर्ममा परेको पाइन्छ । त्यस्तै घरमा कोटबैंसी गर्दा पिताले लय हालेर सुनाएका कविता र बेलाबखत छोरालाई आफ्ना कविता सार्न लगाएकाले त्यसको प्रभाव पनि उनमा परेको देखिन्छ ।[34] शैक्षिक र सामाजिक दृष्टिले प्रतिष्ठित परिवार, विद्वान्हरूको आवतजावत भइरहने पारिवारिक पृष्ठभूमि पनि उनको प्रेरणाको स्रोत बनेको देखिन्छ । बाल्यावस्थादेखि नै आफ्ना बुबाबाट सिर्जनात्मक प्रेरणा पाएका र आफूले त्यसका लागि केही दिन नसकेको अनुभव गरी उनले आफ्ना बाबुको आशीर्वाद लिएर काव्यको आरम्भ गरेको कुरा कवितात्मक रूपमा यसरी व्यक्त गरेका छन् :

अज्ञलाई पिताश्रीको रूप ईश्वरले लिई
राखेका छन् छहारीमा कष्ट ताप स्वयम् सही
उनै धन्य ! कृपामूर्ति ! उनकै पाउमा परी
गर्छु आरम्भ यो काव्य, आशीष उनकै लिई ।[35]

सुशील गौतम महाकवि लक्ष्मीप्रसाद देवकोटा, कविशिरोमणि लेखनाथ पौड्याल, भूपि शेरचन, शङ्कर लामिछाने आदिका कृतिहरूको अध्ययनबाट पनि प्रभावित देखिन्छन् । उनका सहपाठी मित्र रोमहर्ष लम्सालका सारै घतलाग्दा छन्दोबद्ध श्रुतिमधुर कविता नै उनको कवितालेखनको मुख्य प्रेरणास्रोत भएको कुरा उनी स्वयम्ले बताएका छन् ।[36] त्यस्तै २०५५ सालतिर घोराहीमा आएपछि उत्तमकृष्ण मजगैयाँको प्रेरणा र प्रभावबाट उनी साहित्यसिर्जनामा सक्रियतापूर्वक लागेका हुन् । उनले गजल सिर्जनाको प्रेरणास्रोतका रूपमा साहित्यकार नारायण नेपाललाई लिन्छन् भने किरण खरेलको सद्भाव र प्रेरणाका कारण आफूले गीतको

32= कृष्णराज डी.सी., 'लेखक संघद्वारा पुरस्कृत साहित्यिक प्रतिभाहरू', **नयाँ युगबोध**, (वर्ष २७, अङ्क २६९, २०६० फागुन), पृ. ३ ।

33= सुशीलका बुबा टेकनाथ गौतमबाट प्राप्त जानकारी ।

34= शोधनायकबाट प्राप्त जानकारी ।

35= सुशील गौतम, प्रकाशन स्थगित लघुकाव्य 'श्रापशान्ति'बाट प्राप्त जानकारी ।

36= सुशील गौतम, 'आत्मगन्थन', **कविताञ्जलि**, (दाङ : लेखक संघ, २०५६), पृष्ठ ग ।

रचना गरेको कुरा बताउँछन् ।[37]

सुशील गौतमको वैचारिक पक्ष मार्क्सवादी दर्शनबाट प्रभावित देखिन्छ । त्यसैले उनका रचनामा सर्वहारावर्गको समर्थन गरिएको पाइन्छ । त्यस्तै यिनले विभिन्न महापुरुषहरूको वैचारिक मान्यताबाट प्रेरित भएर तिनलाई साहित्यको आदर्शका रूपमा प्रयोग गरेका छन् भने प्रकृति-दर्शन र लोकजीवन पनि उनको साहित्यसिर्जनाको प्रेरणास्रोतका रूपमा रहेको देखिन्छ । बौद्धिक पारिवारिक-पृष्ठभूमि, जीवन-भोगाइका तीता-मीठा अनुभवहरूले उनको लेखनमा थप प्रेरणा प्रदान गरेको देखिन्छ । गाउँले एवम् सहरिया दुवै किसिमका सामाजिक जीवन भोगेका गौतमले अहिलेसम्मको जीवन समाजसेवा र सृजनकार्यमा समर्पित गरेका छन् ।

यसरी सुशील गौतमको साहित्यसिर्जनामा पारिवारिक वातावरण, मामा चिन्तामणि ज्ञवाली र विभिन्न विद्वान्‌हरूको सङ्गत, सहपाठी मित्रहरूको सामीप्य एवम् स्थानीय परिवेश तथा घटनाहरू प्रेरक प्रसङ्गका रूपमा रहेका छन् ।

## २.११ रुचि र स्वभाव

सुशील गौतम आध्यात्मिक विचारधाराका व्यक्ति हुन् । धार्मिक क्रियाकलापप्रति श्रद्धा गरे पनि उनी प्रातःकालमा स्नान, सन्ध्या तथा पूजापाठ गर्ने धार्मिक कट्टरता नभएका व्यक्ति हुन् र उनी इष्टदेवको रूपमा शिवको ध्यान गर्न रुचाउँछन् । ॐ शान्तिले स्थापना गरेका मान्यताप्रति पनि उनी आस्थावान् छन् ।[38]

सानामा केही चकचके र लाडे स्वभावका भए पनि घरमा आफ्ना पिताजीको कठोर अनुशासनले गर्दा उनमा लगनशीलता, मितव्ययिता, मिष्टभाषी र मिलनसार स्वभावको विकास भएको हो । उनी सङ्गीतमा पनि अत्यन्तै रुचि राख्छन् । उनले हिन्दी गीतहरू सुन्न मन पराउँछन् भने कहिलेकाहीँ आफैँ पनि गीत गुनगुनाउँछन् .[39] उनी सानो छँदा हिन्दीलाई मातृभाषा सम्झन्थे । उनी कलिलो उमेरमा आफ्ना सहपाठीहरूलाई उछिन्न खोज्ने र आफू कसैगरी तल पर्न थाले ज्यादै आत्तिने, रुने र ईर्ष्यालु स्वभावका थिए ।[40] असल सङ्गत गर्न रुचाउने, परस्पर सहयोगको भावना राख्ने जातिपाति, उँचनीचको भेदभाव नराखी सबैसँग समान व्यवहार गर्ने उनको स्वभाव रहेको छ । विभिन्न संघ-संस्थाहरूसँग आबद्ध गौतम युवा पुस्तालाई जागरुक बन्न अभिप्रेरित गर्छन् र आफू पनि परिवर्तनको चाहना राख्दछन् ।

सुशील गौतम सधैँ हँसमुख नै रहन्छन् । बिस्तारै बोल्ने सारगर्भित कुरा गर्ने र विशेषतः

37= शोधनायकबाट प्राप्त जानकारी ।

38= छोरा किशोरचन्द्र गौतमबाट प्राप्त जानकारी ।

39= शोधनायकबाट प्राप्त जानकारी ।

40= ऐजन ।

अध्ययनमनन र चिन्तनमा लाग्ने सुशील आफ्ना साथीभाइ र आफन्तहरूलाई सधैँ प्रसन्न देख्न चाहन्छन् । उनी सादा जीवन र उच्च विचारमा अडिग रहन चाहन्छन् भने उनलाई सादा र सात्त्विक भोजन गर्न मनपर्छ । उनी दाल, भात, तरकारी र सिन्की खान बढी रुचाउँछन् । उनको स्वाभिमानी, स्पष्टवक्ता, निर्भीक एवम् विनोदप्रिय स्वभाव छ ।[41] अध्ययनमा अधिक रुचि राख्ने, जुनसुकै पुस्तक पनि तल्लीनताका साथ साङ्गोपाङ्ग पढेर विश्राम लिने र निरन्तर लेखनतर्फ अग्रसर हुने उनको अभिरुचि देखिन्छ ।[42]

सुशील विद्वान्हरूसँगको सङ्गत गर्न साहित्यिक गोष्ठीहरूमा सहभागी बन्न मन पराउँछन् । उनको सङ्गत आफ्ना समकालीन साहित्यकारहरू रोमहर्ष लम्साल, नारायण नेपाल, उत्तमकृष्ण मजगैयाँ, नारायण शर्मा, कृष्णराज डी.सी. आदि स्थानीय साहित्यकारहरूसँग छ । फुर्सदको समयमा नारायण नेपाललाई फोन गरेर आफ्ना लेखरचनाहरू सुनाएर आवश्यक सल्लाह र सुझाव माग्ने गर्दछन् । सुशील गौतम सेवा नै धर्म हो भन्ने नारालाई आत्मसात् गर्दै सामाजिक कार्यप्रति पनि त्यत्तिकै लगनशील देखिन्छन् ।

## २.१२ जीवनदर्शन

प्रत्येक मानिसका जीवनदर्शनसम्बन्धी आ-आफ्नै मान्यता हुन्छन् । मानिस एक चेतनशील प्राणी हो । मानिस जन्मेपछि एक दिन मर्नैपर्ने हुन्छ । यस्तो अमूल्य जीवन पाएको मानिसले आफ्नो जीवनलाई सार्थक र सफल बनाउनुपर्छ । ६ दशक लामो जीवनयात्रा पूरा गरेका सुशीलले आफ्नो अधिकांश समय सामाजिक सेवा, स्वास्थ्य सेवा, साहित्यसिर्जना, शिक्षण जस्ता कार्यमा बिताएको देखिन्छ । आफूलाई अनीश्वरवादी एवम् मानवताका पक्षधर मान्ने गौतम आफ्नो धर्म र संस्कृतिका मान्यतालाई भने नाघ्न चाहँदैनन् । बाँचौं र बचाऔँको भावना हुनुपर्छ भन्ने विचार उनी राख्छन् ।

सुशील ॐ शान्ति नामक संस्थाका आदर्श र मान्यताप्रति आस्थावान् व्यक्ति हुन् । उनी हिन्दूधर्मसँग जोडिएर आएका अन्धविश्वासलाई स्वीकार गर्दैनन्, पूर्वजन्म र परजन्मको मान्यतालाई स्वीकार एवम् आत्माको नित्यतालाई स्वीकार गर्छन् ।[43] आफ्नो देशप्रति, आफ्नो संस्कृतिप्रति, आफ्नो जातिप्रति, आफ्नो आदर्शप्रति उनी अगाध आस्था राख्छन् । उनले मानवकल्याणका लागि प्रत्येक व्यक्तिमा सद्भाव, सहिष्णुता र समझदारीको भावना जागृत हुनुपर्छ भन्ने विचार राखेको देखिन्छ । यसरी उनको जीवन-जगत्सम्बन्धी धारणालाई हेर्दा उनी एक आदर्शवादी र सुधारवादी व्यक्तित्वका रूपमा देखा पर्दछन् ।

---

41= नारायण नेपालबाट प्राप्त जानकारी ।

42= ऐजन ।

43= नारायण नेपालबाट प्राप्त जानकारी ।

## २.१३ सम्मान तथा पुरस्कार

बहुमुखी प्रतिभासम्पन्न व्यक्तित्व सुशील गौतमले साहित्यिक क्षेत्रमा गरेको योगदानलाई हृदयङ्गम गरी विभिन्न संस्थाहरूले उनलाई सम्मानित तथा पुरस्कृत गरेका छन् । उनले हालसम्म पाएका सम्मान तथा पुरस्कार यसप्रकार छन् :

(१) सिर्जनशील परिवार दाङबाट २०६० पौष १३ मा प्रतिभा सम्मान ।

(२) अपाङ्ग मानव अधिकार एवम् सरोकार मञ्च, घोराही, दाङद्वारा २०६०।५।४ मा सम्मानपत्र ।

(३) लेखक संघ, दाङद्वारा २०६०।११।८ मा सम्मानपत्रसहित नन्द प्रज्ञा साहित्य पुरस्कार ।

(४) राप्ती साहित्य परिषद्, दाङद्वारा २०६२ मा राप्ती साहित्य पुरस्कार तथा आदरपत्र ।

(५) महिला विकास कार्यालयद्वारा २०६४ मा सम्मानपत्र ।

(६) दाङ साहित्य तथा संस्कृति प्रतिष्ठानबाट कृष्ण स्मृति सर्जक प्रज्ञा पुरस्कार तथा आदरपत्र, २०६४ ।

(७) लेखक संघ, दाङद्वारा २०६४ सालमा सम्मानपत्रसहित नारायण सल्यानी स्मृति साहित्य पुरस्कार ।

## २.१४ संस्थागत संलग्नता

साहित्यकार सुशील गौतम ६ दशक लामो जीवनयात्राका क्रममा विभिन्न संघ-संस्थाहरूसँग पनि संलग्न देखिन्छन् । उनी संलग्न भएका संस्थाहरू यसप्रकार छन् :

| | | |
|---|---|---|
| लेखक संघ, दाङ | : | आजीवन सदस्य |
| रापती साहित्य परिषद्, दाङ | : | आजीवन सदस्य |
| राप्ती कलाकेन्द्र, दाङ | : | सल्लाहकार |
| अपाङ्ग मानव अधिकार एवं सरोकार मञ्च, नेपाल | : | सल्लाहकार |
| सर्वोदय श्रमदान सेवा केन्द्र, दाङ | : | सल्लाहकार |
| रेडक्रस, दाङ | : | आजीवन सदस्य आदि । |

# तेस्रो परिच्छेद

# सुशील गौतमको व्यक्तित्वको अध्ययन

मान्छेको व्यक्तित्व उसका जीवनमा आइपर्ने उतारचढाव, भोगाइहरू र क्रिया-प्रतिक्रियाबाट निर्धारित भएको हुन्छ । कुनै पनि व्यक्तिको व्यक्तित्व निर्माणमा उसको पारिवारिक, सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक, धार्मिक र राजनीतिक पक्षको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । व्यक्तिका सहज र स्वाभाविक गुणले उसको व्यक्तित्वको निर्माण गर्दछ भने सिर्जनशील र सामाजिक कार्यहरूले सार्वजनिक व्यक्तित्व निर्माण गरेको हुन्छ । सभ्य, सुसंस्कृत, मध्यमवर्गीय ब्राह्मण परिवारमा जन्मेका सुशील गौतमको व्यक्तित्वको निर्माणमा पनि उपर्युक्त पक्षहरूले महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

## ३.१ वैयक्तिक विशेषता एवम् स्वभाव

शारीरिक व्यक्तित्वका दृष्टिले सुशील गौतम लाम्चो अनुहार भएकार दुब्ला-पातला, ठिक्कका अग्ला र गहुँगोरो वर्णका देखिन्छन् । उनी जन्मसमयदेखि नै विकलाङ्ग छन् । शरीर बाङ्गो किसिमको छ भने हिँडाइ अपाङ्गताका कारणले अस्वाभाविक देखिन्छ । उनको अनुहार पातलो छ । उनी झट्ट हेर्दा निश्छल, स्वाभिमानी तथा सरल देखिन्छन् । साह्रै लजालु स्वभावका गौतम शारीरिक रूपमा कमजोर भए पनि मनमा समुज्ज्वल प्रज्ञाको ज्योति, एउटा तीव्र चाहना, प्रदीप्त आशा र जीवनप्रति असीम अनुराग भएका व्यक्ति हुन् ।[44] सबैलाई स्नेह गर्ने हृदय भएका सुशील यश र सम्मानलाई गौण र क्षणभङ्गुर सम्झन्छन् । नेपाली भाषा र संस्कृतिप्रति ज्यादै आस्थाशील सुशील गौतमका मिलनसार मृदुभाषी र हकी स्वभाव उल्लेख्य रहेका छन् ।[45] उनको विनम्र, उपकारी तथा स्वाभिमानी स्वभाव अनुहारबाटै झल्कन्छ ।

सुशील गौतम आध्यात्मिक विचारधाराका भए पनि कर्मकाण्डप्रति भने त्यति श्रद्धा गर्दैनन् । जो ढोँगी छ उसैले कर्मकाण्डमा संलग्नता देखाउँछ भन्ने विचार उनको छ । उनी सधैँ घरबाट निस्कँदा सर्ट र पाइन्ट लगाउन मन पराउँछन् । आफ्ना कपडा आफैँ धुने, कपडा सफा राख्ने र कपडा लगाउँदा इस्त्री लगाएर मात्र लगाउने उनको रुचि छ ।[46] २०५५ सालभन्दा अगाडिको समयमा उनले फाटफुट रूपमा साहित्य सृजना गरे पनि विशेष गरी

44= गोविन्दराज विनोदी, 'गजल रापतीमा भावाभिषेक', **गजल रापती**, (दाङ : लेखक संघ, २०६४) ।

45= भागवतप्रसाद शर्माबाट प्राप्त जानकारी ।

46= छोरी मञ्जुश्रीबाट प्राप्त जानकारी ।

समाजसेवा, खेतीपाती र फूल रोप्नमा बढी रुचि राख्थे भने २०५५ सालपछि उनले आफ्नो साहित्यिक यात्रालाई अगाडि बढाएको देखिन्छ। उनको बोलाइको छाँटकाँट खारिएको र माझिएको छ। उनी बोल्दा विलम्बित स्वरमा बोल्छन्। स्वाभिमानी, स्पष्टवक्ता, निर्भीक एवम् विनोदप्रिय सुशीलको आफ्नै किसिमको स्वभाव छ।[47]

सुशील गौतम एकान्तमा बस्न रुचाउँछन्। आफ्ना सम्पर्कमा आउने हरेक व्यक्तिसँग विनम्रतापूर्वक बोल्नु र आत्मीय व्यवहार गर्नु उनको ठूलो गुण हो भने छिटो रिसाउने र मन नपर्ने व्यक्तिसँग औपचारिकतासमेत पूरा गर्न पनि नखोज्ने खालको कमजोरी उनमा पाइन्छ।[48]

सुशील गौतमले सात्त्विक आहारा मनपराउँछन्। भातभन्दा गहुँको च्याँख्ला र तरकारी खान बढी रुचाउने सुशीलले अमिलो र पिरो पटक्कै मन पराउँदैनन्। उनलाई खाना खाने बेलामा दूध अनिवार्य चाहिन्छ। गुलियो बढी मन पराउने हुनाले उनकी श्रीमतीले दूधसँग सधैँ चिनी दिने गर्छिन्। उनलाई साँझको खाना अनिवार्य रूपमा ठीक ६ बजे चाहिन्छ। उनी बेलुका ठीक ८ बजे सुत्ने र बिहान ठीक ७ बजे उठ्ने गर्दछन्। उनी चियाका पनि सौखिन छन्। बिहान ठीक ५ बजे उनलाई कालो चिया अनिवार्य चाहिन्छ।[49]

अति मिलनसार, मिथ्या प्रशंसा गर्न नरुचाउने सुशील गौतमको स्वभावमा आडम्बरीपना पाइँदैन। संयम र सदाचारलाई मूलमन्त्र बनाउने गौतम निडर स्वभावका छन्। सरल र मृदुभाषी सुशील गौतम परिश्रमी र लगनशील छन्। यही स्वभाव नै उनको सफलताको मूल आधार पनि हो। सुशीलको सङ्गत प्रायः समकालीन लेखक र विद्वान्हरूसँग देखिन्छ। साहित्यिक गोष्ठीहरूमा निम्तो पाएमा उनी ज्यादै खुसी भएर भाग लिन जान्छन्। समयको ज्यादै ख्याल राख्ने गौतमले हरेक कामहरू नियमित र ठीक समयमा सम्पन्न गर्न रुचाउँछन्। लोभ मानव जीवनको सामान्य प्रवृत्ति नै हो तर पनि उनमा लोभ छैन।

मानव जीवनको सबैभन्दा ठूलो र राम्रो गुण निन्दा र आलोचनाबाट मुक्त हुनु हो। सुशील कसैको आलोचना गर्दैनन्। उनी फुर्सदको समयमा फिल्म हेर्ने, आधुनिक खालका गीतहरू सुन्ने र हिन्दी गीत गुनगुनाउने गर्छन्।[50] मान्छेले हरेक कार्यमा सफलता-असफलता दुवै बेहोर्नुपर्छ। आफूले थालेको काम असफल हुँदा मानिसहरू अतालिन्छन्, यो एक प्रकारको मानवीय प्रवृत्ति नै हो। सुशीलले जीवनमा असफलताबाट कहिल्यै हार मानेनन्। उनी सधैँ हाँसीखुसी रहन्छन् र त्यत्तिकै रसिक पनि छन्। उनी साथीहरूलाई ख्यालठट्टा गरेर

---

47= नारायण नेपालबाट प्राप्त जानकारी।

48= छोरी मञ्जुश्री शर्माबाट प्राप्त जानकारी।

49= ऐजन।

50= ऐजन।

हँसाइरहन्छन् । कुनै अप्ठ्यारो परिस्थितिमा उनी साथीहरूलाई आवश्यक सल्लाह र प्रेरणा पनि दिने गर्छन् । यसरी मृदुभाषी, मिताहारी, अभिमानरहित, स्पष्टवक्ता गौतमका बाह्य र **आन्तरिक स्वभावका विशेषता हुन् ।**

## ३.२ व्यक्तित्वका विभिन्न पाटाहरू

### ३.२.१ साहित्यकार व्यक्तित्व

सिर्जनशील व्यक्तित्व नै सुशील गौतमको महिमाशाली एवम् प्रमुख व्यक्तित्व हो । सादा जीवन र उच्च विचारको मान्यतालाई आत्मसात् गर्दै समाजमा देखेभोगेका कुराहरूलाई यथार्थ रूपमा प्रस्तुत गर्ने सुशील गौतम यथार्थवादी साहित्यकार हुन् । अत्यन्त मिष्टभाषी र मितव्ययी गौतमले साहित्यलाई अनुभूतिको कलात्मक विरेचन ठान्छन् । मानव विरह र वेदनाका गायक सुशील गौतम स्कुले जीवनदेखि नै सिर्जनामा साधनारत छन् । अहिलेसम्म उनका सातवटा पुस्तकाकार कृतिहरू र दर्जनौँ फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा छापिएका छन् । तिनै कृतिहरूका माध्यमबाट उनले नेपाली साहित्यको फाँटलाई अझै फराकिलो बनाउनमा योगदान पुऱ्याएका छन् ।

सुशील गौतम बहुमुखी साहित्यकार हुन् । उनले साहित्यका विविध विधामा कलम चलाएका छन् । गद्य र पद्य दुवै विधामा कलम चलाए पनि उनी गद्यभन्दा पद्यमा नै बढी साधनारत छन् । यिनले फुटकर कवितादेखि महाकाव्यसम्मको यात्रा गरेका छन् र उनी विशेषतः कविता, गीत र गजलमा बढी सक्रिय देखिन्छन् । त्यस्तै फाटफुट रूपमा उनले कथा, निबन्ध र समालोचनामा समेत कलम चलाएका छन् । उनी अनुवादकार्यतर्फ पनि प्रयत्नशील छन् । उनका बहुमुखी साहित्यिक व्यक्तित्वका प्रमुख पाटाहरू यसप्रकार छन् :

### (१) कवि व्यक्तित्व

सुशील गौतम नेपाली साहित्यमा कविका रूपमा परिचित छन् । यिनले कविताको लघुरूपदेखि बृहत्रूपसम्म कलम चलाएको देखिन्छ । यिनले फुटकर कविताका साथै **श्रापशान्ति** लघुकाव्य पनि लेखेका छन् । यिनका धेरैजसो कविताहरू वर्तमान युगीन राजनीतिक सामाजिक परिवेश, भाषिक, धार्मिक र सांस्कृतिक क्षेत्रमा आएको विचलनप्रति केन्द्रित रहेका छन् । उनको **श्रापशान्ति** लघुकाव्य पौराणिक कथामा आधारित छ । २०५५ सालदेखि मात्र कवितामा रुचि राख्न थालेका गौतमको सबैभन्दा पहिलो प्रकाशित कृति **कविताञ्जलि** हो ।[51] यसपछि यिनको कविताको बन्दमुहान एकाएक खुलेर छताछुल्ल हुन

---

51= नारायणप्रसाद शर्माबाट प्राप्त जानकारी ।

थालेको देखिन्छ । यिनका अन्य पुस्तकाकार कवितासङ्ग्रहका रूपमा **My Poems** (२०५८), **चर्किएको जून** (२०६०) र **प्रेसर कुकर** (२०६१) रहेका छन् भने उनले आफ्नो **श्रापशान्ति** लघुकाव्यको प्रकाशन स्थगित गरेका छन् । त्यस्तै उनको **सूर्यमुखी** महाकाव्य पूरा गर्न बाँकी नै छ । यसपछि सुशीलले विभिन्न पत्रपत्रिकामा लगातार रूपमा आफ्ना कवितारचनाहरू प्रस्तुत गर्दै आएका छन् । **अन्तर्ध्वनि, प्रवाह, छन्दमा रापती** जस्ता विभिन्न पत्रिका र सङ्ग्रहहरूमा उनका कविता छापिएका छन् । यिनले २०५५ सालदेखि २०६१ सालसम्म कवितासिर्जनामा विशेष रुचि देखाएका छन् । यसरी चारवटा कवितासङ्ग्रहका माध्यमबाट सुशील गौतम नेपाली साहित्यका कवि व्यक्तित्वका रूपमा परिचित हुन पुगेका छन् ।

### (२) **गीतकार व्यक्तित्व**

सुशील गौतम अत्यन्त उर्वर मस्तिष्क तथा संवेदनशील र सुन्दर मन भएका व्यक्ति हुन् । उनी नेपाली साहित्यमा गीतकारका रूपमा पनि परिचित छन् । किरण खरेलको सद्भाव र प्रेरणाका कारण उनी २०२१ सालमा 'नगाऊ गीत बेसरी कि सुक्छ गीत निर्भरी' नामक गीत लेखेर गीतको रचनातर्फ अग्रसर भएका हुन् ।[52] यिनको प्रथम प्रकाशित गीतिसङ्ग्रह **एक सय एक प्रेम गीतहरू** (२०६०) हो । त्यस्तै २०६१ सालमा उनको अर्को गीतिसङ्ग्रहका रूपमा **पिरतीका धुनहरू** प्रकाशित भएको छ । यिनका गीतहरूमा विरह र व्यथाका स्वरहरू सुन्न सकिन्छ भने नेपाली जनजीवनको जीवन्त चित्र पनि उनका गीतमा उत्रिएको छ । नारीहृदयको छटपटी, राष्ट्रियताको स्वर, युद्ध र हिंसाप्रति वितृष्णा यिनका गीतहरूमा यत्रतत्र पाइन्छ । सरलता, सरसता, मार्मिकता र गेयताको अपूर्व सम्मिश्रण नै यिनका गीतहरूको विशेषता हो । दाङका एक ऊर्जाशील स्रष्टा सुशील गौतम **एक सय एक प्रेम गीतहरू** र **पिरतीका धुनहरू** नामक गीतिसङ्ग्रहका माध्यमबाट दङाली साहित्यिक परम्परामा गीतकारको रूपमा पनि स्थापित हुन पुगेका छन् ।

### (३) **गजलकार व्यक्तित्व**

सुशील गौतमले आफ्नो सिर्जनायात्राका क्रममा गजलको पनि रचना गरेका छन् । २०६३ भाद्र ३ गते लेखक संघ दाङले आयोजना गरेको गजल प्रशिक्षण गोष्ठीमा नारायण नेपालद्वारा गजलसम्बन्धी कार्यपत्रको प्रस्तुति र श्री ज्ञानुवाकर पौडेलको गजल प्रशिक्षणबाट अभिप्रेरित

---

52= सुशील गौतम, 'मेरा प्रेम गीतबारे', **ज्योत्स्ना**, (दाङ : पद्मोदय पब्लिक उच्च मा.वि., २०६२), पृ. १३ ।

भई उनी गजलरचनातर्फ प्रवेश गरेका हुन् ।[53] उनका **गजल रापती** (२०६४) गजलसङ्ग्रह प्रकाशित छ । सामाजिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्यका स्वर, वैयक्तिक पीडा र सन्त्रासका भावना, भाषा, साहित्य र संस्कृतिप्रतिको आकर्षणजस्ता कुराहरूको अभिव्यञ्जना यिनका गजलहरूमा पाइन्छ । भाव, विचार र शिल्पसौन्दर्यका दृष्टिले सफल रहेका उनका गजलहरू गेयताका दृष्टिले पनि सहज र श्रुतिरम्य छन् । सर्वप्रथम कवि र गीतकारका रूपमा चिनिँदै आए पनि **गजल रापती** गजलसङ्ग्रह प्रकाशित गरेर उनी एक कुशल गजलकार व्यक्तित्वका रूपमा परिचित हुन पुगेका छन् ।

(४) **कथाकार व्यक्तित्व**

साहित्यका विविध विधामा कलम चलाउने सुशील गौतम कथाकार पनि हुन् । आफ्ना कथामार्फत् समाजमा विद्यमान कुरीति र कुसंस्कारप्रति तीव्र व्यङ्ग्य गर्न रुचाउने सुशील गौतम २०२१ सालमा त्रिचन्द्र कलेजमा पढ्दा 'रामलाल हो हजुर' भन्ने हास्यव्यङ्ग्यपूर्ण कथा लेखेर कथाको क्षेत्रमा प्रवेश गरेका थिए । यिनका कथाहरू पत्रपत्रिकामा मात्र देखिएका छन् । उनी २०२५ सालमा **सन्देश** पत्रिकामा 'बुरान' नामक कथा लेखेर औपचारिक रूपमा कथासिर्जनाका फाँटमा देखापरेका हुन् ।[54] उनका कथाहरूमा देशको शासनप्रणाली, नेपाली समाजका सामाजिक, आर्थिक परिवेशको चित्रण पाइन्छ । २०५४ सालमा **प्रवाह** पत्रिकामा यिनको 'रमिता' नामक लघुकथा पनि प्रकाशित छ । यी विभिन्न कथासिर्जनामार्फत उनी कथाकारका रूपमा पनि परिचित हुन पुगेका छन् ।

(५) **लेखक-निबन्धकार तथा समालोचक व्यक्तित्व**

सुशील गौतम आफ्नो साहित्यिक यात्राको प्रारम्भदेखि नै लेखक-निबन्धकारका रूपमा सक्रिय रहिआएका छन् । उनी सर्वप्रथम २०१५ सालमा 'भड्केको बटुवा' नामक निबन्ध लेखेर सिर्जनाका क्षेत्रमा प्रवेश गरेका थिए । यिनका 'अनुभूति र विचार', 'लिखित क्षमायाचना किन नगर्ने ?', 'गाईजात्रामा उठेका कुराहरू' जस्ता लेखहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । यिनका निबन्धहरू पनि पत्रपत्रिकामा यत्रतत्र छरिएका छन् । यिनका कतिपय लेख-रचनाहरू संरक्षणको अभावमा हराइसकेको कुरा स्वयं उनैले नै बताएका छन् ।[55] उनका निबन्धहरू समसामयिक घटनामा आधारित हुन्छन् । यिनले निबन्धका उपविधाअन्तर्गत पर्ने नियात्रा र संस्मरण लेखनमा समेत रुचि देखाएका छन् ।[56] सुशील गौतमले आफूभित्र रहेको विशाल

---

53= सुशील गौतम, 'लेखकीय', **गजल रापती**, (दाङ : लेखक संघ, २०६४), पृष्ठ उल्लेख नगरिएको ।

54= शोधनायकबाट प्राप्त जानकारी ।

55= ऐजन ।

56= नारायणप्रसाद शर्माबाट प्राप्त जानकारी ।

ज्ञानभण्डारको बहुमूल्य खजानालाई सरस र सरल तरिकाले आफ्ना लेख र निबन्धमा पस्किएका छन् ।

सुशील गौतम वस्तुपरक निबन्धकार हुन्। अभिव्यक्तिका आधारमा हेर्दा उनका निबन्धहरू वर्णनात्मक र विचारात्मक देखिन्छन्। उनका निबन्धमा शिल्पसौन्दर्य र भावगाम्भीर्यको सफल समायोजन पाइन्छ। यिनका लेखनिबन्धहरू बौद्धिक भएर पनि सुबोध्य छन्। यसरी विभिन्न पत्रपत्रिकामा लेख-निबन्धहरू प्रकाशित गरेर यिनले आफ्नो लेखक-निबन्धकार व्यक्तित्वको परिचय पनि दिएका छन् ।

त्यस्तै निबन्ध विधाबाट नेपाली साहित्यका फाँटमा प्रवेश गरेका सुशील गौतम समालोचनाको क्षेत्रमा पनि क्रियाशील छन्। यिनले साहित्यका कतिपय कृतिको समालोचना गरेको देखिन्छ। यिनले २०६० सालमा नारायणप्रसाद शर्माद्वारा लिखित **टेबिल गफ र अन्तर्द्वन्द्व** काव्यको कृतिगत समालोचना गरेका थिए।[57] त्यस्तै नारायण नेपालद्वारा रचित **मिट्टी उठाओ, मूल्यहरू** र **मुक्तिमन्त्र**को पनि कृतिगत रूपमा समालोचना गरेको देखिन्छ।[58] स्रष्टाका गुण पक्षलाई केलाउने, कृतित्वको राम्रो परिचय दिने र सम्बन्धित विषयको यथार्थ निरूपण गर्ने समालोचकीय धर्म उनले देखाएका छन्। भाषिक सरलता, मिठास र तर्कलाई संयोजित रूपमा प्रस्तुत गर्ने समालोचना-शिल्पले पनि यिनको समालोचक व्यक्तित्वलाई झल्काएको छ। यिनै समालोचनात्मक सक्रियताका कारणले गौतमको समालोचकीय व्यक्तित्वलाई स्पस्ट्याउँछ ।

### ३.२.२ सम्पादक र अनुवादक व्यक्तित्व

सुशील गौतम कविता, कथा, गजल सिर्जनाका साथै अनुवाद कार्यमा पनि सक्रिय रहेका छन्। त्यस्तै यिनले विभिन्न पत्रिकाहरूको सम्पादन र सहसम्पादन पनि गरेका छन्। उनले दाङबाट निस्कने **अन्तर्ध्वनि, प्रवाह, छन्दमा रापती** आदि पत्रपत्रिका र सङ्ग्रहहरूको सम्पादन गरेर उनले आफ्नो सम्पादक व्यक्तित्वको निर्माण गरेका छन्। उनले **स्वर्गद्वारी कविता महोत्सव स्मारिका** र **पं. शालिग्राम गौतम स्मृतिग्रन्थ**को सहसम्पादनसमेत गरेका छन्।[59] यिनले **हिन्दूधर्म र बौद्धधर्म एउटै आर्यधर्म हुन्** भन्ने कृतिको अङ्ग्रेजीमा सहअनुवाद गरेका छन्।[60] यसरी सुशील गौतमले विभिन्न पत्रपत्रिकाको सम्पादक मण्डलमा रहेर तथा अनुवाद कार्यसमेत गरेर आफूलाई सम्पादक र अनुवादकका रूपमा पनि प्रस्तुत गरेका छन् तापनि यसतर्फ

---

57= सुशील गौतम, 'टेबिल गफ र अन्तर्द्वन्द्वबारे केही कुरा', **एउटा स्वर सवारीकोट-दाङको**, (लेखक : नारायणप्रसाद शर्मा), (दाङ : लेखक स्वयम्, २०६०) ।

58= नारायण नेपालबाट प्राप्त जानकारी ।

59= विभिन्न पत्रपत्रिकाहरूबाट प्राप्त जानकारी ।

60= शोधनायकबाट प्राप्त जानकारी ।

अहिलेसम्म उनको प्रारम्भिक रुचि मात्र रहेको देखिन्छ ।

### ३.२.३ सामाजिक व्यक्तित्व

समाजसेवाप्रति अभिरुचि राख्ने सुशील गौतममा सानैदेखि परोपकारको भावना रहेको पाइन्छ । आफ्नो घरको पारिवारिक पृष्ठभूमि र पढाइका अवसरमा पनि सक्दो सेवा गर्ने प्रवृत्तिले उनलाई यसतर्फ डोऱ्याएको देखिन्छ । २०२५ सालदेखि २०५५ सालसम्मको लगभग ३० वर्षको जीवनयात्रामा फाटफुट लेखरचना गर्नुबाहेक उनले अरू सम्पूर्ण समय समाजसेवामा नै बिताएको देखिन्छ ।[61] उनी आफूले गर्न सक्ने काम सबै गर्छन् । उनले निःशुल्क रूपमा दलित तथा जनजातिहरूलाई औषधी उपचार गर्ने, पिताजीलाई औषधी किन्न पठाई निःशुल्क औषधी वितरण गर्ने गर्थे । गाउँघरमा सिँचाइ तथा कुलो निर्माणका अध्यक्षसमेत रहेका गौतमले हापुरमै बस्दा बाटाघाटा निर्माण गर्ने, बाँध बाँध्ने र विभिन्न स्कुलहरूलाई आर्थिक सहयोग दिनेसमेत गर्दै आएका छन् । उनले रतनपुर स्कुलको लागि पर्खाल लगाउन, स्कुलवरिपरि बोटबिरुवा लगाउन र भवनहरू निर्माण गर्नमा समेत सहयोग पुऱ्याएका छन् ।[62] यसरी सुशील गौतमले आफ्नो गाउँघरमा समाजसेवाका कार्यहरू गर्दै आएबाट उनको सामाजिक व्यक्तित्व पनि निर्माण भएको छ ।

त्यस्तै गौतमले २०२१ सालमा निघुवार मा.वि. हापुरमा दुई वर्षसम्म अवैतनिक रूपमा अङ्ग्रेजी शिक्षक भएर स्वयंसेवकका रूपमा अध्यापन कार्य गरेका थिए ।[63] शारीरिक स्थिति कमजोर भएका कारण उनले लामो समयसम्म अध्यापनकार्यलाई निरन्तरता सकेनन् । यसले पनि गौतमको सामाजिक व्यक्तित्वलाई नै झल्काएको देखिन्छ ।

### ३.२.४ चिकित्सक व्यक्तित्व

सुशील गौतमले चिकित्साशिक्षाको कुनै औपचारिक पढाइ त गरेका छैनन् तापनि उनको परिवारमा उनका काइँला बुबा पं. शालिग्राम गौतम र बुबा टेकनाथ गौतमले आयुर्वेदको शिक्षा लिएको र स्वास्थ्यसेवा प्रदान गर्दै आएकाले उनमा स्वास्थ्योपचारसम्बन्धी रुचि पलाएको देखिन्छ । उनले आफ्नो घरमै पिताको सल्लाह र सुझावअनुसार एलोपेथिक चिकित्सासम्बन्धी विषयको स्वाध्ययन गरेका थिए ।[64] उनलाई नारायण योगीले चिकित्साको व्यावहारिक सीप

---

61= छोरा दीपक गौतमबाट प्राप्त जानकारी ।

62= छोरी मञ्जुश्री शर्माबाट प्राप्त जानकारी ।

63= शोधनायकबाट प्राप्त जानकारी ।

64= ऐजन ।

सिकाएका थिए ।[65] उनका घनिष्ट मित्र रामजी गौतमले पत्राचारबाट प्राथमिक उपचारको लागि आवश्यक पर्ने सहयोगी सामग्री लन्डनबाट पठाइदिने गर्थे । तिनै सामग्रीहरूको अध्ययन गरी यिनले प्राथमिक उपचार गर्न थालेको देखिन्छ ।[66] बुबा टेकनाथ गौतमले विभिन्न ठाउँमा गएर घरमा औषधी पठाइदिने र सुशील गौतमले निःशुल्क रूपमा औषधी वितरण गर्ने गर्थे । आफ्ना हातले सुई लगाउन नमिल्ने हुँदा उनले आफ्नी श्रीमतीलाई समेत सुई लगाउन सिकाएका थिए ।[67] आफ्नै अध्यवसाय, परिश्रम र लगनशीलताका कारण उनी गाउँघरमा चिकित्सकका रूपमा पनि परिचित हुन पुगेका छन् ।

### ३.२.५ बहुभाषी व्यक्तित्व

सुशील गौतमको मातृभाषा नेपाली हो। उनले अक्षरारम्भ गरेदेखि नै संस्कृतका प्रारम्भिक ग्रन्थहरूको अध्ययन गर्न थालेका हुन् । गौतमले सम्पूर्णानन्द विश्वविद्यालयबाट संस्कृतमा स्नातक तह पूरा गरेका छन् भने त्रिभुवन विश्वविद्यालयबाट अर्थशास्त्र विषयमा एम्.ए. गरेका छन् । यिनले संस्कृत, नेपाली, अङ्ग्रेजी र हिन्दी भाषाको राम्रो ज्ञान हासिल गरेका छन् । यिनी हिन्दीमा राम्रोसँग कुरा गर्न सक्छन् । हिन्दी भाषामै भारतबाट प्रकाशित हुने विभिन्न पत्रपत्रिकाहरूमा यिनका कविता पनि प्रकाशित हुने गरेका छन् ।[68] अङ्ग्रेजी भाषामा पनि यिनको राम्रो दक्खल छ । **My Poems** यिनको अङ्ग्रेजी कवितासङ्ग्रह हो भने आफ्ना बाबु टेकनाथ गौतमद्वारा नेपालीमा लेखिएको 'हिन्दूधर्म र बौद्धधर्म एउटै आर्य धर्म हुन्' को अङ्ग्रेजीमा सहअनुवाद गरेका छन् । नेपाली भाषामा यिनका तीनवटा कवितासङ्ग्रह, दुईवटा गीतिसङ्ग्रह र एउटा गजलसङ्ग्रह प्रकाशित छन् । संस्कृतको अध्ययन गरे पनि संस्कृत भाषामा भने यिनका रचनाहरू देखा परेका छैनन् । यसरी हेर्दा सुशील गौतममा नेपाली, हिन्दी, अङ्ग्रेजी र संस्कृतको राम्रो ज्ञान भए पनि विशेष रूपमा नेपाली र अङ्ग्रेजीमा यिनको भाषिक निपुणता देखिन्छ र यसैको प्रतिफलस्वरूप यिनले नेपाली र अङ्ग्रेजीमा आफ्ना सिर्जना पनि प्रस्तुत गरेका छन् ।

### ३.३ निष्कर्ष

विविध व्यक्तित्वका धनी सुशील गौतमले नेपाली साहित्यजगत्लाई ठूलो ऋण लगाएका छन् र नेपाली साहित्यप्रति रुचि राख्ने पाठकहरूका आँखामा परिचित हुन पुगेका छन् । बहुमुखी व्यक्तित्वका धनी गौतमको साहित्यिक व्यक्तित्व नै अन्य व्यक्तित्वको तुलनामा प्रबल

---

65= भतिजी राधिका आचार्यबाट प्राप्त जानकारी ।

66= शोधनायकबाट प्राप्त जानकारी ।

67= छोरी मञ्जुश्री शर्माबाट प्राप्त जानकारी ।

68= शोधनायकबाट प्राप्त जानकारी ।

देखापर्छ । उनको परिश्रमी र अध्ययनशील स्वभाव र प्रतिभाकै कारणले गर्दा नै आफ्नो आजसम्मको जीवनयात्रामा चारवटा कवितासङ्ग्रह, दुईवटा गीतिसङ्ग्रह र एउटा गजलसङ्ग्रह दिएर नेपाली साहित्यलाई धनी तुल्याउनुका साथै राप्ती अञ्चलका एक सशक्त कवि, गीतकार र गजलकारका रूपमा परिचित हुन सफल भएका छन् ।

सुशील गौतमको साहित्यकार व्यक्तित्वका साथै अन्य व्यक्तित्व पनि उदाहरणीय रहेका छन् । उनले समाजको लागि गरेका कार्यले उनको सामाजिक व्यक्तित्व झल्कन्छ । जीवनको पूर्वार्द्धमा भन्दा जीवनको उत्तरार्द्धमा आएर सिर्जनात्मक सक्रियता देखाई उनी साहित्यकार व्यक्तित्वका रूपमा परिचित र प्रतिष्ठित हुन पुगेका छन् ।

चौथो परिच्छेद

# सुशील गौतमको साहित्यिक यात्रा र चरण विभाजन

२००२ साल असोज महिनामा जन्मेका सुशील गौतमले हालसम्म ६३ वर्षको उमेर पार गरिसकेका छन् । उनले २०१५ सालमा **भट्केको बटुवा** नामक निबन्धबाट आफ्नो औपचारिक साहित्यिक यात्रा सुरु गरेका थिए । तेह्र वर्षको उमेरदेखि साहित्यसाधनामा अग्रसर गौतमले हालसम्मको जीवनयात्राका क्रममा साहित्यसिर्जनाका निम्ति ५० वर्षको अवधि पूरा गरिसकेका छन् । यस ५० वर्षको अवधिका बीचमा लामो समयसम्म घर-गृहस्थी र समाजसेवातिर अग्रसर भई उनले सिर्जनामा खासै रुचि लिएको देखिँदैन । पछिल्लो समयावधिमा कथा, कविता, निबन्ध, समालोचना, कृतिसमीक्षा गीत, गजल आदि विविध विधामा कलम चलाउन सक्रिय बहुमुखी साहित्यकार सुशील गौतमका २०१५ देखि २०५४ सालसम्मका अवधिमा तीन-चार वटा लेख-रचना बाहेक अरू उपलब्ध छैनन् । यस अवधिका उनका अधिकांश रचनाहरू पत्रपत्रिकामा छापिएकाले ती प्रायः अप्राप्य रहेका छन् । यसपछिका रचना भने प्रायः पुस्तकाकार रूपमा उपलब्ध नै छन् । कतिपय रचनाहरू पत्रपत्रिकामा पनि फाटफुट रूपमा देखिएकै छन् ।

## ४.१ सुशील गौतमका साहित्यिक रचनाहरूको विवरण

साहित्यकार, सुशील गौतमले नेपाली साहित्यका निबन्ध, कथा, कविता, गीत, गजल, समालोचना, संस्मरणात्मक लेख, कृतिसमीक्षा जस्ता विविध विधामा कलम चलाएका छन् । उनले कविताको लघुरूप फुटकर कवितादेखि बृहत्रूप महाकाव्यसम्मको यात्रा गरेका छन् । गौतमले आफ्नो जन्मस्थल हापुरमा बस्दा **श्रापशान्ति** नामक लघुकाव्य पनि रचना गरेको देखिन्छ तर उनले त्यसलाई हालसम्म पनि प्रकाशित गरेका छैनन् । यसैगरी २०५२ सालमा सूर्यमुखी महाकाव्य लेखनको सुरुवात गरी आधा जति लेखेको र बाँकी लेखनकार्य त्यत्तिकै छोडेको उनले बताएका छन् । सुशील गौतमले प्रकाशित गरेका साहित्यिक रचनाहरूको विवरण तल उल्लेख गरिएको छ । यसमा उनका फुटकर रूपमा प्रकाशित र कृतिगत (सङ्ग्रहका) रूपमा प्रकाशित रचनाहरूलाई छुट्टाछुट्टै तालिकामा कालक्रमिक रूपमा प्रस्तुत

गरिएको छ ।

(१) **फुटकर रूपमा प्रकाशित रचनाहरूको विवरण**

| क्र. सं. | शीर्षक | विधा | पत्रिका | प्रकाशन |
|---|---|---|---|---|
| १ | भट्केको बटुवा | निबन्ध | ज्योत्स्ना | २०१५ |
| २ | रामलाल हो हजुर | कथा | देउराली | २०२२ |
| ३. | बुरान | कथा | सन्देश | २०२६ |
| ४. | रमिता | लघुकथा | प्रवाह | २०५४ |
| ५. | बरु छाती ठटाऊँ लौ ! | कविता | प्रवाह | २०५६ |
| ६. | एक्लै सम्हाल्नु परेको मोर्चा | संस्मरण | अन्तर्ध्वनि | २०५६ |
| ७. | साँढेहरू | कविता | नयाँ युगबोध | २०५९ |
| ८. | निदान | कविता | नयाँ युगबोध | २०५९ |
| ९. | गाईजात्रामा उठेका कुरा | लेख | नयाँ युगबोध | २०५९ |
| १०. | खरानीमा फूल रोपौं | कविता | नयाँ युगबोध | २०५९ |
| ११. | विगतको अनुभूति | नियात्रा | नयाँ युगबोध | २०५९ |
| १२. | अनुभूति र विचार | लेख | नयाँ युगबोध | २०५९ |
| १३. | युद्ध बिभीषिका | कविता | नयाँ युगबोध | २०५९ |
| १४. | साक्षात् सरस्वती प्रकट भएकी छिन् | संस्मरण | नयाँ युगबोध | २०५९ |
| १५. | लिखित क्षमायाचना किन नगर्ने ? | लेख | नयाँ युगबोध | २०५९ |
| १६. | सराहनीय चिन्तनको सुन्दर प्रयोग | समीक्षा | नयाँ युगबोध | २०५९ |
| १७. | स्व श्री शेरबहादुर थापा | संस्मरण | स्मृति ग्रन्थ | २०६० |
| १८. | हाम्रो संस्कृति | कविता | नयाँ युगबोध | २०६० |
| १९. | पुस्तक प्रभाव | समीक्षा | नयाँ युगबोध | २०६० |
| २०. | राजधानी दाङ | कविता | नयाँ युगबोध | २०६० |
| २१. | रुँदैछिन् द्रौपदी बनी | कविता | साहित्य सौजन्यमाला | २०६० |
| २२. | नेपाल | गीत | रापतीका गीत | २०६० |
| २३. | जाँगर | गीत | रापतीका गीत | २०६० |
| २४. | तिमी आए त | कविता | ज्योत्स्ना | २०६० |
| २५. | टेबिल गफ र अन्तर्द्वन्द्वबारे केही कुरा | समालोचना | एउटा स्वर सवारीकोट दाङको | २०६० |

| | | | | |
|---|---|---|---|---|
| २६. | स्वतन्त्र चिन्तन | कविता | छन्दमा रापती | २०६१ |
| २७. | स्रग्धरा | कविता | छन्दमा रापती | २०६१ |
| २८. | सुँगुर | कविता | अन्तर्ध्वनि | २०६२ |
| २९. | मेरा प्रेम गीतबारे | लेख | ज्योत्स्ना | २०६२ |
| ३०. | अनुभूति र अभिव्यक्ति | निबन्ध | प्रवाह | २०६३ |
| ३१. | रोमाञ्चक संस्मरण | संस्मरण | अन्तर्ध्वनि | २०६३ |
| ३२. | मिट्टी उठाओ | समालोचना | नयाँ युगबोध | २०६३ |
| ३३. | मूल्यहरू | समालोचना | गोरक्ष | २०६३ |
| ३४. | मुक्ति मन्त्र | समीक्षा | | |
| ३५. | राष्ट्रिय गीत | | | |

गौतमका उपर्युक्त विभिन्न फुटकर रचनाहरूमध्ये हेर्दा कतिपय रचनाहरूको प्रकाशन वर्ष, प्रकाशन स्रोत खुल्न सकेको छैन ।

(२) **सङ्ग्रहका रूपमा प्रकाशित कृतिहरूको विवरण**

| **क्र. सं.** | **कृति** | **विधा** | **प्रकाशन** |
|---|---|---|---|
| १. | कविताञ्जलि | कवितासङ्ग्रह | २०५६ |
| २. | My poems | अङ्ग्रेजी कवितासङ्ग्रह | २०५८ |
| ३. | एक सय एक प्रेमगीतहरू | गीतिसङ्ग्रह | २०६० |
| ४. | चर्किएको जून | कवितासङ्ग्रह | २०६० |
| ५. | पिरतीका धुनहरू | गीतिसङ्ग्रह | २०६१ |
| ६. | प्रेसर कुकर | कवितासङ्ग्रह | २०६१ |
| ७. | गजल रापती | गजलसङ्ग्रह | २०६४ |

## ४.२ सुशील गौतमको साहित्यिक यात्राको चरण–विभाजन

कुनै पनि साहित्यकारको लामो साहित्यिक यात्रामा विभिन्न मोड र घुम्तीहरू आउँछन् । यस्ता मोडहरूले सम्बन्धित लेखकका रचनात्मक दृष्टिकोण र प्रवृत्तिमै पनि नौलो आयाम ल्याएका हुन्छन् । यस्ता मोडको पहिचान गरी ती प्रत्येक मोडले साहित्यकारको रचनात्मक दृष्टिकोणमा ल्याएको अन्तर र विभिन्न समयावधिमा लेखिएका कृतिहरूको अन्तर्सम्बन्ध नकेलाई कुनै पनि स्रष्टाको उचित मूल्याङ्कन हुन सक्दैन ।

सुशील गौतमको साहित्ययात्राका विभिन्न घुम्तीहरू देखापर्नाका विविध कारणहरू छन् । जीवनका बैंसका बेलामा साहित्यिक यात्रा आरम्भ गरेका र प्रौढ अवस्थामा साहित्यिक यात्रालाई बढ्ता गति प्रदान गर्नमा सक्रिय देखिएबाट उनका सिर्जनामा परिपक्वता पनि थपिदै आएको छ । खास गरी समय, परिस्थिति, सामाजिक अवस्था, राजनैतिक अवस्था, उमेरको परिपक्वता र अध्ययनको गहनता जस्ता कारणहरूले कुनै पनि लेखकको जीवनमा धेरै ठूलो प्रभाव पारेका हुन्छन् । यसैले कुनै पनि स्रष्टाको सिङ्गो व्यक्तित्वबारे अध्ययन गर्दा यी समग्र परिस्थितिलाई विश्लेषण गर्नुपर्ने हुनाले साहित्ययात्राको चरण विभाजन र त्यसको विश्लेषणको औचित्य र महत्त्व स्वतः स्पष्ट हुन्छ । खासगरी स्रष्टाको सृजनायात्रामा देखापरेका विभिन्न प्रवृत्तिगत परिवर्तन साहित्यिक रचनाहरूका परिमाण र गुणस्तर तथा कृतिहरूको प्रकाशन गतिविधिलाई आधार बनाएर सुशील गौतमको साहित्यिक यात्राको चरण-विभाजन गर्न सकिन्छ ।

सुशील गौतमको २०१५ सालदेखि हालसम्मको पाँच दशक लामो साहित्यिक यात्रामा विभिन्न घुम्ती देखापर्दछन् । साहित्यसिर्जनाको थालनी, पुस्तकाकार कृतिहरूको प्रकाशन तथा साहित्यसाधनाका क्रममा देखापरेका प्रवृत्तिगत अन्तर्विकासका प्रक्रियाले नै उनको साहित्यिक यात्राका विभिन्न चरण रहेको कुराको सङ्केत दिन्छन् । सुशील गौतमको यो पाँच दशक लामो साहित्ययात्रालाई मूलतः निम्नलिखित दुई चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

### ४.२.१ **आभ्यासिक चरण** (२०१५-२०५५)

सुशील गौतमको २०१५ देखि २०५५ सालसम्मको समयावधिलाई आभ्यासिक चरण मान्न सकिन्छ । उनको यस चरणको विधागत मुख्य पहिचान निबन्ध र कथा सिर्जनामा देखिन्छ । निबन्ध र कथासिर्जनाबाट उनले आफ्नो साहित्ययात्राको थालनी गरेका थिए । उनको प्रथम प्रकाशित साहित्य रचना 'ज्योत्स्ना' पत्रिकामा प्रकाशित **भट्केको बटुवा** (२०१५) नामक निबन्ध हो । यसपछि उनले बेला बखत केही कथाहरू लेखेको देखिन्छ । यस चरणमा उनका अत्यन्तै थोरै फुटकर रचनाहरू प्रकाशित भएका छन् । उनले यस चरणमा दुईवटा कथा 'रामलाल हो हजुर' (२०२२), 'बुरान' (२०२६) र 'रमिता' (२०५४) नामक एउटा लघुकथा लेखेको देखिन्छ । यीबाहेक सुशील गौतमले यस अवधिमा केही कविताहरू लेखेको बताएका छन् । त्यतिखेर उनले लेखेका अधिकांश रचनाहरू हराइसकेकाले यहाँ उल्लेख गर्न सकिएको छैन । यस चरणमा गौतमले **श्रापशान्ति** लघुकाव्य र **सूर्यमुखी** महाकाव्यको लेखन कार्य सुरु गरेको देखिन्छ । तर उनले **श्रापशान्ति** लघुकाव्य हालसम्म पनि प्रकाशित गरेका छैनन भने **सूर्यमुखी** महाकाव्यको लेखन आरम्भ गरी आधा जति लेखेको र बाँकी लेखनकार्य त्यत्तिकै छोडेको बताएका छन् । यस चरणमा गौतम कथा र निबन्ध सिर्जनामा क्रियाशील रहेका छन् र उनका यस अवधिका उपर्युक्त कथा र निबन्धबाहेक अरू रचना छापिएका पनि छैनन् । त्यसैले यो चरण उनको साहित्यिक सिर्जनाको आभ्यासिक चरण हो र उपर्युक्त अवधिमा उनले

जे जति लेखे ती पनि त्यति परिष्कृत र परिमार्जित देखिँदैनन् ।

सुशील गौतमको यस आभ्यासिक चरणलाई हेर्दा उनको गाउँको बसाइ र सिर्जनात्मक लेखनका लागि खास परिवेश उपलब्ध नहुनाका कारण उनी सिर्जनामा त्यति क्रियाशील रहेको पाइँदैन । उनका त्यस समयका रचनालाई हेर्दा मार्क्सवादी चिन्तनधाराबाट बढी प्रभावित भएको देखिन्छ । उनका रचनामा हास्य र व्यङ्ग्यको समान पुट पनि देखिन्छ । उनले सर्वहारा वर्गको वकालतमा आफ्ना रचना प्रस्तुत गरेका छन् । निम्न वर्गीय ग्रामीण समाजको यथार्थ चित्र उनका रचनामा देखिन्छ ।

### ४.२.२ **सिर्जनात्मक सक्रियताको चरण** (**२०५६ देखि हालसम्म**)

सुशील गौतमको आभ्यासिक चरण (२०१५-२०५५) फुटकर लेख-रचनाको प्रकाशनमा नै सीमित रहेको देखिन्छ भने यस चरणमा आइपुग्दा उनका पुस्तकाकार कृतिहरू प्रकाशित हुन थालेको पाइन्छ । यस चरणमा उनका सातवटा पुस्तकाकार कृतिहरू प्रकाशित भएका देखिन्छन् भने ३१ वटा फुटकर रूपमा प्रकाशित लेख-रचनाहरू पाइन्छन् । यस चरणमा उनी निबन्धकार, गीतकार, कवि, गजलकार, समीक्षक, समालोचक आदिका रूपमा स्थापित देखिन्छन् भने **हिन्दूधर्म र बौद्धधर्म एउटै धर्म हुन्** (२०५९) को अङ्ग्रेजीमा अनुवादसमेत गरेर अनुवादक व्यक्तित्वका रूपमा पनि चिनिन पुगेका छन् । यस अवधिमा उनी विभिन्न पत्रपत्रिकाहरूको सम्पादन कार्यमा समेत संलग्न देखिन्छन् ।

२०५५/०५६ सालदेखि दाङको हापुरबाट दाङकै घोराहीमा बस्न थालेपछि विभिन्न साहित्यकारहरूसँग उनको सम्पर्क बढ्दै गएको देखिन्छ । उमेरको प्रौढता, साहित्यिक संघ-संस्थाहरूको स्थापना, लेखनकार्यमा निष्ठापूर्वक लाग्ने परिस्थितिको निर्माण आदिका कारण उनी यस चरणमा आइपुग्दा साहित्यसिर्जनामा बढी सक्रियताकासाथ अग्रसर भएको देखिन्छ । यस चरणमा उनका रचनाहरू सङ्ख्यात्मक र गुणात्मक रूपले उल्लेखनीय देखिन्छन् । उनका रचनाको भाषाशैली भने त्यति परिमार्जित देखिँदैन । फुटकर रूपमा प्रकाशित लेख-रचनाहरूको टिपोट प्रस्तुत गर्नु र पुस्तकाकार रूपमा प्रकाशित रचनाहरूको अध्ययन र विश्लेषण गर्नु यस शोधपत्रको सीमा भएकाले यहाँ सुशील गौतमद्वारा प्रकाशित सातवटा कृतिहरूको अध्ययन गर्दा निम्नलिखित प्रवृत्तिहरू देखापर्दछन् :

(१) मार्क्सवादी चिन्तनधाराबाट प्रभावित भएर साहित्यसिर्जना गर्ने प्रवृत्ति ।

(२) सामाजिक, राजनीतिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्य ।

(३) समाजमा विकसित हुँदै आएको राजनीतिक र आर्थिक अवस्थाप्रति मर्मभेदी व्यङ्ग्य ।

(४) निम्नवर्गीय समुदायप्रति सहानुभूति र उच्च वर्गका व्यक्तिहरूप्रति आक्रोश व्यक्त गर्ने प्रवृत्ति ।

(५) मानवतावादी दृष्टिकोणको प्रस्तुति ।

(६) देशप्रेमका भावनाको अभिव्यक्ति ।

(७) प्रणयको अभिव्यञ्जना ।

(८) मूलतः कविता र गीत-गजल सिर्जनामा अभिरुचि ।

# पाँचौं परिच्छेद
# सुशील गौतमका कविताकृतिको विश्लेषण

बहुमुखी प्रतिभाका धनी सुशील गौतमको प्रमुख व्यक्तित्व नै कविव्यक्तित्व हो । २०५६ सालमा प्रकाशित **कविताञ्जलि** कवितासङ्ग्रहको 'कविताञ्जलि' शीर्षकको कविताबाट कविता विधामा सार्वजनिक रूपमा देखिएका गौतम एक प्रखर गद्य कवि हुन् । २०५६ सालदेखि हालसम्म (२०६५ मङ्सिर मसान्तसम्म) उनका बाह्रवटा फुटकर कविता विभिन्न पत्रपत्रिकामा छापिएका छन् भने चारवटा कवितासङ्ग्रह पुस्तकाकार रूपमा देखिन्छन् । यस शोधकार्यको सीमा फुटकर रूपमा प्रकाशित रचनाको उल्लेख मात्र गरी सङ्ग्रहका रूपमा प्रकाशित रचनाहरूको अध्ययन र विश्लेषण गर्नु रहेकोले यहाँ गौतमद्वारा प्रकाशित चारवटा कवितासङ्ग्रहको कालक्रमिक रूपमा अध्ययन र विश्लेषण गरिएको छ ।

## ५.१ कविताञ्जलि कवितासङ्ग्रहमा सङ्कलित कविताको विश्लेषण

### ५.१.१ लेखन तथा प्रकाशन

**कविताञ्जलि** कवि सुशील गौतमद्वारा २०५४ सालदेखि २०५६ साल माघसम्म रचना गरिएका ३१ वटा गद्य कविताहरूको सङ्ग्रह हो । **कविताञ्जलि** उनको प्रथम पुस्तकाकार कृति हो । साहित्यकार रोमहर्ष लम्सालबाट २०५६ साल माघ ५ गतेका मितिमा **कविताञ्जलि**बारे दुई शब्द लेखिएबाट यस कृतिको रचना २०५५-२०५६ सालतिर भइसकेको देखिन्छ । कवि साधकले साहित्य सेवाका लागि जुन थालनी गरेका छन्, यसको प्रज्वलित अग्नि निभ्नुहुँदैन भन्दै प्रतिभावान् कविको साहित्यसाधना निरन्तर चलिरहोस् भन्ने शुभेच्छासहित लेखक संघ, दाङले यसको प्रकाशन गरेको हो ।[69]

---

69= 'प्रकाशकीय', **कविताञ्जलि**, (दाङ : लेखक संघ, २०५६) ।

### ५.१.२ सङ्ग्रहको नामकरण

**कविताञ्जलि**का कविताहरूमा व्यक्त विषयवस्तुलाई केलाउँदा समाजका विभिन्न क्षेत्रमा विद्यमान विकृति र विसङ्गतिप्रति आक्रोश पाइन्छ । वर्तमान राजनीतिक, नैतिक, आत्मिक, सामाजिक मूल्य-मान्यतामा आएका विचलनका कारण मानिसले भेल्नुपरेका पीडा र दर्दका विषयहरू उनका कविताहरूमा व्यक्त भएको हुन्छ । सुशीलले आफ्ना कवितामा देश, समाज र खासगरी अपहेलित र उपेक्षित समुदायप्रतिको गहिरो सहानुभूति, निर्भीकताका साथ प्रकट गरेका छन् । जीवन सञ्चालनका क्रममा सुरुसुरुमा मार्क्सवादी दर्शनको गहन अध्ययन गरेका गौतमले अन्धविश्वास, दास मनोवृत्ति, व्यक्तिवादिता आदि विकृतिमाथि प्रहार गर्दै विभिन्न श्वेत आतङ्कको विरोध गरेका छन् र मुक्तिको चाहनाका कुराहरू व्यक्त गरेका छन् । शैक्षिक र सामाजिक दृष्टिले प्रतिष्ठित परिवारमा हुर्केका सुशील गौतम शारीरिक सबलताका दृष्टिले त्यति सुसज्जित छैनन् । यसकारण जीवन भोगाइ नै एकान्तप्रेमी भएपछि उनले आत्मसन्तुष्टिका लागि साहित्यसिर्जना गरेको पाइन्छ ।[70]

जीवन आँसु र हाँसोको सम्मिश्रण हो । जीवनमा सधैं सुख मात्र वा दुःखमात्र हुँदैन तर पनि सुशीलको जीवनलाई हेर्दा उनी निकै पटक दुःखको भुमरीमा परेको देखिन्छ । एकपटक पाएको अमूल्य जीवनमा पनि आफ्नो शारीरिक अपाङ्गताको बोध उनलाई भइरहनु स्वाभाविकै हो । यसै कारण उनी जीवनमा आफूले देखेका, सुनेका र आफूलाई मन नपरेका कुराहरूलाई आफ्ना सिर्जनामा सजाउन चाहन्छन् । प्रस्तुत कवितासङ्ग्रहमा सुशील गौतमले उच्च ओहोदामा बसेका राष्ट्रका सञ्चालकहरूले शक्ति सञ्चयका लागि गरेको लुछाचुँडी, हत्या, हिंसा र अहङ्कारले धर्ती नै धरायमा पर्न लागेको कुरा, अवसरवादीहरूको उपस्थिति र प्रभावका कारणले नेपाली जनताले भगीरथ प्रयासबाट प्राप्त गरेको प्रजातन्त्रको मूल्य नै नबुझी देशलाई कुबाटोमा धकेल्न खोज्ने नेताहरूको छद्मभेषी चरित्रलाई घृणा गर्दै उनी आफ्ना कवितामार्फत एक शक्तिशाली युगपुरुषको आमन्त्रण गर्न चाहन्छन् । गौतमले यो कवितासङ्ग्रह सच्चा इमानदारी र राष्ट्रप्रेमी युगपुरुषहरूलाई जागरुक र उत्साही बनाई क्रूर शासकको विरोध र राष्ट्रको प्रगतिको कामनाका भावनाहरूलाई समेटेर तयार पारेको देखिन्छ । आफ्नो शारीरिक कमजोरीका कारण देशको दुर्गति देखेर राष्ट्रको लागि केही गर्न नसकेपछि कवितामार्फत राष्ट्रका लागि जीवन अर्पण गर्न खोज्ने देशभक्तहरूको कार्यसिद्धि हेतु पुष्पाञ्जलि प्रस्तुत गर्दै उनले मनसुमनले भरिएको **कुसुमाञ्जलि** प्रस्तुत गेका छन् । यसरी सुनौलो राष्ट्रको कल्पना गरी कवितालाई नै अञ्जुली भरिएको पुष्पगुच्छा मानेर ती समर्पित चरित्रहरूलाई चढाएकाले यस सङ्ग्रहको नाम नै कविताञ्जलि राख्न रुचाएको देखिन्छ ।

---

70= शोधनायकबाट प्राप्त जानकारी ।

### ५.१.३ शीर्षकचयन

वस्तुतः शीर्षक कविता कृतिको नामकरण मात्र नभई कविताको मूलभाव र विचारको सूचक पनि हो ।[71] यसअनुसार शीर्षक र कविताको मूलभाव वा विचारसँग नङ र मासुको जस्तो सम्बन्ध हुनुपर्दछ । कवि सुशील गौतमका प्रस्तुत कवितासङ्ग्रहका कविताहरूमा पनि शीर्षक र कवितामा व्यक्त विषयवस्तुको बीच सम्बन्ध पाइन्छ । गौतमका कवितामा शीर्षक र मूलभावका बीच कतै अभिधात्मक र कतै प्रतीकात्मक सम्बन्ध रहेको पाइन्छ । 'कविताञ्जलि' यस सङ्ग्रहको पहिलो कविता हो । आफ्ना आस्थाको केन्द्रमा समर्पणको भावलाई यस कविताको शीर्षकले सङ्केत गरेको छ । यसमा वर्तमान युगमा राजनीतिमा समर्पित व्यक्तित्वहरूलाई श्रद्धाभाव प्रस्तुत गर्दै कविताका पुष्पगुच्छाहरू अर्पण गरेका छन् । 'हापुर' कवितामा कविले स्थान वर्णन गरेका छन् 'जन्मभूमि' सम्पूर्ण जीवकी जननी हुन् । प्रत्येक व्यक्तिले जन्मस्थलप्रति अगाध श्रद्धा र आत्मबलिदान गर्न सक्नुपर्छ भनेका छन् । 'लेँकबेँसी', 'तीन टुक्रा', 'पुलक र आतङ्क', 'चरमपन्थीहरू', 'भ्रष्टाचार' आदि कवितामा उनीभित्रको राष्ट्रिय चेतना अभिव्यक्त भएको छ । वर्तमान नेपाली राजनीतिक क्रियाकलापसँग असहमत हुँदै देशको वर्तमान स्थितिको वर्णन यी कविताहरूमा पाइन्छ । व्यक्ति चरित्रको ईर्ष्यालु भाव र कार्य नै कथ्यवस्तु रहेको 'म' कविताले आजको मान्छेको व्यक्ति अहम्‌को प्रतिनिधित्व गरेको छ । 'वास्तविकता अपार' कविता समसामयिक विश्व परिवेश र तत्कालीन राष्ट्रिय परिवेशमा देखापरेको घात र प्रतिघातको भावविचारसँग सम्बन्धित छ । 'समय र गरिबी', 'दूध', 'गोबर', 'कुम्भकर्ण', 'ओदान' आदि कविताहरू प्रतीकात्मक छन् । पहिलो कविताले सामाजिक असमानतालाई मूलभाव बनाएको छ । दोस्रो, तेस्रो, चौथो र पाँचौँ कविताहरू क्रमशः 'प्रजातन्त्र' उपयोगी वस्तु, अल्छी, खन्चुवा र नेपालको प्रतीकको रूपमा आएका छन् । 'बूढा हजुरबा' कवितामा प्रकृतिसित वृद्ध पुरुषको तुलना कविले गरेका छन् । 'बाँस' कवितामा वस्तुपरक वर्णन पाइन्छ । यो अकर्मण्यताको प्रतीकका रूपमा आएको छ । 'के खोजेँ के पाएँ ?', 'विश्व नै घुम्छ रे', 'माकुरो', 'इन्द्रेणी' कविताहरूमा शीर्षक र भावका बीच प्रतीकात्मक सम्बन्ध पाइन्छ । के खोजेँ, के पाएँ ? कवितामा झलमल्ल सूर्योदयलाई औँसीको रातको प्रतीकको रूपमा लिँदै देशमा सुन्दर फूल फुलेको देख्न चाहँदा प्रकाशको नै अभाव भएको कुरा बताएका छन् । विश्व नै घुम्छ रे कवितामा विश्वका कति देशहरू प्रगतिपथमा चुलिँदै जाँदा नेपालमा औँसीतुल्य मलिनता आएकोले त्यसलाई आफूले सकेसम्म विद्रोह गर्ने भाव प्रकट गरेका छन् । माकुरो कवितामा साम्राज्यवादी र विस्तारवादीका सञ्जाललाई माकुराको प्रतीकका रूपमा लिएका छन् भने 'इन्द्रेणी' कवितामा नववधुलाई अहिलेको अवस्था र इन्द्रेणीलाई प्राचीन अवस्थाको प्रतीकका रूपमा देखाउन खोजेका छन् । मान्छे कवितामा

---

71= वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता भाग** ४, ते.सं., (काठमाडौँ : साझा प्रकाशन, २०५४), पृ. १८ ।

मानवीय कुकर्महरूले व्यथित बनाएका भावनाहरूलाई अभिव्यक्त गरेको देखिन्छ। यो मानवताको वकालत गरेर लेखिएको कविता हो। 'पूजा' कवितामा शीर्षक र भावका बीच सोझो सम्बन्ध छ। यसमा गरिब र सर्वहारा वर्गको पक्षमा वकालत गर्दै श्रम र कर्मलाई अपमान होइन सम्मान गर्नुपर्छ भनेका छन्। 'सबैका लागि हुन्न बिहान', 'उखान फेर्नुपर्‍यो' कवितामा राष्ट्रियताको चिन्ताले आफू शोकाकुल भएको कुरा व्यक्त गरेका छन्। आदिदेखि अन्तसम्म कवितामा विभिन्न सम्प्रदायका बीचमा हुने धार्मिक मतभेद र समाजमा व्याप्त आतङ्कलाई देखाएका छन्। यसरी कवि सुशील गौतमले उपर्युक्त विभिन्न दृष्टिकोणबाट आफ्ना कविताका शीर्षकचयन गरेको देखिन्छ।

### ५.१.४ **विषयवस्तु**

कवि सुशील गौतमले आफ्नो जीवन भोगाइका क्रममा विभिन्न क्षेत्रहरूमा देखे-भोगेका विभिन्न विषयहरूलाई लिई प्रस्तुत सङ्ग्रहका कविताहरू रचना गरेका छन्। उनले आफ्ना कवितामा मूलतः राष्ट्र, व्यक्ति, प्रकृति आदिलाई स्थान दिएको पाइन्छ। उनका कविता सामाजिक विषमता, दमन, शोषणका विरुद्ध छन्। उनले आफ्ना कविताहरू परिवर्तनका पक्षमा लेखेका छन्। देशप्रेम र राष्ट्रप्रेम उनका कविताको अर्को विशेषता हो भने मानवतावादलाई पनि उनले आफ्ना कवितामा प्रस्तुत गरेका छन्। कवि गौतमका यस सङ्ग्रहभित्र समेटिएका विभिन्न पक्षलाई यहाँ सामाजिकता, मानवतावाद प्रकृति-चित्रण, राष्ट्रियता आदिमा विभाजन गरी तिनको छुट्टाछुट्टै संक्षिप्त विवेचना गरिएको छ।

#### (१) **सामाजिकता**

कवि सुशील गौतमले 'कविताञ्जलि' का थुप्रै कविताहरू सामाजिक विषयवस्तुमा रहेर लेखेका छन्। नेपाली समाजमा व्याप्त सामाजिक असमानता, नेपाली जनताका दुःख-वेदनाका अन्तर्पीडाहरूले उनका कवितामा यथोचित स्थान पाएका छन्। सामाजिक विषमताले क्षतविक्षत तुल्याएको मानवताप्रति कविको समवेदना तीव्रतर बनेको छ। सामाजिक विषयवस्तुलाई टिपेर रचिएका उनका कविताहरू हुन्– 'समय र गरिबी', 'अन्तर्पीडाहरू', 'विश्व नै घुम्छ रे', 'सबैका लागि हुन्न बिहान', 'म' आदि। उनले हाम्रो समाजमा देखिएका सामाजिक असमानतालाई यसरी देखाएका छन् :

रात्रिभोजमा राङाका साप्रा
बियर र रममा चियर्स थुप्रा
नगर परिक्रमा अबीर र मालाले
ती भङ्गीहरू बिचरा रुन थाले
पूरै ज्याला पाएनन् उत्सवमा खर्चभो

'उनी पनि त नागरिक उनको पनि कर्म यो ।'

'पूजा'

उपर्युक्त कविताांशले समाजका धनाढ्य व्यक्तिहरूले अरूको श्रम शोषण गर्नेहरू डकारिरहेका छन् र वास्तविक श्रमिकहरू पूरै ज्यालासमेत नपाएर भोकभोकै मर्नुपरेको सामाजिक यथार्थलाई उद्घाटन गरेको छ। समय र गरिबीमा सामाजिक असमानताका विरुद्धमा आवाज उठाउँदै मानवीय समवेदना प्रकट गरेको पाइन्छ। विश्व नै घुम्छ रे कवितामा सुटबुट ठोकेर हिँड्ने व्यक्तिहरू आफ्नो मात्र स्वार्थ तुष्टिको रक्तिम खेतीका लागि गरिब र सर्वहारा वर्गको पसिनाको शोषणमै मस्त र विभाजनका आली बाँध्नमै मस्त रहेकोले गरिबहरूको झुपडीमा कहिल्यै खुसी नआएको कुरा बताएका छन् । सबैका लागि हुन्न बिहान कवितामा श्रम शोषण गर्नेहरूको लागि सधैँभरि स्वर्णिम उज्यालो प्रभात आउने र श्रमजीवीहरूका लागि सबै पलहरू कालारात्रीको मध्यरात जस्तै भएर सपनामै सीमित रहेको कुरा बताएका छन् । अन्तर्पीडाहरूमा सामाजिक विकृति, विसङ्गति र विषमताप्रति रोष प्रकट गरेका छन्। 'म' शीर्षकको कवितामा समसामयिक सामाजिक विकृतिउपर विद्रोहलाई अभिव्यक्त गरेका छन् ।

### (२) **प्रकृति-चित्रण**

'कविताञ्जलि' मा कवि गौतमका प्रकृति-चित्रणसँग सम्बन्धित कविताहरू पनि छन् । यस सङ्ग्रहमा सङ्कलित कविताहरूमध्ये केही कविताहरूमा प्रकृतिलाई मानवीकरण गरी त्यसको सुन्दर र शान्त रूपको चित्रण गरेको पाइन्छ। यस क्रममा कविले गगन सतीघाट, कपासका थुप्राहरू, खोला, मुहन, जल तरङ्ग अन्नपूर्णा आदि प्राकृतिक, सन्दर्भहरूको उल्लेख गरेका छन्। 'हापुर', 'यहाँ अनि वसन्त ?', 'बूढा हजुरबा', 'के खोजेँ के पाएँ ?' आदि कविताहरूमा प्रकृतिको दिग्दर्शन पाइन्छ। यिनले प्रकृतिको व्यापक सन्दर्भलाई समेट्ने क्रममा सूर्य, चन्द्र, तारा ऋतुहरूको प्रयोगसमेत गरेका छन्। प्रकृतिको चित्रण कवि गौतमले यसरी गरेका छन् :

बिहान झलमल्ल सूर्योदयको आशा गरेँ
तर, रातभरि काला धन्दामा लिप्त
असङ्ख्य पटक चरित्र र पुसत्व स्खलित
अपराधी सूर्य अपराध बोधले स्वलज्जित
बाक्लो बादलभित्र लुकेर कालै देखियो
शिशिरमा पर्णविहीन रुखहरूले
आकाशमा हेर्न लाज मानेर

शाखाहरू धर्तीतिर भुकाए

'के खोजेँ के पाएँ ?'

उपर्युक्त अंशमा प्रकृतिलाई मानवीकरण गरी सुनौलो बिहानको आशा गरेका कविले देशका कुसञ्चालकहरूले सम्पूर्ण राष्ट्रलाई नै अपराधबोधले स्वलज्जित बनाएकोले शिशिरमा पर्णविहीन रुखहरूले आकाशमा हेर्न लाज मानेका कुरा स्पष्ट पारेका छन् । 'हापुर' कवितामा प्राकृतिक छटाको दिव्यरूपको वर्णन गर्दै ग्रामीण समाजको सरलता, लगनशीलता, परिश्रम, निष्कपटता, प्राकृतिक सन्निकटता र संवेदनशीलताको वर्णन गरेका छन् । 'बूढा हजुरबा' कवितामा कुनै वृद्ध पुरुषसँग सगरमाथा र चन्द्रमाको वर्णन गरी देशको वर्तमान अवस्थाको चित्रण गरेका छन् । 'यहाँ ! अनि वसन्त ?' कवितामा रोग, भोग र शोकका कारण नागासाकी र हिरोसिमामा धूवाँ आइरहेका कारण प्रकृतिको दिव्य सौन्दर्यलाई समेत सत्यनास गरेकोले वैचारिक विषमता भएको मानव समाजमा वसन्त आउँदैन बरु मानवताको खडेरीले वनस्पतिलाई समूल नष्ट गर्दै जान्छ भन्ने विचार प्रकट गरेका छन् ।

कवि गौतमका 'कविताञ्जलि' कवितासङ्ग्रहका कवितामा प्रकृतिको सामान्य चित्रणका साथै प्रकृतिको माध्यमबाट नेपाल र नेपालीको उन्नति र प्रगतिको कामना गरेका छन् । यहाँ कविले ठाउँ-ठाउँमा प्रकृतिको मानवीकरण गरी प्रकृतिलाई सभ्यताको उत्प्रेरक तत्त्वका रूपमा प्रस्तुत गरेका छन् ।

(३) **मानवतावाद**

कवि सुशील गौतम समसामयिक धाराअन्तर्गत पर्ने कवि हुन् । उनका कविताहरूमा सामाजिकता, प्रकृति-चित्रणका साथै मानवतावादी भाव पाइन्छ । वर्तमान समयमा मानवमा 'ता' हराइसकेको कुरा उनका कविताहरूमा पाइन्छ । परम्परागत आस्था र विश्वासमा परिवर्तन, सामाजिक विकृति र विसङ्गतिको विरोध एवम् मानवतावादी समाजको सिर्जनाप्रति कवि बढी चेतनशील रहेको देखिन्छ । 'कविताञ्जलि', 'माकुरा', 'चरमपन्थीहरू', 'आदिदेखि अन्तसम्म', 'मान्छे', 'के खोजेँ के पाएँ ?' आदि कवितामा मानवताको वकालत गरेका छन् । मानवताको खोज गरेर लेखिएको कवितांशलाई नमुनास्वरूप यसरी उदृधृत गर्न सकिन्छ :

वीरता र नैतिकतामा निभेका बत्ती
जसले जाज्वल्य पारी सल्काउन सक्छन् !
असहाय भै लत्रिएका हातलाई जसले
क्रान्तिका निम्ति फौलादी गराउन सक्छन् !
मान्छेले मान्छे माथि गर्ने उत्पीडनलाई
जसले स्थायी समाधान गर्न सक्छन् !

'कविताञ्जलि'

उपर्युक्त कवितांशमा कविले मानवमा नैतिकता हराइसकेको कारण मान्छेका हातहरू नै असहाय भई लत्रिएका र मान्छेले मान्छेमाथि दुराचार बढी मात्रामा गर्ने हुँदा वीरहरूको रगतको सम्मान गर्ने, नैतिकताको पाठ सिकाउने, मानव अधिकारको लागि क्रान्ति गर्ने र मान्छेमाथि भएको उत्पीडनको स्थायी समाधान गर्ने मानवको खोजी गरेका छन् । त्यस्तै 'मान्छे' कवितामा मानिसले मानव अधिकारको व्याख्या गरे पनि नरसंहारको सूत्राधार भए पनि मानव कल्याणका नीतिनियम बनाए पनि षड्यन्त्रको जाल बुनेर ईर्ष्यामा रक्ताम्मे भई अविश्वसनीय र स्वार्थीको मकुण्डो लगाएको हुन्छ भन्दै मानवभित्रको खराबीको वर्णन गरेका छन् । यस प्रकारको कवितामा उनले समाजमा छुत र अछुतको व्यवहार नहटेसम्म समाजमा शान्ति कहिल्यै पनि आउँदैन भन्ने मानवतावादी दृष्टिकोण प्रस्तुत गरेका छन् । चरमपन्थीहरू कवितामा दुई हतियारधारीहरूको चेपुवामा परेका निरीह जनता बाच्छा मिचाइमा परेका र सबै क्षेत्रबाट अन्याय, अत्याचार र दमन गरिरहँदा पनि जनता चुपचाप बसेको स्थितिको वर्णन पाइन्छ । यसरी एउटाले अर्को मान्छेलाई मानवीय व्यवहार गर्नुपर्दछ भन्दै मान्छेले मान्छेकै रूपमा बाँच्न पाउनुपर्दछ भन्ने अधिकारप्रति सुशील गौतमका कविताहरू केन्द्रित भएका देखिन्छन् ।

(४) **प्रतीकात्मकता**

कवि सुशील गौतमका अधिकांश कविताहरू प्रतीकात्मक छन् । यिनका कविताहरूको भाव सरल भए पनि अधिकांश कवितामा प्रतीकात्मकता सामान्य रूपले प्रयोग भएको देखिन्छ । 'दूध', 'ओदान', 'माकुरो', 'गोबर', 'कुम्भकर्णहरू' आदि प्रतीकात्मक कविताहरू हुन् । जसको उदाहरणको रूपमा 'कुम्भकर्णहरू' कविताको एकांशलाई देखाउन सकिन्छ :

> पुनः भ्रालेमाले कुम्भकर्णहरू
> माथि भण्डारमा पसेका छन्
> के छ त्यहाँ ?
> उहिल्यै रित्ताएका हैनन् र ?
>
> 'कुम्भकर्णहरू'

उपर्युक्त कवितांशमा कविले नेपालका शासकहरूलाई कुम्भकर्णको प्रतीकका रूपमा लिएका छन् । यसमा उनले प्रतीकात्मक रूपमा हत्याराहरूका क्रियाकलापलाई धिक्कारेका छन् । ओदान कवितामा कविले ओदानलाई नेपालको प्रतीकका रूपमा लिँदै देशलाई गुलाम बनाउने र विदेशी चङ्गुलमा देशलाई बल्भ्राएको देख्दा नेपाललाई ओदानकै रूपमा प्रस्तुत गर्ने प्रयास गरेका छन् । 'गोबर' कवितामा कविले प्रतीकात्मक रूपले मानिस आफ्नो ईर्ष्या-घमण्डका कारणले गोबर जस्तो उपयोगी पनि बन्न नसकेको भनाइलाई स्पष्ट पारेका छन् । 'दूध' कवितामा दूधलाई प्रजातन्त्रको प्रतीकका रूपमा लिएका छन् । यसमा घरायसी

परिवेशसँग नेपालको अवस्थालाई तुलना गरी परिवर्तित अवस्थाको वर्णन गरेको पाइन्छ। 'माकुरो' कवितामा माकुराको जालो र त्यसको उद्देश्यलाई मार्मिक रूपमा प्रस्तुत गर्दै नेपालको परनिर्भरता र दातृनिकायको स्वार्थी खेललाई देखाइएको छ।

**(५) देशप्रेम**

कवि सुशील गौतमका कविताहरू देशप्रेम र राष्ट्रप्रेमको भावनाले ओतप्रोत भएका छन्। नेपालकै पहाड, पर्वत, खोलानाला, देउराली, हिमालका पशुपंक्षी र वनस्पतिको वर्णनका आँत-आँतमा राष्ट्रप्रतिको मोह प्रकट भएको छ। उनका कविताहरूले नेपाली प्रकृति, सामाजिक स्थिति र देशको शासनप्रणालीसँग हातेमालो गर्दै राष्ट्रिय भाव र देशको महिमालाई व्यक्त गरेका छन्। उनका देशप्रेमले भरिएका कविताहरूमा 'कविताञ्जलि', 'विश्व नै घुम्छ रे', 'अन्तर्पीडाहरू', 'पुलक र आतङ्क', 'बाँसको घारी', 'तीन टुक्रा', 'बाँस', 'वास्तविकता अपार' आदि पर्दछन्। देशप्रेमको भाव व्यक्त गरिएको कवितांशलाई कविले यसरी अभिव्यक्त गरेका छन् :

अलि पर मस्तीमा
अशोक स्तम्भको सिंहले
मनुवाको सिकार खाने खुसीमा
पुच्छर हल्लाइरहेछ झम्टनैको निम्ति

'पुलक र आतङ्क'

माथिका अंशमा कवि गौतमले विदेशीहरूले नेपाललाई हत्याउने मौका कुरेर बसेका छन्। त्यसकारण आफ्नो देशको रक्षाका लागि सबै सचेत हुनका लागि आग्रह गरेको पाइन्छ। यसमा गौतमले हत्या, हिंसा, लुटपाट, चेलीबेटी बेचबिखनले मातृभूमि नै आहत बनेको कुरा व्यक्त गरेका छन्। 'बाँस' र 'तीन टुक्रा' कवितामा देशको गिर्दो अवस्थाको चित्रण पाइन्छ। देशमा अभाव, असमानता र अशान्तिले देश नै दुरवस्थातिर लागेकोले देशका कुसञ्चालकहरूलाई अन्त्य गरी एक शक्तिशाली युगपुरुषको आमन्त्रण गरिएको छ। 'विश्व नै घुम्छ रे' कवितामा कविले संसार परिवर्तनशील भए पनि देशको रस चुस्न र विभाजनका आली बाँध्नमै व्यस्त व्यक्तिहरूले देशलाई अँध्यारोमा पारेकोले देशको उन्नति नभएको प्रसङ्ग उठाउँदै राष्ट्रको मलिन अनुहार फेर्नका लागि पृथ्वीले सूर्यलाई घुमेजस्तै सबै पक्षबाट घन उठाएर होस् या क्रान्ति गरेर होस् देशको अनुहार फेर्नुपर्छ भन्दै देशप्रति चिन्ता प्रकट गरेका छन्। 'वास्तविकता अपार', 'बाँसको घारी' र 'अन्तर्पीडाहरू' मा देशको भविष्यप्रति चिन्ता व्यक्त गरेका छन्। देश हाँक्ने व्यक्तिहरूको व्यवहारप्रति कविले अन्तर्पीडाहरू कवितामा आक्रोश पोखेका छन्। यसमा कविले नयाँ दिल्ली बनाउने सपना देखाएर अरूको देशमा गई रिमोट दबाएर देशलाई नै बालुवाको बगरजस्तै बनाउन खोज्ने छद्मभेषी चरित्रको चिरफार गरेका छन्। बाँसको घारीमा कविले बाँसको घारीजस्तै हाम्रो देशका संसद्हरू आफ्नै स्वार्थको

लागि लिप्त हुने आफ्नै मस्तीमा रमाउने र देशलाई चुर्लुम्म डुबाउने गरेको कुरालाई देखाएका छन् ।

(६) **विविध**

'कविताञ्जलि'मा कवि सुशील गौतमले वैयक्तिक जीवनका केही पक्षहरूसँग सम्बन्धित कविताहरू पनि समावेश गरेका छन् । उदाहरणको रूपमा 'हापुर' कवितालाई लिन सकिन्छ । यसमा कविले प्राकृतिक सौन्दर्यले भरिपूर्ण भएको मनोरम भूमि हापुर आफ्नो निम्ति गोडा टेक्ने आधार भएको कुरा उल्लेख गरेका छन् । त्यस्तै लेक र बेँसी कवितामा जीवनबोध पाइन्छ भने कतिपय कविताहरूमा पौराणिक विषयवस्तुलाई उल्लेख गर्दै आफ्नो राष्ट्रको उज्ज्वल भविष्यको कामना गरेका छन् । म कवितामा लेखक र पत्रकारहरूमाथि हुने ज्यादतिको विरोध र शासन र प्रशासनका भ्रष्ट र द्वैध चरित्रहरूलाई नङ्ग्याउन आग्रह गरेका छन् । त्यस्तै 'कुखुराको भाले' कवितामा मानिसको संवेदनाहीन प्रवृत्तिमाथि व्यङ्ग्य गरेका छन् ।

**कविताञ्जलि**का कवितालाई हेर्दा कवि सुशील गौतमको कविता रचना विषयगत दृष्टिले विविधतायुक्त रहेको देखिन्छ । उनका कविताले खासगरी सर्वसाधारण जनताले भोग्नुपरेका दुःख, पीडा, अन्याय, अत्याचारलाई अभिव्यक्त गरेका छन् । घुम्ने कुर्चीमा बसेर आदेशको बिगुल फुक्ने र देशलाई ऋणको नशामा चुर्लुम्म डुबाउने नेताहरूको छद्मभेषी चरित्रमाथि आक्रोश पोखेका छन् ।

## ५.१.५ संरचना

कविता सावयव वस्तु हो र यसको संरचना भन्नाले कविताका सबै तत्त्वहरूको कुल योग र कुल योगभन्दा बढी अरू केही पनि हो भन्ने बुझिन्छ । यहाँ कवि गौतमको कविताञ्जलि (गद्य कवितासङ्ग्रह) भित्रका कविताहरूको संरचनाका बारेमा विवेचना गरिएको छ र यसअन्तर्गत खास गरी प्रस्तुतीकरण र आकार-प्रकारका बारेमा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

(१) **प्रस्तुतीकरण**

सुशील गौतमले आफ्ना भाव र विचारहरू प्रस्तुत गर्दा आफ्ना कवितामा कविको प्रत्यक्ष कथन (कवि प्रौढोक्ति) को मात्रा बढी देखिन्छ भने कतैकतै कविनिबद्ध वक्तृकथनको माध्यम पनि अँगालेका छन् । कविकथनका रूपमा प्रस्तुत गरिएका कवितामा कविले 'म' र 'हामी'को प्रयोग गरेका छन् । 'म' का माध्यमबाट प्रस्तुत गरिएका कविताको उदाहरणका रूपमा 'उखान फेर्नु पर्‍यो', 'वास्तविकता अपार', 'के खोजेँ, के पाएँ ?' 'म' जस्ता शीर्षकका कवितालाई लिन

सकिन्छ। 'उखान फेर्नु' कवितामा कविले आफ्नो देशको मुहारलाई तरुलका माभमा गर्भस्थ चपेरो हो भनेर भन्न र गुन्न मन लागेको कुरा अभिव्यक्त गरेका छन्। 'म' कवितामा कविले आफूलाई पत्रकारको रूपमा उभ्याएर अरू व्यक्तिहरूले जत्ति थपडी ठोके पनि, जति अट्टहास गरी हाँसे पनि आफूले द्वैध चरित्रको खुलस्त वर्णन गर्न र उनीहरूका अङ्गमा तातो रातो भीर रोपेर प्वाल पार्न सक्ने कुरालाई प्रस्तुत गरेका छन्। 'के खोजेँ, के पाएँ ?' कवितामा कविले देशमा सुनौलो बिहानको साथमा वासन्ती वासना चल्ने आशा गरेको तर सम्पूर्ण कुराहरू दुर्गन्धमै रमाएको र चिन्न नसकेको कुरालाई वर्णन गरेका छन्। वास्तविकता आपर शीर्षकको कवितामा यत्रतत्र सर्वत्र अहम्‌को मारामारले आफ्नो अन्तर्मन कसैले बुझ्न नसकेको कुरालाई वर्णन गरेका छन्। कविकथनको पद्धतिलाई अँगालेर लेखिएको एउटा कविताको उदाहरण यसप्रकार छ :

अपेक्षा गरेको थिएँ– छाउने छ वसन्त बहार
तर सन्तहरू लुकेर अन्त लागेपछि
भएको पाएँ वसन्त नै बेहाल
हिलो मलमुत्र छ्याप छ्याप गर्ने
होलीको भएपछि उद्‌घाटन
स्वयं वसन्तले नै
फोहोर छ्याप्ने राजनीतिको
आहालमा चुर्लुम्म डुबेर
फोहोर मात्रै छ्याप्दै गरेको पाएँ
पल्लव, लतिका र फूलहरू सबै
दुर्गन्धमै रमाएको पाएँ
चिन्न नसकेर वसन्तलाई कोइलीले
'को हो' भन्दै रन्फन्निँदै गरेको पाएँ।

'के खोजेँ के पाएँ ?'

कवि गौमले आफ्ना कविताहरूमा हामी अर्थात् प्रथम पुरुष बहुवचनको प्रयोग गरेर पनि आफ्ना भावहरू प्रस्तुत गरेका छन्। 'बाँसको घारी', 'अन्तर्पीडाहरू', 'मनोबल', 'नववधु र इन्द्रेणी' आदि शीर्षकका कविताहरूमा प्रथम पुरुष बहुवचनको प्रयोग गरेका छन्। 'अन्तर्पीडाहरू' शीर्षक कविताको एउटा अनुच्छेदमा कविले प्रथम पुरुष बहुवचनको प्रयोग यसरी गरेका छन् :

हामी सबै यसलाई विधिको विधान मान्दैछौँ
असन्तुष्टिको निम्ति उचित समाधान ठान्दै छौँ
'गौतम समाज' किन चाहियो ?

सबै नेपाली हैनौँ र ? अलग पहिचान किन चाहियो ?
सबै एक भएर यो देश सँभाल्नुको साटो
हामीले खोज्दैछौँ किन विभाजनको बाटो ?

'अन्तर्पीडाहरू'

यसप्रकार कविले कविकथनका रूपमा रचना गरेका अन्य उदाहरणहरू पनि पाइन्छन् :

हामी आफैँसँग बेइमान भइरहेका छौँ
रकमी र भ्रष्ट भइरहेका छौँ
शोषण र भ्रष्टाचारको चिन्तन तिखारिरहेका छौँ
आफैँलाई कङ्गाल र भिखारी सम्भिरहेका छौँ
हाम्रो मनोबल असक्त भै रहेछ सामयिक हाँक देखेर

'मनोबल'

यस्तै गरी कवि सुशील गौतमले कविनिबद्ध वक्तृकथनको प्रयोग गरेर पनि उपर्युक्त सङ्ग्रहका कविता रचना गरेको देखिन्छ। आदिदेखि अन्तसम्म शीर्षक कविताको एउटा अनुच्छेदमा कविले कविनिबद्ध वक्तृकथनको प्रयोग यसरी गरेका छन् :

शीतल निर्मल जल बोकेका
विभिन्न मूलमा मुख धोएका
महात्माहरू, संयोगवश भेट हुँदा
सविनय विचार विनिमयको सट्टा
आफैँले बोकेका माटाका घैलाले
परस्पर हानाहान गर्छन्
टुप्पी, जुङ्गा र दाह्री तानातान गर्छन्
यो धर्ती हिलाम्मे हुन्छिन्
र महात्माहरू पापात्मा बन्छन् ।

यसरी कवि गौतमले कविकथन र कविनिबद्ध वक्तृकथन जस्ता प्रस्तुतीकरणका दुवै ढाँचा अँगाली आफ्ना कविता प्रस्तुत गरेको पाइन्छ। तुलनात्मक रूपमा हेर्दा उनका कविकथनका माध्यमबाट व्यक्त भएका कविताहरू बढी देखिन्छन् । यिनका कवितासङ्ग्रहका सबैजसो कवितामा प्रथम पुरुष र तृतीय पुरुषको मिश्रित प्रयोग भएको देखिन्छ ।

(२) **आकारप्रकार**

कवि सुशील गौतमको कविताञ्जलि गद्य कवितासङ्ग्रहभित्रका कविताहरूको आकारप्रकारतर्फ दृष्टि लगाउँदा यसमा घटीमा एक अनुच्छेददेखि बढीमा ११ अनुच्छेदसम्मका कविताहरू सङ्ग्रहित छन् । 'म' शीर्षकको कविता गद्य कविताको न्यूनतम एकाइ एक

अनुच्छेदमा मात्र रचित छ भने 'हापुर' शीर्षको कविता ११ अनुच्छेदमा संरचित सबैभन्दा लामो कविता हो । 'लँक र बँसी', 'बूढाहजुरबा', 'दूध', 'गोबर', 'कुम्भकर्ण', 'मान्छे', 'सबैका लागि हुन्न बिहान', 'चरमपन्थीहरू' र 'माकुरो' एक एक अनुच्छेदमा लेखिएका कविताहरू हुन् । 'कविताञ्जलि', 'वास्तविकता अपार', 'बाँस', 'विश्व नै घुम्छ रे !', 'ओदान', 'उखान फेर्नु पऱ्यो' आदि कविताहरू दुई-दुई अनुच्छेदमा संरचित छन् । 'तीन टुक्रा', 'पूजा', 'बाँसको घारी', 'अन्तर्पीडाहरू', 'यहाँ ! अनि वसन्त ?', 'एक नम्बरको फोहरी' शीर्षकका कविताहरू तीन-तीन अनुच्छेदका छन् भने 'के खोजेँ, के पाएँ ?', 'मनोबल', 'भ्रष्टाचार' शीर्षकका कविताहरू चार-चार अनुच्छेदमा छन् । पाँच अनुच्छेदमा संरचित 'समय र गरिबी', छ अनुच्छेदमा संरचित 'नववधु र इन्द्रेणी' शीर्षकको कविता हो भने सात अनुच्छेदको एउटा मात्र कविता 'कुखुराको भाले' हो । नौ अनुच्छेदमा 'पुलक र आतङ्क' र 'आदिदेखि अन्तसम्म' शीर्षकका कविता पर्दछन् ।

यसरी आकार-प्रकारका दृष्टिले न्यूनतम एक अनुच्छेददेखि बढीमा एघार अनुच्छेदसम्मका कविताहरू यस सङ्ग्रहभित्र सङ्ग्रहित छन् । कवि गौतमले यस सङ्ग्रहमा एक अनुच्छेदका कविताहरू तुलनात्मक रूपमा बढी लेखेका छन् । यसप्रकार आकार-प्रकारका दृष्टिले कवि गौतमले न्यूनतम एक अनुच्छेददेखि अधिकतम एघार अनुच्छेदसम्मका विस्तारित कविताहरू लेखेका देखिन्छ ।

### ५.१.६ अलङ्कार, प्रतीक र विम्बयोजना

वस्तुको सौन्दर्य बढाउने तत्त्वलाई अलङ्कार भनिन्छ । त्यसैले अलङ्कार चमत्कार विशेषको नाम हो ।[72] कवि सुशील गौतमको **कविताञ्जलि** कवितासङ्ग्रहका कवितामा अनेक अलङ्कार, विम्ब र प्रतीकको प्रयोग गरिएको पाइन्छ । कवि गौतमले प्रयोग गरेका अलङ्कारहरू यसप्रकार छन् :

**(१) शब्दालङ्कार**

कवि गौतमका कविताहरूमा अनुप्रासको प्रयोग पर्याप्त मात्रामा पाइन्छ । उनका कविताहरूमा सम-विषम पङ्क्तिमा अन्त्यानुप्रासको परिपालन गरिएको पाइन्छ । कवि गौतमले वृत्त्यनुप्रास, छेकानुप्रास, अन्त्यानुप्रास जस्ता अनुप्रासको आयोजना गरी कवितालाई श्रुतिमधुर बनाएका छन् । त्यस्तै आन्तरिक अनुप्रासको प्रयोगले उनका कवितामा अन्तरलयको सिर्जना गरेको पाइन्छ । प्रस्तुत सङ्ग्रहमा सङ्ग्रहित कविताहरूमा अन्त्यानुप्रास नमिलेको पनि

72= हेमाङ्गराज अधिकारी, **पूर्वीय समालोचना सिद्धान्त**, दो.सं., (काठमाडौँ : साझा प्रकाशन, २०३५), पृ. ४७ ।

भेटिन्छ । अनुप्रासका नमुनास्वरूप निम्नलिखित कवितांशलाई उद्धृत गर्न सकिन्छ :

**वृत्त्यनुप्रास**

तर, जत्ति रगत बगाए पनि
झन कालो सगरमाथा चुलिएको छ
मान्छे ! हेर न हेर यो मान्छे !
के के न गर्छु भनेर आफ्नो अहङ्कारमा
चुलिएको छ ।

'वास्तविकता अपार'

**छेकानुप्रास**

तर सन्तहरू लुकेर अन्त लागेपछि
भएको पाएँ वसन्त नै बेहाल
हिलो मलमूत्र छ्यापा छ्याप गर्ने
होलीको भएपछि उद्घाटन

'के खोजेँ के पाएँ ?'

**अन्त्यानुप्रास**

टीकाको आकार प्रकारमा लडाइँ
दण्डवत् र प्रणामको निम्ति लडाइँ
आस्था र भक्तिमा पनि लडाइँ
धर्मनिरपेक्षताको लागि पनि लडाइँ

'आदिदेखि अन्तसम्म'

उपर्युक्त पहिलो उदाहरणमा त, के, म, छ, ह, र आदि वर्णहरू धेरै पटक दोहोरिएकाले वृत्त्यनुप्रास, दोस्रोमा दोस्रो पङ्क्ति र चौथो पङ्क्तिमा न, त, छ्या वर्णहरू एकैपल्ट दोहोरिएकाले छेकानुप्रास पर्न गएको देखिन्छ भने तेस्रो उदाहरणमा पाउको विश्राम स्थानमा समान वर्णको आवृत्ति भएकाले अन्त्यानुप्रास पर्न गएको देखिन्छ । यसरी शब्दालङ्कारको सचेत आयोजना गौतमका कविताहरूमा पाइन्छ । शब्दालङ्कारको यही सफल आयोजनाले उनका कविता श्रुतिमधुर बन्न पुगेका छन् ।

(२) **अर्थालङ्कार**

कवि सुशील गौतमले आफ्ना कविताहरूमा रूपक, उत्प्रेक्षा, अतिशयोक्ति, उपमाजस्ता विभिन्न अर्थालङ्कारको प्रयोग गरेको पाइन्छ । उनका यस सङ्ग्रहभित्रका कवितामा पाइने अर्थालङ्कारको नमुनाका लागि केही पङ्क्तिहरूलाई यहाँ उद्धृत गरिएको छ :

**रूपक**

थोरै भए पनि यस्ता वर्तमान विभूतिहरू
भरोसा, कृतज्ञता र विनयले झुकेर म
एक उपहार चढाउँछु यो कविताञ्जलि !
मन सुमनहरूले भरिएको यो कुसुमाञ्जलि !!

**‐कविताञ्जलि‐**

**उत्प्रेक्षा**

छपछप धान रोप्दा मधुर गीतका साथ
रित्ता पेटहरू भर्न
अन्नपूर्ण स्वयं आई
हाते मशीन चलाए झैँ लाग्छ ।

'हापुर'

**अतिशयोक्ति**

निकै सकस र उकुसमुकुसपछि
पसिन्योल भएर साउने झरीमा
रत्नगर्भाले छाती पट्ट फोडेर
राकेट जस्तै ठ्याक्कै
तामा उमारिन् सोद्देश्य

**उपमा**

'बाँस'

हिमालय झैँ शिरदेखि पाउसम्म
सेताम्मे फुलेका बूढा हजुरबा
आफ्नो स्थितिमा हल न चल भै
गजधम्म बसेका छन् आँगनमा
तराईको आँगनमा हिमाल बसे झैँ ।

'बूढा हजुरबा'

उपर्युक्त पहिलो उदाहरणमा यस कविताकृतिलाई नै सुमनको आरोप गरेकाले रूपक अलङ्कार परेको छ । दोस्रो उदाहरणमा अन्नपूर्णादेवीलाई खेतालीहरूको रूपमा लिएर सम्भावना व्यक्त गरेकोले यसलाई उत्प्रेक्षा अलङ्कारको रूपमा प्रस्तुत गर्न सकिन्छ । त्यस्तै तेस्रो उदाहरणमा बाँस उम्रिनु सामान्य कुरा हो तर यहाँ कविले बढाइँ-चढाइँ चमत्कारपूर्ण ढङ्गले पृथ्वीले ठ्याक्कै तामा उमारेको कुरा प्रस्तुत गरेकोले यसलाई अतिशयोक्ति अलङ्कारको रूपमा लिन सकिन्छ । चौथो उदाहरणमा बूढा हजुरबासँग हिमाली पर्वतमालाको तुलना गरेकोले उपमा अलङ्कार पर्न गएको छ ।

कवि गौतमले कवितामा आफ्ना भाव र विचारहरू व्यक्त गर्ने क्रममा कतै-कतै प्रतीक र विम्बहरूको प्रयोग गरेका छन् । यस कवितासङ्ग्रहमा कविले प्रयोग गरेका विम्बहरू प्राकृतिक, सामाजिक जीवनबाट टिपिएका र परम्परित छन् । नील गगनको तारा, चन्द्रज्योत्स्नाको प्रभामण्डल, नीलो आकाश, गिरिशृङ्खलाहरू, झलमल्ल सूर्योदयको जस्ता विम्बहरूलाई प्राकृतिक विम्बका नमुना मान्न सकिन्छ । त्यस्तै रगत, पसिना, शोक, भोक परम्परित विम्ब हुन् । उनले प्रयोग गरेका विम्बका उदाहरण यसप्रकार प्रस्तुत गर्न सकिन्छ :

मात्र शोषण हुन्छ हाम्रो
अस्मिता रगत र पसिनाको
बाँसघारीको छायाँमुनि
वसुन्धराको उर्वरता रुखो भएझैं
'बाँसको घारी'

यहाँ अस्मिता, रगत, पसिना, वसुन्धरा आदि परम्परित बिम्बहरू नवीन ढङ्गले प्रयोग भएका छन् भने बाँसघारी क्रान्तिवीरको रूपमा आएको छ ।

कवि गौतमले **कविताञ्जलि**का कविताहरूमा विभिन्न प्रतीकहरूको पनि प्रयोग गरेका छन् । कविले खासगरी प्राकृतिक जगत्, पूर्वीय पूराकथाका चरित्रलाई, धार्मिक जगत् र प्राणी एवम् पंक्षी जगत्बाट प्रतीकहरू लिएका छन् । उनले प्रयोग गरेका फूल, बादल, सूर्य, रात, तारा आदि धार्मिक जगत्का र हात्ती, भैंसी, मृग, कुखुरा, कौवा प्राणी एवम् पंक्षी जगत्बाट लिइएका प्रतीकहरू हुन् । त्यस्तै अन्नपूर्णालाई पूर्वीय पूराकथाका चरित्रका रूपमा लिन सकिन्छ । ढाकाको टोपीलाई राष्ट्रियताको प्रतीकका रूपमा र कपासका थुप्रालाई बादलको प्रतीकका रूपमा लिन सकिन्छ । प्रतीकको प्रयोग गरेर लेखिएको एउटा नमुना यसप्रकार छ :

उज्यालोकै निम्ति पृथ्वीले सूर्यलाई घुम्छ
हाम्रा राकसहरू घुम्छन् अँध्यारोको निम्ति
आफ्ना कालो पेसा फलाउनको निम्ति
'विश्व नै घुम्छ रे !'

यहाँ पृथ्वीले सूर्यलाई घुम्नु-परिवर्तनको प्रतीकका रूपमा, राकसहरू-भ्रष्टाचारीको प्रतीकका रूपमा, अँध्यारो-कालो धन्दाको प्रतीकका रूपमा आएका छन् । त्यस्तै अर्को एउटा उदाहरण :

निराशाको मरुभूमिमा जसले
आशाको हरियाली ल्याउन सक्छन् !
विवशताको कठोर चट्टानलाई जसले
टुक्रा-टुक्रा पारी सहज गर्न सक्छन् !
'कविताञ्जलि'

उपर्युक्त उदाहरणमा मरुभूमि-अनुर्वरताको प्रतीक, हरियाली-खुसियालीको प्रतीक र कठोर चट्टान-क्रूर शासकको प्रतीकका रूपमा आएका छन् ।

### ५.१.७ भाषाशैली

कवि गौतमले **कविताञ्जलि**का कविताहरूमा सरल, सुबोध पद-पदावलीको प्रयोग गरेका छन् । उनका कवितामा संस्कृतका तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग पाइन्छ । ठेट नेपाली शब्दहरूको प्रयोग बढी मात्रामा पाइन्छ भने संस्कृत तत्सम शब्दहरूको प्रयोग कम पाइन्छ । कतिपय ठाउँहरूमा अप्रचलित तत्सम शब्दको प्रयोग पनि पाइन्छ । उनका कवितामा सौरमण्डल, जन्मस्थली, गुरुता, कुसुम, उच्छ्वास, पल्लव, लतिका, क्षुधा, गिरिशृङ्खला, अविरल जस्ता सरल तत्सम शब्दहरू, फूल, दूध जस्ता तद्भव शब्दहरू, ह्वास्ह्वास्ती, आँ, ट्वाँ जस्ता अनुकरणात्मक शब्दहरू, रेबिज, घायल, चटचट, फौज, बहार, खितित्त, क्यामरा, इज्जत, दिमाग, चियर्स जस्ता आगन्तुक शब्दहरू र खर्च, मुर्दार, थुक्क, बारुद जस्ता नेपाली मौलिक शब्दको प्रयोग गरिएको पनि पाइन्छ । कतिपय ठाउँहरूमा बारुद दूरबिनै जस्ता रुढ भइसकेका शब्दको पनि प्रयोग गरेको देखिन्छ । यसरी प्रस्तुत सङ्ग्रहका कवितामा विभिन्न स्रोतका शब्दहरूको प्रयोग गरिएको छ जसको कारण उनका कविताको भाषाशैली सुन्दर तथा सहज र संप्रेष्य बन्न पुगेको छ ।

कवि गौतमले **कविताञ्जलि** कवितासङ्ग्रहमा कालरात्रिको, सूर्योदयको आशा, सिस्नाको घारीमा जस्ता पदावली र षड्यन्त्र संलग्न, सशृङ्गार चरमोत्कर्ष जस्ता समासयुक्त शब्दको पनि प्रयोग गरेका छन् । यिनका कवितामा सर्वनामको प्रयोग गरेर अन्तमा मात्र क्रियापदको प्रयोग गरी परिष्कारधर्मी लाक्षणिक शैलीको प्रयोग गरेको पनि देखिन्छ । यिनका कविताहरू प्रायः वर्णनात्मक शैलीमा लेखिएका छन् तापनि कतैकतै प्रश्न, इच्छा र व्यङ्ग्यात्मक शैलीलाई पनि अँगालिएको छ । जस्तै :

**प्रश्नात्मक अभिव्यक्ति**

मेरो देशको अनुहार किन खुल्दैन ?
यहाँको मलीनतामा किन
आजसम्म कहिल्यै चमेली फुल्दैन ?
कर्ता धर्ताको दिमाग किन घुम्दैन ?
'विश्व नै घुम्छ रे !'

**वर्णनात्मक अभिव्यक्ति**

यतिका गिरिशृङ्खलाहरू चहार्दा पनि
दूरबिनैले हेरेर खोज्दा पनि
कहीँ भेटिएन रोग लागेको मान्छे

चुरेनी, बोक्सिनी जस्ताका डङ्कहरूले डसेर
उमेर नपुगी मरेका
लाशहरू भेटिन्थे सरासित्तै ।

'तीन टुक्रा'

**इच्छात्मक अभिव्यक्ति**

मेरो आहत शरीरलाई
हापुरकै सतीघाटमा जलाई दिनू
र मेरो शरीरको भष्मलाई
यै मेरो प्यारो हापुर खोलाले
विविध गङ्गाहरूमा बग्दै
असङ्ख्य जलतरङ्गहरू छिचोल्दै
महासागरमा पुऱ्याइदिनेछ ।

'हापुर'

यसप्रकार कविले आफ्ना कवितामा उपर्युक्त उदाहरणहरूमा झैँ निजी अनुभूति र चिन्तनलाई कलात्मकताका साथ प्रस्तुत गरेका छन् । यसरी आफ्ना अनुभूति र चिन्तनलाई कलात्मक बनाउन सक्नु पनि कविको आफ्नै प्रकारको भाषाशैलीगत वैशिष्ट्य हो । उनका कवितामा विषय र भावराशि निर्मल हुँदाहुँदै पनि उनको शैक्षिक पृष्ठभूमिका आधारमा समूल, गणनातीत, रेणुकण, ज्योत्स्ना, भस्माणु जस्ता शब्दहरूको प्रयोग सामान्य नै मान्नुपर्ने देखिन्छ ।

### ५.१.८ निष्कर्ष

**कविताञ्जलि** कवि गौतमको प्रथम कवितासङ्ग्रह हो । यसमा उनका २०५४ सालदेखि २०५६ सालसम्म लेखिएका कविताहरू सङ्कलित छन् । यिनका सम्पूर्ण कविताहरूमा राष्ट्रप्रेम, प्रकृतिप्रेम, समाजसुधार, मानवताप्रति आस्थाका साथै कविका निजी इच्छात्मक अभिव्यक्तिहरू पनि तरङ्गित भएका छन् । यस सङ्ग्रहका कविताहरू देशभक्तिपरक, निजात्मक, वर्णनात्मक, प्रतीकात्मक छन् । उनका सबैजसो कवितामा सामाजिक, राजनीतिक, आर्थिक सापेक्षता भेटिन्छ । यिनका कविताहरूमा विषयवस्तु र शिल्पका बीच सङ्गति छ । त्यस्तै उनले अनुप्रास, प्रतीक र अलङ्कारको सटीक प्रयोग गरेका छन् । उनका कवितामा आगन्तुक, अनुकरणात्मक, तत्सम, तद्भव शब्दहरूको प्रयोग पाइए पनि संस्कृत साहित्यमा स्नातक सुशील गौतमका कवितामा कठिन संस्कृत शब्दहरू प्रयोग कम पाइन्छ । सकेसम्म ठेट नेपाली शब्दहरूको प्रयोग गर्नेतर्फ उनको रुचि रहेको देखिन्छ ।

कविताको भाषा अभिधा, लक्षणा र व्यञ्जनाकेन्द्री हुनु उपयुक्त मानिन्छ । सामान्य

व्याकरणिक पदक्रमभन्दा आलङ्कारिक पदक्रमको छनोटले कविता आकर्षक बन्दछ। यद्यपि लयात्मकता पनि भाषाशैलीको प्रस्तुतीगत भेद हो। यति हुँदाहुँदै पनि कवितामा अग्रभूमि निर्माणको निम्ति कविले अपूर्व भाषिक विकल्पको नमुना प्रस्तुत गर्दछन्। प्रस्तुत कवितासङ्ग्रहभित्र कवि सुशील गौतमले भाषाशैलीको नमुना पेस गरेका छन्। पहिलो कवितामा 'जसले' सर्वनामको प्रयोग गरेर अन्तमा मात्र क्रियापदको प्रयोग गरी परिष्कारधर्मी लाक्षणिक शैलीको नमुना पेस गरेका छन्। कविताका भाव अभिधा अर्थमा बढी केन्द्रित छन् जसले कविताको भाव सहज बोध्य बनेको छ। अभिव्यक्तिगत श्रुतिमधुरता, लयात्मकता, अन्तरलयको गुम्फन भए पनि लयात्मकताका कारण यिनका कविताहरू आकर्षक हुन सकेका छैनन्। यस्ता कतिपय कमजोरी हुँदाहुँदै पनि गौतमको सिर्जनात्मक योगदान स्तुत्य र अनुकरणीय भने पक्कै छ।

## ५.२ :थ एयभ्कक अङ्ग्रेजी कवितासङ्ग्रहको सामान्य परिचय

**My Poems** मा कवि सुशील गौतमद्वारा २०५३ देखि २०५५ सालसम्म रचिएका कविताहरू सङ्ग्रहित छन्। नेपाली साहित्यमा बीसको दशकतिरबाट फाटफुट रूपमा कलम चलाउँदै आएका कवि गौतमले प्रस्तुत गरेका कृतिहरूमध्ये **My Poems** दोस्रो कृतिका रूपमा रहेको छ। यो कवितासङ्ग्रह नेपालको पश्चिमी क्षेत्रका अङ्ग्रेजी साहित्यमा कविता लेख्ने प्रथम स्रष्टाका रूपमा चिनाउँदै २०५८ सालको नवदुर्गा चतुर्थी तिथिको साइत पारेर लेखक संघ, दाङले प्रकाशन गरेको हो।

कवि गौतमले यस सङ्ग्रहको नामकरण यसै सङ्ग्रहमा सङ्ग्रहित पहिलो रचना 'My Poems' बाट गरेको देखिन्छ। यस सङ्ग्रहका कविताहरू वर्तमान युगीन परिवेश, यथार्थपरक र राष्ट्रियताका पक्षपोषक छन्। जीवन भोगाइका अनुभव, राष्ट्रप्रेम, समसामयिक परिवेश आदि यिनका कविताका विषय बनेर आएका छन्। यस सङ्ग्रहमा ५० वटा समान आकारका लघुकविताहरू रहेका छन् : My Poems, My Love, My God, My Sun, My Wife, My birth, My Grandson, My Granddaughter, My Power, My Desire, My Room, My Village, My Neighbor, My Cow, My Sons, My Daughter, Sunrise, Full Moon, Empty Stomachs, Illiteracy, Democracy, Population, Sleepless Night, Poverty, Nationality, Brave Enough, Martyrs, The Rose, Rivers, To the Evening, Peace, Equality, A Student, Water, Optimism Tension, Fire, Fair, Terrorism, Exploitation, Orphans, Prices, Elephants and Ants, Time, By the way, Economic Development, Pollution, Monkey, Donkey and Brotherhood.

कवि गौतमले **My Poems** मा समाजमा विद्यमान अन्याय, शोषण, आतङ्कवाद, भ्रष्टाचार जस्ता कुराहरूप्रति कडा प्रहार गर्दै न्याय, समानता र भ्रातृत्वमा आधारित समृद्ध समाजको कल्पना गरेका छन्। विविध विषयवस्तुमा पस्किएका यी कविताले कविको सिर्जनशील व्यक्तित्वलाई चिनाएका छन्।

## ५.३ चर्किएको जून कवितासङ्ग्रहमा सङ्कलित कविताको विश्लेषण

### ५.३.१ लेखन तथा प्रकाशन

**चर्किएको जून** कवि सुशील गौतमद्वारा २०५६ माघदेखि २०५९ सालको मोती जयन्तीसम्म रचना गरिएका ८६ वटा गद्य कविताहरूको सङ्ग्रह हो।[73] यो कवितासङ्ग्रह उनको तेस्रो पुस्तकाकार कृति हो। २०६० सालको लक्ष्मीजयन्तीको साइत पारेर लेखक संघ, दाङले यसको प्रकाशन गरेको हो। एक ऊर्जाशील राष्ट्रवादी कवि गौतमको लेखनमा जुन परिपक्वता र प्रखरता छ त्यसलाई अझै सजग, सशक्त र सघन काव्य लेखनतर्फ प्रवृत्त रहन आग्रह गर्दै लेखक संघ, दाङले यसको प्रकाशन गरेको देखिन्छ।[74]

### ५.३.२ सङ्ग्रहको नामकरण

विज्ञान र प्रविधिको तीव्र विकासको विश्वलाई साँघुरो बनाइदिएको छ। भौतिक उन्नतिले गर्दा हाम्रा जीवनहरू सुखद् र आनन्दमय बनेका छन्। तर आधुनिक हातहतियारहरूको बढ्दो निर्माण र प्रयोगले विश्व भयावह बनेको छ र विनाशको मुखमा धकेलिएको छ। हाम्रा आदर्श, मूल्य र मान्यताहरू चर्कंदै गएका छन् भने विश्वको शान्ति नै खजमजिएको छ। सुशीलका यस सङ्ग्रहका कविताहरूमा यिनै कुराहरू विशेष रूपले मुखरित भएका छन्। यस सङ्ग्रहको अन्तिम कविता 'चर्किएको जून'मा उपर्युक्त भाव प्रखर रूपमा अभिव्यक्त भएको छ। त्यसैले प्रस्तुत कवितासङ्ग्रहलाई उनले **चर्किएको जून** भन्न रुचाएको देखिन्छ।

### ५.३.३ शीर्षकचयन

कवितामा शीर्षक एउटा महत्त्वपूर्ण तत्त्व हो। शीर्षकले प्रत्येक रचनामा मूलभावको प्रतिनिधित्व गर्दछ। शीर्षक र भावका बीच नङ र मासुको जस्तो गहिरो सम्बन्ध हुनुपर्दछ। कवि सुशील गौतमका कवितामा कविताका शीर्षक र भावका बीच यस प्रकारको सम्बन्ध पाइन्छ। यिनका कवितामा शीर्षक र मूलभावका बीच अभिधात्मक र प्रतीकात्मक सम्बन्ध रहेको पाइन्छ भने कतिपय कवितामा त्यस्तो स्थिति देखिँदैन। शीर्षक र भावका बीच अन्तःसङ्गति भएका कविताहरू हुन् : 'बन्द', 'फुस्सा', 'इतिहास', 'ढुकुवाहरू', 'कुकुरलाई सल्लाह', 'राक्षस', 'विस्तारवादी कविताहरू' आदि। 'बन्द' शीर्षकको कवितामा पञ्चायती

---

73= सुशील गौतम, 'फूलहरूसहितको गमला', **चर्किएको जून** (गद्य कवितासङ्ग्रह), प्र.सं. (दाङ : लेखक संघ, २०६०)।

74= प्रकाशकीय, **चर्किएको जून**, (दाङ : लेखक संघ, २०३०), पृष्ठ उल्लेख नभएको।

व्यवस्था हुँदा पसल, बस, अफिस, कर्तव्य, मार्ग, चिन्तन र दिशाबोध आदि सबै बन्द भएको कुरालाई देखाइएको छ भने 'फुस्सा', 'ढुकुवाहरू' शीर्षकका कवितामा २०४६ सालको जनआन्दोलनपछि सत्ता परिवर्तन भए पनि नेपाली जनताहरूमा आएको निरासालाई व्यक्त गरिएको छ। 'सल्लाह' शीर्षकको कवितामा बाटो बिराउनेहरूलाई सुमार्गमा ल्याउनका लागि कुकुरलाई थुक्न आग्रह गर्दै कविले विकृतिप्रति सिधा प्रतिक्रिया व्यक्त गरेका छन्। त्यस्तै विस्तारवादी कवितामा पाश्चात्य साहित्यको प्रभाव ग्रहण गर्नेहरूलाई कटाक्ष गरेको पाइन्छ भने राक्षसमा मान्छेको द्वैध चरित्रको वर्णन गरिएको छ। 'मौन संस्कृति', 'माटो', 'लक्ष्य', 'जागरण', 'गान', 'केराका पातहरू', 'कागजमा पल्टेको लास', 'मेलम्चीको पानी', 'धुवाँ र धुलो', 'कीर्तिमान', 'मकै भुट्दा', 'बाँसघारी', 'आरोपहरू', 'दुरात्माहरू', 'अघि बढौँ' आदि कविताहरू भावगम्भीर्यका दृष्टिमा महत्त्वपूर्ण छन्। 'मौन संस्कृति' र 'दुरात्माहरू' कवितामा नेपाली जनताको दयनीय स्थिति र दुर्दशाको चित्रण छ भने सशस्त्र क्रान्तिलाई धुवाँ र धुलो ठानिएको छ। 'माटो' कवितामा मानिसको मृत्यु र विसङ्गतिको तालमेल देखाउँदै मान्छे माटो हो र माटोमै गएर मिल्छ भन्ने कुरा देखाइएको छ। त्यस्तै 'लक्ष्य' शीर्षकको कवितामा क्रान्तिको विरोध गर्दै आपसी सद्भावबाट शान्तिको मार्ग स्थिर गर्नु हाम्रो लक्ष्य हो भनिएको छ। स्वास्थ्य क्षेत्रको दुरवस्थालाई कागजमा पल्टेको लासमा सीमित ठानिएको छ भने 'जागरण गान' शीर्षकको  कवितामा शान्तिको मार्ग अँगाल्न गृहयुद्ध र द्वन्द्वयुद्धमा जीवन अर्पण गरेका शहीदहरूको गुणगान गरौँ, आपसी मेलमिलाप कायम गरौँ र जीवनलाई सकारात्मक सोचमा परिवर्तन गरी शान्तिको मार्गलाई बलियो बनाउन उत्साहित गरिएको छ। मेलम्चीको पानीमा पानी योजनाका आडमा भइरहेका भ्रष्टाचारको चिरफार गर्दै पानीको नाममा डलर, स्टर्लिङ, पाउन्ड, जापानी येन आदि मेलम्चीको पानी आए जस्तै आएको देखाइएको छ। 'मकै भुट्दा...' शीर्षकको कवितामा जनता र सत्तासीन व्यक्तिहरूको विभेद देखाउँदै आमजनतालाई ठेलाका रूपमा र सत्तासीनहरूलाई फुलाका रूपमा चित्रण गरिएको छ।

कवि गौतमका यस सङ्ग्रहमा सङ्कलित कविताहरूमध्ये कतिपय कविताहरू शीर्षक सार्थक नभएका र आशय नखुलेका पनि छन्। उदाहरणको रूपमा 'हाम्रा नातहरू' शीर्षक सार्थक नभएको कविता हो भने 'तिलस्मी बाकस' कविताको आशय नखुलाउने शीर्षक हो। त्यस्तै 'ऊर्जा' कवितामा भावको अन्विति पाइँदैन। यिनको यस सङ्ग्रहमा राजनीतिक चित्र खिचिएका कविताहरू पनि छन्। 'बाँसघारी', 'मोटर साइकिलको मान्छे', 'आरोपहरू', 'किङ्कर' आदि शीर्षकका कवितामा २०५८ सालदेखि २०६० सालसम्मको राजनीतिक चित्र खिचिएको छ। कविले देशका दक्षिणपन्थी र वामपन्थी दलहरूलाई बाँसघारीका रूपमा लिएका छन् भने राजा ज्ञानेन्द्रलाई मोटरसाइकिलको मान्छेका रूपमा सङ्केत गरेका छन्। 'आरोपहरू'मा राजनीतिक दल, सत्तासीनहरू र छापामार बन्दुके समूहको परस्पर आरोपको वर्णन छ भने 'किङ्कर' मा २०५९ साल असोज महिनामा प्रधानमन्त्री शेरबहादुर देउवालाई असक्षम घोषित गरेर पदच्युत गरेपछि त्यही असक्षम प्रधानमन्त्री नेतृत्वको मन्त्रीपरिषद् ज्ञानेन्द्रको दास बनेको

चित्र प्रस्तुत छ । 'चर्किएको जून' कवितासङ्ग्रहमा सङ्कलित कविताहरूमध्ये कतिपय कविताहरूमा शीर्षक र भावका बीच प्रतीकात्मक सम्बन्ध रहेको पाइन्छ । 'पाहा र हिटलर', 'पारदर्शिता', 'पानी ! पानी !!', 'धुवाँ र धुलो', 'यी माखाहरू', 'सुनको कोपरा', 'धमिराको पर्वत', 'ऐना', 'साँढेहरू', 'बेलुन', 'चर्किएको जून', 'तन्ना', 'अनाम', 'तुलसीको मठ', 'अश्वत्थामा', 'बिस्कुट', 'भ्यागुताहरू', 'त्यो शब्द' आदि पर्दछन् । 'बिस्कुट' शीर्षकको कवितामा कविले नेपाललाई बिस्कुट भनेका छन् भने 'चर्किएको जून' युद्धग्रसित नेपाली भूमिको प्रतीकका रूपमा आएको छ । 'पानी ! पानी !!' कवितामा पानीलाई प्रलयको प्रतीकका रूपमा लिँदै कविले भूगोल र खगोलका कुरालाई प्रस्तुत गरेका छन् । 'पाहा र हिटलर' मा सिंहदरबारका सत्तासीन नेताहरू पाहाका प्रतीक र नारायणहिटीका विराजित राजालाई हिटलरका प्रतीक मान्दै यी दुवैबाट जनता किचिएको र थिचिएको कुरा अभिव्यक्त छ । 'धुवाँ र धुलो' वर्तमान युद्धको प्रतीकका रूपमा आएको छ भने 'धमिराको पर्वत' एकताको प्रतीकका रूपमा आएको छ । यसमा सबै जनता एकजुट भएर उत्रने हो भने क्रूर तन्त्रको सामना गर्न सकिने कुरा व्यक्त गरेका छन् । ऐना शीर्षकको कवितामा कविले ऐनालाई आफ्नो सत्यता लुकाउने प्रयासको निन्दा गर्दै पारदर्शिताको प्रतीक मानेका छन् । त्यस्तै 'सुनको कोपरा' मा व्यापार घाटाको भुक्तानी गर्दा नेपाल कोपरा बन्यो भन्दै कविले परिवर्तन र संवाहनको आशा गरेका छन् । 'अश्वत्थामा' कवितामा विश्वमा भएका आतङ्ककारी हमलाको चित्रणका साथै द्रौपदीका छोराहरूको दारुण हत्या गर्ने अश्वत्थामालाई संसारकै आतङ्कवादको सर्जक मानेका छन् । 'तुलसीको मठ' र 'गुरुत्व' शीर्षकका कवितामा हाम्रो सभ्यता र संस्कृतिमा आएको विचलनप्रति व्यङ्ग्य गरेका छन् भने पूर्वीय धर्म र संस्कृतिप्रति पाश्चात्य प्रभावको निन्दा गरेका छन् । त्यस्तै 'नयाँ-नयाँ' वर्ष शीर्षकको कवितामा सशस्त्र युद्धको वर्णन गरेका छन् भने 'यी माखाहरू' कवितामा नेपालमा भित्रने संघ-संस्थाहरूलाई माखाका रूपमा लिएका छन् । 'गुरुत्व चाप', 'मधुशाला र गौशाला', 'लक्ष्य', 'जागरण गान', 'मेलम्चीको पानी', 'कीर्तिमान केही मुक्तकहरू', 'सुनको कोपरा', 'तन्ना', 'बेलुन', 'बन्द', 'थला परेकी आमा', 'उद्घाटन' आदि कविताहरूमा राष्ट्रप्रतिको चिन्ता अभिव्यक्त छ । त्यस्तै 'आफ्नै घर भत्काउँदा' कवितामा आतङ्ककारीहरूले देशलाई नै भत्काएको कुरालाई रोमान्टिक तरिकाले प्रस्तुत गरेका छन् । 'धन्य मोती तिम्रो जय होस्', 'हो अघि बढौँ', 'ढुकुवाहरू', 'नारायण सल्यानी', 'मान्छे', 'तन्ना', 'शून्य', 'विकास', 'ईश-प्रार्थना' आदि कवितामा अभिधात्मक अर्थ प्रस्तुत भएको छ । 'नारायण सल्यानी' कवितामा ज्ञान साधनामा रमेका, राष्ट्रको हितमा अग्रसर लेखक संघ, दाङको उत्थानको निम्ति सक्रिय सदस्य एउटा विदुर व्यक्तिलाई हिंस्रक व्यक्तिले गरेको हत्यालाई लिएर मान्छेमा आसुरी प्रवृत्ति भएको कुरा अभिव्यक्ति छ भने 'धन्य मोती तिम्रो जय होस्' कवितामा मोतीरामप्रति श्रद्धासुमन अर्पण गर्दै मोतीलाई दिव्य गङ्गाबाट सुस्त झर्न आग्रह गरेका छन् । 'मान्छे' कवितामा मान्छेको विविधताको वर्णन छ भने तन्ना कवितामा नेपालीको स्वत्व लुटिएको चर्चा छ । त्यस्तै यिनका कवितामा व्यङ्ग्यात्मकता पनि प्रशस्त पाइन्छ ।

'इतिहास', 'ईश-प्रार्थना', 'आत्मरञ्जन', 'मकै भुट्दा...', 'दुरात्माहरू', 'फुस्सा', 'उद्घाटन', 'आवरण', 'हाम्रो ऊर्जा' जस्ता कवितामा विभिन्न तरिकाले व्यङ्ग्यात्मकता प्रकट गरेका छन् । 'आफ्नै घर', 'भत्काउँदा', 'सुटुक्क उज्यालो', 'माया', 'विजयोत्सव', 'हिजोआज' जस्ता शीर्षकका कविताहरू अमूर्त भाव व्यञ्जित भएका कविताहरू हुन् । 'पानी ! पानी !!', 'अभीप्सा', 'पूर्णता' आदि कविताहरूमा पूर्वीय दर्शनको पुट पाइन्छ । यिनको यस सङ्ग्रहमा 'आफ्नै घर भत्काउँदा', 'धन्य मोती तिम्रो जय होस्', 'ध्वस्त बुद्ध र जीवन्त बुद्धत्व', 'कागजमा पल्टेको लास' जस्ता वाक्यात्मक तहसम्मका कविताहरू परेका छन् । यसरी कवि गौतमले विभिन्न कोणबाट आफ्ना कविताका शीर्षक चयन गरेको देखिन्छ ।

### ५.३.४ विषयवस्तु

अध्ययनशील, सुधारवादी, मानवतावादी, राष्ट्रवादी, पूर्वीय दर्शनका ज्ञाता कवि सुशील गौतमले जीवनमा देखे-भोगेका र गम्भीर अध्ययनबाट आर्जित ज्ञानका विभिन्न विषयहरू नै आफ्ना कविताका विषयवस्तु बनाएका छन् । कवि गौतमका कविताहरूलाई गम्भीर रूपले अध्ययन गर्दा राष्ट्रप्रतिको चिन्ता, नेपाली जनजीवनको चित्रणजस्ता विषयहरू कुनै न कुनै रूपमा सगोल रूपमा अभिव्यक्त भएका छन् । राजनीतिक उथलपुथल र सामाजिक तथा आर्थिक विषमताविरोधी स्वर पनि उनका कवितामा पर्याप्त मात्रामा पाइन्छ । लोभ, ईर्ष्या, मोह जस्ता मानवीय कमजोरीहरूलाई पनि विषयवस्तु बनाएका छन् । गद्यात्मक शैलीमा लेखिएका यस सङ्ग्रहका कविताहरूमा सामाजिकता, दार्शनिकता, जीवनबोध, ऐतिहासिकता, राष्ट्रियता, मानवतावाद, प्रकृतिचित्रण जस्ता विविध विषयवस्तु समाविष्ट छन् । यी सम्पूर्ण विषयवस्तुहरूलाई छुट्टाछुट्टै संक्षिप्त विवेचना गरिएको छ ।

#### (१) देशप्रेम/राष्ट्रवादी स्वर

कवि सुशील गौतमका कवितामा राष्ट्रवादी स्वर प्रखर रूपमा व्यक्त भएको छ । २०५२ सालदेखि चलेको आन्तरिक युद्धले समाजका विविध पक्षमा पारेका नकारात्मक प्रभावका बारेमा उनका कविताहरू सर्वाधिक बोलेका छन् । हाम्रो देशको स्रोत र साधनको समुचित उपयोग गर्न नसक्ने र विदेशी ऋण र अनुदान लिन उनीहरूले राखेका राष्ट्र र साधनको समुचित उपयोग गर्न नसक्ने र विदेशी ऋण र अनुदान लिन उनीहरूले राखेका राष्ट्र र जनता-घाती शर्तहरूमा सम्झौता गर्ने नेपाली सत्ताधारी नेताहरूप्रति विद्रोह गर्दै व्यङ्ग्यको आवाज उठाएका छन् । २०४६ सालपछिको संसदीय व्यवस्थामा भएका घृणित खेलहरूको चिरफार गर्दै कविले आफ्नो देश र राष्ट्रप्रति चिन्ता व्यक्त गरेका छन् । उनका कविताहरूले नेपाली जनजीवन र देशको शासनप्रणालीसँग हातेमालो गर्दै देशप्रेमको भावनालाई व्यक्त

गरेका छन् । उनका राष्ट्रवादी स्वर अथवा राष्ट्रप्रति चिन्ता व्यक्त गरिएका कविताहरूमा 'मौन संस्कृति', 'चर्किएको जून', 'बिस्कुट', 'मधुशाला र गौशाला', 'माटो', 'लक्ष्य', 'जागरण गान', 'चाप', 'सुनको कोपरा', 'विकास', 'शून्य', 'कीर्तिमान', 'बेलुन', 'निदान', 'भ्यागुताहरू', 'जीर्ण तपसी' आदि पर्दछन् । राष्ट्रप्रतिको चिन्तालाई कवि गौतमले यसरी प्रस्तुत गरेका छन् :

हाम्रो देश चम्किलो सुनको थाल !
सुनकै थालमा भात खाने भातेहरू
सुनकै थाललाई कोपरा तुल्याएका छन् !
'सुनको कोपरा'

उपर्युक्त कवितांशमा कविले नेपालको अस्मिता र अखण्डतामा आँच आएको कुरालाई व्यक्त गर्दै प्राकृतिक सम्पदाले भरिपूर्ण नेपाललाई सुनको कोपरा बनाएको कुरा वर्णित छ । मौन 'संस्कृति' शीर्षकको कवितामा २०५२ सालदेखि चलेको आन्तरिक युद्ध र राज्यपक्षबाट भएको ज्यादतीलाई सहेर नेपाली जनताहरू डरले चुपचाप बस्नु परेको कुरालाई यथार्थ रूपमाचित्रित छ । यसमा नेपालीहरूको दयनीय स्थिति र मौनतापूर्ण दुर्दशाको चित्रण छ । 'चर्किएको जून' र 'बिस्कुट' कवितामा नेपालमा भारतीय प्रभाव, दबाब र थिचोमिचोको वर्णन गर्दै यस्ता कुराहरूलाई पराजित गर्न नसकेको कुरा अभिव्यक्त छ । त्यस्तै सार्वभौमसत्ता सम्पन्न यो देश पूर्ण स्वाधीन राष्ट्र भए तापनि पूर्व स्वाधीनताको अनुभव गर्न नसकेको प्रसङ्गलाई स्पष्ट पारेका छन् । 'आत्मरञ्जन' कवितामा सूर्यकै प्रकाशले चन्द्रमा प्रकाशित भएझैं विदेशीहरूको भरमा नेपालीहरू जीवित छन् भन्दै नेपालीहरू विदेशीहरूसमक्ष झुकेर आश्रित हुनुपरेको बाध्यता चित्रित छ । त्यस्तै 'मधुशाला र गौशाला' मा हाम्रो देशका दिव्य देवमूर्ति र पशुपतिमूर्ति चोरेर गोरा जातिलाई बिक्री गर्ने दुष्टहरूप्रति व्यङ्ग्य गर्दै नेपाललाई निमुखा बनाउने नेपाली तस्करीहरूप्रति खेद प्रकट गरेका छन् । त्यस्तै प्रातः गौशाला जाने र साँझ मधुशाला (रक्सी भट्टी) जाने प्रवृत्तिको यथार्थतालाई चिरेका छन् । देशको सुन्दर भविष्यको लागि वीरहरूले दिएको योगदानलाई भुलेर बहुदलवादी पार्टीहरू र माओवादीले गौरवहीन र क्लान्त बनाएको कुरालाई देखाएर कविले क्रान्तिको कामना शान्ति ल्याउनको लागि हो : यही नै हामी सबैको लक्ष्य हुनुपर्छ भन्ने भाव 'लक्ष्य' कवितामा पाइन्छ । 'बन्द', 'हिजोआज' शीर्षकका कवितामा पञ्चायती शासनकालदेखि हालसम्म अनुभूत बन्दको चित्र प्रस्तुत गर्दै देशको भविष्यप्रति चिन्ता प्रकट गरेका छन् । विकास कवितामा विकासका नाममा भइरहेका भ्रष्टाचारको चित्र प्रस्तुत छ । सत्तासीनहरूले देशका विकासमा टेवा पुऱ्याउनुको सट्टा विकासको रकमबाट व्यक्तिगत सम्पत्ति थुपारेर देशको र गाउँको विकासलाई शून्य अवस्थामा पुऱ्याएको कुरा व्यक्त गरेका छन् । 'थला परेकी आमा' मा गृहयुद्धले निम्त्याएको हत्या-हिंसाको स्थितिलाई विषयवस्तु बनाएका छन् भने 'भ्यागुताहरू' मा जनप्रतिनिधिहरूको कुत्सित प्रवृत्तिको रहस्योद्घाटन गरेका छन् ।

### (२) ऐतिहासिकता

सुशील गौतमले नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्य, माध्यमिक कालका सर्वाधिक क्रियाशील युवाकवि मोतीराम भट्ट र आधुनिक नेपाली साहित्यका समालोचकीय व्यक्तित्व नारायण सल्यानीको साहित्यिक योगदान एवम् समर्पणप्रति असीम आदर देखाएर लेखेका केही कविताहरू **चर्किएको जून** कवितासङ्ग्रहमा सङ्ग्रहीत छन् । कवि गौतमले पूर्ववर्ती कविहरूप्रति श्रद्धाभाव प्रकट गरेका छन् । त्यस्तै 'झस्को' कवितामा नारायणहिटी दरबारमा तत्कालीन राजा वीरेन्द्रको वंश उन्मूलन हुने गरी गरिएको हत्याकाण्डको पीडाको अभिव्यक्ति छ । यस सङ्ग्रहमा उनका 'नयाँ संस्करण', 'धन्य मोती तिम्रो जय होस्', 'नारायण सल्यानी', 'झस्को' आदि कविताहरू ऐतिहासिक विषयवस्तुअन्तर्गत पर्ने कविता हुन् । कवि गौतमले आफ्ना अग्रजहरूप्रति यसरी आफ्ना भावनाहरू प्रकट गरेका छन् :

विविध बोट र स्थानमा फुलेका फूलहरू
काँगडादेखि बर्मासम्मका नेपाली फूलहरू
सबैलाई एकताको सूत्रमा उनेर
सुन्दर माला गाँस्न सफल ए ! आदिकवि !
आज मैले तिम्रो काव्य-साधनाको
नयाँ प्रकरण खोज्दैछु
किन कि तिम्रो सूत्रमा संप्रति
परजीवीहरूको संक्रमण देख्दैछु ।

'नयाँ संस्करण'

उपर्युक्त कवितांश कविले नेपाली साहित्यलाई एकताको सूत्रमा उन्ने आदिकवि भानुभक्त आचार्यप्रति श्रद्धाभाव व्यक्त गर्दै नेपाली भाषिक क्षेत्रमा आएको विचलनलाई प्रतीकात्मक रूपमा प्रस्तुत गरेर भानुको काव्यसाधनाको नयाँ प्रकरण खोजेको भाव प्रस्तुत छ । 'नारायण सल्यानी' शीर्षकको कवितामा ज्ञान साधनामा रमेका, राष्ट्रको हितमा अग्रसर युवा व्यक्तित्व सल्यानीप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गरिएको छ भने 'धन्य मोती तिम्रो जय होस्' शीर्षकको कवितामा अल्पायुमै दिवङ्गत हुने युवाकवि मोतीराम भट्टलाई नेपाली कविताका युगप्रवर्तक माध्यमिक कालका स्रष्टा र गजलका प्रणेताका रूपमा चिनाइएको छ ।

### (३) प्रकृति–चित्रण

**चर्किएको जून**मा कवि गौतमका प्रकृति-चित्रणसँग सम्बन्धित कविताहरू छन् । प्रकृतिचित्रण कवि गौतमका कविताहरूको महत्त्वपूर्ण विषय हो । मान्छे प्रकृतिकै सिर्जना भएकाले प्रकृति र मानवका बीच गहिरो सम्बन्ध रहन्छ । प्रकृति र मानवबीचको तादात्म्य

उनका कविताहरूमा सघन रूपमा आएका छन् । कविले प्रकृतिको चित्रण गर्ने क्रममा प्रकृतिको उग्र रूपको मानवीकरण गरेका छन् भने कतै शान्त र सौम्य रूपको पनि चित्रण गरेका छन् । प्रकृति-चित्रण गरेर लेखिएका कविताहरूमा 'फुस्सा', 'केराका पात', 'मान्छे', 'पानी ! पानी !!', 'माटो', 'भ्यागुताहरू', 'केही मुक्तकहरू', 'आगन्तुक', 'आफ्नै घर भत्काउँदा', 'धमिराको पर्वत', 'तुलसीको मठ', 'पूर्णता', 'जुत्ताका माला', 'हिजोआज', 'खरानीमा फूल रोप्यौं' आदि पर्दछन् । कविले प्रकृतिको उग्रताको मानवीकरण यसरी गरेका छन् :

निरन्तर युद्धको कर्कश ध्वनिले
खल्बलिन्छ निद्रा प्रलयको
र, झोँकमा टाउको उठाएर उसले
दुवै पञ्जाले पृथ्वीलाई थिचेर
कच्याककुचुक्क पारी हुत्याइदिन्छ
अनन्त ब्रह्माण्डमा !
अनि अर्को ग्रह तानी सिरानी हालेर
फस्फसी सुतिदिन्छ ऊ !

उपर्युक्त कवितामा अहङ्कारले मत्त भएका व्यक्तिहरूलाई प्रलयसँग तुलना गरेर कविले निरन्तर रूपमा भइरहेको आन्तरिक युद्धले गर्दा पृथ्वीमा प्रलय नै आएको कुरालाई मानवीकरण गरेर प्रस्तुत गरेका छन् । 'फुस्सा' कवितामा देशका पञ्चवर्षीय योजनाहरू आँपमा लागेका फलझैँ बत्तिलैमा माटोमा मिल्ने गरेको यथार्थ औंल्याएका छन् । 'केराका पातहरू' कवितामा हाम्रा आस्था बोक्ने नेताहरू मन्द पवनैले हल्लिने र फाट्ने केराका पातजति पनि स्थिर र टिकाउ हुन नसकेको बताएका छन् । 'चाप' कवितामा प्रकृतिको मनोरम दृश्यलाई प्रस्तुत गर्दै कालापानी र सुगौलीसन्धि गर्ने भ्रष्टाचारी व्यक्तिहरूलाई आवश्यक परेमा सजायँ दिन प्रकृति नै रणचण्डी बनेर आउने बताएका छन् । अन्य कवितामा कविले प्रकृतिलाई सान्दर्भिक सामग्रीका रूपमा प्रयोग गरी कतै प्रकृतिको मानवीकरण गरेका छन् भने कतै प्रकृतिको सौम्य र सिर्जनशील स्वरूपको परिचय दिएका छन् । त्यस्तै कतै प्रकृतिको भयङ्कर विध्वंसकारी स्वरूपको वर्णन गरेका छन् ।

(४) **सामाजिकता**

कवि सुशील गौतम समाजसचेत कवि हुन् । समाजमा विद्यमान नारी र पुरुष, धनी र गरिब, शासक र शोषित आदिबीचको असमानतालाई हटाई समतामूलक समाजको निर्माण गर्नु सुशीलका कविताहरूको सामाजिक अभीष्ट हो । 'लक्ष्य नै राखौं ईश्वर बन्ने, मानिस बन्न सके नै पुग्छ' भनी कवि मानवताको वकालत गर्दछन् । हाम्रो अन्तर्मनको इच्छा आमूल-सेवा

गर्नु रहोस् भन्दै कविले मानवसेवा नै सबैभन्दा ठूलो धर्म हो भन्ने धारणा राखेको पाइन्छ। राजनीतिक उथलपुथल र आन्तरिक द्वन्द्वले समाजको शान्ति सुरक्षा र पारस्परिक सद्भाव खलबलिएकोमा कवि चिन्तित छन्। उनका सामाजिक चेत भएका कविताहरूमा 'हाम्रा नाताहरू', 'पारदर्शिता', 'म', 'ऊर्जा', 'रेखा', 'मौन संस्कृति', 'जागरण गान', 'कागजमा पल्टेका लास', 'दुरात्माहरू', 'आफ्नै घर भत्काउँदा' आदि। कवि गौतमले सामाजिक विषमतालाई यथार्थतः यसरी चित्रण गरेका छन् :

कुनै अक्षांश या देशान्तर रेखा !
धर्तीलाई खण्डित गर्ने
एक काल्पनिक रेखा।
समाजलाई चिरा पार्ने
एक वास्तविक रेखा !
शून्य डिग्रीको रेखा
यो गरिबीको रेखा !

'रेखा'

उपर्युक्त कवितांशमा गरिबी भन्ने एउटा काल्पनिक रेखाले वास्तविक श्रमिकहरू समाजबाट मात्र होइन, धर्तीलाई समेत खण्डित गरेर भोकभोकै मर्नुपरिरहेको सामाजिक यथार्थलाई उद्घाटन गरेको छ। 'पारदर्शिता' कवितामा कविले जनताको चेतनावृद्धिसँगै सबैखाले समाजविरोधी तत्त्वहरू नाङ्गिन थालेको कुरा व्यक्त गरेका छन्। 'ऊर्जा' कवितामा कविले हामीमा रहेको मानवीय ऊर्जालाई सदुपयोग गर्न नसकेर हामी र हाम्रो समाज पछि परेको कथ्यसन्दर्भ प्रस्तुत गरेका छन्। 'कागजमा पल्टेको लास' शीर्षकको कवितामा सरकारी स्वास्थ्य संस्थाहरू कागजी रूपमा मात्र बाँचेको र जनताले बाध्य भई महङ्गा नर्सिङहोममा उपचार गराउनुपर्दाको पीडा अभिव्यक्ति छ भने समाजलाई योगदान पुऱ्याउन नसके कीर्तिमान निरर्थक हुने कुरा 'कीर्तिमान' कवितामा बताइएको छ। 'दुरात्माहरू' कवितामा समाजवाद र साम्यवादको वकालत गर्नेहरूले वर्गीय असमानता कम गर्नुको साटो झन् बढाउँदै लगेकोप्रति आक्रोस अभिव्यक्त छ। आफ्नै घर भत्काउँदा कवितामा समाज रूपान्तरण गर्दा आइपर्ने अप्ठ्याराहरूलाई सबै मिलेमा सामना गर्न सकिने सन्देश दिएका छन्। मौन संस्कृतिमा सामाजिक, सांस्कृतिक क्षेत्रमा आएको विचलनप्रति व्यङ्ग्य गरेका छन्।

(५) **दार्शनिकता**

कवि सुशील गौतम पूर्वीय दर्शनबाट अनुप्राणित छन्। पूर्वीय दर्शनका मन, बुद्धि, अहङ्कार, लोभ, मोह आदि विषयवस्तुका साथै सृष्टि प्रलय आदि कुराले समेत उनका कवितामा स्थान पाएका छन्। उनका त्यस्ता बौद्धिक कविताहरूमा 'पानी ! पानी !!', 'पूर्णता', 'अभीप्सा',

'ध्वस्त बुद्ध' र 'जीवन्त बुद्धत्व', 'म', 'माटो', 'दुर्दान्त व्यथा वाचन' आदि पर्दछन्। कवि गौतमले देहको नश्वरता र आत्माको अमरताको पक्षपोषण गर्दै यसरी लेख्छन् :

यसलाई पोले पनि
या काटे, मारे पनि
जे, जस्तोसुकै गरे पनि
यो माटोमै मिल्छ
यसमा निहित चेतना
विद्युत् वेगमा अन्तै लाग्छ
तिम्रा पछि त मरे लाग्दैन।

'माटो'

'पानी ! पानी !!' कवितामा कवि गौतमले पूर्वीय दर्शनमा वर्णित प्रलयको प्रक्रिया बताएका छन्। पृथ्वी, जल, वायु, अग्नि, आकाश यी पञ्चतत्त्वले बनेको संसार सृष्टिको अन्त्यमा जलमय हुने बताएका छन्। 'पूर्णता' र 'अभीप्सा' शीर्षकका कवितामा अहङ्कारले वर्तमान युगलाई जकडेको कुरालाई काव्यिक भाषामा प्रस्तुत गरको छन्। 'माटो' कवितामा देहको नश्वरता र आत्माको अमरतालाई देखाइएको छ भने 'दुर्दान्त व्यथा वाचन' मा अहम्को विसर्जन नै मुक्तिको मार्ग भएको कुरा बताएका छन्। 'ध्वस्त बुद्ध र जीवन्त बुद्धत्व'मा बुद्धका मूर्ति तोड्दैमा बुद्धत्व ननासिने कुरा गर्दै अक्षरब्रह्मको वकालत गरिएको छ।

### (६) **राजनीतिक व्यङ्ग्य**

'बाँसघारी', 'मोटरसाइकिलको मान्छे', 'आरोपहरू' र 'किङ्कर' कविताहरू २०५८ देखि २०६० सालसम्मका राजनीतिक चित्रका प्रदर्शक छन्। यी कविताहरूमा कविले त्यसबेलाको राजनीतिक दृश्य काव्यात्मक भाषामा प्रस्तुत गरेका छन्। आफ्नो स्वतन्त्र अस्तित्व नभएका अर्काको भरमा क्रान्तिको नाद उद्घोष गर्ने यहाँका राजनीतिक दलहरूका कार्यहरूप्रति कविले यसरी व्यङ्ग्य गरेका छन् :

मुन्टा निहुरिएका बाँसघारीहरूले
वायुको आघातमा हल्लिँदै
क्रात्कि नादहरू अनुवाद गर्छन्
परिवर्तनका संवादहरू सुसाउँछन्
अनि बर्खे झरीमा निरन्तर रुँदै
परिवर्तनका सबै सम्भावनाहरू पखालिदिन्छन्।

'बाँसघारी'

'बाँसघारी' कवितामा निरङ्कुश राजसत्ताको विरोधमा क्रान्तिका नारा घन्काउने र

परिवर्तनार्थी बन्ने दलहरूले निराशा र असमर्थ भई घुँडा टेकेको चित्र प्रस्तुत छ। 'मोटरसाइकिलको मान्छे' शीर्षकको कवितामा राजदरबारको हत्याकाण्डपछि खास गरेर २०५९ सालमा राजा ज्ञानेन्द्रले विभिन्न पार्टीलाई सत्ताका लागि लोभ्याउने र ठग्ने गरेको सन्दर्भ प्रस्तुत छ। 'आरोपहरू' मा आरोपकहरूले आरोपितलाई धमाधम मार्ने गरेको कुरा समेत कवितामा प्रस्तुत छ। त्यस्तै कर्मको आरोपमा नै आततायीहरूले निर्दोष नेपालीलाई मारेको सङ्केत छ। 'किङ्कर' कवितामा प्रगति र उन्नतिका नाममा विदेशीको बढ्दो प्रवेशलाई विषयवस्तु बनाइएको छ भने स्वतन्त्रता र अस्तित्व रक्षाका लागि नयाँ क्रान्तिको सुरुवात गर्नुपर्ने र आफ्नो पौरखमा रमाउन सिक्नुपर्छ भन्ने भाव पाइन्छ।

(७) **विविध**

पानीको फोकामा सूर्य अटाएको देख्ने कवि सुशील गौतमले जुनसुकै विषयवस्तुमा पूर्ण कविता लेख्न सक्छन्। उनका कवितामा विषयवस्तुको विविधता पाइन्छ। पौराणिकता, प्रेम, वियोग, नैतिकता, शुभकामना, जीवनबोध आदि पनि उनका कविताका विषय बनेका छन्। 'नयाँ वर्ष' 'नयाँ-नयाँ वर्ष' कविताहरू नयाँ वर्षको अवसरमा लेखिएका हुन् भने 'ध्वस्त बुद्ध र जीवन्त बुद्धत्व', 'अस्वत्थामा', 'जीर्ण तपसी' आदिमा पौराणिक विषयवस्तु पाइन्छ। 'हो अघि बढौँ', 'जागरण गान' कवितामा सबैलाई जागरुक हुन आग्रह गरेका छन्। 'सुटुक्क उज्यालो माया' कवितामा संसारलाई बन्दुकको नालले नभई मायाद्वारा आफ्नो पक्षमा ल्याउन सकिने कुरा देखाइएको छ।

## ५.३.५ विचार र भावको स्थिति

कवि सुशील गौतम प्रगतिवादी कवि हुन्। यसै नाताले उनले आफ्ना कवितामा शिल्प पक्षलाई भन्दा भाव पक्षलाई बढी जोड दिएका छन्। यिनले जीवन र जगत्का यथार्थ पक्षलाई टिप्ने कोसिस गरेका छन्। राजनीतिक, सामाजिक, धार्मिक आदि क्षेत्रमा रहेका विकृति र विसङ्गतिलाई निर्भीकतापूर्वक उदाङ्गो पार्नु उनका कविताको विशेषता नै हो। यिनका कविताहरू लयात्मक संरचनाका दृष्टिले गद्यात्मक भए पनि विचार र भावका दृष्टिले ज्यादै खँदिला छन्। आफ्ना वैचारिक अभिव्यक्तिलाई भावात्मक, संवेदनशील र हार्दिक तुल्याउने प्रयत्न कविबाट भएको छ। यस किसिमको सुन्दर नमुनाका रूपमा 'धन्य मोती तिम्रो जय होस्' शीर्षकको कवितालाई लिन सकिन्छ :

अत्यल्प आयुको विद्युत्रेखा
क्षणमै उज्यालो छरेर हराए झैँ
पिकदूतले मेघदूत बिर्साएर

सारै छोटो आयुमै विलीन भयौ
हामी यहाँ थकथकाइरहेछौँ
तिमीले गति दिएको वाणीप्रवाहमा ।

'धन्य मोती तिम्रो जय होस्'

उपर्युक्त कवितांशमा कविले युवाकवि मोतीराम भट्टप्रतिको आफ्ना धारणा व्यक्त गरेका छन् । मोतीरामले नेपाली साहित्य जगत्‌लाई **पिकदूत** र **मेघदूत** जस्ता कृतिहरू छोडेर अल्पायुमै विलीन हुन पुगे पनि उनको छविको लागि श्रद्धासुमन चढाएको कवि गौतमले उल्लेख गरेका छन् ।

कवि सुशील गौतम देश र समाजको अग्रगमन, शान्ति र समृद्धिको पक्षमा कलम चलाउँछन् । उनी सबै किसिमका वर्गीय विभेदको अन्त चाहन्छन् । उनका कवितामा प्रायः मानवीय प्रेम, घृणा, क्रोध, आक्रोश, आशा, निराशा, उत्साह आदि भाव अभिव्यक्र भएका छन् । द्वन्द्वबाट पीडित सर्वसाधारणका व्यथा, राजनीतिक खिचातानीबाट देशमा आइपरेको खतरा, नेपालको आन्तरिक मामिलामा विदेशी राष्ट्रहरूको बढ्दो हस्तक्षेपजस्ता कुराहरूको विरोध, प्राकृतिक सौन्दर्यको वर्णन, विश्व शान्तिको कामना र मानवतावादी भाव पनि उनका कवितामा पाइन्छ । वैचारिक रूपले हेर्दा कवि सुशील गौतम अग्रगमनका पक्षपाती र एक क्रान्तिकारी सुधारवादी कवि हुन् ।

### ५.३.६ संरचना

**चर्किएको जून** कवितासङ्ग्रह गद्यलयमा लेखिएको कवितासङ्ग्रह हो । यसमा 'चर्किएको जून' गद्य कवितासङ्ग्रहभित्रका कविताहरूको संरचनाका बारेमा विवेचना गर्ने प्रयास गरिएको छ । यसअन्तर्गत खासगरी प्रस्तुतीकरण र आकार-प्रकारका बारेमा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

#### (१) प्रस्तुतीकरण

यस सङ्ग्रहमा कवि गौतमले आफ्ना भाव र विचारहरू प्रस्तुत गर्दा कविकथन र कविनिवद्ध-वक्तृकथनको माध्यम अँगालेका छन् । कविकथनको प्रयोग गरेर लेखिएका कवितामा कविले 'म' र 'हामी' को प्रयोग गरेका छन् । 'म'को प्रयोग गरेर लेखिएका कविताहरूमा 'पारदर्शिता', 'प्रश्नहरू', 'मधुशाला' र 'गौशाला', 'शून्य', 'आफ्नै घर भत्काउँदा', 'सुटुक्क उज्यालो माया', 'तुलसीको मठ', 'विजयोत्सव', 'ऐना', 'अभीप्सा', 'तन्ना', 'झस्को', 'दुर्दान्त व्यथा वाचन' आदि पर्दछन् । 'म' को प्रयोग गरेर रचिएको कवितालाई उदाहरणको रूपमा यहाँ प्रस्तुत गरिएको छ :

मेरो लक्ष्य पनि त्यै नै हो
स्निग्ध, मधुर मुस्कान !
आऊ साथी ! सबै मिलेर
यसकै आविष्कार गरौँ ।

'लक्ष्य'

उपर्युक्त कवितांशमा कविले शहीदहरूको बलिदानीले प्राप्त गरेको प्रजातन्त्रलाई नेताहरूले स्वार्थपूर्ति गर्ने साधन बनाएकोले शहीदको सपना साकार पार्न सबै मिलेर सशस्त्र क्रान्तिको विरोध गरी देश र जनतामा स्निग्ध, मधुर मुस्कान ल्याउने आफ्नो लक्ष्य भएको बताएका छन् ।

त्यस्तै कवि सुशील गौतमले प्रथम पुरूष बहुवचन 'हामी' को प्रयोग गरेर पनि कविता रचना गरेका छन् । 'हाम्रा नाताहरू', 'ऊर्जा', 'जागरण गान', 'कीर्तिमान', 'सुनको कोपरा' आदि कवितामा प्रथम पुरुष बहुवचन 'हामी' को प्रयोग गरेको पाइन्छ । हाम्रो देशमा आपसी द्वन्द्वका कारण विकराल स्थिति सिर्जना भएको र समुन्द्रपारिका देशहरूले हामीहरूलाई दास बनाएको कुरालाई कविले यसरी देखाएका छन् :

हाम्रो आलस्यमा औँसा पार्ने कीराहरू
आकाशमा उडेर मतिभ्रष्ट पार्दैछन्
हामीलाई सदैव दास बनाउँदैछन्
हामी भने आपसमा लडेर
बुद्धिमानीको चरमोत्कर्ष देखाउँछौँ ।

कवि सुशील गौतमका द्वितीय पुरुष 'तिमी' लाई सम्बोधन गरेर पनि केही कविताहरू प्रस्तुत गरेका छन् । द्वितीय पुरुष 'तिमी' लाई सम्बोधन गरिएको कविताको नमुना स्वरूप निम्न पङ्क्तिहरूलाई उदाहरणार्थ प्रस्तुत गर्न सकिन्छ :

तिमीले बुद्धको प्रस्तरमूर्ति फोर्‍यौ
यसका अणुले हार खाँदैनन् ।
हरेक अणु भव्य बुद्धमूर्ति बनी
तिमीमा शान्ति बर्साइरहनेछन् ।
एउटा जाबो प्रस्तर बुद्धमाथि आक्रमण गर
त्यै एउटाले तिमी कोटीलाई बुद्ध बनाउनेछ ।

'ध्वस्त बुद्ध र जीवन्त बुद्धत्व'

यसमा कविले तालिवानी सरकारले तालिवानमा स्थापित विश्वको सबैभन्दा ठूलो प्रस्तरको बौद्धमूर्ति ध्वस्त गरे पनि बुद्धको शान्ति सन्देश जीवन्त रहने बताएका छन् ।

कवि गौतमले तृतीय पुरुषको प्रयोग गरेर पनि कविताको सिर्जना गरेका छन् । तृतीय

पुरुषको प्रयोग गरेर लेखिएको कवितालाई तलका पङ्क्तिबाट स्पस्ट्याउन सकिन्छ :

कृत्रिम आमनिर्वाचनबाट प्राप्त
संसद सत्ताको रापमाथि
बसालिएको प्रजातन्त्रको हाँडीमा
खुला र उन्मुक्त अर्थतन्त्रमा
रकमी, छट्टु, छली र बलीहरू
शुभ्र र समृद्ध नव धनाढ्य बनेर
उफ्रिरहन्छन्, परिधि नाघिरहन्छन् ।

'मकै भुट्दा'

उपर्युक्त कवितांशमा कवि गौतम सत्तामा निर्धालाई सिकार बनाउने चलनको यथार्थ चित्रण गरेका छन् । यस्तो कथन पद्धति अँगालिएका कविताहरूमा 'मेलम्चीको पानी', 'यी माखाहरू', 'प्रश्नहरू', 'चर्किएको जून', 'मोटर साइकिलको मान्छे', 'आरोपहरू', 'त्यो शब्द', 'पूर्णता', 'दुरात्माहरू', 'राक्षस', 'सुल्टाइदेऊ', 'निदान', 'मान्छे', 'जीर्ण तपसी' आदि पर्दछन् ।

यसरी कवि गौतमले प्रथम, द्वितीय र तृतीय पुरुष जस्ता प्रस्तुतीकरण अँगाली चर्किएको जून गद्य कवितासङ्ग्रहका कविताहरू प्रस्तुत गरेको पाइन्छ । तुलनात्मक रूपमा हेर्दा प्रथम पुरुष र द्वितीय पुरुषभन्दा तृतीय पुरुषको प्रयोग गरेर लेखिएका कविताहरू बढी देखिन्छन् ।

(२) **आकार-प्रकार**

कवि सुशील गौतमको **चर्किएको जून** गद्य कवितासङ्ग्रहभित्रका कविताहरूको आकार-प्रकारलाई हेर्दा यसमा घटीमा एक अनुच्छेददेखि बढीमा १६ अनुच्छेदसम्मका कविताहरू सङ्ग्रहित छन् । 'झापड' एक अनुच्छेदमा मात्र संरचित सबैभन्दा छोटो कविता हो भने 'जागरण गान' १६ अनुच्छेदमा (श्लोकमा) संरचित सबैभन्दा लामो कविता हो । त्यस्तै 'फुस्सा', 'भ्यागुताहरू', 'निदान', 'खरानीमा फूल रोपौँ', 'धन्य मोती तिम्रो जय होस्', 'चर्किएको जून, मै भुट्दा...' आदि कविताहरू एक अनुच्छेदमा लेखिएका कविताहरू हुन् । त्यस्तै 'मन' र 'पूर्णता' दुई अनुच्छेदमा रचिएका कविता हुन् भने 'आत्मरञ्जन', 'मधुपान', 'माटो', 'पाहा र हिटलर', 'कुकुरलाई सल्लाह', 'बिस्कुट' आदि तीन अनुच्छेदमा लेखिएका कविता हुन् । चार अनुच्छेदमा लेखिएका कविताहरूमा 'पानी ! पानी !!', 'हाम्रा नाताहरू', 'मधुशाला र गौशाला', 'बन्द', 'थला परेकी आमा', 'त्यो शब्द', 'केही मुक्तकहरू', 'सुटुक्क उज्यालो माया', 'धमिराको पर्वत', 'बेर छैन', 'ऐना', 'मन', 'आवरण' विखण्डन आदि । 'जागरण गान' १६ अनुच्छेदमा लेखिएको कविता हो भने 'मौन संस्कृति', 'पारदर्शिता', 'कीर्तिमान', 'यी माखाहरू', 'बाँसघारी', 'मोटरसाइकिलको मान्छे', 'केराका पात', 'उद्घाटन', 'विजयोत्सव', 'सुल्टाइदेऊ', 'नयाँ संस्करण', 'आवरण', 'ध्वस्त बुद्ध र जीवन्त बुद्धत्व',

'अश्वत्थामा' आदि पाँच अनुच्छेदमा संरचित छन् । 'प्रश्नहरू', 'ऊर्जा', 'धुवाँ र धुलो', 'ढुकुवाहरू', 'अन्तरालहरू', 'राक्षस', 'हिजोआज', 'नयाँ-नयाँ वर्ष', 'हाम्रो ऊर्जा' आदि ६ अनुच्छेदमा संरचित छन् भने 'म', 'शून्य', 'सुनको कोपरा', 'किङ्कर', 'दुरात्माहरू', 'हो अघि बढौँ', 'गुरुत्व', 'वास्तविकता', 'विस्तारवादी कविताहरू' सात अनुच्छेदमा लेखिएका छन् । 'कागजमा पल्टेको लास', 'इतिहास', 'ईश-प्रार्थना', 'दुर्दान्त व्यथा वाचन', 'अनाम' आदि कविताहरू आठ अनुच्छेदमा लेखिएका छन् भने 'विकास', 'आरोपहरू', 'झस्को' आदि कविताहरू नौ अनुच्छेदमा संरचित छन् । 'मेलम्चीको पानी' शीर्षकको एक मात्र कविता दस अनुच्छेदमा संरचित छ भने 'तिलस्मी बाकस', 'तुलसीको मठ' र 'जीर्ण तपसी' एघार अनुच्छेदमा छन् । त्यस्तै 'अर्पण', 'आफ्नै घर भत्काउँदा', 'जुत्ताका माला' बाह्र अनुच्छेदमा लेखिएका छन् भने एउटा मात्र कविता 'लक्ष्य' तेह्र अनुच्छेदमा पूर्ण भएको छ ।

यसरी न्यूनतम एक अनुच्छेददेखि अधिकतम सोह्र अनुच्छेदसम्मका कविता प्रस्तुत सङ्ग्रहमा सङ्ग्रहित छन् । कवि गौतमले यस सङ्ग्रहभित्र पाँच अनुच्छेदका कविताहरू तुलनात्मक रूपमा बढी लेखेको देखिन्छ । यसरी आकार-प्रकारका दृष्टिले न्यूनतम एक अनुच्छेददेखि बढीमा सोह्र अनुच्छेदसम्मका विस्तारित कविताहरू पनि उनले लेखेका छन् ।

### ५.३.७ छन्द र लय

कवि सुशील गौतमको **चर्किएको जून** कवितासङ्ग्रहमा सङ्कलित अधिकांश कविताहरू गद्यलयमा लेखिएका छन् । उनले यस सङ्ग्रहमा समावेश गरेका कविताहरूमध्ये 'जागरण गान' शीर्षकको कवितामा कुनै-कुनै अनुच्छेदमा मात्रिक छन्दको प्रयोग गरेको पाइन्छ । यिनले मात्रिक छन्दअन्तर्गत पर्ने छन्दहरूमध्ये 'जागरण गान' मा चौबोला छन्दको प्रयोग गरेको पाइन्छ । कविले प्रयोग गरेका नमुनास्वरूप केही श्लोक तल प्रस्तुत गरिएको छ :

**चौबोला छन्द**

नव आशाको ज्योति लिएर
तममय पथमा हिँड्न उठौँ
मनको पाहुर धैर्य लिएर
पथका पीडा झेल्न उठौँ

'जागरण गान'

यस उदाहरणमा पहिलो र तेस्रो पाउमा १६ मात्रा हुने दोस्रो र चौथो पाउमा १४ मात्रा हुने 'अर्द्धसम' मात्रिक छन्दको प्रयोग गरेका छन् जसलाई चौबेला छन्द भनिन्छ ।

### ५.३.८ अलङ्कार, प्रतीक र विम्ब

काव्यको गहनालाई अलङ्कार भनिन्छ ।[75] अलङ्कार काव्यको सुन्दरता बढाउने एउटा तत्त्व हो । कवि गौतमको **चर्किएको जून** गद्य कवितासङ्ग्रहमा अनेक अलङ्कार र विम्ब-प्रतीकको प्रयोग गरिएको पाइन्छ । कवि सुशील गौतमले **चर्किएको जून** कवितासङ्ग्रहमा प्रयोग गरेका अलङ्कारहरू यसप्रकार छन् :

(१) **शब्दालङ्कार**

कवि सुशील गौतमले आफ्ना कविताहरूमा अनुप्रासको आयोजना गरेको पनि देखिन्छ । यिनका कवितामा कतिपय ठाउँमा अनुप्रासको आयोजना गरिएको र कतिपय ठाउँमा अनुप्रास नमिलेको पनि देखिन्छ । कवि गौतमको **चर्किएको जून** कवितासङ्ग्रहमा वृत्त्यनुप्रास, अन्त्यानुप्रास, अन्तर अनुप्रासको प्रयोग पाइन्छ । नमुनाका लागि निम्न कवितांशहरूलाई लिन सकिन्छ :

**वृत्त्यनुप्रास**

चुल्हो बल्ने हो कि हैन लेक जलेकै छ हेर
यति राम्रो जिन्दगानी मान्छे ढलेकै छ हेर
मर्ने बाँच्ने दोसाँधमा ज्युन परेकैछ हेर
मनको आगो निभाउन प्युनपरेकैछ हेर

'केही मुक्तकहरू'

**अन्त्यानुप्रास**

फूल देख्नै नपाएर काँडा छाम्ने बानी बस्यो
रगताम्मे अञ्जुलिमा आँखाबाट पानी खस्यो
त्यै पानीकै पोखरीमा फाल हाल्ने बानी बस्यो
यस्तै यस्तै बानीले नै भाग्यले खरानी घस्यो ।

'केही मुक्तकहरू'

माथिको पहिलो उदाहरणमा क, छ, ह, न, र वर्णहरू दोहोरिएकाले वृत्त्यनुप्रास भएको छ भने दोस्रो उदाहरणमा चारै पाउमा यो वर्णको आनुप्रासिक चमत्कार पाइन्छ ।

(२) **अर्थालङ्कार**

कवि गौतमले आफ्ना कविताहरूमा रूपक, उत्प्रेक्षा, स्वभावोक्ति, उपमा, अप्रस्तुत प्रशंसा जस्ता विभिन्न अर्थालङ्कारको प्रयोग गरेका छन् ।

**रूपक**

सभ्यताको दौडमा जब

---

75= डिल्लीराम तिमसिना र माधव भण्डारी, **छन्द, अलङ्कार**, पाँचौं संस्करण, (फिदिम : प्रेमजनक पुस्तकालय, २०३७), पृ. २२ ।

संस्कारले आकार लिन थाल्छन्
संस्कृतिका शालिकहरू
हरेक चोकमा उभिन पुग्छन्

'राक्षस'

यस कवितांशमा शालिकमा संस्कृतिको आरोप गरेर दुईमा अभेद सम्बन्ध देखाइएकोले रूपक अलङ्कार बन्न पुगेको छ ।

**उत्प्रेक्षा**

जताततै छरिएका नर्सिङहोमको भीडमा
निर्जन भएर उभिएको छ ।
त्यो गाईजात्रे सरकारी अस्पताल !
आश्चर्य ! अस्पताल पनि निर्जन !
कता गए ती विवश बेरामीहरू
जाज्वल्य भै बलिरहेको कलियुगमा
कि सबै रोग निर्मूल

'कागजमा पल्टेको लास'

उपर्युक्त कवितांशमा अस्पतालमा बिरामी हुनु सम्भव वर्णनीय विषय हो भने सबै रोग निर्मूल भएर बिरामी नहुनु असम्भव अवर्णनीय रूपमा सम्भावना गरिएकोले उत्प्रेक्षा अलङ्कार बन्न पुगेको छ ।

**स्वभावोक्ति**

धुवाँ र धुलो प्राणघातक विजातीय तत्त्व
दमका रोगीहरू लड्दै प्रतिपल कालसँग
स्वाँ-स्वाँ गर्दै बाँच्छन्, पीडा सहँदै घ्यार घ्यारको
कति यातनादायी जिजीविषा !

'धुवाँ र धुलो'

यसमा धुवाँ र धुलोले सबैलाई हानि पुऱ्याउँछ । त्यसमा पनि धुवाँ र धुलो बढी भएको ठाउँमा दमका रोगीहरूको व्यथा झन् बढ्नु स्वभाविकै हो भन्ने देखाएकोले स्वभावोक्ति अलङ्कार भएको देखिन्छ ।

**अप्रस्तुत प्रशंसा**

खिया लाग्दै गल्दै जान्छ
सबल कठोर फलाम पनि
न चम्काए त्यो चम्किन्न
म्यानभित्र तर्बार पनि

'जागरण गान'

माथि उल्लिखित कवितांशमा अप्रस्तुत विषय फलामको वर्णन गरेर त्यसबाट प्रस्तुत कुरा मानव जीवनको झल्को झल्काइएकोले अप्रस्तुत प्रशंसा अलङ्कार भएको देखिन्छ ।

कवि सुशील गौतमले गद्य कवितासङ्ग्रह **चर्किएको जून**भित्रका कविताहरूमा प्रतीक र विम्बहरूको प्रयोग पनि गरेका छन् । कविले प्रतीकको प्रयोग गर्दा प्राकृतिक जगत्, प्राणी एवम् पशुपंक्षी जगत्बाट लिएका छन् । फूल, रात, चन्द्र, पूर्णिमा, सूर्य, सन्ध्या आदि धार्मिक जगत्का, गाई, स्याल, बाच्छो, चील, गिद्ध आदि प्राणी एवम् पंक्षी जगत्बाट लिइएका प्रतीक हुन् । प्रतीक प्रयोग गरिएको कविताको उदाहरण स्वरूप निम्न कवितांशलाई अघि सार्न सकिन्छ :

छन् सबै जोगी कान चिरेका
चिलम् चिम्टा र तुम्बा भिरेका
अलक् गर्दै अम्रिका छिरेका
दिक्क भै उफ् गर्छ जीर्ण तपसी !

'जीर्ण तपसी'

उपर्युक्त उदाहरणमा सबै जोगी– नेपाली युवाहरूका प्रतीक, अम्रिका– विदेशी राष्ट्रको प्रतीक र जीर्ण तपसी-नेपाली भूमिको प्रतीकका रूपमा आएका छन् ।

कवितालाई मूर्त रूप दिनको लागि कवि गौतमले विभिन्न विम्बको पनि आयोजना गरेका देखिन्छन् । यिनले आफ्ना अन्तरदृष्टिलाई विम्बका माध्यमले कवितालाई मूर्त रूप दिएर प्रस्तुत गरेका छन् । जीवन र जगत्को विविध किसिमका नवीन एवं परम्परित विम्बको प्रयोगले कविका आफ्ना भाव अभिव्यक्त भएका छन् । यस सङ्ग्रहमा कविले प्राकृतिक जगत्, दन्त्यकथा, पौराणिक, महाभारत, परम्परित जस्ता विविध स्रोतबाट विम्बहरू टिपेर नवीन ढङ्गले प्रस्तुत गरेका छन् । विम्बको प्रयोग गरेको उदाहरण यसप्रकार छ :

सूर्य बनी आलोकित पारिदेऔँन
तिमिरापन्न बस्तीहरूलाई चेत बाँडेर ब्युँझाइदेऔँन
विचेत आफ्नै आफन्तहरूलाई
रगत र पसिनाको बिन्दुमा निहित
अपरिमेय ऊर्जाको उपयोग गरेर !

'कीर्तिमान'

यसमा सूर्य प्राकृतिक विम्बका रूपमा र रगत र पसिना परम्परित विम्बका रूपमा आएका छन् ।

### ५.३.९ भाषाशैली

यस कवितासङ्ग्रहमा कविले प्रयोग गरेको भाषाशैली आलङ्कारिक, सरल, वर्णनपरक र

गद्यात्मक छ। कवि गौतमले कविताहरूमा कवितात्मक भाषाशैली र शब्द चमत्कारलाई भन्दा भाव पक्षमा बढी जोड दिएका छन्। यिनले यस कवितासङ्ग्रहका एक-दुई वटा कवितामा कुनै-कुनै ठाउँमा मात्रिक छन्दको प्रयोग पाइए पनि छन्दको पूर्ण परिपालन गरेको देखिँदैन। कवि गौतमले तत्सम, तद्भव, आगन्तुक, अनुकरणात्मक र मौलिक नेपाली शब्दहरूको प्रयोग गरेका छन्। कवि गौतमले दासता, दावानल, वडवानल, पाताल, गौचर, शोषित, पाषाण, कन्दर जता संस्कृत तत्सम शब्दहरू खर्पन हेलिकोप्टर, दरबार, पेन्टागन जस्ता आगन्तुक शब्द र गुलियो जस्ता तद्भव शब्दको प्रयोग गरेको पाइन्छ। त्यस्तै सबै जोगी आए पनि कानै चिरेका, गुणको वैरी, एउटै डचाङ्को मूला, सुनको लङ्का जस्ता उखानतुक्काको प्रयोग गरेको पाइन्छ भने कतिपय ठाउँहरूमा क्या बात, यार क्या बात र स्साला, स्साला चुत्तिया जस्ता हिन्दी भाषाका थेगोहरूको प्रयोग पनि पाइन्छ। यिनका कवितामा पूर्ण-स्वर्ण, वाद-विवाद, मोज-ओज, चम्काउँदै-गम्काउँदै, विन्दु-सिन्धु, दर्वार-तर्वार जस्ता श्रुतिसम शब्दहरूको प्रयोग गरेको देखिन्छ। जीर्ण तपसीजस्ता पदावलीको प्रयोग गर्नुका साथै रकमी, बुकुरा, टहरा, मुन्टा, धर्सो, बुजो जस्ता ठेँट नेपाली शब्दहरूको प्रयोग पनि गरेका छन्। यसरी कवि गौतमले विभिन्न स्रोतका शब्दहरूको प्रयोग गरेकाले भाषाशैली सरल, सहज र सम्प्रेष्य बन्न पुगेको छ।

कवि गौतमले प्रश्नात्मक, वर्णनात्मक र व्यङ्ग्यात्मक शैलीलाई अँगालेर कविताको रचना गरेको देखिन्छ। उनका कवितात्मक शैलीका केही उदाहरणहरू यहाँ प्रस्तुत गरिएको छ :

**प्रश्नात्मक अभिव्यक्ति**

हृदय हुनेले हृदय काट्न सक्ने
के हृदय तरवार हुन सक्छ ?
उसका सजातीय प्रेम र करुणालाई
के हृदयले नै रक्ताम्मे पार्न सक्छ ?

'मधुपान'

**वर्णनात्मक अभिव्यक्ति**

सिद्धान्तका सुगन्धित धूप सल्काई
समानताको आभासले लोभ्याई
शहीदलाई तुष्टि दिने नाममा
आफ्नो डम्फु आफैँ ठोक्दै
क्यै बुझेझैँ, क्यै सन्केझैँ
बहिरो रन्केझैँ
विचित्र तालमा आइपुग्छ
नयाँ-नयाँ वर्ष।

'नयाँ-नयाँ वर्ष'

**व्यङ्ग्यात्मक अभिव्यक्ति**

'पशुपतिको पञ्चानन मूर्ति
पचास लाख डलर इनाम !
पण्डित, पुरोहित र प्रहरी सबै
राजी छन् यो काम गर्न
खाँचो छ तिमी जस्तैको मात्र
गौशाला र मधुशाला धाउने'

'मधुशाला र गौशाला'

यसप्रकार कविले आफ्ना कविताहरूमा उपर्युक्त उदाहरणहरूमा झैँ विभिन्न अभिव्यक्तिको प्रयोग गरेर आफ्ना भावनाहरू प्रस्तुत गरेका छन् । सरल शब्दहरू र गद्य भाषाशैलीको प्रयोग गरी कवितामा लयात्मकता ल्याई कवित्व प्रदान गर्नु कवि गौतमको भाषाशैलीगत विशेषता हो ।

### ५.३.१० निष्कर्ष

कवि सुशील गौतमको **चर्किएको जून** कवितासङ्ग्रह लेखनकार्यका हिसाबले तेस्रो र प्रकाशनका हिसाबले चौथो कृति हो । यसमा उनका २०५६ देखि २०६० सालसम्म लेखिएको गद्य कविताहरू सङ्ग्रहित छन् । यिनका कविताहरू विभिन्न विषयवस्तुको प्रस्तुतिमा आधारित छन् । यस सङ्ग्रहका कविताहरूमा सामाजिक, राजनीतिक, देशप्रेम, मानवतावाद, सामाजिक असमानताप्रति व्यङ्ग्य, प्रगतिशीलता जस्ता विषयहरू पाइन्छन् । यिनका कविताका शीर्षकहरू सारै सरल छन् तर तिनमा आरोपित भावनाहरूले पाठकहरूलाई स्तब्ध गरिदिन्छन् र उक्ति वैचित्र्यले आल्हादित पारिदिन्छन् । त्यस्तै सुन्दर विम्बविधानले गदगद गराइदिन्छन् ।

गौतमका कविताहरू स्थानीय समस्यादेखि लिएर राष्ट्रिय स्तरसम्मका समस्याहरूको विवेचनामा केन्द्रित छन् । उनी एक राष्ट्रवादी कवि हुन् । उनका कविताहरूमा राष्ट्रिय चिन्ता सर्वाधिक मुखरित भएको हुन्छ । राष्ट्रमा देखिएका विकृति, विसङ्गति, समाजमा देखिएका अन्याय, अत्याचार र अमानवीय व्यवहारको विरोधका स्वरहरू उनका कवितामा गुञ्जिएको पाइन्छ । अन्त्यानुप्रासीयता अन्तर अनुप्रासीयताका विशेषता पनि उनको कवितामा पाइन्छ । उनका यथार्थवादी भावधारामा आधारित कवितामा व्यङ्ग्यात्मकता प्रचुर मात्रामा पाइन्छ । भाषाशैलीमा मधुरता, शब्दमा सौन्दर्य र भावमा गम्भीरता भएर उनका कविता आएका हुन्छन् । उनले संस्कृतका तत्सम, तद्भव, आगन्तुक शब्दको प्रयोग गरेर आफ्ना कविता तयार पारेका छन् भने वर्णनात्मक, प्रश्नात्मक, व्यङ्ग्यात्मक शैलीलाई अँगाली आफ्ना कविताहरू प्रस्तुत गरेका छन् । यसरी कवि गौतमका कवितामा शास्त्रीय लयको सुरम्यता नपाइए पनि

मुक्त लयको मधुरता र आन्तरिक साङ्गीतिक झङ्कार भने पाइन्छ नै ।

## ५.४ प्रेसर कुकर कवितासङ्ग्रहमा सङ्कलित कविताको विश्लेषण

### ५.४.१ लेखन तथा प्रकाशन

सुशील गौतमका २०६० शुभ दिपावलीदेखि २०६० साल फागुन २१ गतेसम्म अनेक शीर्षकमा गद्यलयमा लेखिएका ६० वटा कविताहरूको सँगालो **प्रेसर कुकर** हो । यिनले प्रकाशित गरेका कृतिहरूमध्ये यो कवितासङ्ग्रह पाँचौं प्रकाशित पुस्तकाकार कृति हो । यो कवितासङ्ग्रह जननी र जन्मभूमिको सम्मानमा सादर समर्पित गर्दै २०६१ सालमा सिर्जनशील परिवार, बिजौरी दाङले प्रकाशन गरेको देखिन्छ ।

### ५.४.२ सङ्ग्रहको नामकरण

**प्रेसर कुकुर**का कविताहरूको वस्तुतथ्यलाई केलाउँदा कविले यस सङ्ग्रहका कवितामा वर्तमान युगमा राजनीतिक क्षेत्रमा देखापरेका बेइमानी, हाम्रो परम्परामा आएको विचलन, संस्कार-संस्कृति-समाज र मर्यादाप्रति मोह र राष्ट्रियता जस्ता विषयवस्तुहरू समेटिएका छन् । समय परिवर्तनशील छ । प्रत्येक राष्ट्रले समयको मागअनुसार आफ्नो देशलाई परिवर्तन गर्दै लाने गर्छन् । नेपालमा पनि परिवर्तनको चाहनास्वरूप विभिन्न क्रान्तिहरू भए । देशमा आन्तरिक द्वन्द्व चर्कंदै गयो । दर्जनौं विस्फोटन र सयौं चोटि चेतावनीका सिट्टीहरू बजे तर पनि पाठ नसिक्ने र कान नसुन्ने शासकहरूका कारण मुलुक इतिहासकै सङ्कटग्रस्त अवस्थाबाट गुज्रिरहेको छ । जनताको सशक्त क्रान्तिका कारण निरङ्कुश शासनको अन्त्य र प्रजातन्त्रको अभ्युदय पनि भयो । नेपालका यिनै समसामयिक यथार्थलाई यस कवितासङ्ग्रहका कवितामा उतारिएको छ । यिनै विषय र सन्दर्भलाई समेटेर लेखिएको 'प्रेसर कुकर' शीर्षकको एउटा कविता यस सङ्ग्रहका अन्त्यमा सङ्कलित देखिन्छ । त्यसैले कविले यसै कविताका नामबाट सिङ्गो सङ्ग्रहको नामकरण गरेका छन् । कविका विचारमा यदि मुलुकको स्थिति यस्तै रहे २०४६ सालमा जस्तै पुनः जनआन्दोलन हुने र यहाँ विद्रोह र विस्फोटनका स्वरहरू प्रेसर कुकुर जस्तै पड्किने सम्भावनातर्फ यस सङ्ग्रहका कवितामार्फत सचेत पारेका छन् । यिनै पृष्ठभूमि र सन्दर्भहरूबाट प्रस्तुत सङ्ग्रहको शीर्षकीकरण सार्थक बन्न पुगेको देखिन्छ ।

### ५.४.३ शीर्षकचयन

शीर्षक कविताका प्रमुख तत्त्वहरूमध्ये एक हो । शीर्षक र कविताको भावका बीच गहिरो सम्बन्ध हुने गर्दछ । यस सङ्ग्रहमा सङ्कलित कविताहरूका शीर्षकले तिनका केन्द्रीय कथ्यलाई

व्यक्त गरेका छन् । यसै गरी उनका कवितामा शीर्षक प्रतीकात्मक पनि छन् । शीर्षक र भावका बीचमा रहेको अन्तर्सम्बन्धका कारणले नै शीर्षकीय सार्थकताको पुष्टि हुन्छ । 'धुवाँ', 'आगो', 'खुकुरी', 'माउसुली', 'बट्टाइँहरू', 'चमेरा', 'भ्यागुताहरू', 'घोडाहरू', 'रोपाइँ', 'प्रेम', 'हेङ्गर', 'हुस्सु', 'लट्ठी', 'छट्टु गुरु' र 'चेलाहरू' आदि कवितामा शीर्षक र भावका बीच प्रतीकात्मक सम्बन्ध रहेको पाइन्छ । धुवाँ, आगो, खुकुरी आदिलाई उनले युद्धको प्रतीकका रूपमा लिएका छन् । 'चमेरा' कवितामा कालो धन्दा गर्ने र रातमा हिँड्ने व्यक्तिहरूलाई चमेराको प्रतीकका रूपमा प्रस्तुत गरेका छन् । 'भ्यागुताहरू' शीर्षकको कवितामा शासन चलाउन असक्षम भएका नेताहरूप्रति कटाक्ष गर्दै ती नेताहरूलाई भ्यागुतासरह मानेका छन् भने 'लट्ठी' कवितामा देशको राष्ट्रियतालाई वास्ता नगरी देश बेच्न खोज्ने र देशलाई नै लिलाम गराउन खोज्ने नेताहरूको विरोध गर्दै धर्मभक्त माथेमा, शुक्रराज शास्त्री जस्ता वीर पुरुषहरूलाई लट्ठीको रूपमा लिएर उनीहरूको रगतले सिञ्चित हाम्रो देश नेपालको राष्ट्रियता कहिल्यै नझुक्ने प्रतिबद्धता व्यक्त छ । 'मकै' शीर्षकको कवितामा एउटा कुशल, सक्षम र सुदृढ व्यक्तिले सत्ता छोड्न नमान्दा अपराधीहरूले घेरेको प्रसङ्गलाई प्रस्तुत गर्दै मकैलाई अपराधीको प्रतीकका रूपमा लिएका छन् । 'हेङ्गर' शीर्षकको कविताले नेपाली जनताहरूको पीडालाई प्रतीकात्मक रूपमा प्रस्तुत गरेको छ भने 'हुस्सु' कवितामा युद्धको करुण दृश्यलाई प्रस्तुत गर्दै त्यसलाई नेपालीहरूले चुपचाप भोग्नुपरेका यथार्थ चित्र प्रस्तुत छ । यसमा कविले सोझा नेपालीहरूलाई हुस्सुको प्रतीकका रूपमा प्रस्तुत गरेका छन् । त्यस्तै 'बट्टाइँहरू' विदेशी राष्ट्रको प्रतीकका रूपमा आएका छन् । त्यस्तै 'त्रिभुज हरायो' शीर्षकको कवितामा चन्द्र र सूर्य अङ्कित त्रिभुज आकारको झण्डालाई कृत्रिम सौन्दर्य दिएर प्रदर्शन गर्न खोज्ने कपटीहरूप्रति व्यङ्ग्य गरिएको छ । यस सङ्ग्रहका कतिपय कविताहरूमा अभिधात्मक अर्थ प्रकट भएको पनि पाइन्छ । 'घाम', 'उत्तोलक', 'समय', 'वर्तमान', 'चन्दा', 'रमाइलो खेल', 'नत्र', 'मेरो वर्तमान', 'मोमबत्ती र शान्ति', 'भिजेका गोरेटा', 'आजको मान्छे', 'सत्ता दर्बार', 'गुनाबाँदरहरू', 'कालानल धुवाँ', 'नरभक्षी', 'रङ्ग बदल फूल' आदि शीर्षकका कविताहरूले अभिधात्मक अर्थात् सोझो अर्थ बताएका छन् । 'घाम' शीर्षकको कवितामा रूपन्देहीमा हत्या गरिएका वाचनशिरोमणि नारायण पोखरेलको वियोग वेदनामा अश्रुजल खसाल्दै उनलाई आफूले झुलुक्क पनि हेर्न नपाएको चिन्ता व्यक्त गरिएको छ र उनलाई विश्वभरि नै नैतिकताको पाठ सिकाउने र कर्मयोगमा अग्रसर गराउन सक्षम घामको रूपमा लिइएको छ । 'उत्तोलक' शीर्षकको कवितामा अनिकाल, महामारी, अपमान जस्ता कुराले नेपाल आमा मुर्छित भएकाले कलमको सहायताले नेपाल आमामालाई ब्युँझाउन खोजेको सन्दर्भ प्रस्तुत छ । 'समय', 'वर्तमान', 'चन्दा', 'रमाइलो खेल', 'प्रेसर कुकर' आदि कवितामा देशको तत्कालीन परिवेशमा चित्रण गरिएको छ । यिनमा राजनीतिक दलका नेताहरू भ्रष्टाचार गर्ने, जनतालाई ठग्ने र भ्यागुताहरू जस्तै टर्टराउने हुनाले उनीहरूलाई ठीक पार्न सबै नेपाली एकजुट हुनुपर्ने

र सीमा नाघ्न खोजेमा सतर्क तुल्याउनुपर्ने भाव अभिव्यक्त छ । 'आजको मान्छे' शीर्षकको कवितामा हत्या र हिंसालाई टुलुटुलु हेरी मौन बस्नुपर्ने आजको मान्छेको अवस्थालाई चित्रण गरिएको छ । 'कालानल-धुवाँ' शीर्षकको कवितामा राज्यसत्ता र जनयुद्धको दोहोर लडाइँमा नेपालीले भोगेको पीडाको चित्कार व्यक्त छ भने सत्रा र विद्रोही पक्षले उठाउने गरेको चन्दा र आतङ्कबाट जनता मर्माहत भएको कुरा 'चन्दा आतङ्क' मा अभिव्यक्त छ । 'रङ्गबदल फूल' मा नेपालका राजनीतिक दलका नेताहरू सत्ताधारीहरूले छेपाराले जस्तै रङ्ग फेरेको प्रसङ्ग छ भने 'नरभक्षी' शीर्षकको कवितामा हत्याको प्रकरणमा मानवताको विनाश भएको चित्र प्रस्तुत छ । त्यस्तै 'तिमी आए त !', 'उत्तोलक', 'त्रिभुज हरायो', 'बट्टाइँहरू', 'समबाहु त्रिभुज', 'अन्तरिक्ष यात्रा', 'दुखेको छ' आदि शीर्षकका कवितामा राष्ट्रप्रतिको चिन्ता व्यक्त भएको छ । यसै गरी **प्रेसर कुकर** कवितासङ्ग्रहमा सङ्कलित कवितामा 'घाम', 'समय', 'आगो', 'ढुक्क' जस्ता एक शब्दका शीर्षकदेखि 'लुतो फाल्ने दिन', 'म भगवान् हुँ' जस्ता वाक्यात्मक तहसम्मका शीर्षक रहेका छन् ।

## ५.४.४ विषयवस्तु

**प्रेसर कुकुर** कवितासङ्ग्रहमा विषयवस्तुगत विविधता पाइन्छ । सुशील गौतमले विविध विषयवस्तुलाई आफ्ना कवितामा पस्केका छन् । समकालीन दलीय नेताहरूको सत्तालोलुपता, राजाको हैकमवादी प्रवृत्ति, मुलुकको सन्त्रासमय वातावरण चारैतिर फैलिएको हाहाकार र नरसंहारलाई उनका धेरैजसो कविताका विषयवस्तु बनाइएका छन् भने राज्यको अकर्मण्यता, सत्ताको फोहरी खेल, विदेशी राष्ट्रको मुख ताक्नुपर्ने नेपालको आर्थिक अवस्थाप्रति उनले तीखो व्यङ्ग्य पनि गरेका छन् । यस सङ्ग्रहका कवितामा राजनीतिक प्रकरण, युद्धका करुण दृश्य, सामाजिक यथार्थ र सामयिकता, धर्म, दर्शन र संस्कृतिसँग सम्बन्धित विषयवस्तु, राष्ट्र, राष्ट्रियता र मानवतावादी सांस्कृतिक चेतनाको अभिव्यक्ति तथा शान्तिको कामना जस्ता विविध पक्ष कविताका विषयवस्तुका रूपमा प्रस्तुत भएका छन् । कवि गौतमका यस सङ्ग्रहभित्र समेटिएका कविताका विभिन्न पक्षलाई सामाजिकता, राष्ट्रियता, युद्धका करुण दृश्य, राजनीतिक प्रकरण, प्रतीकात्मकता आदिमा विभक्त गरी तिनको छुट्टाछुट्टै विवेचना तलका उपशीर्षकहरूमा गरिएको छ ।

### (१). **सामाजिकता**

सुशील गौतमले **प्रेसर कुकर** कवितासङ्ग्रहका कतिपय कविताहरू सामाजिक विषयवस्तुमा आधारित छन् । राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा देखापरेका सामाजिक विषमता, थिचोमिचो, आर्थिक विषमतालाई सुशीलले आफ्ना कवितामार्फत यथार्थ रूपमा

चित्रण गरेका छन् । 'काठमाडौँ', 'मेरो छिमेकी', 'माग्ने', 'अनुमति-पत्र', 'समबाहु त्रिभुज', 'उपकविताहरू', 'बट्टाइँहरू', 'आगो' आदि कवितामा सामाजिक विषयवस्तुलाई समेटिएको छ । हुम्ला, जुम्ला, मनाङ, मुस्ताङ जस्ता जिल्लाहरू विकासको मुखबाट ओझेलमा परेका र गरिबहरूबाट उठेको राजस्वबाट काममलिप्त काठमाडौँ गगनचुम्बी बनेको धारणा प्रस्तुत गर्दै समानताको लागि मुगु, कालीकोटका जनताले मात्र हैन ढुङ्गामुढाले समेत नारा घन्काएको कुरालाई कविले यसरी प्रस्तुत गरेका छन् :

के काठमाडौँ मात्र नेपाल हो ?
गर्जिरहेछ मूक मुगु पनि !
'के त्यहाँ मात्र नेपाली बस्छन् ?'
प्रश्न हानिरहेछ कालीकोटले पनि
यी विचेत जिल्लाका मात्रै के कुरा ?
ढुङ्गामुढाले पनि नारा घन्काइरहेछन्
शोषक, भ्रष्ट र विदेशको गुलाम ! काठमाडौँ ।

'काठमाडौँ'

शासन र सत्ताको केन्द्रीयताको विरोध गरेर लेखिएको उपर्युक्त कवितांशमा राष्ट्रिय क्षेत्रबाट नै पहाडी मुलुकका जनताहरूलाई शोषण गर्ने, भ्रष्टाचार गर्ने, विदेशीहरूको गुलाम बनी काठमाडौँमा मात्र बस्ने नेताहरूलाई मुगु कालीकोट जस्ता जिल्लाहरूमा गएर विकासको मूल फुटाउन आग्रह गरिएको छ । 'माग्ने' शीर्षकको कवितामा २०४७ सालपछि नेपालमा देखापरेको निर्लज्जता, विदेशीसँग हात थाप्नुपर्ने बाध्यता, नेपालीहरूले २००७, २०१७ र २०४७ सालमा भोग्नुपरेको पीडालाई यथार्थरूपमा चित्रण गरिएको छ । 'अनुमति पत्र' शीर्षकको कवितामा समानताको आधारमा जातीयताको सुधार र समाजमा विद्यमान सामाजिक कुसंस्कार, राक्षसी प्रवृत्ति र थिचोमिचोलाई अन्त्य गर्नका लागि सबै नेपाली जनसमुदायलाई आवाज उठाउन आग्रह गरिएको छ भने 'समबाहु त्रिभुज' र 'उपकविताहरू' कवितामा नेपालीहरूको अस्मितालाई विश्वबजारमा लगेर लिलामी गराउने, अर्काका सन्तानमाथि कुदृष्टि लगाउने समाजको चिरफार गरेका छन् । 'बट्टाइँहरू' शीर्षकको कवितामा विदेशमा पलायन हुन खोज्ने व्यक्तिहरूलाई आफ्नो देशमा त अरूले नै चारो, पानी र बासको प्रबन्ध गर्नुपर्थ्यो भने अर्काको देशमा गएर आफ्नो मालिक र आफ्नै जातीयसँग ज्यानै अर्पण गरेर लड्नुपर्ने बाध्यतातर्फ सङ्केत गर्दै विदेशी राष्ट्रहरूले नेपाललाई आफ्नो हातमा लिएको कुरालाई व्यङ्ग्यात्मकताका साथ व्यक्त गरिएको छ ।

(२) **राष्ट्रियता**

कवि गौतमको उपर्युक्त सङ्ग्रहमा सङ्कलित कविताहरूमा राष्ट्रियताको भावना प्रखर रूपमा व्यक्त भएको पाइन्छ । कवि आफ्नो देश, राष्ट्र र राष्ट्रियताप्रति अत्यन्त संवेदनशील देखिन्छन् । आफ्नो राष्ट्र र राष्ट्रियताप्रति सधैँ श्रद्धाभाव राख्ने कवि सुशील गौतमले साहित्यका माध्यमबाट आफूलाई देशका निम्ति समर्पित गरेको कुरा उनका कविताबाट थाहा पाइन्छ । उनका कवितामा नेपालीहरूको स्वाभिमान शहीदहरूको सपना र राष्ट्रियता हराउन लागेकोमा चिन्ता व्यक्त गरेको पाइन्छ । 'लट्ठी', 'जेठाक', 'उत्तोलक', 'त्रिभुज हरायो', 'तिमी आए त !', 'झुसिल्कीरा', 'अन्तरिक्ष यात्रा', 'दुखेको छ', 'भिजेका गोरेटा', 'छट्टु', 'गुरु र चेलाहरू' आदि कवितामा उनले राष्ट्रप्रति चिन्ता व्यक्त गरेका छन् । 'उत्तोलक' कवितामा कविले नेपाल आमाको चित्कारलाई यसरी प्रस्तुत गरेका छन् :

व्यथा भोग्ने बेहालले बोलाउँछ
सतत अपमानका कथा सुनाउँछ
आवेग-स्पन्दन बढाउँछ
स्तब्ध हुनुपर्छ इतिहास सुनेर
गुलाम र उसका गुलामका बकवास सुनेर !
साह्रै कष्टकर पीडामा मूर्छित आमा
मेचीदेखि महाकालीसम्म लम्पसार !
साह्रै बेवारिसे र लखतरान !

'उत्तोलक'

उपर्युक्त कवितांशमा सत्ताको फोहरी खेलका कारण देश लिलाम हुन लागेको र विदेशी राष्ट्रसँग नेपालले मुख ताक्नुपरेकोले नेपाल आमाले नेपालको सम्प्रभुताको संरक्षण गर्न गाह्रो भएको र सम्पूर्ण इतिहासलाई कागजका पानामा मात्र सीमित गर्न खोजेकोले नेपाल आमा नै लम्पसार भई मूर्छित भएको चित्र प्रस्तुत छ । 'त्रिभुज हरायो' कवितामा सत्ता षड्यन्त्र, गृहयुद्ध, आन्तरिक कलहले देशमा रक्तपात बढिरहेको देखेर हाम्रो राष्ट्रिय झण्डाले रक्तरञ्जित वायुको संवेग निफन्न नसकी लरबराएको र राष्ट्रियता नै हराउन खोजेकोमा चिन्ता व्यक्त भएको देखिन्छ । लोकतन्त्रात्मक राज्यको सुनौलो सपना देखेका कविले कहालीलाग्दा क्षणहरूलाई युगयुगसम्म खटेर भोगेको र मातृभूमि धुलाम्मे र रक्ताम्मे हुँदासम्म पनि लोकतन्त्र नआएकाले 'तिमी आए त !' भन्दै पवित्र गङ्गा जस्तै छलछल बग्ने इच्छा कविले राखेका छन् । 'दुखेको छ' शीर्षकको कवितामा हत्या, हिंसा, भ्रष्टाचार, व्यभिचार, सत्ता खोसाखोस आदिले नेपाली जनताको मात्र होइन नेपाल आमाको नै टाउको दुखेको आशय अभिव्यक्त छ । 'छट्टु गुरु र चेलाहरू' कवितामा विदेशी सरकारको इसारामा नाच्ने नेपाली राजनेताहरूप्रति व्यङ्ग्य गर्दै

सार्वभौमसत्ताको संरक्षण गर्नका लागि सबैलाई आग्रह गरेका छन्। यस कवितामा कविले विदेशी राष्ट्रलाई छट्टु गुरु र नेपाललाई चेला मानेका छन्। 'अन्तरिक्ष यात्रा' शीर्षकको कवितामा कविले देशको भयावह स्थितिको चित्रण गरेका छन्। यस कवितामा कविले राष्ट्रप्रतिको चिन्ता यसरी अभिव्यक्त गरेका छन् :

आयातित बासी सिद्धान्तका ढाल बनाई
मदान्धताको इन्धन खन्याई
समुन्नत नेपाल बनाउने नाउँमा
आगो लागेको छ सहर र गाउँमा
मेरो नेपाल सिकारीको फन्दामा छ !
त्यसैले भिकारीको धन्दामा छ !

(३) **द्वन्द्व र युद्धका कारुणिक सन्दर्भहरूको प्रस्तुति**

कवि सुशील गौतमले **प्रेसर कुकर**मा सङ्कलित कवितामा द्वन्द्व र युद्धका करुण दृश्यलाई पनि कतिपय कविताको विषयवस्तु बनाएका छन्। उनले १० वर्ष लामो जनयुद्धमा देशमा छाएको अशान्ति, अन्याय, अत्याचार, अतिक्रमण, रुवाबासी जस्ता कुराहरूलाई आफ्ना कवितामार्फत देखाउन प्रयास गरेका छन्। 'समय', 'माटोका डल्ला', 'आगो', 'खुकुरी', 'रमाइलो खेल', 'भिजेका गोरेटा', 'दुखेको छ', 'हुस्सु', 'कालानल-धुवाँ', 'शीर्षासन', 'आजको मान्छे', 'खेलौं न होरी', 'समबाहु त्रिभुज', 'अन्तरिक्ष यात्रा' आदि कवितामा द्वन्द्व र युद्धका करुण दृश्य प्रस्तुत भएका छन्। 'आजको मान्छे' शीर्षकको कवितामा द्वन्द्व र युद्धको समयमा आजको मान्छेले भोग्नुपरेको यथार्थतालाई कविले यसरी व्यक्त गरेका छन् :

गाउँ जलाउँदा मौन साक्षी बन्छ मान्छे !
मान्छेहरू हुलेर घर पोल्दा नि लाचार हुन्छ मान्छे !
बाँध बाँधिन्न, बाँभा छन् खेत-पाखा सबै !
भोक र भयले साह्रै क्लान्त छ मान्छे !
विदेशमा कुकुर भैँ बाँच्न अभिशप्त छ मान्छे !
सनकको केही औषधी नपाएर
आतङ्कमा डढ्न आश्वस्त छ मान्छे !

'आजको मान्छे', पृ.......

उपर्युक्त अनुच्छेदमा प्रेम, सद्भाव, सहयोग र मानवताको सट्टा भोक, भय, आतङ्क र कुकुरभैँ बाँच्न विवश नेपालीहरूको दयनीय र दुःखद क्षणको चित्र खिचिएको छ। 'समय' कवितामा कविले अहिलेको समयमा मान्छे अहङ्कारले उत्तेजित भएको र परस्परमा वैरभाव

बढ्दै गएको विचार व्यक्त गरेका छन् । मध्यरातमा पड्किने कोलाहलपूर्ण बमको भयङ्कर आवाज, त्रासपूर्ण जीवन बाँच्न विवश भएको मान्छेको अवस्था यहाँ प्रस्तुत गरिएको छ । मान्छेका बीचमा पहिले मित्रता भए पनि आजको समयमा शत्रुता बढेको कविको अनुभव छ । वर्तमान समयमा मानिस माटोको डल्ला जस्तै चेतनाविहीन भएको र गिद्ध, कौवा र कुकुर जस्तै ऊ नर-मांसभक्षी भएको छ भन्ने विचार कविले 'माटोका डल्ला' शीर्षकको कवितामा व्यक्त गरेका छन् । 'शीर्षासन' मा दरबार हत्याकाण्डको कारुणिक चित्र प्रस्तुत गर्नुका साथै सरकार र राजनीतिक दलहरूको दोहोरो चापमा परेका नेपाली जनताको द्वन्द्वकालीन अवस्थाको चित्रण एवम् हत्या, हिंसालाई मार्मिक रूपमा प्रस्तुत गरिएको छ भने 'खुकुरी ?' शीर्षकको कवितामा नेपाल खुकुरीबाहेक अरू सबै कुराहरूबाट नग्न भएको कुरा अभिव्यक्त छ । 'भिजेका गोरेटा'मा निर्दोष र अधमरा नेपालीहरूको आँसु र रगतले मातृभूमि भिजेको र त्यसमाथि डर, त्रास र धम्कीमा बाँच्न विवश नेपालीहरूको करुण अवस्थाको चित्र प्रस्तुत छ । 'खेलौँ न होरी' कवितामा कविले राजतन्त्र, गणतन्त्र र प्रजातन्त्रको नारा घन्काउँदै जनताको आँखामा छारो हाली लुटिएका आमा र भाइहरूको इज्जत जोगाउनका लागि उनीहरूको फेटा र धोती उडाएर होरीको खेल खेल्न सबैलाई आग्रह गरिएको छ । 'हुस्सु' कवितामा युद्धका कारण नेपालीहरूको जीवन पर्णविहीन रुखजस्तै संवेदनाहीन र जड भएको चित्र प्रस्तुत गरिएको छ ।

(४) **प्रतीकात्मकता**

कवि सुशील गौतमका कवितामा सामाजिकता युद्धको करुण दृश्य राष्ट्रियताका भाव र विचारलाई प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको छ । यिनका कतिपय कविताका शीर्षक नै प्रतीकात्मक छन् भने कविताभित्र पनि विभिन्न प्रतीकहरू प्रयोग गरिएका छन् । **प्रेसर कुकर** कवितासङ्ग्रहमा 'भ्यागुताहरू', 'चमेरा', 'हुस्सु', 'हेड्गर', 'उखु र खुर्सानी', 'घोडाहरू', 'माउसुली', 'लुतो फाल्ने दिन', 'भुसिल्कीरा' आदि कविताहरू प्रतीकात्मक छन् । 'भ्यागुताहरू' शीर्षकको कवितामा देशको सीमा अतिक्रमण गर्ने, विदेशी दूतावास धाउने, नदी बेच्नेहरूको समर्थन गरेर राजधानीमै बसेका नेता, मन्त्री, सांसद तथा सत्ताधारीहरूलाई प्रतीकात्मक रूपमा भ्यागुता भनी उनीहरूप्रति तीखो आक्षेप गरेका छन् भने 'चमेरा' कवितामा रातभरि दक्षिणतिर लागेर कालो धन्दा गर्ने र सूर्योदय हुनुभन्दा अघि यथास्थानमा फर्कने, आफ्नो अडान नछोड्ने अमानवीय शासक र युद्धरत राजनीतिक दललाई चमेरा भनी व्यङ्ग्य गरेका छन् । सुन्दर र शान्त नेपाललाई विकास र शान्तिको साटो खरबौँको ऋणमा डुबाएर देशमा रक्तपात र अशान्तिबाहेक अरू केही उपलब्धि हासिल गर्न नसकेका सामन्तवादी सोचाइ राख्ने नेताहरूलाई कटाक्ष गर्दै नेपाललाई भुसिल्कीराको प्रतीक मानेर कहिल्यै पुतली बन्न नसकेको कुरा 'भुसिल्कीरा' कवितामा अभिव्यक्त छ । कुनै पनि राजनीतिक सिद्धान्त बोकेका नेताहरूले

देशका लागि विकास होइन रणकौतुक खेलेको प्रसङ्ग पनि यस कवितामा पाइन्छ । 'घोडाहरू' र 'माउसुली' कवितामा राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा बसेर विभिन्न उच्छृङ्खल कार्य गर्ने मानिसहरूको चिरफार गरिएको छ भने 'उखु र खुर्सानी' शीर्षकको कवितामा नेपालको राजनीतिप्रति व्यङ्ग्य गर्दै उखुका रूपमा सोझा जनता र खुर्सानीको रूपमा नेपालका क्रान्तिकारी भनाउँदा दलहरूलाई सङ्केत गरिएको छ । यसमा युद्धका बेला सोझा नेपाली जनतामाथि भए-गरेका अन्याय, अत्याचार, शोषण, दमन, हत्या र हिंसालाई प्रतीकात्मक र व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेको देखिन्छ । त्यस्तै 'हेङ्गर' शीर्षकको कवितामा हेङ्गरलाई नेपालको प्रतीक मान्दै नेपालले निस्पृह जीवजस्तै सबै घात-प्रतिघात चुपचाप सहनु, भोग्नुपरेको पीडालाई व्यक्त गरिएको छ भने 'लुतो फाल्ने दिन' कवितामा मानवताविरोधी गतिविधिलाई मिल्काउनुपर्नेतर्फ सङ्केत गर्दै अन्याय, अत्याचार, दमन, शोषण र उत्पीडनलाई लुतोका रूपमा चित्रण गरिएको छ ।

(५) **विविध**

**प्रेसर कुकर**मा कवि सुशील गौतमले राजनीतिक दीप्ति वा चित्रलाई पनि आफ्ना कविताको विषय बनाएका छन् । 'नवीन विभास !'मा वर्तमान राजनीतिक चित्र खिचिएको छ भने 'प्रेसर कुकर' नेपालको परम्परागत राजनीतिक इतिहाससँग सम्बद्ध छ । 'नवीन विभास'मा तत्कालीन दरबार हत्याकाण्डको बीभत्स घटनाको ज्वलन्त चित्रण छ । 'प्रेसर कुकर'मा चाहिँ प्रजातन्त्रप्राप्तिका निमित्त गर्ने आमसभा, भाषण, आघोष आदिलाई केवल सिट्ठी र त्यस्तो सिट्ठीबाट पनि निरङ्कुश सत्ता अडिग रहेमा जनक्रान्ति हुन्छ भन्दै कविले यस्तो क्रान्ति एकपटक भइसकेको र अर्को पटक पनि पुनः विस्फोट हुन लागेको, निकट भविष्यमै जनआन्दोलन हुन लागेको र निरङ्कुश सत्ता ढल्ने कुराको परिकल्पना गरेका छन् । 'बोली', 'चन्दा र आतङ्क', 'रङ बदल फूल', 'सत्ता दर्बार', 'धुवाँ' आदि कवितामा राजनीतिलाई विषयवस्तु बनाइएको छ । 'सेता परेवा', 'नरभक्षी' आदि कवितामा मानवतावादी जीवन दृष्टि पाइन्छ भने 'वर्तमान', 'आफैँभित्र भ्रष्ट आचार', 'मेरो वर्तमान', 'भिजेका गोरेटा', 'लट्ठी', 'चन्दा' आदि कवितामा समसामयिक परिवेशको यथार्थतालाई उतार्ने प्रयास गरिएको छ । 'हाम्रो संस्कृति'मा सांस्कृतिक चेतनासँग सम्बन्धित विषयलाई लिइएको छ भने 'रोपाइँ', 'मोमबत्ती र शान्ति' कविता शान्तिको कामना गरेर लेखिएका छन् । 'हृदय', 'प्रेम' र 'म भगवान् हुँ' शीर्षकका कवितामा दार्शनिक विषयवस्तु अँगालिएको छ भने कतिपय कविताहरूमा राजनीतिक नेताहरूको चरित्रलाई उदाङ्ग पार्ने जमर्को गरिएको छ । 'उत्तोलक', 'त्रिभुज हरायो' शीर्षक कवितामा नेपालको राष्ट्रियता हराएको कुरालाई विषयवस्तु बनाई नेपालको सम्प्रभुताको संरक्षण गर्न सबैलाई आग्रह गरिएको छ । 'घाम', 'हुस्सु', 'आधा' शीर्षकका कवितामा प्रकृतिको चित्रण गरिएको छ । यिनमा प्रकृतिको विकराल एवम्

कहालीलाग्दो स्थितिलाई मानवीकरण गरी वर्तमान समयमा मानिसले भोग्नुपरेको सास्तीको चर्चा गरिएको छ ।

### ५.४.५ संरचना

संरचना भन्नाले कुनै पनि सङ्ग्रहको आकार-प्रकार वा सङ्कलित कविताको प्रबन्धन भन्ने बुझिन्छ । प्रस्तुत कवितासङ्ग्रहको संरचना भन्नाले यसमा परेका कविताहरू र यिनैबाट निर्मित सिङ्गो सङ्ग्रहको आकार भन्ने बुझिन्छ। तलका उपशीर्षकहरूमा सुशील गौतमको **प्रेसर कुकर**भित्रका कविताहरूको संरचनाका बारेमा क्रमशः विवेचना गरिएको छ :

#### (१) **प्रस्तुतीकरण**

कवि सुशील गौतमले आफ्ना भाव र विचारहरू प्रस्तुत गर्ने क्रममा आफ्ना कवितामा ज्यादाजसो कविकथनको ढाँचा अँगालेका छन्। कविकथनका रूपमा प्रस्तुत गरिएका कवितामा 'म' र 'हामी'को प्रयोग गरिएको छ ।

'घाम' कवितामा कवि 'म' ले वाचनशिरोमणि नारायण पोखरेललाई प्राज्ज्वल प्रकाश-पुञ्ज-प्रदीपका रूपमा मान्दै उनको मृत्युले बुटवल नगरी नै वैधव्यपूर्ण भएको अवस्थामा आफूले रोदन र आँसुको ठूलो भारी बोकी श्रद्धाञ्जलि त के झुलुक्क हेर्न पनि नपाएको पीडा भाव व्यक्त गरेका छन् ।

कवि सुशील गौतमले 'हामी' को प्रयोग गरेर पनि आफ्ना भाव प्रस्तुत गरेका छन् । 'हामी' का माध्यमबाट प्रस्तुतीकरण गरिएका भ्रष्टाचार कवितामा आफैँभित्र देशको राष्ट्रियतालाई बेची खाने, आफ्ना मौलिक अधिकारलाई कुण्ठित गर्न खोज्ने र अर्काको रोजीरोटी खोस्नेहरूका विरुद्ध हामी सबै एकजुट भएर विद्रोहको स्वर धन्काउँछौँ भन्ने आशय व्यक्त गरिएको छ ।

कवि गौतमले कविकथनका ढाँचामा प्रस्तुत गरेका कतिपय कविताहरू वर्णनात्मक शैलीमा पनि लेखिएका छन् । प्रस्तुत सङ्ग्रहका समसामयिक परिवेश, राष्ट्रप्रेमका तीखो आवाज, प्रकृतिको वर्णन, मनुष्य जीवनलाई राष्ट्रको हितका लागि प्रयोग गर्ने आग्रह गरिएका कविताहरूमा वर्णनात्मक शैलीको प्रयोग पाइन्छ । 'नवीन विभास !', 'समय', 'वर्तमान', 'शीर्षासन', 'दुखेको छ', 'त्रिभुज हरायो', 'आधा', 'कालानल-धुवाँ', 'हुस्सु', 'गुनाबाँदरहरू' आदि कवितामा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ ।

प्रस्तुत सङ्ग्रहको 'शीर्षासन' कवितामा कविले प्रकृतिलाई मानवीकरण गरी युद्धको समयमा नेपालको स्थिति दयनीय बनेको, पर्यटकहरूको आगमनको अभाव खट्किएको, राष्ट्रका सञ्चालकहरूको कार्यमा रोकावट आदि पैदा भएको देखेर सगरमाथाले समेत

मौनरूपमा शीर्षासन गरेको विषयलाई व्यक्त गरेका छन् ।

त्यस्तै सुशील गौतमले द्वितीय पुरुष 'तिमी'लाई सम्बोधनगरेर पनि प्रस्तुत सङ्ग्रहका कतिपय कविताहरूको रचना गरेका छन् ।

यसै गरी कवि गौतमले कविनिबद्धवक्तृ प्रौढोक्तिको प्रयोग गरेर पनि कविता रचना गरेको देखिन्छ । 'आगो', 'बट्टाइँहरू', 'चिरहरण', 'सत्ता दर्बार', 'नरभक्षी', 'गुनाबाँदरहरू', 'चन्दा आतङ्क', 'प्रेसर कुकुर', 'काठमाडौँ' आदि कविताहरूमा कविले कविनिबद्ध वक्तृप्रौढोक्तिको प्रयोग गरेका छन् ।

यसरी कवि गौतमले कविकथन र कविनिबद्ध वक्तृकथन जस्ता प्रस्तुतीकरणका दुवै ढाँचा अँगाली 'प्रेसर कुकर' का कविता प्रस्तुत गरेको पाइन्छ । तुलनात्मक रूपमा हेर्दा कविकथन र कविनिबद्ध वक्तृकथनको ढाँचा अँगालिएका कविताहरूको सङ्ख्या बराबरजस्तै देखिन्छ ।

(२) **आकारप्रकार**

कवि सुशील गौतमको **प्रेसर कुकर** गद्यकवितासङ्ग्रहभित्रका कविताहरूको आकारप्रकारतर्फ दृष्टि लगाउँदा यसमा घटीमा एक अनुच्छेददेखि बढीमा छ अनुच्छेदसम्मका कविताहरू सङ्ग्रहित छन् । एक अनुच्छेदमा लेखिएका कविताहरूअन्तर्गत 'रोपाइँ', 'माटोका डल्ला', 'हाम्रो संस्कृति', 'मेरो वर्तमान', 'समबाहु त्रिभुज', 'चिरहरण', 'धुवाँ', 'उखु र खुर्सानी', 'हैङ्गर', 'हुस्सु', 'भिजेका गोरेटा', 'ढुक्क', 'सत्ता दर्बार', 'कालानल', 'धुवाँ', 'जेठाक', 'आफैँभित्र', 'भ्रष्ट आचार' आदि पर्दछन् । 'प्रेसर कुकुर', 'लुतो फाल्ने दिन', 'बोली', 'मेरो छिमेकी', 'लट्ठी', 'नरभक्षी', 'माग्ने', 'चमेरा', 'अनुमति-पत्र', 'खेलौँ न होरी', 'दुखेको छ', 'माउसुली', 'अन्तरिक्ष यात्रा', 'रमाइलो खेल' दुई अनुच्छेदमा लेखिएका कविता हुन् भने 'तिमी आए त !', 'नवीन विभास', 'नत्र', 'मोमबत्ती र शान्ति', 'उपकविताहरू', 'म भगवान् हुँ', 'भ्यागुताहरू', 'चन्दा र आतङ्क', 'छट्टु गुरु र चेलाहरू', 'मकै' जस्ता कविताहरू तीन अनुच्छेदमा रचिएका छन् । 'घाम', 'उत्तोलक', 'समय', 'वर्तमान', 'चन्दा', 'खुकुरी ?', 'बट्याइँहरू', 'आधा', 'गुनाबाँदरहरू', 'रङ्ग बदल', 'फूल', 'सेता परेवा', 'काठमाडौँ' कविताहरू चार अनुच्छेदमा रचिएका छन् भने 'आजको मान्छे' र 'शीर्षासन' समेतका दुईवटा कविता पाँच अनुच्छेदमा संरचित छन् । 'आगो', 'घोडाहरू', 'प्रेम', 'हृदय', 'भुसिल्कीरा', 'त्रिभुज हरायो' कविताहरू छ अनुच्छेदमा संरचित छन् । अनुच्छेदका हिसाबले कवि गौतमका यस सङ्ग्रहमा परेका कविताहरूमध्ये एक अनुच्छेदका कविताहरू तुलनात्मक रूपमा बढी छन् । यसरी आकार-प्रकारका दृष्टिले कवि गौतमले न्यूनतम एक अनुच्छेददेखि अधिकतम छ अनुच्छेदसम्म विस्तारित कविताहरू लेखेको देखिन्छ ।

## ५.४.६ लयविधान

कविता विधाको मुख्य परिचायकस्वरूप तत्त्व लयविधान नै हो।[76] कवि सुशील गौतमको कवितासङ्ग्रह **प्रेसर कुकर**मा सङ्कलित सम्पूर्ण कविताहरू गद्यलयमा संरचित छन्। गद्य वा मुक्त लयमा लेखिएका उनका कविताहरू प्रतीकात्मक छन्। उनले आफ्ना कवितामा प्रयुक्त गद्यलयमा आन्तरिक अनुप्रास, छेकानुप्रास, यमक र अन्त्यानुप्रासको प्रयोगतर्फ सचेत रही कवितालाई बढी लयात्मक र श्रुतिमधुर तुल्याउने प्रयास गरेका छन्। प्रस्तुत कवितासङ्ग्रहभित्रका कतिपय कविताहरूमा अन्त्यानुप्रासको अनुशासनलाई परिपालन गरेको देखिँदैन। उनका कवितामा प्रयुक्त अनुप्रासको नमुनास्वरूप निम्नलिखित कवितांशलाई उद्धृत गर्न सकिन्छ :

**छेकानुप्रास**

जल्दैछन् रोल्पा र डोल्पाहरू !
बल्दैछन् मनाङ, बझाङ र दाङहरू !

'काठमाडौँ'

**अन्त्यानुप्रास**

केको लाज ? कसको शर्म ?
यही नै हो माग्नेको धर्म।
केही चेत फर्के खोल्छ भित्री मर्म !
'देखा जाला ! फुटेको कर्म !'

'माग्ने'

**यमक**

सत् प्रयोजन र दुष्प्रयोजनका निम्ति चन्दा !
जनयुद्ध र विजनयुद्धका निम्ति जबर्जस्ती चन्दा !
पराइलाई फलाउन र घरभित्र बोलाउन चन्दा !

'चन्दा'

उपर्युक्त पहिलो उदाहरणमा ल, प, ङ जस्ता वर्णहरू दोहोरिएकाले छेकानुप्रास हुन गएको छ। दोस्रो उदाहरणमा विश्राम स्थानमा समान वर्णको आवृत्ति भएकाले अन्त्यानुप्रास हुन गएको छ भने तेस्रो उदाहरणमा जन, युद्ध, लाउन जस्ता वर्णहरू पहिलेकै क्रमानुसार दोहोरिएकोले यमक अलङ्कार हुन गएको छ।

---

76= वासुदेव त्रिपाठी र अन्य (सम्पा.), पूर्ववत., पृ. १८।

यसरी शब्दालङ्कारको सचेत आयोजना प्रस्तुत सङ्ग्रहका कविताहरूमा यथेष्ट रूपमा पाइन्छ । शब्दालङ्कारको यही सफल आयोजनाले उनका कविता लयात्मक एवम् श्रुतिमधुर समेत बन्न पुगेका छन् ।

### ५.४.७ अलङ्कार, प्रतीक र विम्ब

सुशील गौतमको **प्रेसर कुकर** सङ्ग्रहका कवितामा अनेक अलङ्कार, विम्ब र प्रतीकको प्रयोग पनि गरिएको पाइन्छ । उनका कवितामा प्रयुक्त छेकानुप्रास, अन्त्यानुप्रास र यमकजस्ता शब्दालङ्कारका विषयमा लयविधानका प्रसङ्गमा चर्चा गरिएकाले यहाँ अर्थालङ्कारयुक्त कविताबारे मात्र चर्चा गरिएको छ । अर्थालङ्कार योजनाका दृष्टिले उनका कवितामा रूपक, उपमा, उत्प्रेक्षा, अर्थान्तरन्यास र विरोधाभास जस्ता विभिन्न अर्थालङ्कारको प्रयोग भएको देखिन्छ । प्रस्तुत सङ्ग्रहभित्रका कवितामा पाइने अर्थालङ्कारका नमुनाका लागि केही पङ्क्तिहरूलाई यहाँ उद्धृत गरिएका छन् :

**रूपक**

भ्रष्टाचार-मदिराले मातेर
कोठा-कोठाहरूमा जन-प्रतिनिधिहरू
नेपाल आमाका किशोरीहरूसँग
बलात् यौनचार गरिरहेका हुन्छन् !

'खुकुरी ?'

**उपमा**

लखनउको होटलमा कान्छो झैँ
'गोर्खा' भनिने मान्छे झैँ
तर शिकारी हुन्छ माउसुली
हामी झैँ भिकारी हुन्न माउसुली ।

'माउसुली'

**उत्प्रेक्षा**

उल्टो बुद्धि सुल्टिन्छ कि भनेर
पुरानो पाइन देखाउँदै
शिरले खडा छ सगरमाथा अचेल ।

'शीर्षासन'

**अर्थान्तरन्यास**

जुवा रोप्दा
वनवास ! पाण्डवहरूको !
सत्यानाश, कृष्णको दया ! नत्र द्रौपदीको !
युद्ध रोप्दा धृष्ट दुर्योधनले
सर्वनाश कौरवहरूको !
इतिहास साक्षी छ– जे रोप्यो उस्तै उस्तै फल्छ
वंशहत्या रोप्नेले बुझ्नै हुन्छ ।
वंशहत्या नै फल्नेछ
मात्रै के भने बाली पाक्न समय लाग्छ
छर्लङ्गै छ– कोतपर्व रोप्नेले
वंश-घातक उब्जनी कति स्याहारे ?

'रोपाइँ'

**विरोधाभास**

बाजेले घिउ खाए मेरा हात सुँघ
काट्ने हतियार कुखुरा-कुखुरी
अनि कसरी वीरताको प्रतीक खुकुरी ?
सुरक्षा अड्डालाई व्यङ्ग्य गर्ने खुकुरी !
अनद्यावधिक ठाँडो खुकुरी !
सधैँ पराजित भै आजित खुकुरी !

'खुकुरी'

उपर्युक्त पहिलो उदाहरणमा एक वस्तुको अर्को वस्तुसँग आरोप गरिएकाले रूपक अलङ्कार भएको छ । त्यस्तै दोस्रो उदाहरणको पहिलो पङ्क्तिमा लखनउ-उपमेय, कान्छो-उपमान, होटल-साधारण धर्म, झैँ-वाचक शब्दका रूपमा रहेका छन् र दोस्रो पङ्क्तिमा गोर्खा-उपमेय, मान्छे-उपमान, भनिने– साधारण धर्म, झैँ– वाचक शब्दका रूपमा आएका छन् । त्यस्तै तेस्रो र चौथो पङ्क्तिमा माउसुली र शिकारीको तुलना गरी माउसुलीलाई हामी ( नेपाली) जस्तो भिकारी नहुने कुरा बताएकाले उपमा अलङ्कार हुन गएको छ । तेस्रो उदाहरणमा सगरमाथाको शिर ठाडो हुनु सम्भव वर्णनीय कुरा हो तर उल्टो बुद्धि फर्कनु असम्भव र अवर्णनीय कुरा हो । यसमा उल्टो बुद्धि सुल्टिन्छ कि भनेर सम्भावना गरिएकाले उत्प्रेक्षा अलङ्कार हुन गएको छ । यसमा 'कि' शब्दले उत्प्रेक्षा बुझाएको छ । चौथो उदाहरणमा जुवा रोप्नु, युद्ध रोप्नु र वंश हत्या रोप्नु जस्ता कुराहरूले पाण्डवहरूको वनवास, कौरवहरूको सर्वनाश भएझैँ वंश हत्याबाट वंशहत्या नै फल्ने बताउँदै विशेष कुराले सामान्य

र सामान्य कुराले विशेष अर्थको समर्थन गरेकाले यहाँ अर्थान्तरन्यास अलङ्कार पर्न गएको छ । अथवा यस उदाहरणमा विशेष उक्तिले सामान्य उक्तिलाई र सामान्य उक्तिले विशेष उक्तिलाई समर्थन गरेकाले अर्थान्तरन्यास अलङ्कार परेको छ । पाँचौं उदाहरणमा खुकुरी– वीरताको प्रतीक, कुखुरा काट्ने साधन र सुरक्षालाई व्यङ्ग्य गर्ने हतियार मान्दा विरोध जस्तो देखिए पनि खुकुरी वास्तविक विरोध जस्तो नभएर आर्जित वस्तुको रूपमा आएकाले विरोधाभास अलङ्कार परेको छ ।

कुनै पनि कृतिमा मुख्य कथ्यको सहचर प्रतिच्छायाका रूपमा आउने सहवर्ती अर्थ विम्ब हो ।[77] जीवनजगत्का विविध सन्दर्भ र सामग्रीबाट विम्ब लिने गरिन्छ । यस कविता सङ्ग्रहमा कवि गौतमले पौराणिक, महाभारतीय, प्राकृतिक, धार्मिक र दार्शनिक विम्बहरूको प्रयोग गरेका छन् । आगो, सूर्य, फूल, चन्द्रमा, नक्षत्र, रात, पूर्णिमा आदि प्राकृतिक विम्ब हुन् भने धर्मयुद्ध, महासागर यवक्रीत, अभिमन्यु पौराणिक विम्ब हुन् । त्यस्तै कुरुक्षेत्रलाई महाभारतका विम्बको रूपमा लिन सकिन्छ भने चित् र तत्त्व, अनन्त ब्रह्माण्ड, ज्ञान, विज्ञान आदिलाई दार्शनिक विम्बका रूपमा लिन सकिन्छ । त्यस्तै पूर्णागिरिलाई धार्मिक विम्बको रूपमा लिन सकिन्छ । विम्ब प्रयोगका दृष्टिले निम्न कवितांशलाई नमुनाका रूपमा उद्धृत गर्न सकिन्छ :

नेपाल कुरुक्षेत्र ! रगतको भास बनेको छ
सबैले स्वयंलाई विजयी र पराक्रमी ठान्दैछन्
मात्रै यवक्रीतले अट्टहास गर्दैछ
सर्वोच्च शिखरमा बसेर
सबैका पराक्रम तौलेर

'रमाइलो खेल'

उपर्युक्त उदाहरणमा कुरुक्षेत्र–महाभारतको विम्ब, रगत–परम्परित विम्ब र यवक्रीत– पौराणिक विम्बको रूपमा प्रयोग भएका छन् । त्यस्तै शिखर–प्राकृतिक विम्बका रूपमा आएको छ ।

त्यस्तै कवि सुशील गौतमले विभिन्न किसिमका प्रतीकहरूको प्रयोग पनि यस सङ्ग्रहका कवितामा गरेको देखिन्छ । यिनले प्रतीकहरूको प्रयोग गर्दा प्रकृति, समाज, समय, राजनीति, पशुपंक्षी, मानवीय प्रवृत्ति आदि क्षेत्रबाट ग्रहण गरेको पाइन्छ । प्रतीकको प्रयोग गरेर लेखिएको एउटा कवितांश नमुनास्वरूप तल प्रस्तुत गरिएको छ :

स्वामीभक्त चमेराहरू
राती दक्षिणतिर लागेर
कुन कालो धन्दा गर्छन् थाहा छैन

---

77= वासुदेव त्रिपाठी र अन्य (सम्पा.), पूर्ववत्, पृ. २० ।

यी निशाचरहरू अरूणोदय अघि नै
फर्किहाल्छन् यथास्थानमा भुण्डिन
'चमेरा'

उपर्युक्त उदाहरणमा चमेराहरू प्राणी विम्बका रूपमा कालो धन्दा राजनैतिक नेताहरूको फोहोरी खेलको प्रतीकका रूपमा आएको छ भने निशाचर मानवको राक्षसी प्रवृत्तिको प्रतीकका रूपमा आएको छ ।

### ५.४.८ भाषाशैली

कवि सुशील गौतमको प्रस्तुत सङ्ग्रहका कविताहरूमा प्रयुक्त नेपाली भाषा सरल र सुमधुर छ । यिनका पहिलेका कविताकृतिहरू भन्दा **प्रेसर कुकुर** कवितासङ्ग्रह भाषाशैलीका दृष्टिले परिष्कृत र परिमार्जित देखिन्छ । सरल सुकोमल माधुर्यपूर्ण तत्सम शब्दहरू आफ्ना गद्य कवितामा प्रयोग गर्ने कुशलता सुशील गौतमले देखाएका छन् । यिनका कवितामा सामान्यतः साहित्यिक लेख्य भाषा प्रयुक्त छ । उनका कवितामा प्रयुक्त पदावलीको प्रयोगले अर्थको गम्भीरतालाई प्रस्तुत गरेका छन् । विस्मयजनक शब्द सौन्दर्यको प्रयोगले उनको भाषाशैली आकर्षक बन्न पुगेको देखिन्छ । 'उत्तोलक', 'स्पन्दन', 'क्लान्त', 'गर्जन', 'सभ्यता', 'मदिरा' 'पारदर्शिता' 'सूर्यरश्मि', 'रक्तकुण्ड', 'अनुगुञ्ज', 'संस्कार' जस्ता संस्कृत तत्सम शब्दहरू, 'पानी', 'मान्छे', 'आँखा', 'आमा', 'धर्ती', 'पछुतो', 'उखु', 'ओठ', 'गँगटा' आदि तदभव शब्दहरू, 'गुलाम', 'जवाफ', 'आवाज', 'चियर्स', 'इज्जत', 'खुशानदी', 'बोतल', 'बिँडी', 'सफाया', 'गजब' जस्ता विभिन्न स्रोतका आगन्तुक शब्दहरूको सफल संयोजन यिनका कवितामा पाइन्छ । त्यस्तै यिनले आफ्ना कवितामा खुर्सानी, रुख, बिहान, गोरेटो, भोलि,, बिरामी, ढुङ्गा, बुङ्गा, टाउको जस्ता नेपाली बोलचालमा प्रयोग गरिने भर्रा नेपाली शब्दहरूको पनि सुन्दर संयोजन गरेका छन् । 'पुत्ताइरहेछ', 'तेरो सर्वनाश गरिदिन्छु', 'भोक्रयाउनु' 'पटुका' 'भोक्रो', जस्ता स्थानीय भाषिकाको प्रयोग पनि यिनका कवितामा पाइन्छन् भने फलामले फलाम काट्नु, एउटै डचाङ्का मूला, राजादेखि रङ्कसम्म जस्ता उखान-तुक्काको प्रयोग पनि यिनले आफ्ना कवितामा गरेका छन् । कतिपय ठाउँहरूमा 'तत् त्वमसि, अहम् ब्रह्मास्मि' जस्ता संस्कृत कथनहरूको प्रयोग पाइनुका साथै 'क्या बात्' जस्ता हिन्दी पदावलीको प्रयोग पनि देखिन्छ । त्यस्तै यिनका कवितामा भत्भती, लुटुक्क, स्याउँ-स्याउँ, गुजुमुज्ज, ठिङ्ग, बिगबिगी, झिमझिम, तनक्क, लट्ठ, भऱ्याम्म, ऐय्या जस्ता अनुकरणमूलक शब्दहरूको यथास्थानमा प्रयोग भएको देखिन्छ । यिनले क्रियापदको प्रयोग गर्दा उठ्नु, बस्नु, जलाउनु, उडाउनु जस्ता ठेट नेपाली क्रियापदको प्रयोग गरेका छन् । समग्रमा हेर्दा कवि गौतमले **प्रेसर कुकर**का कवितामा तुलनात्मक रूपमा संस्कृत तत्सम शब्दहरूको प्रयोग बढी मात्रामा गरेको देखिन्छ

भने झर्रो नेपाली र आगन्तुक शब्दहरूको प्रयोग कम मात्रामा गरेको देखिन्छ । कवि गौतमले प्रायः वर्णनात्मक शैलीमा नै **प्रेसर कुकर**का कविता लेखेका छन् तापनि उनका कवितामा प्रश्न, व्यङ्ग्य, इच्छा र हास्य अभिव्यक्ति शैलीलाई पनि अँगालिएको पाइन्छ । जस्तै :

**इच्छा**

निम्तो मान्न जाँदै गर्दा
मैले गरेँ भने मृत्यु वरण
पोलिदिनू सतीघाटमा हापुरको ।

'ढुक्क'

**प्रश्न**

घर पोले खरानीको के खाँचो ?
मान्छे काटे किन परिवार नियोजन ?
सस्तै मासु ! तरकारीको के प्रयोजन ?

'माग्ने'

**वर्णनात्मकता**

रात परे 'सूर्य नझुल्के हुन्थ्यो'
दिन उदाए 'रात नपरे हुन्थ्यो'
यस्तै असम्भव आशामा
हुन खोज्छ आश्वस्त वर्तमान !
असाध्यै अस्तव्यस्त छ वर्तमान !

'वर्तमान'

**व्यङ्ग्यात्मकता**

हत्यामा पनि रुन निषेध छ
अन्त्यसंस्कार गर्न निषेध छ
किरिया बस्दै गरेका बकुला पनि
उडेर भाग्दछन् बारुदका गर्जनाले
किन मर्छन् अपहरणपछि !

'आगो'

सुशील गौतमले **प्रेसर कुकर** कवितासङ्ग्रहका कवितामा माथि उल्लिखित उदाहरणहरूमा जस्तै विभिन्न अभिव्यक्ति शैलीको प्रयोग गरेर आफ्ना अनुभूति र चिन्तनलाई कलात्मकताका साथ पस्तुत गरेका छन् । यसरी अनुभूति र चिन्तनलाई कलात्मक बनाउन सक्नु उनको आफ्नै प्रकारको भाषाशैलीगत वैशिष्ट्य हो ।

### ५.४.९ **निष्कर्ष**

सुशील गौतमको **प्रेसर कुकर** गद्य कवितासङ्ग्रहमा सङ्ग्रहीत साठी वटा कविताहरू नेपाली समाजको दर्पण बनेका छन् । तत्कालीन नेपाली समाजमा व्याप्त हत्या, हिंसा, चन्दा-आतङ्क, कालोबजारी, घुसखोरी, तस्करी, जीवनको असुरक्षा, व्यक्तिमा निहित स्वार्थी भावना उनका कवितामा अभिव्यक्त भएको पाइन्छ । हाम्रा परम्परागत संस्कृति, सभ्यता, मौलिकता, दया, परोपकार, त्याग, उदारता जस्ता कुराहरू खिइँदै गएकोमा कविले आफ्ना कवितामार्फत निराशा व्यक्त गरेका छन् भने सधैँको कोलाहल, बम र बारुदले प्रकृतिलाई मरुभूमि बनाइरहेकोमा खेद पनि प्रकट गरेका छन् । अब नेपालीको वीरताको प्रतीकका रूपमा केवल खुकुरी मात्र रहेको कुरा उनले बताएका छन् ।

सुशीलका प्रस्तुत सङ्ग्रहका कविताहरू यथार्थ र समसामयिक छन् । धार्मिक, सामाजिक, आर्थिक, राजनीतिक र व्यावहारिक जीवनका विविध पक्षहरूलाई प्रतीक बनाएर कवितामा प्रयोग गर्न सक्नु उनको सृजनात्मक वैशिष्ट्य हो । उनले धार्मिक आस्था, राजनैतिक सिद्धान्त र मानवीय चिन्तन-प्रक्रियालाई प्रतीकका सहाराले व्यक्त गरेका छन् । यस सङ्ग्रहका कवितामा उनी परम्परागत सभ्यता र संस्कृतिका पक्षपाती र सुधारात्मक देखिएका छन् । असल मानव नै भगवान् हो भन्ने मान्यता ‘अनुमति-पत्र’ र ‘म भगवान् हुँ’ जस्ता कवितामा पाइन्छन् । सम्पूर्ण दुनियाँ आदर्शवादी, नीतिवान्, कर्मशील र आशावादी बनोस् भन्ने उनको चाहना छ । मानवमा मानवता हराउँदै गएकोमा उनमा चिन्ता छ । यिनका कविताहरू स्थानीय समस्यादेखि लिएर अन्तरराष्ट्रिय स्तरसम्मका समस्याहरूको अभिव्यक्तिमा केन्द्रित छन् । समाजमा देखिएका विषमता र अमानवीय व्यवहारको कविले घोर विरोध गरेका छन् । उनका धेरैजसो कविताहरू वर्णनपरक र कविकथनमा नै रचित छन् । जे जस्तो विषय र प्रस्तुती शैली अँगाले पनि सार्वभौमसत्ताको संरक्षण राष्ट्रियताको संरक्षणका लागि आग्रह एवम् मानवीय मूल्य र मान्यताका आलोकमा आफ्ना विचारहरू सम्प्रेषण गर्न यिनी प्रयत्नशील छन् । यिनले चलनचल्तीका तत्सम, तद्भव र आगन्तुक शब्द प्रयोग गरी कविता तयार पारेकाले उनका कविता सरल, सुबोध र मर्मस्पर्शी बन्न पुगेका छन् । उनले वर्णनात्मक, व्यङ्ग्यात्मक, प्रश्नात्मक इच्छात्मक आदि शैलीलाई अँगालेर आफ्ना कविताहरू प्रस्तुत गरेको देखिन्छ ।

## छैटौँ परिच्छेद

# सुशील गौतमका गीत र गजलको विश्लेषण

नेपाली साहित्यका विविध विधामा कलम चलाउन सक्रिय सुशील गौतमले गीत र गजल विधामा पनि कलम चलाएका छन् । उनको प्रथम गीत **एक सय एक प्रेम गीतहरू** नामक गीतिसङ्ग्रहमा सङ्कलित 'नगाऊ गीत बेस्सरी...' बोलको गीत हो भने उनको प्रथम गजल **गजल रापती** गजलसङ्ग्रहमा सङ्कलित 'गजल रापती...१' हो । विभिन्न पत्रपत्रिकामा पनि उनका गीत र गजलहरू प्रकाशित छन् । यहाँ गौतमका सङ्ग्रहका रूपमा प्रकाशित गीत र गजलको मात्र अध्ययन र विश्लेषण गरिएको छ ।

### ६.१ एक सय एक प्रेमगीतहरू गीतिसङ्ग्रहमा सत्कलित गीतको विश्लेषण

#### ६.१.१ लेखन तथा प्रकाशन

**एक सय एक प्रेमगीतहरू** गीतकार सुशील गौतमद्वारा २०५८ सालदेखि २०५९ साल मकरसङ्क्रान्तिका दिनसम्म लेखिएका १०१ वटा गीतहरूको सङ्ग्रह हो । उनले प्रस्तुत गरेका कृतिहरूमध्ये यो गीतिसङ्ग्रह पाँचौ पुस्तकाकार कृति हो । यो कृति गीत-सङ्गीत र गायनका क्षेत्रमा योगदान पुऱ्याउने र सम्पूर्ण नेपालीहरूको जनजिब्रोमा नेपाली वाङ्मयलाई अनुगुञ्जित

गर्ने सफल महान् साधक र साधिकाहरूको सम्मानमा सादर समर्पित छ भने यसको प्रकाशक लेखक संघ, दाङ र मुद्रक चारु अफसेट प्रेस रहेको छ ।

### ६.१.२ सङ्ग्रहको नामकरण

प्रेम जीवनको सार हो । प्रेम विना जीवन निरर्थक हुन्छ । मानिसको जीवनमा वियोग र संयोग भन्ने कुरा आइरहन्छन् । गीतकार सुशील गौतमले मूलतः एउटी प्रेम वियोगिनी परदेशीकी प्रेमिकाको संयोग वियोगका क्षणहरूको सम्झनालाई सँगालेर यसका गीतहरू लेखेका छन् । यस सङग्रहमा परेका गीतहरूले संयोग र वियोगको पक्षमा धीत मानेर मनग्गे गुनगुनाउँदै, शान्तिको अपरिहार्यता र त्यसको सम्भावनाको पक्षमा वकालत गर्दै सृष्टिको मूल भनेकै प्रीतिको अजस्र स्रोत हो भन्ने राय व्यक्त गरेका छन् । यसमा गीतकारले आफ्नी प्रेमीसँग मिलन र बिछोड हुँदा उत्पन्न हुने प्रेम पीडा, कारुणिक व्यथा, गाथा आदिलाई समेटेर प्रेम नै संसारकै सबैभन्दा मूल्यवान् वस्तु हो भनेका छन् । यही कारणले गर्दा गौतमले प्रस्तुत गीतिसङ्ग्रहको नाम 'एक सय एक प्रेम गीतहरू' भनी राख्न रुचाएको देखिन्छ ।

### ६.१.३ शीर्षकचयन

गीतको मूख्य कथ्य तथा रागात्मक भाव विचारसँग शीर्षकको सम्बन्ध रहेको हुँदा शीर्षक नै गीतको सारभूत, भावविचारको सङ्केत वा उद्घाटकसमेत हो ।[78] शीर्षकले गीतको केन्द्रीय भावलाई सङ्केत गर्ने हुँदा गीतको शीर्षक राखिनु उपयुक्त मानिन्छ । आजभोलिका गीतकारहरूले केही शीर्षकविहीन गीतहरूको पनि रचना गरेका छन् । गीतको शीर्षक केन्द्रीय भावका सुरुका स्थायी पङ्क्ति, अन्तरा पङ्क्ति आदिबाट राखेको पाइन्छ । गीतकार सुशील गौतमको गीतहरूतर्फ दृष्टि दिँदा उनका सबै गीतहरू शीर्षकविहीन हुनाले गीतका सुरुका पङ्क्तिलाई नै गीतको शीर्षक तुल्याएको देखिन्छ ।

### ६.१.४ विषयवस्तु

गीतरचनाको मुख्य भाव वा विचार गीतकारको अनुभूतिको मूल मर्मलाई बोकी गीतमा व्यक्त हुन्छ भने त्यो नै गीतको केन्द्रीय भाव हुन्छ । गीतको उठान, विकास र समापनको क्रमिक विस्तारले केन्द्रीय भाव परिपुष्ट हुन्छ । सुशील गौतमका गीतहरू गीतकारको अनुभूतिको मूल मर्मलाई बोकेर प्रस्तुत भएका छन् । यिनका गीतहरू स्थानीय र अन्तरायुक्त

---

78= वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता भाग-** ४, ते.सं., (काठमाडौं : साझा प्रकाशन २०५४), पृ. २७ ।

संरचनामा रचना गरिएका छन् । स्थानीय भागलाई संरचनाले मूल भावलाई वहन गरेका छन् भने यसैको सेरोफेरोमा अन्तराहरू घुमेका छन् । गौतमका गीतहरूमा विभिन्न किसिमका भाव र विषयवस्तु समेटिएको हुन्छ । मुख्यतः श्रृङ्गारिकता, राष्ट्रप्रेम, प्रकृतिचित्रण, सामाजिकता, जीवनका निराशा आदि विषयवस्तु यिनका गीतहरूमा छताछुल्ल पोखिएका छन् । राष्ट्रिय तथा अन्तराष्ट्रिय धरातललाई कार्यपिठीका बनाएर लेखिएका यिनका गीतहरू श्रुतिमधुर, प्रभावकारी पनि छन् । गीतकारले विविध विषयवस्तुलाई भावनामा मुछी गीतको जलप लगाएर आफ्नो गीतिसङ्ग्रहमा प्रस्तुत गरेका छन् । गीतकार सुशीलले प्रयोग गरेका विविध विषय तथा अनुभूतिलाई क्रमिक रूपमा तलका उपशीर्षकहरूमा विश्लेषण गरिएको छ :

## १. प्रणय : शृङ्गारभाव

गीत प्रणय वा श्रृङ्गार सर्वाधिक अभिव्यक्त हुने विधा हो । गीतकार गौतमका अधिकांश गीतहरूमा प्रणयतत्व रहेको छ । प्रणयजन्य क्रिया-प्रतिक्रियाबाट उत्पन्न घात-प्रतिघात, द्वन्द्व-प्रतिद्वन्द्व नै गीत संरचनाका मूल आधार भएका छन् ।[79] प्रणयप्रेमभित्र संयोगान्त र वियोगान्त दुई अवस्था देखा पर्दछन् । प्रणयभित्र विद्यमान भौतिक आकाङ्क्षाहरू वा सम्भोगका सन्दर्भहरू उनका गीतमा पाइँदैनन् । उनी सदासर्वदा आत्मिक प्रेमका पक्षमा देखिन्छन् । प्रणयका संयोग र वियोगका अवस्थाको वर्णनमा उनी सिद्धहस्त छन् । उनका गीतमा पोखिएका प्रणयभावलाई प्रेमको स्थितिका आधारमा यसरी वर्गीकरण गर्न सकिन्छ :

### क) संयोग शृङ्गारको अभिव्यक्ति

शृङ्गार चेत आधुनिक गीतको प्राण हो भन्ने कुरालाई गीतकार गौतमले राम्ररी मनन गरेको देखिन्छ । शृङ्गारिक चेतनाका विभिन्न अवस्थाका अनुभूतिहरूलाई उनले आफ्ना गीतहरूमा अभिव्यक्त गरेका छन् । संयोग शृङ्गारको स्थितिको वर्णन गर्दा गीतकार 'म' ले 'तिमी' लाई मायालु, शरद, झरी, पानी, नानी, चन्द्र, सूर्य, फूल, कोसी, गण्डकी मोती, शीत, जून आदि जस्तै भएको कुरा बताउँदै एकले अर्कालाई देखेको पाएको र मुटु साटिएको भाव व्यक्त गरेका छन् । उनका गीतमा प्रेमी-प्रेमीकाहरू एकाकार हुन्छन्, एउटै रातमा एउटै सपना दुईतिर देख्छन् । त्यस्तै एक अर्काले प्रेमलाई आगो बल्ने हृदयमा छरिएका शीतजस्तै ठान्छन् । उनका गीतमा प्रेमिकालाई तेस्रो जून, फूल, चन्द्रमा आदिसँग दाँजेको पाइन्छ । वियोगमा तड्पिएर बाँच्दा प्राप्त भएको मिलनपछि दुनियाँलाई लात मारेर संयोगको पराकाष्ठामा पुगेको चित्रलाई गीतकारले यसरी देखाएका छन् :

---

79= मोहनराज शर्मा, 'गीत विश्लेषणका समकालीन आधारहरू', **प्रज्ञा**, (वर्ष २२, पूर्णाङ्क ७७), पृ. २७ ।

भोक प्यास ए राजै ! सोध्ने हो कसरी ?
अँगालोमा ए राजै ! बल्भिएँ बेसरी
डर लाग्यो ए राजै ! कसैले देख्छ कि ?
आँखा छोप ए राजै ! कोशी र गण्डकी

'पानी पऱ्यो ए राजै ...'

उपर्युक्त उदाहरणमा गीतकारले प्रेमको पोखरीमा चुर्लुम्म डुबेका दुई जोडीमध्ये दुनियाँको लाज पचाएका पतिलाई त्यति वास्ता छैन तर पत्नी चाहिँ प्राकृतिक साथी कोसी र गण्डकीसँग लाज मानेर उसले कोसी र गण्डकी नदीलाई आँखा छोप्न आग्रह गरेको कुरा व्यक्त छ । त्यस्तै कुनै गीतमा गीतकारले आफ्नी प्रेयसीलाई आफूले मात्र नभएर कलकल बग्ने झरनाले पाउ धोएको, सूर्य र चन्द्रमाले रमाएर लुकीलुकी झ्यालबाट हेरेको कुरा बताएका छन् । आफ्नो मनको साथीसँग टाढा हुन नचाहने प्रेमी हृदयको वहलाई गीतकारले शब्दका माध्यमले यसरी पोखेका छन् :

मजुरसँग पंख मागी उडी आउँछु म
सिंग्रिएर सिन्दूर ली छिट्टै आउँछु म
तिमी पनि चौपारीमा नआत्तिई बसे
लगन कसै टर्न हुन्न बिहान ६ बजे ।

'अलिकति हुरी चल्दा ...'

संयोग शृङ्गारलाई लिएर लेखिएका गीतहरूमा 'रेशमी घुम्टो ...', 'नहेर है हाँसेर ...', 'जब हात समाई ...', 'बोल्न त बोल लौ ...', 'ए हजुर ! मेरो हजुर ...', 'एकै छिनमा उडी जाने ...', 'मेरो घरको आगनमा', 'हाँसीहाँसी जब हेर्छ्यौ ...', 'पीरतीको फूलमाला', 'तपस्यामा बसेकीले ...', 'हिमालले चाँदी छऱ्यो ...', 'अलिकति हुरी चल्दा ...', 'के गर्ने घरबार ?', 'म पवित्र प्रेम माग्छु ...', 'हिमाली खोलीमा माया बस्यो ...', 'आकाशमा बिजुली टल्कियो ...', 'शरदको जूनसँगै ...', 'गगनमा बादलभित्र ...', 'धानका बाला लरीबरी ... आदि पर्दछन् ।

माथि उल्लेख गरिएका गीतहरूमा गीतकारले प्रेमी-प्रेमिकालाई दुःख भुल्ने माध्यमका रूपमा, बादलुमा लुक्न खोज्ने जोडीका रूपमा, प्रेमिकाको लागि प्रेमीको छाती सधैँ हरियो मैदान भएको कुरा व्यक्त गर्दै सृष्टि नै प्रेमको डोरीमा बाँधिएर चलेको आशय व्यक्त गरेका छन् । प्रेम नै सबैभन्दा ठूलो वस्तु हो, यो साउनको झरीमा पनि सधैँ फुल्ने गर्छ भने मौन भएर बस्ने मायालुका आँखाभित्र पिरतीका भाकाहरू छलबलाएको चित्र यिनका गीतमा खिचिएको छ ।

प्रेममा घुर्की-धम्की जस्ता कुराहरू जायज मानिन्छन् । घुर्की र धम्कीले अझ प्रेमिकाको

प्रेममा निक्खरता थपेको कुरा गीतकारले आफ्ना गीतमा थपेका छन् । जसको उदारहणका रूपमा तलको पङ्क्तिलाई लिन सकिन्छ :

नायिका : मरे नि मैले गर्दिन माया यो माया भरम् हो
फकाईकन खाडल्मा हाल्ने मर्दको धरम् हो ।
नायक : यै घुर्की फुर्ती देखाई तिमी झन् राम्री देखिन्छ्यौ
यै बानी देख्दा भुतुक्क हुन्छु मनमा लेखिन्छ्यौ ।
'मरे नि मैले गर्दिन माया ...'

'त्यस्तै 'रिसाउँदा कति राम्रा ...' बोलको गीतमा गीतकारले आफ्नी मायालुलाई रिसाउँदा त आँखा गाजलु देखिन्छ भने नरिसाए झन् बढी राम्री देखिने कुरालाई यसरी देखाएका छन् :

रिसाउँदा कति राम्रा आँखा गाजलु
नरिसाए झनै राम्री मेरी मायालु
'रिसाउँदा कति राम्रा ...'

**ख) विप्रलम्भ शृङ्गारको अभिव्यक्ति**

सुशील गौतमले आफ्ना गीतहरूमा संयोग शृङ्गारको मात्र प्रयोग नगरी विप्रलम्भ शृङ्गारको पनि प्रशस्त प्रयोग गरेर गीतहरूको रचना गरेका छन् । विप्रलम्भको प्रयोग गरेका उनका गीतहरूमा प्रेमी-प्रमिकाका बीचको कारुणिक स्थितिको चित्र उतारिएको छ । यिनका गीतमा वियोगको बेला प्रेमी-प्रेमिकाहरू छटपटाइरहेका हुन्छन् । विप्रलम्भको प्रयोगमा गीतकारले सामान्य र असामान्य विप्रलम्भ शृङ्गारको समुचित रूपमा प्रयोग गरेको देखिन्छ । खास समयका निम्ति कार्यवश टाढिएका र एक अर्कासँग नजिकिन अत्यन्त उत्सुक रहेका प्रेमी-प्रेमिकाहरूको मनोभावलाई देखाएका छन् । उनका गीतमा टाढिएर बसेका प्रेमी-प्रेमिकाको मनमा भएको वियोगको पीडा, मिलनको क्षणको स्मृति पुनः उत्कण्ठा व्याप्त बनेको देखिन्छ । कतै अर्को पक्षले बिर्सने त होइन भन्ने आशङ्काले पनि उनीहरूको मनलाई आक्रान्त पारेको स्थितिको चित्रण गीतकारले यसरी गरेका छन् :

हातमा लिएँ गुराँस फूल किन हो वैलायो
रोपेकी थिएँ एउटा फूल अठिङ्ग्रे मौलायो ।
'न मर्न दिन्छ न बाँच्न दिन्छ...'

उपर्युक्त उदाहरणमा बिछोडको बेलामा प्रकृतिले समेत आँसु दिएको भाव व्यक्त छ । हातको लालीगुराँस ओइलाउनु र पुष्प रोपेको ठाउँमा अठिङ्ग्रे मौलाउनुले कतै आफ्नो प्रेममा

बाधा पर्ने त हैन भनी आशङ्का गरेको भाव प्रस्तुत गरेका छन् । प्रेमको वियोगमा छटपटिएकी नारीलाई प्रीतको नासो प्राणभन्दा पनि मूल्यवान् रहेको कुरालाई गीतकार गौतमले यसरी देखाएका छन् :

म मरे त के हुन्थ्यो र ? मरिजाने चोला
नासो उनको पिरतीको कहाँ राख्ने होला ?
'गाइदे न रानी चरी !...'

त्यस्तै प्रेमी हृदयले आफ्नो दुःख मात्र देख्दैन आफ्नो प्राण भन्दा प्यारी मायालुको दुःख पनि उत्तिकै सहृदयतापूर्वक स्मरण गर्दछ । यस्तै भावलाई गीतकार गौतमले यसरी स्पष्ट पारेका छन् :

हिमालको हिउँजस्तो चीसो तिमी छैनौ
पहाडमा पछारिने झर्ना तिमी हैनौ
के छ त्यस्तो तिमीभित्र मन हुन्छ निर्मल
जति जले पनि सामु देख्दा हुन्छ शीतल
'घडी कि चलिराख्छ ...!

विप्रलम्भ शृङ्गारको भाव प्रयोग गरिएका गीतहरूमा 'ढुकुरका जोडी ...' 'धेरै टाढा जाने जस्तो ...' गोला बारुद पड्किए ...' 'लेखूँ भने के लेखूँ ...' 'डोकाभरी जुठा भाँडा ...' 'काँच जस्तै फुटिजाने ...' रिसाउँदा कति राम्रा ...' 'तिमी जति टाढा ...' 'छाया पनि लामा भए ...' 'दिनभरि गैह्रीखेत ...' 'के छ र मेरो भन्नु नै ...' 'किन होला वन सबै ...' 'धुँदा धुँदै लुगा पनि ...' 'पानीको थोपा ...' 'माया हैन उम्लँदो पानी ...' 'कुहिराको काग जस्तै ...' 'भेदभाव केही हुन्न ...' 'मुल पानीमा सङ्लो पानी ...' 'हिमालबाट झर्ने नदी ...' आदि पर्दछन् ।

माथि उल्लेखित गीतहरूमा सुशील गौतमले बिछोडिएका स्वरहरू कति मर्मस्पर्शी हुन्छन् भन्ने कुरा देखाएका छन् । 'टिप्न खोजेँ कागजको फूल...' गीतमा गीतकारले उनकै सम्झनामा आफ्नो मन जलेको र रोईरोई बसेको कुरालाई देखाएका छन् । यसमा प्रेमलाई सत्य ठान्दा प्रेम नै कागजको फूल जस्तो भएको यथार्थता देखाएका छन् । 'कुहिराको काग जस्तै ...' बोलको गीतमा आफ्नो जीवनको सबैभन्दा मूल्यवान् वस्तु मायालु भएको र उनी नहुँदा आफ्नो जीवन कुहिरोभित्र हराएको कागजस्तै हुने कुरा प्रस्तुत छ । 'भेदवाभ केही हुन्न...' शीर्षकको गीतमा माया र प्रेममा ठूलो सानो, धनी गरिब भन्ने केही हुन्न, सबै बराबर हुन्छ । बरु माया नहुँदा शून्यताको आभास हुन्छ भन्ने भाव व्यक्त छ । 'मूल पानीमा सङ्लो पानी ...' बोलको गीतमा बिहानीको बालकिरणसँगै तन, मन, धन सुम्पिएर प्रणयमा गाँसिएका मायालुहरूको प्रेममा मूलपानीको सङ्लो पानीजस्तै पवित्र भएको भाव व्यक्त छ । अजम्मरी माया गाँसेपछि धोका दिनुहुन्न भन्ने कुरा पनि प्रस्तुत छ । 'हिमालबाट झर्ने नदी ...' गीतमा

बिछोडको वेदना सहन नसकेर गण्डकीको भेलजस्तै आफ्नो नयनबाट आँसुको भेल बगेको कुरा प्रस्तुत गर्दै गण्डकीको भेललाई सबैले देख्ने तर उनको आँसुको भेल कसैले नदेखेकोमा चिन्ता व्यक्त गर्दै हिमालबाट झर्ने नदी सलल बगेजस्तै आँखाको आँसुलाई पनि त्यसरी नै बग्न आग्रह गरेकी छन्। त्यस्तै 'के छ र मेरो भन्नु नै ...' गीतमा आफ्नो प्रेमीलाई नै भाग्यविधाता, माझी, ईश्वर मानेको चित्र प्रस्तुत छ। यसरी गीतकार गौतमले कसैको जीवनमा झुलुक्क आउने र हृदयभित्र गहिरो चोट पारेर जानेलाई सृष्टिको मूल भनेकै प्रीतको अजस्र स्रोत हो भन्दै प्रेमलाई नभत्काउन आग्रह गरेका छन्। प्रेम त्यति बलियो हुन्छ कि ज्वालामुखी फुटे पनि प्रेम फुट्दैन भन्ने राय व्यक्त गरेका छन्।

**ग) वयःसन्धिका स्फुट–अस्फुट प्रणयभाव**

सुशील गौतमले आफ्ना गीतहरूमा वयःसन्धिका स्फुट र अस्फुट प्रणयभावलाई पनि प्रस्तुत गरेका छन्। प्रेमी हृदयले आफ्नो प्रेम पात्रमा अत्यन्त बलिया सामार्थ्यहरू रहेको ठान्छन्। प्रेम रसको छालमा डुबेका प्रेमहृदयले आफ्नो प्रिय साथीलाई मात्र पाउन खोज्छन्। उनीहरूका मनभित्र अनौठा अनुभूतिका छालहरू आवतजावत गरिरहेका हुन्छन्। यस्तै भावहरूलाई गीतकार गौतमले आफ्ना कतिपय गीतमा अभिव्यक्ति गरेका छन् :

आफन्त केवल तिमी हौ अर्को को छ र सहारा ?
संसार यत्रो शून्य नै लाग्छ ए प्राण पियारा !

'बोल्छौ जस्तो लाग्छ...'

मानव जीवनको सोह्र वर्षे उमेर अत्यन्त संवेदनशील अवस्था हो। यो सानो भन्दा सानो कुराले पनि हृदयमा गहिरो चोट पार्ने समय हो। यस्तो उमेरमा आफ्नो जीवन सम्हाल्न गाह्रो पर्दछ। समयले मानिसलाई बालककालको ठाउँबाट टपक्क टिपेर मात लाग्ने बैँसालु ठाउँमा छाडिदिन्छ। त्यसबेला प्रत्येक व्यक्तिले आफूलाई सबैभन्दा राम्रो ठूलो र कतै हराएको अनुभूति गर्छ। यसै सन्दर्भमा गीतकार गौतमले यसरी प्रस्तुत गरेका छन् :

आफ्नो जीउ हेरी किन आफै पर्छु जिल्ल ?
किन यस्तो हुन्छ कुन्नि म छु अलमल्ल ?
ठूला ठूला मेरा आँखा लोभलाग्दा नानी !
आफै म्वाईं खाउँ जस्तो हुने जवानी !

'कसले होला बोलाउने...'

त्यस्तै सुशील गौतमले भर्खर भर्खर प्रेमबन्धनमा बाँधिएका क्षणको सुमधुर अनुभूतिलाई बेलाबखत काउकुती लगाएका बेला रातमा नीदसमेत नपर्ने कुरालाई यसरी व्यक्त गरेका छन् :

कस्तो माया ? ए राजै ! नीद नै पर्दैन
किन होला ? ए राजै ! भेट नै हुँदैन ।

'पानी पऱ्यो ए राजै ...'

सधैँभरि लट्ठ पार्ने कस्तो तिम्रो माया
त्यसैले त चाहेकी छु तिम्रो प्रेम छायाँ

यस उदाहरणमा गीतकारले यौवनले भरिपूर्ण भएकी प्रेमिकाले प्रेमीको शीतलछायाँमा बाँचिरहन चाहेको र उसको माया सधैँभरि लट्ठ पार्ने खालको भएको भाव सन्दर्भलाई व्यक्त गरेका छन् । यिनले राष्ट्रभक्तिका ओजस्वी स्वर तथा वर्तमान समयमा राष्ट्रले भोगेका पीडालाई आफ्ना गीतमार्फत व्यक्त गरी आफ्नो मनको दर्दलाई शान्त पार्न खोजेको पनि देखिन्छ ।

(२) **राष्ट्रियता**

सुशील गौतमका गीतहरूमा प्रणयका शृङ्गार भावजस्तै राष्ट्रियताका स्वरहरू पनि अभिव्यक्त भएका छन् । आफू जहाँ गए पनि आफ्नो जन्मभूमिको माया प्रगाढ भएर आएको कुरा उनका गीतमा पाइन्छ । एकसरो कपडा लगाउन र एक गास खानका लागि हम्मेहम्मे परेका नेपालीहरूको दयनीय स्थितिको चित्रणका साथै परदेशिएका नेपालीहरूले आफ्नो मातृभूमि र देशप्रति देखाएको अगाध आस्था र प्रेमलाई गीतकारले आफ्ना गीतमा पस्किएका छन् । यिनले राष्ट्रभक्तिका ओजस्वी स्वर तथा वर्तमान समयमा राष्ट्रले भोगेका पीडालाई आफ्ना गीतमार्फत व्यक्त गरी आफ्नो मनको दर्दलाई शान्त पार्न खोजेको पनि देखिन्छ । परिस्थिति विशेषले संसारको जुनसुकै कुनामा पुगे पनि आफ्नो राष्ट्रलाई भुल्न नसकेको र आफ्नै देशका प्रकृतिका मनोरम दृष्यहरू नै राम्रा लाग्छन् भन्ने भावलाई गीतकार गौतमले यसरी व्यक्त गरेका छन् :

'मलेसिया पुगे पनि आफ्नै खारा राम्रो
महासागर देखे पनि आफ्नै रारा राम्रो'

'सबै भन्दा राम्रो ठाउँ ...'

जीवन धान्न जति गाह्रो भएपनि आफ्नो देशमै पसिना बगाएर सुन फलाउन सक्नु पर्छ, स्वदेशमै रमाउनु पर्छ र देश छोडेर पलायन हुन खोज्नेहरूलाई तगारो बनेर रोक्नु पर्छ भन्ने भावनालाई सुशील गौतमले यसरी व्यक्त गरेका छन् :

जीवन धान्न स्वदेशमा भए पनि गाह्रो
मुग्लानतिर लाग्न दिन्नँ मै बन्छु तगारो

'सधैँभरि लट्ठ पार्ने ...'

गौतमले विदेशको पैसा भन्दा आफ्नै देशको कोदो, फापर मूल्यवान् हुने भएकाले स्वदेशकै अन्न खाएर स्वदेशमै रमाउन र स्वदेशलाई सिँगार्न पनि आग्रह गरेका छन् ।

हृदयको वंशीसँगै धुन अनगिन्ती
खाऔँ बरु कोदो फापर मानिदेऊ बिन्ती ।
जुन माटामा जन्म भयो उनै आमा जस्ती
उनैको नै सेवा गरौँ सिँगारौँ न बस्ती ।

'सधैँभरि लट्ठ पार्ने ...'

राष्ट्रप्रेम र देशप्रेमको भावनाले भरिएका यस्ता गीतहरूमा 'रेशमी घुम्टो ...' 'सिमसिमे पानी ...' 'निस्कन्छ कि धून मीठो ...' 'पुसका यी रातहरू ...' 'सबैभन्दा राम्रो ठाउँ ...' 'गर्न सके माया यही ...' 'गोलो बारुद पड्किए ...', 'हिमालले चाँदी छऱ्यो ...' आदि पर्दछन् ।

'रेशमी घुम्टो ...' शीर्षकको गीतमा आफ्नो देशका संस्कृति र परम्पराको उद्घाटन गर्दै हजारी फूल फुलेजस्तै आफ्नो देशलाई सिँगार्न र नेपालको मुहारलाई शरद लागेपछि उदाएको चन्द्रमा जस्तै सुनौलो बनाउनका लागि आफ्नी प्रेयसीलाई आग्रह गरेका छन् जसको नमुना तल उद्धृत गरिएको छ :

शरद लाग्यो हरायो झरी उदाए चन्द्रमा
मुसुक्क हाँस ए मेरी प्यारी ! अब यो आँगनमा
हजारी फुले पहेँलै पारी दशैँ र तिहार
ए, मेरी फूल फुलेर हाँस सिँगार्न बहार ।

'रेशमी घुम्टो ...'

'निस्कन्छ कि धून मीठो ...', 'पुसका यी रातहरू ...' गीतमा हामी सबै नेपालीहरू एकजुट भएर स्वदेशमै पसिना बगाएमा जूनले मायाको बाटो देखाउँछे र त्यसलाई माटोले हाँसेर स्वागत गर्छ भन्ने भाव व्यक्त छ । 'सबै भन्दा राम्रो ठाउँ ...' गीतमा संसारका सबै ठाउँमध्ये सबैभन्दा राम्रो आफ्नो देश नेपाल भएको गीतकार गौतमले बताएका छन् । आफ्नो देश नेपाल प्राकृतिक दृष्य, रीतिरिवाज, संस्कृति, परम्परा, पशुपंक्षी सबै नै सुन्दर भएको र ती सबैले परदेशीहरूलाई स्वदेशमा फर्कन झकझक्याइ रहेको कुरा व्यक्त गरेका छन् । 'हिमालले चाँदी छऱ्यो ...' बोलको गीतमा नेपालकी आमा अनुपम वर्णकी भएको चित्र प्रस्तुत छ भने 'सधैँभरि लट्ठ पार्ने ...' बोलको गीतमा प्रत्येक नेपालीहरूलाई आफ्नो राष्ट्रप्रति समर्पित हुन आग्रह गरिएको छ । 'बारुद पडकिए ...' शीर्षकको गीतमा बम र बारुदको बिस्फोटनले देश नै त्राहि त्राहि भएको कुरा प्रस्तुत गर्दै राष्ट्रप्रतिको चिन्ता व्यक्त गरिएको छ ।

यसरी गीतकार सुशील गौतमले आफ्ना गीतहरूमा राष्ट्रप्रति सद्भाव, माया, स्नेह देखाउँदै नेपालको सुनौलो मुहार नहेरी जुनी बित्ने हो कि भन्ने चिन्तासमेत प्रकट गरेका छन् ।

(३) **सामाजिकता**

गीतकार गौतमका गीतहरूमा समाजको चित्र पनि उतारिएको छ। उनले नेपालको सामाजिक यथार्थता र संस्कृतिलाई समेत समेटेर गीत रचना गरेको देखिन्छ। गौतमका गीतमा जीवनको आवेशमा भूल गरेर दुःखद जीवन बिताउनेको समाज, सहारा बिनाका दुःखीहरूको समाज, हिन्दूधर्म मान्ने धार्मिक समाज, प्रेमी र प्रमिका बीच बिछोड भएर दुःखी भएका नारीहरूको समाज विवाहमा सिन्दूर, पोते र चुरा ल्याउनुपर्ने संस्कृति भएको समाजको चित्रण पाइन्छ। समाजमा विद्यमान रहेको धनी र गरिबको  थिचोमिचोमा परेर गास, बास र कपासको जोहो गर्न मुगलान पसेका नेपालीहरूको सामाजिक अवथाको चित्रण यिनका गीतमा यत्रतत्र अभिव्यक्त भएको पाइन्छ। समाजमा विद्यमान धनी र गरिब, सानो र ठूलोको साँढे जुधाइमा परेका निमुखा नेपालीहरूको पक्षमा आफ्ना भाव प्रस्तुत गर्दै सबैका ठाउँमा सबैको स्थान बराबर भएको कुरालाई आफ्ना गीतमार्फत यसरी प्रस्तुत गरेका छन् :

सानो ठूलो कोही हुन्न गुलाबका निम्ति
यही कुरा गुनेँ मैँले तिम्ले गर्दा बिन्ती।

'भेदभाव केही हुन्न ...'

त्यस्तै समाजमा विद्यमान रहेको जातिपाति भेदभाव, छुवाछुतका कारण समाजका उच्च र मध्यम वर्गका व्यक्तिहरू हुन् भन्दै उनीहरूको बेइमानीको चित्रण उनले यसरी गरेका छन् :

भूल रैछ, तिमी रैछौ साह्रै बेइमानी
जात, भात, सम्पत्तिको ख्याल गर्ने मानी !

'भेदभाव केही हुन्न ...'

सामाजिक विषयलाई समेटेर लेखिएका गीतहरूमा 'यो प्राण मेरो ...' 'ऐया नि बरिलै...' 'गोला बारुद पड्किए ...' 'कस्ले होला बोलाउने,' गरिबको माया मऱ्यो ...' 'कस्तो हो माया रेशम ...' 'भेदभाव केही हुन्न ...' आदि पर्दछन्।

'यो प्राण मेरो ...' बोलको गीतमा पैसा कमाउनका लागि मुगलान पसेको प्रेमी घर नफर्कदा बन-पाखा, भन्ज्याङ, चौतारी सबैले बिलौना गरेको चित्र प्रस्तुत छ भने 'ऐया नि बरिलै ...' बोलको गीतमा बैँसले भरिपूर्ण भएकी नारी समाजको डर, संस्कार, रीतिरिवाज परम्परा आदिको लाजका कारण भित्रभित्रै छटपटिएर बसेको सन्दर्भ व्यक्त छ। त्यस्तै 'कसले होला बोलाउने ...' गीतमा पनि यौवनको मात चढेकी नारीले समाजको मात्र होइन ऐना हेर्दा समेत लाज र डर लागेको भाव प्रस्तुत छ। 'गोला बारुद पडकिए ...' गीतमा जसरी वसन्त ऋतुको आगमनसँगै बहार आए जस्तै दशैँ र तिहारको समयमा कहिल्यै नओइलाउने मखमली फूल फुल्ने यथार्थता प्रस्तुत गरेका छन् भने 'गरिबले माया गऱ्यो ...' बोलको गीतमा समाजमा विद्यमान सानो र ठूलोका बीचमा भएको भेदभावलाई देखाउँदै मायामा सानो र ठूलो

भन्ने कुरा हुँदैन भन्दै यस्तो कुसंस्कारलाई झट्टै तोड्न आग्रह गरेका छन् ।

गीतकार सुशील गौतम समाजका यथार्थतालाई टपक्क टिपेर गीत रचना गर्न पनि सिद्धहस्त देखिन्छन् । देशप्रेमका साथै समाजको यथार्थरूपको चित्रण उनको गीतमा पाइन्छ । आर्थिक अभावका कारण नेपालीहरू स्वदेशमा नबसी विदेशमा पलायन हुनुपर्ने वास्तविकतामाथि गीतकारको ध्यान पुगेको देखिन्छ । उनका गीतमा सामाजिक तथा साँस्कृतिक सन्दर्भहरू अभिन्न अङ्गको रूपमा आएका छन् । प्रणय, विवाह, राष्ट्रिय चाडपर्वका साथै आफ्नै धर्तीमा सुन फलाउन, देशमा शान्ति ल्याउन र समतामूलक समाजको निर्माण गर्न उनका गीतले आग्रह गरेको देखिन्छ ।

(४) **प्रकृतिचित्रण**

गीतकार सुशील गौतमका गीतहरूमा विषयवस्तुका विभिन्न पक्षहरूलाई प्रस्तुत गर्ने सन्दर्भमा प्रकृतिको सहारा लिएको देखिन्छ । प्रकृतिचित्रणका क्रममा उनले नेपाली धरती र नेपाली राष्ट्रिय प्रकृतिप्रति निकै रुचि देखाएको पाइन्छ । प्रकृति र मानवका बीच तादात्म्य देखाउँदै प्रकृतिको मानवीकरण यसरी गरेका छन् :

वनमा सल्ला सुसाइ राख्छन् बुझिन्न क्यै अर्थ
भावना तिन्को राम्रो नै होला नहोस् है अनर्थ
सुसेलिराख्छन् कैलाशतिर हेरेर ती नित्य
ईश्वरलाई प्रांर्थना गर्छन् मिलनकै निमित्त

'के छ र मेरो भन्नु ...'

त्यस्तै गीतकार गौतमले प्रकृतिको अद्भूत दृश्यको चित्रण पनि आफ्ना गीतहरूमा गरेको पाइन्छ । उनले हिमालको शीतल हावा, पहाडी झरना, रङ्गीचङ्गी फूल, आकाशको जून आदिका रूपमा आफ्नी प्रेमिकालाई आउन आग्रह यसरी गरेका छन् :

आऊ तिमी हिमालमा हावा आए जस्तै
छाइदेऊ अँधेरोमा जून छाएजस्तै
हाँसिदेऊ रमाईला फूल बर्साएर
गाइदेऊ झरनामा गीत मिसाएर

यसमा गीतकार गौतमले प्रकृतिका अनुपम रूप हिमालको हावा, अँध्यारोको जून, बसन्तमा फुल्ने फूल र पहाडको कुनो कन्दरामा बग्ने कलकल झरनाको वर्णन पनि गरेका छन् ।

प्रकृतिलाई उपयोग गरेर लेखिएका अन्य गीतहरूमा 'तिम्रो खोजी गर्दागर्दै ...', 'मेरी माया कता लुक्यौ ...', 'डढेलो लाग्यो ...', हिमालले चाँदी छऱ्यो ...', 'पानीको थोपा ...',

'खोला वारि खोला पारि ...' आदि पर्दछन् । 'तिम्रो खोजी गर्दागर्दै ...' शीर्षकको गीतमा प्रेमी नआउँदा उनको पर्खाइमा आफ्नो प्राणमात्र बाँकी रहेको चित्र प्रस्तुत छ । 'मेरी माया कता लाग्यौ ...' बोलको गीतमा प्रेमले नै मनुष्यको जीवन धानेको र प्रेम बिना सृष्टि नै शून्य बन्ने कुरा प्रस्तुत छ । प्रकृति र मानवको तादात्म्य देखाउँदै संसारको अँध्यारोलाई आकाशको जूनले नष्ट गरे जस्तै प्रेमीको मनमा उज्यालो छाउने तेस्रो जून प्रेमिका हुन् भन्ने गीतकार गौतमको विचार छ । 'डढेलो लाग्दा ...' गीतमा मिलनको अपेक्षा गरेर बसेकी नारीको आतुरता र छटपटी व्यक्त छ भने 'हिमालले चाँदी छर्‍यो ...' बोलको गीतमा प्रकृतिको मनमोहक दृश्यको वर्णन छ । 'पानीको थोपा ...' गीतमा धर्तीको ताप असारे झरीले हटाएजस्तै मनको ताप हर्ने मायालुको आगमनले नै हो भन्ने देखाइएको छ भने 'खोला वारि खोला पारि ...' शीर्षकको गीतमा सूर्यको टल्काइ र हिमनदीको बगाइमा धरती मगन भएजस्तै खोला वारि र खोला पारि बस्ने प्रेमी प्रेमिकाको मिलनमा प्रकृति पनि सुसाउने कुरा व्यक्त छ । यसमा प्रेम अजर र अमर हुन्छ भन्ने भाव प्रकट भएको छ ।

### (५) **विविध**

सुशील गौतमका गीतहरूमा शृङ्गारिकता, राष्ट्रियता, सामाजिकता, प्रकृतिप्रेम जस्तै अन्य विषयवस्तुहरू पनि प्रखर रूपमा आएका छन् । उनका गीतमा निराशावादी स्वर, वासना र प्रेमप्रसङ्ग, प्रेमशील नारी हृदयका छटपटी आदि पनि विषयवस्तुका रूपमा आएका छन् ।यिनका गीतमा युद्धप्रतिको वितृष्णा र शान्त जीवनको खोजी, पलायनका स्वरहरू, विरह, पीडा र हताश मानसिकताका स्वरहरू पनि अभिव्यक्त भएका छन् । त्यस्तै जीवनका कारुणिक पक्षको चित्रण पनि यिनका गीतमा पाइन्छ ।

प्रेमशील नारी हृदयको छटपटीलाई गीतकार गौतमले यसरी अभिव्यक्त गरेका छन् :

रातमा पनि लाग्दैन नीद सम्झना उनैको
भोक र प्यास हरायो सबै सम्झना उनैको

'न मर्न दिन्छ न बाँच्न दिन्छ...'

युद्धको विभीषिका र कष्टप्रद वर्तमानप्रति तिव्र असहमति एवम् शान्तिको कामना गर्दै गीतकार गौतम भन्छन् :

यहाँ पनि लडाइँ छ, त्यहाँ पनि लडाइँ
सात सिन्धु तर्दा पनि विघ्नै रैछ लडाइँ
लडाइँको मैदानबाट बन्दुक फाली आएँ
आफ्नो धर्ती कुल्चेपछि बल्ल शान्ति पाएँ ।

'बाँची फर्कें...'

शान्तिको कामना र पलायनको स्वर उनका गीतमा यसरी व्यक्त भएको छ :

बारुदको बादलले माया ढाकिँदैन
माया नभै संसारमा हाँसी बाँचिँदैन
बारुदको दुर्गन्धले मेरो मुटु दुख्छ
जाऔँ बरु हिमालमा जहाँ शान्ति मिल्छ ।

'बाँच फर्कें ...'

विरहको पीडा र हताश प्रकट भएका उनका गीतहरू यस्ता छन् :

कामी दाइले रातो पारी पिट्दछन् फलाम
बाँचे पनि मरे झैँ छु लैजाओ मलाम
सधैँ रुने न्याउली चरी तँलाई के छ पीर ?
थाकेँ म त हेरीहेरी उनकै बाटोतिर !

'हिमालबाट झर्ने नदी...'

उनका गीतमा कारुणिकता यसरी व्यक्त भएको देखिन्छ :

मनभित्र पस्न सक्ने कोही पनि भैन
यै व्यथाले छट्पटिन्छु बुझ्ने कोही छैन
कहाँ होला जन्मिएको हँसिलो मुहार
भेटाए त सुम्पिदिन्थेँ मायाको जुहार ।

'ऐया नि बरिलै...'

यसरी गीतकार गौतमले उपर्युक्त विविध विषयवस्तुलाई समेटेर कलात्मकता साथ आफ्ना गीतहरू प्रस्तुत गरेका छन् ।

## ६.१.५ संरचना

संरचनाका दृष्टिले हेर्दा सुशील गौतमका गीतहरू प्रायः लघु आयामका नै देखिन्छन् । सङ्क्षिप्तता नै उनका गीतको मुख्य विशेषता हो । यहाँ गीतकार गौतमका गीतहरूको संरचनालाई आकार-प्रकार र प्रस्तुतीकरणका आधारमा विश्लेषण गर्ने जमर्को गरिएको छ ।

### (१) आकारप्रकार

गीतकार गौतमद्वारा रचित गीतहरूलाई हेर्दा लामा-छोटा पङ्क्तिहरूको आयोजना गरी गीतहरूको सिर्जना गरेका छन् । गीतकार गौतमले न्यूनतम बाह्र पङ्क्तिदेखि अधिकतम सत्र पङ्क्तिको आयोजना गरी गीत लेख्ने गरेको देखिन्छ । उनले रचना गरेका गीतको संरचनामा पनि विविधता पाइन्छ । उनका कुनै गीतमा स्थायी र अन्तरा छुट्ट्याइएको पाइन्छ भने कतिपय

गीतमा स्थायी र अन्तरा छुट्टयाइएको देखिँदैन। लयात्मक एवम् साङ्गीतिक हुनाले उनका सबैजसो गीत कविताका छेउ पुग्न खोजे जस्ता छन्। उनका कतिपय गीतमा स्थायी अंश दोहोरिएको हुन्छ भने कतिपयमा स्थायी भाग नदोहोरिएको पनि देखिन्छ। उनका गीतमा अनुप्रासको सफल संयोजन छ। उनका सबैजसो गीतहरूमा अन्त्यानुप्रासको राम्रो परिपालना गरिएको छ। गीतमा अभिव्यक्त भाव आदि, मध्य र अन्त्यको क्रम मिलेर अभिव्यक्त हुनाका साथै सबैजसो गीतमा भावका उठान स्थायीबाट भएको छ भने अन्तराले त्यसलाई पूर्णता दिएको देखिन्छ।

यस गीतिसङ्ग्रहभित्रका गीतहरूलाई हेर्दा चार-चार पङ्क्ति र तीन अन्तराको संरचना अँगालेका गीतहरू पच्चीसवटा छन् भने यिनमा अक्षरहरूको असमान वितरण रहेको छ। त्यस्तै दुई-दुई पङ्क्तिका तीन अन्तराको संरचना अँगालेका गीतमा 'ढुकुरका जोडी...', 'बुकी फूल सेतै फुल्यो...', 'टिप्न खोजेँ कागजको फूल...', 'डोकाभरी जुठा भाँडा...' आदि पर्दछन् भने पङ्क्तिको असमान वितरणको संरचना अँगालेका गीतहरूअन्तर्गत 'सधैँभरि लट्ठ पार्ने...', 'अलिकति हुरी चल्दा...', 'घडी किन चलिराख्छ...', 'के छ र मेरो भन्नु...', 'माया हैन उम्लँदो पानी...', 'आउँछौ त, स्वागतै छ...', 'यो घडीको सुई किन', 'किन होला बन सबै...' 'चाहिँदैन तिर्तिरे पानी', 'टाढा जाने कुरा सुन्दा...', 'गगनमा बादलभित्र...', 'धानका बाला लरीबरी...' आदि पर्दछन्। यस गीतिसङ्ग्रहका गीतहरूमा न्यूनतम दुई शब्दका पङ्क्ति योजनादेखि अधिकतम एघार शब्द भएका पङ्क्तिको आयोजना गरिएको देखिन्छ। दुई शब्दका पङ्क्ति योजना भएका गीतका उदाहरणका रूपमा 'सिमसिमे पानी...' बोलको गीतलाई लिन सकिन्छ भने एघार वटा शब्दको पङ्क्तियोजना गरिएको गीतको उदाहरणका रूपमा 'यो प्राण मेरो...' बोलको गीतलाई लिन सकिन्छ।

त्यस्तै यस सङ्ग्रहका कतिपय गीतहरूमा नायक र नायिकालाई उपस्थित गराएर संवादात्मक ढाँचामा गीतहरूको संरचना तयार गरेको देखिन्छ। यस्तो संवादात्मक कथनको ढाँचामा लेखिएका गीतहरूअन्तर्गत 'मुसारी हात यी तिम्रा...', 'नहेर है हाँसेर...', 'बोल्न त बोल लौ...', 'मनै चोरियो...', 'कस्तो हो माया रेशम...', 'मरे नि मैले', 'गर्दिन माया...', 'के गर्ने घरबार ?', 'म पवित्र प्रेम माग्छु...', 'हिमाली खोलीमा माया बस्यो...' आदि पर्दछन्।

यसरी गीतकार गौतमका अधिकांश गीतहरू चार-चार पङ्क्तिका तीन अन्तरा भएका र स्थायी भाग दोहोरिएको सरचनामा आधारित छन्। न्यूनतम दुई वटा शब्द भएका पङ्क्तिदेखि अधिकतम दस वटा शब्द भएका पङ्क्ति र न्यूनतम १२ पङ्क्तिदेखि अधिकतम १७ पङ्क्तिसम्म विस्तारित गीति संरचनामा उनका गीतहरू प्रस्तुत भएका छन्।

(२) **प्रस्तुतीकरण**

साहित्यमा कथ्य विषय कुनै वक्ताद्वारा प्रस्तुत हुन्छ। कुनै रचनामा कविले 'म' पात्रका

रूपमा बसेर स्वयं उपस्थित भएर आफ्नो विचार व्यक्त गरेको हुन्छ भने कुनै रचनामा पात्रको सृजना गरी त्यसका माध्यमबाट कथ्य विषयलाई व्यक्त गरेको हुन्छ। गीतमा गीतकारले अरूलाई सम्बोधन गरेर या नगरेर जसरी प्रस्तुत गरे पनि कहीँ न कतै आफूलाई नै प्रकट गरेको हुन्छ। गीतमा स्रोतालाई सम्बोधन गरी लेखकले आफ्ना अनुभूति व्यक्त गरेको हुन्छ। त्यसैले गीत पाठ्य रूपमा भन्दा श्रव्य रूपमा सजीव र सशक्त हुन्छ। गीतकार सुशील गौतमका गीतहरूको प्रस्तुतिलाई हेर्दा कथयिताका रूपमा प्रथम पुरुष र सम्बोधित पक्षका रूपमा द्वितीय र तृतीय पुरुषको प्रयोग भएको पाइन्छ। केही गीतहरूमा संवादात्मक कथनपद्दति पनि अँगालिएको पाइन्छ।

सुशील गौतमले प्रथम पुरुष एकवचन 'म' र प्रथम पुरुष बहुवचन 'हामी' को प्रयोग गरी अधिकांश गीतहरूको रचना गरेका छन्। प्रथम पुरुष 'म' को प्रयोग गरिएर लेखिएका गीतको उदाहरणका रूपमा 'नगाऊ गीत बेसरी ...' 'काँच जस्तै फुटिजाने' 'मुसारी हात यी तिम्रा ...', 'कुहिराको काग जस्तै ...', 'भेदभाव केही हुन्न...', 'छाया पनि लामा भए ...' जस्ता बोलका गीतहरूलाई लिन सकिन्छ।

त्यस्तै प्रथम पुरुष कथयिताले द्वितीय पुरुष 'तिमी' लाई सम्बोधन गरेर लेखिएका गीतका उदाहरणका रूपमा 'रुखको जरो धमिरो लाग्यो...', 'मेरी माया कता र लुक्यौ...' आदि गीतलाई लिन सकिन्छ।

त्यस्तै प्रथमपुरुष बहुवचन 'हामी' को प्रयोग गरेर लेखिएको गीतका उदाहरणका रूपमा आकाशमा बिजुली टल्कियो ...' 'चार दिनको जीवनमा ...' साँझ पऱ्यो सबै जना ...' बाँची फर्कें ...' आदि बोलका गीतहरू पर्दछन्। यसै गरी गीतकार गौतमले द्वितीय पुरुष 'तिमी' को प्रयोग गरेर पनि गीतहरूको रचना गरेका छन्। 'तिमी' को प्रयोग गरेर लेखिएका गीतका उदाहरणका रूपमा 'घडी किन चलिराख्छ ...', 'के छ र मेरो भन्नु नै ...' बोलका गीतहरू पर्दछन्। त्यस्तै  कथयिताद्वारा तृतीय पुरुषलाई सम्बोधन गरेर लेखिएका उनका गीतमा 'आज मेरो जिन्दगीमा ...', 'तिमी जति टाढा ...', 'छाया पनि लामा भए ...',आदि गीतहरू पर्दछन्।

गीतकार गौतमले प्रथम पुरुष कथयिताले द्वितीय पुरुष निर्जीव वस्तुलाई सम्बोधन गरेर पनि गीत रचना गरेका छन्। यस अन्तर्गत 'यो घडीको सुई किन ?' गीतलाई लिन सकिन्छ।

यसरी गीतकार सुशील गौतमले प्रायः प्रथम पुरुष एकवचन तथा प्रथम पुरुष बहुवचन हामी, प्रथम पुरुष कथयिताले द्वितीय पुरुष 'तिमी' लाई सम्बोधन गरेर गीतहरू रचना गरेका छन्।

### ६.१.६ **लय**

गीतकार सुशील गौतमको **एक सय एक प्रेमगीतहरू** गीतिसङ्ग्रहका सम्पूर्ण गीतहरू लोकलयमा संरचित छन्। यसमा असारे झ्याउरे छन्द, झ्याउरे छन्द, सवाइ आदि लोक

छन्दको प्रयोग बढी मात्रामा भएको पाइन्छ । उनले यस आफ्ना गीतहरूमा लोक छन्दलाई सफलताका साथ खेलाएका छन् । यहाँ छन्दको चर्चा गर्दा देवी नेपालद्वारा लिखित र भुँडीपुराण प्रकाशनद्वारा प्रकाशित **छन्द-पराग** नामक कृतिको आधार लिइएको छ । उनले यस सङ्ग्रहका गीतमा प्रयोग गरेका छन्दहरूका केही नमुना यसप्रकार छन् :

**असारे झ्याउरे छन्द**

रुखको जरो धमिरो लाग्यो बोट झन् वैलायो
निष्ठुरी रैछौ चटक्क छाड्यौ चोट झन् मौलायो

'रुखको जरो धमिरो लाग्यो ...'

उपर्युक्त उदाहरणका प्रत्येक हरफमा १६ अक्षर हुने र ३ + २ + ३ + २ + ३ + ३ =१६ अक्षरको संरचना भएको असारे झ्याउरे छन्दको प्रयोग गरिएको छ ।

**झ्याउरे छन्द**

'आकाशमा बिजुली टल्कियो, मेरो माया छेउमै झुल्कियो
जति बगे पनि गङ्गा बग सलल, मेरो त जुनी भयो झलल ।

हाँसिदेऊ जून तारा, उर्लिदेऊ गङ्गा
सबैले नै पारिहाल आफ्नो मन चङ्गा
धरतीमा पिरतीको फूल फुल्न लाग्यो
बल्ल मेरो आँगनीमा खुसी खेल्न लाग्यो !'

यी उदाहरणमा मूल अंश १९ वा २० अक्षरको र सहायक अंशमा ४ + ४ + ४ + २ अक्षरको संरचना भएको सवाइ छन्दको प्रयोग गरेर लेखिने झ्याउरे छन्दको प्रयोग भएको छ ।

**सवाई छन्द**

संसारमा बाँच्न पनि गर्नुपर्ने माया
भेट हुँदा घाम लाग्ने विछोडमा छाया
परेलीमा आँसु थोपा खस्न छन् तैयार
भेट्ने भए छिट्टै आऊ शून्य भो संसार

'मलाई अब राम्रो लाग्छ ...'

यसमा चार पाउको एक अनुच्छेद हुने र प्रत्येक पाउमा १४ अक्षर र ४ + ४ + ४ + २ =१४ अक्षरको संरचना हुने सवाई छन्दको प्रयोग गरिएको छ ।

यसरी गीतकार गौतमले **एक सय एक प्रेमगीतहरू** गीतिसङ्ग्रहका गीतहरूमा लोक छन्दको सफल प्रयोग गरेका छन् । लोकछन्दमा पनि विशेष गरी असारे झ्याउरे, झ्याउरे र सवाई छन्दको प्रयोग उनका गीतमा बढी देखिन्छ । विशेष गरी उनका ज्यादा जसो १४

अक्षरको संरचना अँगालेका गीतहरू छन् । यी लोकछन्द बाहेक उनले आफ्ना कतिपय स्वतन्त्र गीतिलयको पनि उपयोग गरेका छन् । यसअन्तर्गत उनका 'सिमसिमे पानी...', 'बस्ने देऊ...' आदि गीतहरूलाई राख्न सकिन्छ ।

## ६.१.७ अलङ्कार, विम्ब र प्रतीक

### क) अलङ्कार

अलङ्कार काव्यको शोभादायक तत्त्व हो र यसले काव्यलाई सुन्दर बनाउनाका साथै अर्थलाई प्रभावकारी रूपमा अभिव्यक्त गर्दछ। शब्दको आलङ्कारिक प्रयोगबाट गीतको भाषामा तीव्रता र रोचकता आउने हुँदा काव्यमा यसको महत्त्व रहेको हुन्छ। गीतकार गौतमले आफ्ना गीतहरूलाई सुन्दर तुल्याउन शब्दालङ्कार र अर्थालङ्कारको सहज आयोजना पनि गरेका छन् ।

**शब्दालङ्कार**

शब्दको माध्यमबाट जसले काव्यलाई अलङ्कृत पार्दछ त्यसलाई शब्दालङ्कार भनिन्छ ।[80] यसअन्तर्गत अनुप्रास, श्लेष आदि अलङ्कारहरू पर्दछन् । गीतकार सुशीलले आफ्ना गीतहरूमा अनुप्रासको सफल आयोजना गरेका छन्। उनले आद्यानुप्रास, मध्यानुप्रास, अन्त्यानुप्रास, वृत्यनुप्रास आदिको सफल प्रयोग गरेका छन् । जस्तै :

**आद्यानुप्रास**

'नगाउ गीत बेसरी कि सुक्छ गीत निर्झरी
नजाऊ दूर निष्ठुरी कि बित्छ प्रीतको घडी'

'नगाऊ गीत बेसरी ...'

उपर्युक्त उदाहरणमा नगाऊ, नजाऊ जस्ता वाक्यका सुरुका शब्दमा समानता भएकाले आद्यानुप्रास अलङ्कार हुन गएको छ ।

**मध्यानुप्रास**

'बस्न देऊ पछ्यौरी छायामा
रम्न देऊ हजुरकै मायामा'

'बस्न देऊ ...'

उपर्युक्त उदाहरणमा दुवै पङ्क्तिमा 'देऊ' शब्दका बीच समानता अथवा 'देऊ' शब्द

80= केशवप्रसाद उपाध्याय, **पूर्वीय समालोचना सिद्धान्त**, दो.सं., (काठमाडौँ : साझा प्रकाशन, २०५०), पृ. १६३ ।

दुवै पङ्क्तिका बीचमा आएकाले मध्यानुप्रास अलङ्कार बन्न गएको छ ।

**वृत्यनुप्रास**

'जब सुम्पे तन, मन, धन तिमीलाई
बाटो काटी कता लाग्यो सबै खलबलाई ।'

'मूल पानीमा सङ्लो पानी ...'

यसमा न र ट को उही क्रममा आवृत्ति भएकोले वृत्यनुप्रास अलङ्कार पर्न गएको छ ।

**अन्त्यानुप्रास**

'हातमा हात परेको बेला बिस्तारै तर्केर
हिँडेकी थियौ पर गै तर हेरिथ्यौ फर्केर
म मन्त्रमुग्ध भएको थिएँ त्यो लीला देखेर
त्यो लीला मैले मनमा राखेँ चित्रझैँ लेखेर ।'

'चमेली फूलको गाँसेर माला ...'

यसमा पङ्क्तिका अन्त्यमा समान वर्णको आवृत्ति भएकाले अन्त्यानुप्रास पर्न गएको देखिन्छ ।

**अर्थालङ्कार**

अर्थका आधारमा प्रस्तुत हुने अलङ्कारलाई अर्थालङ्कार भनिन्छ । सुशीलका प्रस्तुत सङ्ग्रहका गीतहरूमा उपमा, रूपक, उत्प्रेक्षा, व्याजोक्ति, लोकोक्ति, तुल्ययोगिता, स्वभावोक्ति, विषम लगायतका अनेक अलङ्कारको प्रयोग भएको देखिन्छ । उनको यस गीतिसङ्ग्रहभित्रका गीतमा पाइने अर्थालङ्कारको नमुनाका लागि केही पङ्क्तिहरूलाई यहाँ उद्धृत गरिएको छ :

**उपमा**

'आशा मेरो जून झैँ राति टल्कने
बिहानीमा सूर्य झैँ झल्ल झल्कने

'नारायणी नदीमा...'

यस उदाहरणमा 'म' पात्र उपमेय, 'राति' उपमान, 'झैँ' वाचक शब्द र 'टल्कने' धर्म आएर उपमा अलङ्कार बन्न पुगेको छ ।

**रूपक**

'मेरो माया पुगेको छ सात सिन्धु पारि
रातैभरि मन रुन्छ शीतबिन्दु झारी'

'ढुकुरका जोडी ...'

यसमा आँसु उपमेयसँग शीतबिन्दु उपमाबीच रुने साम्यका आधारमा उपमेय र

उपमानका रूपमा अभेद्य आरोप गरिएकाले रूपक अलङ्कार भएको देखिन्छ ।

**उत्प्रेक्षा**

'कठैबरी भन्दाभन्दै घाँटी सुक्ने हो कि ?
एक झल्को नदेखेर जुनी बित्ने हो कि ? '

'गीला बारुद पड्किए ...'

यहाँ घाँटी सुक्ने हो कि, जुनी बित्ने हो कि भनी सम्भावना व्यक्त भएकाले उत्प्रेक्षा अलङ्कार भएको छ ।

**अतिशयोक्ति**

आकाशको सागरमा पौडी खेली डुब्न
हुन्न नगै म मान्दिनँ जाऔँ दुःख भुल्न

'ए हजुर ! मेरो हजुर ! ...'

यहाँ दुःखलाई भुल्न आकाशको सागरमा पौडी खेल्ने अतिशय वर्णनले अतिशयोक्ति अलङ्कार पर्न गएको छ ।

**व्याजोक्ति**

बतासले उडायो छारो कति बेसरी
के पऱ्यो नि दुखे आँखा लौन झिकूँ के गरी

'बतासले उडायो ...'

उपर्युक्त उदाहरणमा आँखामा छारो नपरेर पनि आँखा दुख्यो भनेर छल प्रकट गरेकाले व्याजोक्ति अलङ्कार पर्न गएको छ ।

**लोकोक्ति**

मरे नि मैले गर्दिनँ माया यो माया भरम् हो
फकाईकन खाडलमा हाल्ने मर्दको धरम् हो ।

'मरे नि मैले गर्दिनँ माया...'

यहाँ माया-पिरती भ्रम हो र फकाईकन खाडलमा हाल्ने मर्दको धर्म हो भन्ने लोकविश्वासको प्रयोग भएकाले लोकोक्ति अलङ्कार पर्न गएको छ ।

**स्वभावोक्ति**

धान रोप्ने ठूलै खेत घुँडासम्म हिलो
बर्खा अघि आएनौ खै ! कि गयौ ढिलो

हिलै हात हिलै गोडा कस्का निम्ति धुनु
धान रोप्दा सबैसामु कसोगरी रुनु ?

'दिनभरि गैह्री खेत...'

माथिको उदाहरणमा रोपाइँको स्वभाविक चित्रण गरिएकाले स्वभावोक्ति अलङ्कार पर्न गएको छ ।

**विषम**

यै घुर्की फुर्ती देखाई तिमी झन् राम्री देखिन्छ्यौ
यै बानी देख्दा भुतुक्क हुन्छु मनमा लेखिन्छ्यौ ।

'मरे'नि मैले गर्दिन माया...'

यसमा घुर्की देखाउँदा झन् राम्री देखिने कार्य अमिल्दो भएकाले विषम अलङ्कार पर्न गएको देखिन्छ ।

गीतकार सुशीलले आफ्ना भावना, कल्पना र विचारहरूलाई प्रस्तुत गर्ने क्रममा विभिन्न विम्ब र प्रतीकको पनि प्रयोग गरेका छन् । कुनै वस्तु, कार्य, भाव, विचार तथा संवेगमय मानसिक तस्बिरहरूलाई प्रतिनिधित्व गर्ने भाषिक एकाइलाई विम्ब भनिन्छ ।[81] कुनै पनि भनाइलाई सादृश्यात्मक बनाउन विम्बले ठूलो सहयोग पुऱ्याउँछ । यस गीतिसङ्ग्रहमा गीतकार गौतमले स्पर्शसम्बन्धी विम्ब, श्रव्यात्मक विम्ब र गतिसम्बन्धी विम्बको प्रयोग गरेको भेटिन्छ जसलाई निम्न उदाहरणद्वारा अझ स्पष्ट देखाउन सकिन्छ :

**स्पर्शसम्बन्धी विम्ब**

सिरिसिरि हावा चल्दा कहालिन्छ मुटु
फूल फुल्दा पनि खान्छ कुटुकुटु

'चाहिँदैन हीरा र मोती...'

**श्रव्यात्मक विम्ब**

ए डाँफे चरी ! गाइदे गीत विरह सुसेल्दै
कस्तूरी मृग ! खाइदे घाँस मुखले उखेल्दै ।

'न मर्न दिन्छ न बाँच्न दिन्छ...'

**गतिसम्बन्धी विम्ब**

असारे झरी तिरि र मिरि गरेर बर्सियो
सम्झना तिम्रो आएर खुबै यो मन तर्सियो

'पानीका थोपा...'

---

81= कृष्णहरि बराल, **गीत सिद्धान्त र इतिहास**, (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६०), पृ. ४३ ।

गीतकार सुशील गौतमले प्राकृतिक र सामाजिक जीवनबाट विम्बहरू टिपेका छन् । प्रस्तुत सङ्ग्रहको गीतमा हिमालमा हावा, कालो-नीलो बादल, झरनाको सङ्गीत, हिमालले चाँदी छर्नु जस्ता प्राकृतिक विम्बहरू आएका छन् भने स्वर्ग, अप्सरा, सीता, रामचन्द्र आदि पौराणिक विम्बहरू पनि उनका गीतमा समेटिएका छन् ।

गीतकार सुशील गौतमले 'एक सय एक प्रेम गीतहरू' का गीतहरूमा विभिन्न प्रतीकहरूको पनि प्रयोग गरेका छन् । मनका जटिल कुराहरूलाई अभिव्यक्त गर्नका लागि तथा गीतको अर्थ विस्तारका लागि उनले प्रतीकको प्रयोग गरेको देखिन्छ । गीतकार गौतमले प्रतीकहरूको प्रयोग गर्दा वनस्पति जगत्, धार्मिक जगत्, प्राणी जगत्, सांस्कृतिक जगत् आदिबाट प्रतीकहरूको चयन गरेका छन् । सिउँडीको काँडा-पीडाको प्रतीक, खोलेसीको भल-सङ्कुचित विचारको प्रतीक, मूलपानी-स्वच्छ विचारको प्रंतीक, जून-प्रेमिकाको प्रतीक, मात्तिनु-बैंस चढ्नुको प्रतीक जस्ता अनेक प्रतीकात्मक अभिव्यक्ति पनि उनका गीतमा पाइन्छ । प्रतीकको प्रयोग गरेर लेखिएको उनको गीतको एउटा नमुना यसप्रकार छ :

वर अनि पिपल दुवै साक्षी बसिदेलान्
खुसी भई हामीलाई आशीर्वाद देलान्
हामीलाई हेर्न भनी सूर्य निस्किएलान्
हामीलाई चराहरू हेरी जिस्किएलान्

'अलिकति हुरी चल्दा...'

उपर्युक्त उदाहरणमा वर र पिपल वनस्पति जगत्बाट, आशीर्वाद सामाजिक संस्कारबाट, सूर्य पौराणिक जगत्बाट लिइएका प्रतीक हुन् भने चराहरू प्राणी जगत्बाट लिइएका प्रतीक हुन् ।

### ६.१.८ परिवेश

गीतकार सुशील गौतमले आफ्ना गीतमा नेपालका हिमाल, पहाड, पहरा, झरना र स्थानीय गाउँघरलाई परिवेशका रूपमा प्रस्तुत गरेका छन् । त्यस्तै उनले आफ्ना गीतमा संस्कृतिसापेक्ष मानसिक वृत्तलाई अवलम्बन गरेका छन् । गीतकार गौतमका गीतहरूमा राष्ट्रिय र स्थानीय परिवेश मात्र नभई अन्तरराष्ट्रिय परिवेशको व्यापकता पनि पाइन्छ । प्रेमी-प्रेमिकाका मनमा उठ्ने विभिन्न मानसिक चिन्तन र कल्पनाको बाहुल्य उनका गीतमा पाइन्छ । उनका गीतमा प्रेमी-प्रेयसीका भावनात्मक चपेटाहरू, सामाजिक, सांस्कृतिक तथा संवेगात्मक वातावरण, ग्रामीण क्षेत्रमा निम्नवर्गीय व्यक्तिले भोग्नुपरेका पीडाहरू परिवेशका रूपमा आएका छन् । यिनका गीतमा साँझ, बिहान, जुनेली रात, अँधेरी रात, हरियाली वर्षा आदि समयगत परिवेशका रूपमा आएका छन् भने हिमाल, पहाड स्थानगत परिवेशका रूपमा आएका छन् । धरती, आकाश, महासागर, समुद्र, चन्द्र, सूर्य आदि प्राकृतिक परिवेशका रूपमा

समेटिएका छन् भने गङ्गा, स्वर्ग, पौराणिक परिवेशका रूपमा चित्रित छन् ।

### ६.१.९ **भाषाशैली**

गीतका सन्दर्भमा भाषा भनेको अभिव्यक्तिको माध्यम नै हो । कुनै पनि गीतकारले भाषा बिना गीत सिर्जना गर्न सक्दैन । भाषा एउटै भए पनि त्यसको प्रयोग गर्ने तरिका भने प्रत्येकको फरक-फरक हुने गर्दछ । त्यही प्रयोग गर्ने तरिका नै शैली हो ।

गीतकार सुशील गौतमले **एक सय एक प्रेमगीतहरू** नामक सङ्ग्रहका गीतहरूमा जनमानसले टपक्क टिप्ने खालका पदपदावलीको प्रयोग नगरी जटिल खालका पदपदावलीको प्रयोग गरेका छन् । उनका गीतमा संस्कृत तत्सम शब्दहरूको बाहुल्य पाइन्छ । नेपाली बोलचालमा त्यति प्रचलनमा नआएका संस्कृत शब्दहरूको प्रयोग पनि उनका कतिपय गीतमा देखिन्छ । उनले गीतमा 'टुप्लुक्क', 'चटक्क', 'पुलुक्क', 'भुतुक्क', 'चसक्क', 'मुसुक्क जस्ता अनुकरणमूलक शब्दको प्रयोग गरेका छन् भने 'विरूप', 'शीत', 'प्रेयसी', 'अविराम', 'धरती', 'सिन्दूर', 'तारा', 'शीतल' जस्ता संस्कृत तत्सम शब्दहरूको प्रयोग पनि गरेका छन् । 'तृष्णा न जीर्णा...' जस्ता संस्कृतका उक्तिहरूको प्रयोग पनि उनका गीतमा भेटिन्छ भने 'नूनबिनाको तिहुन' जस्ता उखान प्रयोग पनि उनका गीतमा पाइन्छ । उनका गीतमा भाषाको व्याकरिणक नियम र काव्यात्मक नियम दुवैको अनुसरण गरिएको छ। कतिपय गीतमा उनले कथ्य भाषाको प्रयोग पनि गरेका छन् । यिनका गीतमा प्रयुक्त कतिपय शब्दको लेखनमा मानकस्तरबाट विचलन पनि देखिन्छ । उनले यस सङ्ग्रहका कतिपय गीतमा हलन्तयुक्त एवम् हलन्त बहिष्कृत भाषिक पङ्क्तिलाई पनि अनुसरण गरेका छन् ।

उनका गीतमा मेरी मायालु, गण्डकीमा भल, नीलो बादल, ढुकुरका जोडी, कुहिराको काग जस्ता पदावलीको प्रयोग प्रशस्त रूपमा देखिन्छ । यसै गरी तद्भव तथा आगन्तुक शब्दका सन्तुलित प्रयोगमा पनि उनी सचेत छन् । उनका गीतहरू ज्यादाजसो प्रणयसँग सम्बन्धित भएकाले माधुर्य गुणयुक्त छन् । उनले गीतहरूको रचना गर्दा प्रश्नात्मक, संवादात्मक, चित्रात्मक, इच्छात्मक शैलीको प्रयोग गरेका छन् जसको उदाहरण निम्नानुसार देखाउन सकिन्छ :

**प्रश्नात्मक अभिव्यक्ति**

एक मुठी जोहो गर्न कति पर गए ?
आइपुग्छु भन्या पनि कति वर्ष भए

'गाइदे न रानी चरी...'

**संवादात्मक अभिव्यक्ति**

नायिका : नछोऊ हात यी मेरा यिनैले लट्ठ पार्लान् है

नछोऊ केश यी काला विषालु सर्प बन्लान् है
नायक : म यस्तै सर्पले टोकी खुसीले मर्न चाहन्छु
म तिम्रै काखमा जीवन विसर्जन गर्न चाहन्छु ।
'मुसारी हात यी तिम्रा...'

**चित्रात्मक अभिव्यक्ति**

सिमसिमे पानी
सप्तरङ्गी इन्द्रेणी
हिमालकी मोहिनी
बादलको देश
'सिमसिमे पानी...'

यसरी गीतकार सुशील गौतमले विभिन्न स्रोतबाट शब्द तथा पदावलीहरू लिई आफ्ना भावनाहरूलाई सबै सामु पोखेका छन् । उनका गीतमा तुकान्तको राम्रो संयोजन छ भने स्थानीय स्तर (दाङ) मा बोलीचालीमा प्रयोग हुने शब्दहरूको प्रयोगले उनका गीतहरू सुललित र सहज बनेका छन् । यिनका कतिपय गीतहरू आधुनिक गीतको ढाँचामा लेखिएका छन् भने गीतमा गेयात्मकता भए पनि कवि व्यक्तित्वको प्रभाव स्पष्ट रूपमा देखिन्छ । उनका गीतहरू उपयुक्त सङ्गीत दिएर गाउन मिल्ने खालका पनि छन् ।

## ६.१.१० निष्कर्ष

**एक सय एक प्रेम गीतहरू** नामक गीतिसङ्ग्रह गीतकार सुशील गौतमका प्रकाशित पुस्तकाकार कृतिका हिसाबले पाँचौं कृति हो । यस गीतिसङ्ग्रहमा २०५८ देखि २०५९ सालसम्म लेखिएका गीतहरू सङ्कलित छन् । यी गीतहरूले गीतकारभित्र रहेको गम्भीर चिन्तक र अध्येताको परिचयदिएका छन् । उनका गीतहरूले तरल, सरल र प्रेमशील हृदयको नूतन परिचय पनि दिएका छन् । हार्दिकता, कारुणिकता, देशप्रेम, प्रकृतिप्रेम, समाज सुधार, आँसु र करुण दृश्य विरहिणी नारीहृदयको छटपटी र दुश्चिन्ता आदिको सजीव चित्रण यस सङ्ग्रहका गीतहरूमा तरङ्गित भएका छन् । यिनका गीतहरू श्रुतिमधुर र मर्मस्पर्शी छन् । यसमा नेपालीहरूको सामाजिक, आर्थिक स्थिति, पहाडी सामाजिक जीवनको नियतिले बन्ने गरेको लाहुरे संस्कृति र त्यसले सिर्जना गरेका कारुणिक कथाव्यथाको सजीव तस्बिर उनका गीतमा प्रस्तुत छ । अनेक विम्ब, प्रतीक र अलङ्कारको सटीक प्रयोग उनका गीतमा पाइन्छन् । तत्सम, तद्भव, आगन्तुक शब्दहरूको सन्तुलित प्रयोग गरेर उनले आफ्ना प्रणयभावहरूलाई अभिव्यक्ति दिएका छन् । उनका कतिपय गीतहरूको उस्तै-उस्तै भावहरूको पुनरावृत्ति पनि देखिन्छ । कतिपय गीतहरू आफैँ बनेका नभई बनाइएका जस्ता पनि छन् । त्यसकारण यिनका

कतिपय गीतहरू सबैले बुझ्न हम्मेहम्मे पर्ने खालका पनि छन् ।

## ६.२ पिरतीका धुनहरू गीतिसङ्ग्रहमा सङ्कलित गीतको विश्लेषण

### ६.२.१ लेखन तथा प्रकाशन

**पिरतीका धुनहरू** गीतकार सुशील गौतमद्वारा २०५९ मकरसङ्क्रान्तिदेखि २०६० फागनु २१ गतेसम्मको अवधिमा रचिएका १०१ वटा गीतहरूको सँगालो हो । सुशील गौतमका प्रकाशित कृतिहरूमध्ये यो गीतिसङ्ग्रह छैटौँ पुस्तकाकार कृति हो । यो गीतिसङ्ग्रह सुशील गौतमको लेखन समाजका सबै वर्गका लागि नौलो व्यञ्जनका साथै चेतना र प्रेरणाको अटल प्रकाशपुञ्ज सिद्ध भइरहोस् भन्ने कामना गर्दै लेखक संघ, दाङले २०६१ सालमा प्रकाशन गरेको देखिन्छ ।

### ६.२.२ सङ्ग्रहको नामकरण

**पिरतीका धुनहरू** गीतिसङ्ग्रहमा सङ्कलित गीतमा अभिव्यक्त वस्तुतथ्यलाई केलाउँदा गीतकारले विशेष गरी माया र प्रेमले बनाएका घाउहरू, प्रेमको अभावमा चर्किएको धर्तीको यथार्थलाई यसको विषयवस्तु बनाएका छन् । उनका गीतमा पहाडी बस्तीहरूको जीवन-संस्कृतिको उद्घाटन, पहाडी विषमतल शैलबस्तीहरूका प्रेमप्रसङ्ग र पर्वतीय झरनाहरूको उद्घाटन पाइन्छ । जीवन सञ्चालनका क्रममा कहिले पहाड, कहिले तराई, कहिले मुगलान र कहिले स्वदेश बस्दाका प्रेमलीलाहरू शारदीय घामझैँ सुखात्मक भएको भाव उनका गीतमा पाइन्छ ।

प्रेम एउटा अमूल्य वस्तु हो, प्रेमबिना सृष्टि पनि चल्न सक्तैन, मानिसको दुःख र सुखलाई भुलाउने साधन नै पिरती हो भन्ने मान्यता राख्ने गौतमले यस गीतिसङ्ग्रहका गीतहरूमा ग्रामीण क्षेत्रमा बसोबास गर्दै आएका निम्नवर्गीय परिवारको यथार्थताको उद्घाटन गरेका छन् । अधिकांश नेपालीहरूले आफ्ना प्रणयसङ्गिनीहरूलाई बुकुरा र छाप्रामा छोडेर पिरतीको कोसेली बोकी द्रवित हृदयका साथ कामको खोजीमा मुगलान पसेको, परदेशमा आफूले भागेको दुःखलाई सङ्गिनीको मायाले भुलाएको, उता सङ्गिनी पनि सङ्गीको सम्झनामा आँसुको भेल बगाउँदै कुटो-कोदालो गरेर मिलनको प्रतीक्षामा बसेको जस्ता प्रीतिसन्दर्भहरूलाई समेट्दै जीवनमा पिरती नै सबैभन्दा मूल्यवान् वस्तु हो जसले दुःख र पीडालाई भुलाउने गर्दछ भन्ने यथार्थलाई गीतकार गौतमले प्रस्तुत सङ्ग्रहका गीतहरूको रचना गरेका छन् । त्यसैले यस सङ्ग्रहको नाम **पिरतीका धुनहरू** राख्न रुचाएको देखिन्छ र यो नामकरणका दृष्टिले सार्थक पनि छ ।

### ६.२.३ शीर्षकचयन

सुशील गौतमद्वारा रचित **पिरतीका धुनहरू** गीतिसङ्ग्रहमा १०१ वटा गीतहरू सङ्कलित छन् । गीतकारका चेतनामा पैदा भएका नेपाली सामाजिक, सांस्कृतिक जीवनका अनुभव यहाँ गीतका माध्यमबाट अभिव्यक्त भएका छन् । उनका गीतमा विषयगत विविधताभन्दा पनि नेपाली समाज, संस्कृति र परम्पराको समुद्घाटन पाइन्छ । सामाजिक दुःख, सुख एवम् प्रणयलाई समेटेर नै उनका गीतहरू रचिएको देखिन्छ । कुनै पनि गीत शीर्षकको अभावमा अपुरो हुने गर्दछ । शीर्षकले गीतको मुख्य भावलाई सङ्केत गर्ने गर्दछ । कुनै पनि गीतकारले गीतको शीर्षक राख्दा गीतको केन्द्रीय भाव सुरुका पङ्क्ति, स्थायी पङ्क्ति, अन्तिम पङ्क्ति आदिबाट लिने गर्दछ । यस आधारमा हेर्दा गीतकार गौतमले गीतका सुरुका पङ्क्तिलाई नै गीतको शीर्षकको रूपमा छनोट गरेको देखिन्छ ।

### ६.२.४ विषयवस्तु

गीतमा मूलतः भाषाका माध्यमबाट एउटा निमेष भाव प्रकट हुन्छ । यो हृदयमा अवस्थित मानसिक सत्यको अभिव्यक्ति हो । विषयवस्तुको प्रयोगका दृष्टिले भाव सर्वदेशीय र सर्वकालिक हुन्छ । गीतकार गौतमले गीतको केन्द्रीय भावलाई मर्मस्पर्शी बनाउन शृङ्गारिकता, राष्ट्रप्रेम आदिलाई केन्द्रीय भावका रूपमा प्रस्तुत गरेका छन् भने केही मात्रामा प्रकृतिचित्रण सामाजिकता,निराशा आदिलाई पनि समेटेका छन् । यस्ता विविध विषयवस्तुलाई साङ्गीतिक लयमा संयोजन गरेर सुशीलका गीतहरू प्रस्तुत भएका छन् । त्यसैले गीतकार सुशील गौतमका **पिरतीका धुनहरू** नामक गीतिसङ्ग्रहभित्रका गीतहरूमा समेटिएका विभिन्न पक्षलाई विषयवस्तुका दृष्टिले प्रणय, सामाजिकता, राष्ट्रप्रेम, प्रकृतिचित्रण यथार्थता आदिमा विभक्त देखिन्छन् र यिनै विषयवस्तुका आधारमा सुशीलका गीतहरूको छुट्टाछुट्टै सङ्क्षिप्त विवेचना गर्ने प्रयास तलका उपशीर्षकहरूमा गरिएको छ ।

#### (१) पिरती वा प्रणय

गीतकार सुशील गौतमका सम्पूर्ण गीतहरूमा प्रणय प्रेम (प्रणयतत्त्व) रहेको छ । प्रणयतत्त्वभित्र हुने संयोगान्त र वियोगान्त दुवै पक्षको उपस्थिति यिनका गीतमा प्राप्त गर्न सकिन्छ । उनका गीतमा पोखिएका प्रणयभावलाई प्रेमको स्थितिको आधारमा निम्नानुसार वर्गीकरण गरेर प्रस्तुत गर्न सकिन्छ :

**क) वयः सन्धिका स्फुट-अस्फुट प्रणय भाव**

गीतकार गौतमका गीतहरूले किशोर वयका प्रेमोत्सुक मनका कुत्कुतीहरूलाई समेटेका छन् । वयः सन्धिका किशोर किशोरीहरूका मनभित्र उब्जने विभिन्न किसिमका मनोभावनाहरूलाई उनले आफ्ना गीतमार्फत स्पष्ट पारेका छन् । युवा अवस्थामा कसैले पनि एक्लोपनको अनुभव गर्दैन । त्यसबेला उसले सबथोक पाएको महसुस गर्दछ । जिन्दगीका निकै अर्थपूर्ण कुराहरू उसले पाएको महसुस गर्दछ । वयःसन्धिका किशोर-किशोरीहरूको यस्तो प्राप्तिलाई गीतकारले यसरी परिभाषित गरेका छन् :

किन किन केशहरू जिस्किए झैँ लाग्छ !
ओठबाट थोरै हाँसो फुस्किए झैँ लाग्छ !
यो जिउको डाल पनि कति लोभ लाग्ने ?
छाया पनि यति राम्रो छुन मन लाग्ने ।

'मैलाई नै पछ्याउँछ'

गीतकार गौतमले प्रेमको प्रथम क्षणको मृदुल अनुभूतिको संस्मरणलाई पनि आफ्ना गीतमा प्रस्तुत गरेका छन् । यदि मनमा कसैप्रति प्रेम भावना जागृत भयो भने त्यसबेला प्रेमीको बोली र हाँसो पाएमा उसैको छाया र माया बनेर छम्किँदै नाच्ने वयःसन्धिका अनुभूतिलाई यसरी उत्तमपुरुष उक्तिपद्धतिमा यसरी अभिव्यक्त गरेका छन् :

हाँसिदिए मात्रै पनि आरु सेतै फुल्छ
बोलिदिए पोल्ने मन केही शान्त हुन्छ
तिमीसँग छाया बनी सधैँभरि बाँचूँ
तिम्रै निम्ति माया बनी छम्किएर नाचुँ

'सलाई काँटी छाँटी छाँटी'

युवा-हृदयमा अनायासै धड्कन बढ्छ ओँठहरू सधैं हाँस्नमात्र खोजिरहन्छन् । त्यो उमेरमा जता हेऱ्यो उतै राम्रो लाग्दछ । सपनामा पनि कसैले बोलाएजस्तो लाग्छ भने मन अत्यन्त चञ्चल हुने हुनाले पाउ कतै स्थिर हुँदैनन् । कसैले राम्रो कुरा भने पनि नराम्रो नै लाग्ने गर्छ । आफ्ना प्रिय साथीबाहेक अरू कसैलाई पनि भेट्ने चाहना पनि हुँदैन । नयाँ जीवनको सुरुवात गर्न आफूभित्रका यौनका चाहना मेटाउने चाहना पनि हुन्छन् । यदि प्रिय पात्रसँग भेटघाट हुन नसकेमा आफ्नो पिरतीको लाश पोल्ने घाट भेटिन सक्छ भन्दै घुर्कीसमेत देखाउन पछि नपर्ने प्रेमीका भावनालाई गीतकार सुशीलले आफ्ना गीतमा यसरी बताएका छन् :

सिर्जनाको गीत लेख्न झट्टै तिमी आऊ !
तिर्सना यो निभाउन सुधा लिई आऊ !

हैन भने सिर्जनाको पाठ मेटिनेछ !
पिरतीको लाश पोल्ने घाट भेटिनेछ !

'कर्कलाको पातबाट'

यस्तै वयः सन्धिका आलाकाँचा प्रणयभावलाई व्यक्त गरेर लेखिएका अन्य गीतहरूमा 'आँखा तरी मलाई...', 'कसले पोख्यो', 'काँचो काठ बाल्न खोज्दा', 'यौटा कुरा सोध्छु', 'अँगालोमा बाँध', 'हिमालमा चाँदी मात्रै' आदि पर्दछन् । 'आँखा तरी मलाई' बोलको गीतमा माया खोज्न थालेको प्रेमीलाई आफैं नै अगाडि भएको आफू नै प्रेमको पुजारी भएको र अनुरक्त ओँठमा एक चुम्बन मागेको भाव व्यक्त छ । 'अछिन्न प्रीत चाहियो' बोलको गीतमा यौवनले उन्मत्त भएकी युवतीलाई देखेर सबैले आँखा गाडेकोले उनले ओत लाग्ने ठाउँ र प्यास मेट्ने सुधा खोजेको कुरा प्रस्तुत छ भने प्रेमरसले भरिपूर्ण भएकी युवतीले आफू सागरको तीरमा भएकोले छालले मात्र नहानी प्रेमरूपी समुद्र खन्याएर अनन्तमै पुऱ्याउन आग्रह गरेको भाव व्यक्त भएको छ । 'कसले पोख्यो' शीर्षकको गीतमा वसन्तको रापसँगै बैंसले भरिपूर्ण भएकी युवतीले जुही र चमेलीको सुवाससँगै आफ्नो मन झुलेको कुरा व्यक्त छ । यसमा कसैप्रति प्रेमको आँकुरा हाल्यो भने र यौवनको मात चढ्यो भने कोइलीले के भो ? भन्दा पनि लाज लाग्ने र लाज लागे पनि भित्रभित्रै अर्कै मजा आउँछ भन्ने कुरालाई यसरी देखाउने जमर्को गरेका छन् :

कोइलीले के भो ? भन्दा किन लाज लाग्छ ?
लाज लागे पनि भित्र अर्कै मजा लाग्छ !
आँखा भए यताउता हेर्न निम्ति प्यासा
कलाई सोधूँ किन यस्तो हुँदैछ तमासा ?

'कसले पोख्यो ?'

त्यस्तै 'यौटा कुरा सोध्छु', 'खुसी मुस्कुरायो' गीतमा बैंसले उन्मत्त भएकी युवतीले आफ्नो प्रेमीलाई अँध्यारोमा जून बनी आउन भनेको चित्र र उनका मनभित्र उब्जिएका विभिन्न किसिमका मनोदशाको चित्रण गरिएको छ । 'अँगालोमा बाँध' शीर्षकको गीतमा शीर्षक र भावका बीच अभिधात्मक सम्बन्ध देखिन्छ । यौवनको मात लागेर बौलाही जस्तै भएकी युवतीले आफ्नो प्रेमीलाई हात र बैंसको भारी थामी अँगालोमा बाँध्न आग्रह गरेको कुरा प्रस्तुत छ ।

**ख) संयोग शृङ्गार**

गीतकार सुशील गौतमले आफ्ना गीतहरूमा संयोग शृङ्गारलाई पनि अभिव्यक्ति दिएका छन् । यिनले संयोग शृङ्गारको प्रयोग गर्दा प्रेमी र प्रेमिकाको मिलनको अपेक्षामा एकसाथ रहँदा

अनुभूत हुने नित्य नवीन एवम् रुचिकर अनुभूतिलाई अँगालेर त्याग र बलिदानको भावनालाई व्यक्त गरेका छन् । संयोग शृङ्गारको स्थितिमा प्रेमी-प्रेमिका अगाध प्रेममा एकआपसमा यति अभिनन भाव राख्छन् कि मृत्युले पनि उनीहरूलाई छुटाउन सक्दैन भन्ने ठान्छन् । वास्तवमा यस्ता अनुभूतिहरू निश्छल र निष्कपट प्रेममा मात्र सँगालिन्छन् । प्रेमलाई नै सबथोक मानी प्रेमबिना सृष्टि चल्न नसकेको कुरा गीतकार गौतमका गीतहरूमा अभिव्यक्त छन् । प्रेमी र प्रेमिकाको संयोगमा सूर्यले सुहाग र हावाले सुहागको पराग बोकेर ल्याएको भाव यिनका गीतहरूमा पाइन्छ । यसको एउटा उदाहरण यसरी प्रस्तुत गर्न सकिन्छ :

बिहान सूर्य हर्षले
सुहाग ली उदाउँछ
हवा सधैँ सुहागको
पराग बोकी धाउँछ ।

'नभाग साथमा बसौँ'

माया-प्रेममा अल्झेका व्यक्तिहरूको मनभित्र उम्लिरहेका विभिन्न मनोवेगहरूलाई गीतकार गौतमले आफ्ना गीतमा स्पष्ट पार्न खोजेको देखिन्छ । आफ्नो सामु प्रेमिका नआए पनि जबसम्म नभमा चन्द्र र सूर्य रहन्छन् तबसम्म उनलाई नै पर्खेर बस्ने जस्ता भावहरू पनि यिनका गीतमा पाइन्छ । मायालुका मिलनका अधिकांश प्रलापहरू प्रायः एकअर्काप्रतिको प्रशंसाका वासनाहरूले सुवासित भएका हुन्छन् । प्रेमी-प्रेमिकाले एक-अर्कालाई विभिन्न उपमा दिएर बोलाउने गर्दछन् । गीतकार गौतमले आफ्ना गीतहरूमा आफ्नी प्रेमिलाई फूल, जूनकी सुषमा, उज्याली कविता भनी सम्बोधन गरेर नवैलिने खुसीहरू दिई अँगालोमा सधैँभरि बाँध्ने कुरा प्रस्तुत गरेका छन् । गीतकार गौतमका संयोग शृङ्गार यसरी अभिव्यक्त भएको छ :

सपनामै भाग्न खोजेँ उसले तानिहाल्यो
अँगालोमै लडेँ म त ! उसले काखा हाल्यो
म त मरेँ हरे ! दैव ! मर्नुसम्म मरेँ
म त उसको पाशोभित्र पर्नुसम्म परेँ

'हैन किन यस्तो आफैँ'

यस उदाहरणमा गीतकारले 'ऊ' अर्थात् प्रेमीले तान्नु, अँगालोमा लड्नु उसले काख हाल्नु र काख हाल्दा मर्नुसम्म मरेँ भन्दै लाज मान्नुजस्तो सन्दर्भलाई समेट्दै संयोग अथवा मिलनको क्षणलाई देखाएका छन् । संयोग शृङ्गारमा नायक-नायिका साथमा रहेको अवस्थाको स्थितिको चित्रण गरिएको हुन्छ । माथिको उदाहरणमा नायक-नायिका अँगालोमा बाँधिएको देखाइएको छ । यस्तै संयोग शृङ्गारलाई समेटेर रचना गरिएको अन्य गीतहरूमा 'नभाग साथमा बसौँ', 'न ब्युँझेका भए', 'पञ्चमीका चन्द्रमाको', 'नील कण्टे दायाँ उडे', 'हैन किन यस्तो आफैँ', 'खुसी मुस्कुरायो', 'छाँगाबाट पानीसँगै', 'लौ छुमुछुमु नाचिदे भन', 'सलाई काँटी

छाँटीछाँटी' आदि गीतहरू पर्दछन् ।

'नभाग साथमा बसौँ' शीर्षकको गीतमा प्रेमी र प्रेमिकाको मिलनपछि प्रेमीले हरेक पल अमूल्य भएकोले उनलाई सँगै बसी झुमेर प्रेममा डुब्न र रमेर साथमा नाच्न आग्रह गरेका छन् । 'न ब्युँझेका भए' बोलको गीतमा आफ्नी प्रेमिकालाई सम्झाएको सन्दर्भ छ भने अर्कोतिर धैर्यलाई सँभालेर पर्खिए प्रेम फुल्ने र प्रेमका दिव्य सिर्जना घन्किने भाव व्यक्त छ । 'पञ्चमीका चन्द्रमाको' गीतमा गीतकार गौतमले प्रेमिकाको सौन्दर्यको वर्णन गर्दै उनको हृदयमा प्यार जगाइदिने हो कि ? भनी प्रश्न गरेको भाव सन्दर्भ छ । यसलाई उनले यसरी प्रकट गरेका छन् :

शीतले नै रसिला छन् अधर ती तिम्रा !
इन्द्रेणीले रङ्गिएका दुवै ओठ तिम्रा
अधरका केस्राहरू सुस्त चलाइदिउँ कि ?
न ब्युँझेने हृदयमा प्यार जगाइदिउँ कि ?

'पञ्चमीका चन्द्रमाको'

'लौ छुमुछुमु नाचिदे मन' शीर्षकको गीतमा आफ्नो प्रेमी आएपछि प्रेमिकाले आफ्ना सहेलीहरूलाई नबोलाउन आग्रह गर्दै बल्लतल्ल जुरेको मिलनले भोक-प्यास सबै हराएको र अँगालोमा जुरुक्कै उचालेको चित्र छ । 'सलाई काँटी छाँटीछाँटी' भन्ने गीतमा प्रेमी र प्रेमिकाले सधैँभरि एकअर्कासँग नछुट्टिएर बस्ने र मायाले नै धर्ती फुलाउन खोजेको भाव प्रस्तुत छ । यसको उदाहरणको रूपमा तलको गीतांशलाई लिन सकिन्छ :

गुलामीका निम्ति कैल्यै नपरोस् छुट्टिन !
चिसो पानी, अन्न आफ्नै नपरोस् भुट्टिन !
मायाले नै फुलोस् फलोस् सधैँ हाम्रो धर्ती !
यौटै कुरा भए पुग्छ त्यो हाम्रो पिर्ती ।

'सलाई काँटी छाँटीछाँटी' (७५)

प्रेमी हृदयले प्रियाको अनुपस्थितिमा रहेका हरेक कुरालाई निरस देख्छ भन्ने भाव पनि यिनका गीतमा पाइन्छ । प्रेममा प्रेमी-प्रेमिका जुनसुकै समयमा पनि निकट भएर बस्न चाहन्छन् । यौवनलाई समालिदिने प्रत्येक प्रेमीको रहर हो भन्ने बुझेका गीतकार गौतमले शब्दका माध्यमले प्रेमहृदयको वह यसरी पोख्छन् :

म हुँ लता सुकोमला
मलाई आड चाहियो
म फुल्न सक्दछु छिट्टै
नयाँ बहार चाहियो

'अछिन्न प्रीत चाहियो'

प्रेमी-प्रेमिकाहरू बिछोडपछिको मिलनमा अत्यन्त हर्षित हुने गर्दछन् । त्यसबेला उनीहरूमा हाँसोभन्दा खुसीको आँसु नै बढी आउने गर्दछ । 'नयनका सागरमा' बोलको गीतमा गीतकारले प्रेम गाँस्नेहरूलाई आफ्नो प्रेम फूलको सुगन्ध जस्तै फैलाउन र मन्द गतिमा हिँडेको पवन जस्तै प्रेम गर्न र आफ्नी प्रेमिकालाई आफ्नै नयनको सागरमा राखी कहिल्यै नवैलिने खुसी दिन अनुरोध गरेका छन् । गीतकार गौतमका दृष्टिमा प्रेम यस्तो चिज हो जो सुकाएर पनि सुक्दैन जलाएर पनि जल्दैन । बुकी फूल नसुके जस्तै पिरतीको दीप पनि निभ्दैन भन्दै मिलनको समयमा प्रेमी-प्रेमिकाले एकअर्कालाई मायाको परीक्षा लिनभन्दा पिरतीको भिक्षा दिन आग्रह गरेको चित्र 'जुम्ला जिल्ला पाटनमा' शीर्षकको गीतमा पाइन्छ ।

**ग) विप्रलम्भ शृङ्गार**

गीतकार सुशील गौतमले प्रस्तुत सङ्ग्रहमा गीतहरूमा संयोग शृङ्गारका साथै विप्रलम्भ शृङ्गारको पनि प्रयोग गरेका छन् । प्रेमी-प्रेमिकाबीचको बिछोडको समयमा उनीहरूले भोगेका पीडाहरूलाई गौतमले आफ्ना गीतमा प्रस्तुत गरेका छन् । उनले आफ्ना कतिपय गीतमा प्रेमी-प्रेमिकाका कारुणिक स्थितिको चित्र उतारेका छन् । विप्रलम्भ शृङ्गारमा प्रेमी-प्रेमिका अथवा नायक-नायिका एकअर्काबाट बिछोड भएका वा टाढा रहेको अवस्थालाई देखाइएको हुन्छ । प्रियसँगको बिछोडको घडीमा सम्पूर्ण कुरा बेकार हुन्छन् । प्रेम-मिलनका अवस्थामा अपेक्षित रहने प्राकृतिक सौन्दर्य प्रेम-वियोगका अवस्थामा अत्यन्त निरस लाग्दछ । त्यस समयमा एकअर्काले विरहको सुस्केरालाई मेटाउन बिहानीमा शीत बनेर भए पनि आउन आग्रह गर्दछन् । यसै कुरालाई गीतकारले 'यो मनको आसनमा' बोलको गीतमा यसरी देखाएका छन् :

रातभरि मन पोल्छ आगो देखिँदैन
विरहको सुस्केरामा शान्ति भेटिँदैन
दया गरी बिहानीमा शीत बनी आऊ
अलि बेरमा आकाशमा प्रीत बनी छाऊ

'यो मनको आसनमा'

उपर्युक्त उदाहरणमा प्रेमिकाले वियोगको प्रताडनालाई सहन नसकेर बिहानीको शीतको रूप लिएर आउन आग्रह गरेको भाव अभिव्यक्त छ । बिछोडको समयमा एक झल्को पाउन पनि व्याकुल भएकी नारीले जीवनको के भर छ र ! ढिलो भए मर्न पनि सक्छ तर तिमी आयौ भने अमृतरूपी तिम्रो मायाले मर्न दिँदैनथ्यो । यस्तै भाव सन्दर्भलाई समेट्दै गीतकार गौतमले भनेका छन् :

पछुतो नि पर्न सक्छ अब ढिलो गरे
यो ज्यानको केको भर ऐले हो कि भरे
अमृत रै'छ तिम्रो माया यसले मर्न दिन्न
तर, केले होला हाम्रो भेटै जुर्न दिन्न ।

'व्याकुल छु'

यसमा प्रेम नै अमृत भएको भाव व्यक्त छ। आफ्नो मायालु साथमा हुँदा सबै आफ्नो लाग्ने तर मायालु नै नहुँदा सन्तापको पैरो लड्ने, मुटु टुक्रा-टुक्रा हुने र कसैसँग बोल्न मन नलाग्ने भाव 'पूर्वी हावा सर्सरायो' गीतमा व्यक्त छ । प्रेमले मात्तिएर फुरुक्क परेकी नारीले मायाकै लागि जिन्दगी दिने र माया मर्न दिन्न भनेर घुर्की लाए पनि पिरतीको गङ्गामाथि ढुङ्गा फालेकोले पिरती नै घाँटीपासो भएको कुरा 'आफ्नो भने ज्यानै जाने' बोलको गीतमा व्यक्त छ। त्यस्तै 'बौलाही झैँ भएँ' शीर्षकको गीतमा पनि आफ्नी प्यारी मायालुलाई छोडी वल्लो घाट न पल्लो तीर बनाएर जाने निष्ठुरीलाई तिमी नआएमा आफ्नो चोला नै मासिने कुरा प्रस्तुत छ। निश्चल र पवित्र दिलमाथि प्रीतको घाऊ रोपी किन छोडेर गयौ भनी आफ्नो मीतलाई प्रश्न गरेको चित्र उक्त गीतमा यसरी व्यक्त भएको देखिन्छ :

ओभानो यो मन थियो किन रोप्यौ प्रीत ?
घाउ रोपी किन छाडी गयौ मेरा मीत ?

'बौलाही झैँ भएँ'

'भुत्ते खुर्पा' बोलको गीतमा प्रेमको बिरुवा रोपेर गएको प्रेमी नआएपछि आशाको ज्योति निभ्न लागेको र दुःखै-दुःखले जरा गाडेको प्रसङ्ग देखाउँदै त्यो दुःखलाई भुल्न ढुङ्गा माथि भुत्ते खुर्पालाई उदाएझैँ गरी आफ्नो दुःख मेट्न चाहेको भाव समेटिएको छ। 'पिरतीका गीत सुन्दा' शीर्षकको गीतमा आफूलाई छोडी गएको प्रेमी दिन, मास, वर्षसम्म कुर्दा पनि नआएकोले सूर्यलाई बिहानमा नउदाउन र गण्डकीलाई समेत नउर्लन आग्रह गरेको भाव सन्दर्भ व्यक्त छ। 'मिलनको आशै डुब्यो' गीतमा विरहमा छटपटिएकी नारीले माया गरी टाढा जाने कहाँको हो रीत ? भन्दै खुर्सानी आगोमा परे फट्को लाग्छ तर विरहको आगो सल्के मन तड्पिन्छ र ज्यूँदै मार्न खोज्छ भन्ने कुरा प्रस्तुत गरिएको छ।

यस्तै वियोग वा बिछोडका विविध भावहरू बोकेर सुशील गौतमका गीतहरू उपस्थित भएका छन् । उनका गीतमा संयोगको भन्दा वियोगको भाव सन्दर्भ बढी देखिन्छ। मिलनपछि बिछोड र बिछोडपछि मिलन त अवश्य हुन्छ। यो एउटा प्रकृतिको नियम नै हो तर पनि मिलनको आश गरिरहनुपर्छ, एक दिन अवश्य पनि सफल हुन सकिन्छ भन्ने भाव यिनका गीतहरूमा पाइन्छ ।

(२) प्रकृतिचित्रण

नेपालका शैल-शृङ्खलाहरूबाट प्रभावित भई प्रकृतिमै रमेर गीतहरू रचना गर्ने गौतमले आफ्ना गीतमा प्रकृतिका अनुपम दृश्यको सफल चित्र उतारेका छन्। प्रकृति र मानव एकअर्काबाट टाढा रहन सक्तैनन्। प्रकृति र मानवको सहसम्बन्ध देखाएर मानवको सुख र दुःखमा प्रकृतिले नै साथ दिएको हुन्छ भन्ने भाव उनका गीतले पोखेका छन्। बिछोडको समयमा आफूले मात्र होइन, प्रकृतिका अनुपम वरदान वर, पिपल, देउराली, थुम्का, बादल, सल्लाघारी आदिले समेत खोजेको कुरा यिनका गीतमा पाइन्छ। प्रकृतिकै सन्दर्भलाई व्यक्त गर्ने क्रममा यिनले खाराको लेक, देउराली, चौतारी, छाँगाको पानी, कापार, धुधुतेको लेक, गाउँ-बँसी, वनपाखा, ग्रीष्मऋतु, चाँदनी रात, मेघमाला आदिको उल्लेख गरेको देखिन्छ। सुशीलले प्रकृतिको दिव्य रूप चन्द्रमालाई आफ्ना प्रेमको मोहनी (अवतार) रूपलाई शैल पाखामुनि खोज्नका लागि यसरी आग्रह गरेका छन् :

खोजिद्यौ चन्द्रमा प्रेमका मोहनी
लुक्दछन् ती कुनै शैल-पाखामुनि

'आज हो पूर्णिमा'

प्रकृतिले मानिसको खुसीमा खुसी साटेको र दुःखमा दुःख साटेको जस्तो गर्दछ। प्रणय-प्रसङ्गको संयोगावस्थामा प्रकृतिसमेत खुसी हुने कुरालाई गीतकार गौतमले 'खुसी मुस्कुरायो' गीतमा यसरी देखाएका छन् :

सूर्यमुखी सूर्यतिर फर्किएर हाँसी
चन्द्रमाको उज्यालोमा पिरती नै नाची
शीतहरू पात पात इन्द्रेणी स्यूरेका !
पुतलीले छोइदिँदा फूल ब्युँझिएका !

'खुसी मुस्कुरायो'

माथिको गीतांशमा प्रेमी-प्रेमिकाको मिलनको समयमा उनीहरू मात्र होइन चन्द्रमाको उज्यालोमा सूर्यमुखी फूल सूर्यतिर फर्केर हाँसेको, शतिहरू पातपातमा खसेका, पुतलीले छुँदा समेत ओइलाउने फूलहरू ब्युँझिएको भाव छ। मिलनको क्षणमा मानिसमात्र होइन प्रकृति पनि खुसी हुन्छ भन्ने कुरालाई यहाँ गीतकारले स्पष्ट पार्न खोजेका छन्।

त्यस्तै आफ्नो सबैभन्दा प्यारो वस्तु हराउँदा प्रकृतिले लुकाएको आरोप लगाउँदै गौतमले आफ्ना भावहरू यसरी व्यक्त गरेका छन् :

कता खोजूँ कुहिरोले लेकै ढाकिदियो ?
अत्यासको पहिरोले बाटै छेकिदियो।

'किन दुख्छ मेरो मनमा'

प्रकृति र मानवका बीच तादात्म्य देखाउँदै प्रकृतिलाई गीतकारले यसरी लिएका छन् :

छाँगाबाट पानीसँगै फूल खस्यो यौटा
त्यसैलाई पिरतीको मैले सम्झेँ द्यौता

'छाँगाबाट पानीसँगै'

यसै गरी उनले प्रकृतिलाई एउटा प्रेमीको रूपमा उभ्याएर सूर्यसँग सिन्दूर माग्न र जीवनको रहर बोकी नयाँ जीवनको सुरुवात गर्न प्रेमी-प्रेमिकालाई आग्रह गरेको भाव पनि यहाँ पाइन्छ। मिलनको क्षणमा प्रकृतिले बराहको मन्दिरमा घण्टी बजाइदिने र मिलनको फूल बर्साइदिने गरेको पनि अनुभूति पनि गीतकार गौतमले गरेका छन् :

सूर्यलाई ब्युँझाएर थोरै सिन्दुर माग्नू
जीवनको समयमा फूल बर्सिदेलान्

'आज पक्कै आउनू है'

यसरी सुशील गौतमले प्रकृतिका विभिन्न रूपका चित्रण गर्दै मानिसको मिलन, बिछोड, हाँसो, रुवाइ सबैमा प्रकृति पनि एकाकार भएको हुन्छ भन्ने भाव व्यक्त गरेका छन्।

(३) यथार्थता

सुशील गौतमले प्रस्तुत सङ्ग्रहमा सबैजसो गीतमा सामाजिक जनजीवनबाट विषयवस्तुलाई टिपेका देखिन्छन्। समाजमा घटेका घटनाहरूलाई पाठकसामु जस्ताको तस्तै पस्कनु उनको विशेषता हो। उनले आफ्ना गीतहरूमा राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशलाई कार्यपीठिका बनाई नेपालीहरूले भोग्नुपरेका करुण कथालाई यथार्थ रूपमा उतार्ने जमर्को गरेका छन्। ग्रामीण क्षेत्रमा बसोबास गर्ने नेपाली महिलाहरूले भोग्नुपरेका पीडा र प्रेमी साथमा नहुँदा जीवनमा नै आँधी आएको, झुपडीको टुकी नै निभेको यथार्थतालाई उनले आफ्ना गीतमा प्रस्तुत गरेका छन्। पहाडका कुना-कन्दरामा बस्ने नेपालीहरूले बाँच्नका लागि दिनरात गरेको सङ्घर्षलाई 'डाँडापारि घाम हजुर !' शीर्षकको गीतमा यसरी समेटेका छन् :

बाँच्न निम्ति मर्नुपर्ने रातदिन किन ?
मरे पनि बाँचे जस्तै अभिनय किन ?
भित्ता, पाखा खोस्रँदैमा हातभरि ठेला !
ठेलाहरू टट्टाएर रुन्छु सुत्ने बेला !

'डाँडापारि घाम हजुर'

आर्थिक अभावका कारण धनको जोहो गर्न पति परदेश गएको र पत्नीले भित्ता र पाखा खोर्सेर जीवन धानेको यथार्थता यसमा व्यक्त भएको छ। 'सहरमा बत्ती बोल्ने' बोलको गीतमा गीतकारले परदेशमा भन्दा स्वदेशका कुना-कन्दरा नै राम्रा हुन्छन् भन्ने भाव व्यक्त गरेका

छन् । यसमा गीतकारले मुगलान पस्नेहरूको आवाजलाई यसरी टिपेका छन् :

> चौतारीले पर्खंदो हो मिर्मिरे रुँदो हो
> पखेराले आफ्नो व्यथा शीतले धुँदो हो
> दसैं र तिहार सबै टोलाए झैं गर्ने
> यतै अल्झी यिनी दुःख के गरेर हर्ने ?
>
> 'सहरमा बत्ती बाल्ने'

यस गीतांशमा गीतकारले चौतारी, बिहानको मिर्मिरे, दसैं-तिहार सबैले परदेशीहरूलाई नै पर्खेका र प्रतीक्षामा बस्दाबस्दै टोलाएको दृश्य खिचेका छन् । सुशीलले आफ्ना गीतहरूमा वादी समुदायका नारीहरूको जीवनको यथार्थतालाई उद्घाटन गरेका छन् । उनले आफ्ना गीतमार्फत उनीहरूको परिचय यसरी दिएका छन् :

> सधैंभरि भेट हुने लागिरने आस
> यै आसमा झुन्डिएको एक मुठी सास
> यो गाउँमा पुछ्नु पर्ने दिनदिनै स्यूँदो
> डर लाग्छ थाहै हुन्न मरेको या ज्यूँदो
>
> 'घुघुतेको लेकमाथि'

दिनभरिको मेलापात, रात र दिनको भोको पेट लिएर हिँड्ने निम्नवर्गीय परिवारको चित्रण र भोक मेटाउनका लागि आँसु र शोक पिएर बाँच्ने नेपालीहरूको यथार्थतालाई गौतमले आफ्ना गीतमा उतारेको देखिन्छ । 'गुराँसको फूल सुक्यो' बोलको गीतमा सम्पत्तिको नाममा एउटा शरीर र छाप्रो भएको, छाप्रो चिर्कालेे जलाइदिएपछि आफ्नो प्रेमीको नासोलाई गाउँका नरपशु र गिद्धे प्रवृत्तिका व्यक्तिहरूका आँखाबाट जोगाउन गाह्रो भएको आशय व्यक्त छ ।

यसरी सुशील गौतमले गाउँले परिवेशको यथार्थतालाई आफ्ना गीतमार्फत पस्कने प्रयास गरेका छन् । समाजमा विद्यमान विकृति र विसङ्गतिलाई हटाउन यिनका गीतहरूले आग्रह गरेको देखिन्छ ।

(४) सामाजिक तथा सांस्कृतिक चित्रण

सुशील गौतमले आफू बसेको समाजको चित्रलाई पनि आफ्ना गीतहरूमा उतारेका छन् । यिनले सामाजिक र सांस्कृतिक विषयवस्तुलाई नै विषय बनाएर गीतहरूको रचना गरेका त छैनन् तर प्रणयका प्रसङ्गमा नेपालको सामाजिक र सांस्कृतिक चित्रण भने अत्यधिक मात्रामा गरेका छन् । नेपाल कृषिप्रधान देश हो । यहाँका अधिकांश जनताहरू कृषि पेसामै आधारित छन् । गाई-भैंसी पाल्ने, कुटो-कोदालो गर्ने, घाँसपात गर्ने जस्तो ग्रामीण समाजको

चित्र उनका गीतमा खिचिएको पाइन्छ । पसिना पुछ्दै घाँसको भारी बोकेर प्रेमीको प्रतीक्षामा बसेकी नारीको बिलौनालाई गौतमले यसरी देखाएका छन् :

गह्रुँगो छ घाँसको भारी झन् गह्रुँगो माया
पसीना नै आँसु बन्छन् हेर्दै दायाँ-बायाँ

'गह्रुँगो छ'

जीवन नै धान्न मुस्किल परेपछि धनको जोहो गर्न मुगलान पस्नुपर्ने समाजको चित्र र घलेकको फेर फाटेको कुर्कुच्चा छिया-छिया भएको चौबन्दी कुहिनाबाट प्वाल परेको नून पनि किनेर खान नसक्ने नेपाली समाजको करुण दृश्यलाई आफ्ना गीतमा प्रस्तुत गरेका छन् । एक गास खान र एकसरो लगाउन पनि नपाउनेका लागि माया साथमा भएमा जीवन अझै लम्बिन्छ कि भन्ने आशा गरेको प्रसङ्गलाई यसरी चित्रण गरेका छन् :

कुहिनामा प्वाल परी चौबन्दीको हत्ते !
फेर्न फर्काउन पनि भयो अपहत्ते ।
नुन पनि सुन बन्यो केले निल्ने गास ?
यस्तो हुँदासम्म पनि तिम्रै लाग्छ आस ।

गौतमका गीतहरूमा समाज मात्र होइन त्यस समाजको संस्कृति पनि सजीव रूपमा आएको देखिन्छ । उनका गीतमा नेपाली संस्कृति रहनसहनका सन्दर्भहरू पनि सफल रूपमा आएका छन् । हिन्दू धर्मालम्बीहरूको महान् चाड दसैं र तिहारमा द्यौसी र भैलोमा मादल ठोकेर नाच्ने-गाउने परम्परालाई उनले यसरी प्रस्तुत गरेका छन् :

जोरी पारी मादल ठोकी नाच्दछन् फनन
तिहारको द्यौसी, भैलो घन्कन्छ घनन

'ब्याकुल छु'

त्यस्तै उमेर पुगेपछि अर्काको घरमा सिन्दूर हालेर लैजाने हिन्दू संस्कृति पनि उनका गीतमा समेटिएको छ । बैंसले भरिपूर्ण भएकी युवतीको सिउँदोमा सिन्दूर पर्दा गगनसमेत रातै भएको दृश्यलाई गीतकार गौतमले यसरी देखाएका छन् ।

यो बैंसमा लोभलाग्दो जुरेछ लगन !
सिउँदोमा सिन्दुर पर्दा रातै भो गगन !

'खुसी मुस्कुरायो'

यसरी गौतमका गीतहरूमा दुःखी जीवन बिताउनेहरूको समाज, जनजातिहरूको समाज, विवाहमा सिन्दूर, पोते, चुरा लैजानुपर्नेहरूको समाज, राष्ट्रिय चाडपर्व आदिका सांस्कृतिक झलक पाइन्छ । बाह्रकुने मेला, बराहको मन्दिर जस्ता स्थानीय पवित्रस्थलको चित्रण, माघे सङ्क्रान्तिको दिन नयाँ बाटो लिएमा सबै दुःख भाग्छन् भन्ने परम्परागत

विश्वासलाई पनि उनले आफ्ना गीतमा व्यक्त गरेका छन् ।

(५) राष्ट्रप्रेम

सुशील गौतमले सामाजिकता, प्रकृतिचित्रण, यथार्थता, प्रणय जस्ता विषयवस्तुलाई मात्र होइन राष्ट्रप्रेमका प्रखर स्वरहरूलाई पनि अभिव्यक्त गरेको देखिन्छ । राष्ट्रप्रेमका स्वरहरूलाई उजागर गर्ने क्रममा देशबाट परदेशमा धनको जोहो गर्न गएका नेपालीहरूको मनभित्र रहेको मातृभूमिप्रतिको श्रद्धा, भक्तिभाव र प्रेमलाई झल्काएका छन् । बम र बारुदको विस्फोटनले क्षतविक्षत भएको आफ्नो राष्ट्रप्रति चिन्ता व्यक्त गर्दै सिर्जनाका कलिला मुनाहरू नभाँच्न र देशमा दुर्गन्ध, अशान्ति होइन शान्ति र विकासको दिव्य शृङ्गार ल्याउन हामी सबैलाई आग्रह गरेकाछन् । आफ्नो राष्ट्रलाई अरूले आएर सिँगार्दैन । आफैले फुलाउन सक्नुपर्छ, आफ्नै देशका पहाड खनेमा हीरा-मोती पनि उमार्न सकिन्छ भन्दै गीतकार गौतमले अरू राष्ट्रले हाम्रो देशका पानी र ऊर्जाहरू लगेकोमा चिन्ता व्यक्त गर्दै आफ्नो सम्पत्तिको संरक्षण आफैँ गर्न सक्नुपर्छ भन्ने भाव 'अरू आई सिँगार्दैनन्' शीर्षकको गीतमा प्रस्तुत गरेका छन् । यस सन्दर्भलाई उनले गीतमा यसरी पोखेका छन् :

बिहानीमा हिमालले छर्छन् दिव्य-ज्योति
पहाड यी खन्न सके मिल्छन हीरा-मोती
झरनाका गीतसँगै नदीहरू कुद्छन्
हाम्रो पानी, हाम्रो ऊर्जा विदेशीले लग्छन् ।

'अरू आई सिँगार्दैनन्'

यहाँ गीतकारले प्राकृतिक वन-सम्पदाले भरिपूर्ण हाम्रो देश नेपालका सम्पत्तिहरूलाई दिएकोमा चिन्ता व्यक्त गरेका छन् । त्यस्तै पसिना अमूल्य छन्, ती पसिनालाई विदेशमा होइन स्वदेशमै सिञ्चित गर्नुपर्छ, पराईका गोडा धुने होइन आफ्नै मातृभूमिका पाखा-पखेरालाई धुन सक्नुपर्छ भन्ने भाव पनि यिनका गीतमा पाइन्छ । यिनै भावलाई गौतमले आफ्ना गीतमा यसरी प्रस्तुत गरेका छन् :

अमूल्य छन् परिश्रमका पसिनाका धारा
पराईका गोडा धुन जानुहुन्न प्यारा !
हँसाउन सके मात्रै जन्म दिने माटो
लिन्छ बल्ल पिरतीले घमाइलो बाटो

'अरू आई सिँगार्दैनन्'

स्वदेशमा जागिर नपाएपछि अधिकांश नेपालीहरूले अरूको देशमा गएर जीवन गुजारा गरेको देखिन्छ । बिना कुनै मूल्य पसिनाका धारा बगाएर अरूका देशलाई सिञ्चित गर्नु पर्ने नेपालीहरूको विवशतालाई गीतकारले आफ्ना गीतमा उतारेका छन् । धन कमाउन गएको

व्यक्ति बाटो खर्च नै नपुगेर स्वदेश फिर्ता हुन नसकेको कारुणिक चित्रलाई पनि उनले आफ्नो गीतमा झल्काएका छन् । देश नै गरिब भएपछि देश छोडेर परदेशमा जानु परेको बाध्यता र उहाँ पनि सुख नपाएको परिस्थितिलाई 'गरिब यो देश' शीर्षकको गीतमा गौतमले यसरी देखाएका छन् :

गरिब यो देश कठै ! ठाउँ छोड्नुपर्ने
अन्तै पुगी ढुङ्गा फोर्दा घाउ फोर्नु पर्ने

'गरिब यो देश'

त्यस्तै देशप्रेमको भावले भरिएका अन्त्य गीतहरूमा आज हेर यहाँ पनि 'बाकसको झिलिमिली', 'जनमतमा खर्च भयो' जस्ता गीतहरू पर्दछन् । 'बाकसको झिलिमिली' शीर्षकको गीतमा गीतकारले गुलामी र सलामीको कमाइ खान्न भन्दै धनभन्दा इज्जत नै ठूलो भएकोले आफ्नै ठाउँ आफ्नै कित्ता सबैभन्दा प्यारो भएको बताएका छन् । 'जनमतमा खर्च भयो' गीतमा देशका सत्ताधारीहरूले राष्ट्रको रक्षाका खातिर देशको सम्पत्ति बेचेको प्रसङ्गलाई लिएर देशमा बढ्दै गइरहेको हत्या, आतङ्कले धरती मात्र होइन निर्मल जल बग्ने खोलीसमेत रातै पारेको दुःखद्-सन्दर्भलाई प्रस्तुत गरेका छन् ।

(६) विविध

'पिरतीका धुनहरू' मा गीतकार गौतमले युवा पुस्ताको पलायन र द्वन्द्वका स्वरहरूलाई पनि आफ्ना गीतको विषयवस्तु बनाएका छन्। त्यस्तै विरह, व्यथा र आँसुले निकालेका धुनहरू प्रेमातुर चेलीका अन्तरमनका आवाजको प्रस्तुति जस्ता विषय पनि यिनका गीतमा पाइन्छन्। निराशा र कारुणिकता पनि यिनका गीतका विषय बनेर आएका छन्। युवा पुस्ताको पलायन र द्वन्द्वका स्वरहरूलाई विषयवस्तु बनाएर लेखिएका गीतको उदाहरणको रूपमा 'गाउँ रित्ता भए', 'हिजो आज गुन्जिँदैनन्' शीर्षकका गीतलाई लिन सकिन्छ। युवा पुस्ताको पलायन हुँदा हाम्रा गाउँ-पाखाहरू रित्तिएका, संस्कृतिको लोप हुन लागेको कुरालाई उनले कलात्मकताका साथ प्रस्तुत गरेका छन् । उनी भन्दछन् :

पानी रातै बग्छ राजै ! माछाहरू प्यासा
बारुदको बादलमा डुब्छन् सबै आशा ।

'गाउँ रित्ता भए'

युद्धका कारण हाम्रा गाउँबस्तीहरूमा चारैतिर लागेको द्वन्द्वको आगोले नेपाली दाजुभाइका आफन्तहरूको जीवनलाई मृत्युको मुखमा पुग्न बाध्य बनाएको यथार्थ अभिव्यक्ति यिनका गीतमा भेटिन्छ । यिनले विगतका द्वन्द्वको जीवन्त चित्रलाई आफ्ना गीतमा यसरी उतारेका छन् :

मकै रोप्ने पखेरामा आगो दन्किराछ
लासमाथि राज गर्दै माखो भन्किरा'छ

'हिजो आज गुन्जिँदैनन्'

विरह-व्यथा र आँसुले निकालेका धुनहरूलाई विषय बनाएर लेखिएका गीतमा 'विरहको झरी लागे', 'म त सधैँ पौडी खेल्छु', 'किन दुख्छ मेरो मनमा' आदिलाई लिन सकिन्छ । 'विरहको झरी लागे' शीर्षकको गीतमा सम्झनाको दियो बालेर हरेक साँझ मनको मझेरीमा आउने मायालुले फर्केर पनि नहेरेकोले उनको जीवनमा बिहानीको शीत जस्तै आँसु दुबोमा खसेको र रातभरि गहमा सरासित्तै भएको कुरा अभिव्यक्त छ । 'म त सधैँ पौडी खेल्छु' गीतमा निराशाको भाव व्यक्त छ भने 'किन दुख्छ मेरो मनमा' बोलको गीतमा माया र प्रेमले बनाएको घाउ निको नभएको भाव व्यक्त छ। प्रणयका विषयवस्तु भएका गीतहरूमा निराशा र कारुणिकता यत्रतत्र छरिएको भेटिन्छ । विशेष गरी प्रेम गरी छोडेर जाने तर फर्केर नआउने जस्ता वियोगका विषयवस्तु भएका गीतहरूमा निराशा र करुणाका भाव प्रस्तुत भएका देखिन्छन् । बिछोडका बेलामा जीवन र जगत्देखि वाक्क भएर, दिक्क मानेका भावसन्दर्भहरूलाई गीतकारले आफ्ना गीतमा समेटेका छन् भने रातौँ दिनको परिश्रम र थकाइबाट थकित नारीहरूका मनोभावहरूलाई कारुणिक रूपमा गीतकारले उल्लेख गरेका छन् ।

यसरी गीतकार गौतमले 'पिरतीका धुनहरू' का गतिहरूमा जीवन र जगत्का यथार्थतालाई अभिव्यक्त गर्ने चेष्टा गरेका छन् । स्वभावतः गौतमले आफ्ना गीतमा मान्छेका मनमा आउने प्रेम, घृणा, आक्रोश, आशा, निराशा, विरह आदिलाई प्रस्तुत गरेका छन् । शोषित-पीडित वर्गका अन्तरात्माका भावना, राष्ट्र-राष्ट्रियता, स्वदेशको प्रकृति आदिलाई यथाशक्य प्रभावकारी रूपबाट प्रकट गर्ने प्रयास उनले गरेका छन् । उनका रचनाहरू विषयगत दृष्टिले विविधतायुक्त रहेका छन् । उनका गीतले खास गरी निम्न वर्गका जनताले भोग्नुपरेका दुःख, पीडा र वेदनालाई अभिव्यक्त गरेको पाइन्छ ।

### ६.२.५ संरचना

कुनै पनि रचनाको संरचना भन्नाले त्यसको आकार-प्रकार र बनावट भन्ने बुझिन्छ । गीतको सन्दर्भमा संरचना भनेको यसको बनावट वा सङ्गठन हो ।[82] गीत एक सङ्क्षिप्त संरचना हो । यो सङ्क्षिप्त हुने हुनाले छोटो आयामको हुने गर्दछ । गीतकार सुशील गौतमको **पिरतीका धुनहरू** (गीतिसङ्ग्रह) भित्रका गीतहरूको संरचनालाई निम्नानुसार विश्लेषण गर्न सकिन्छ :

82= कृष्णहरि बराल, पूर्ववत्, पृ. १४ ।

(१) **प्रस्तुतीकरण**

गीतकार गौतमले आफ्ना भाव वा विचारहरू प्रस्तुत गर्दा सम्बोधनात्मक प्रस्तुतिलाई आधार बनाएका छन् । उनका गीतहरूमा कथयिताका रूपमा प्रथम पुरुष र सम्बोधित पक्षका रूपमा द्वितीय पुरुष (सजीव) मानवेतर वस्तु, द्वितीय पुरुष निर्जीव वस्तु तथा द्वितीय पुरुष सम्बोधित व्यक्तिको प्रयोग भएको पाइन्छ । उनका केही गीतहरूमा संवादात्मक कथनपद्धति पनि अँगालिएको पाइन्छ ।

**प्रथम पुरुष कथयिता र द्वितीय पुरुष (सजीव) मानवेतर सम्बोधित वस्तु**

ए चरी ! सुस्तरी गीत क्यै गाइदे
छन् जहाँ मीतका साथमा आइदे

'ए चरी सुस्तरी'

यस उदाहरणमा 'मीत' प्रथम पुरुष कथयिताका रूपमा र चरी द्वितीय पुरुष (सजीव) मानवेतर सम्बोधित पक्षका रूपमा आएका छन् ।

**प्रथम पुरुष कथयिता र द्वितीय पुरुष निर्जीव सम्बोधित वस्तु**

मुरली किन बज्दैन ? किन घन्किन्न मादल ?
किन आकाशमा छैनन् बोकेका जल बादल ?

'मुरली किन बज्दैन ?'

यस पद्यांशमा प्रथम पुरुष कथयिता (म) अप्रत्यक्ष रूपमा उपस्थित भएको छ भने द्वितीय पुरुष निर्जीव सम्बोधित पक्षका रूपमा मुरली, मादल, आकाश, जल, बादल आदि आएका छन् ।

**प्रथम पुरुष कथयिता र द्वितीय पुरुष सम्बोधित व्यक्ति**

घाँस काट्दा पखेरोमा तिमी उब्भिदिन्छौ
मकै गोड्दा बारीभरि तिमी सुतिदिन्छौ

'मनै त हो'

यस उदाहरणमा प्रथम पुरुष कथयिता 'म' अप्रत्यक्ष रूपमा उपस्थित भएको छ भने द्वितीय पुरुष सम्बोधित व्यक्तिका रूपमा 'तिमी' लाई लिइएको छ ।

यसरी गीतकार गौतमले प्रथम पुरुष र द्वितीय पुरुषको प्रयोग गरी आफ्ना गीतहरूको रचना गरेका छन् । प्रथम पुरुषका रूपमा 'म' र द्वितीय पुरुषको रूपमा 'तिमी' को प्रयोग गरेका छन् । कतै-कतै प्रथम पुरुष बहुवचन 'हामी' को प्रयोग पनि गरेका छन् । प्रथम पुरुष बहुवचन 'हामी' को प्रयोग गरेर रचना गरिएको गीतको उदाहरणको रूपमा तलका पङ्क्तिलाई

लिन सकिन्छ :

माया गर्दा पैले हामी उड्यौं चङ्गामा
कसो गरी डुबुँ राजै ऐले गङ्गामा

माथिका पङ्क्तिमा प्रथम पुरुष बहुवचन 'हामी' कथयिताका रूपमा प्रस्तुत भएको देखिन्छ ।

त्यस्तै गीतकार गौतमले संवादात्मक कथनपद्धतिलाई अँगालेर पनि गीतको रचना गरेका छन् । संवादात्मक कथनपद्धति अँगाल्दा अप्रत्यक्ष रूपमा प्रस्तुत गरेका छन् । यसको उदाहरण निम्नानुसार देखाउन सकिन्छ :

आज पक्कै आउनू है ! बाह्रकुने मेला !
साँझ सूर्य छँदाछँदै गोधुलीको बेला ।

साँझ किन बोलाउँछौ कर्फ्यू लाग्ने बेला ?
बिहानीमा म आउँला ब्यूँझाउन मेला

'आज पक्कै आउनू है !'

यसरी गीतकार गौतमले उपर्युक्त विभिन्न प्रकारको कथन ढाँचाको प्रयोग गरेर गीत रचना गरेका छन् । यिनलेप्रायः आफ्ना गीतहरूमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रथम र द्वितीय पुरुषको मिश्रित रूपमा प्रयोग गरेका छन् । यिनका गीतमा प्रथम पुरुष 'म' कथयिताका रूपमा र द्वितीय पुरुष 'तिमी' सम्बोधित पक्षका रूपमा उपस्थित भएका छन् ।

(२) **आकार-प्रकार**

गीतकार सुशील गौतमको **पिरतीका धुनहरू** गीतिसङ्ग्रहभित्रका गीतहरूको आकार-प्रकारतर्फ दृष्टि लगाउँदा यिनका गीतहरू सङ्क्षिप्त र आफैंमा पूर्ण देखिन्छन् । उनका गीतमा न्यूनतम तीन शब्दको एक पङ्क्तिदेखि अधिकतम नौ शब्दसम्मको एक पङ्क्ति भएका गीतहरू छन् । उनका गीतहरू न्यूनतम आठ पङ्क्तिदेखि अधिकतम २० पङ्क्तिसम्मका भेटिन्छन् । आठ पङ्क्तिको संरचना भएको उदाहरणका रूपमा 'पीरले प्रेम मर्दैन' गीतलाई लिन सकिन्छ भने २० पङ्क्तिको संरचना भएको गीतको रूपमा 'जननी-प्रार्थना' लाई लिन सकिन्छ । ८ पङ्क्तिमा लेखिएका गीतअन्तर्गत 'शुभकामना', 'नब्युँझेका भए', 'निराशाका व्यथा' आदि पर्दछन् भने २० पङ्क्ति भएका गीतअन्तर्गत 'रिमझिम गर्ने सिमसिमे झरी', 'कसले पोख्यो', 'आँखा हाँस्दा', 'यो मनको आसनमा', 'मायाको यो रोग', 'गह्रुँगो छ', 'कति फाडूँ तीतेपाती', 'दाँते ओखर', 'यौटा कुरा सोध्छु', 'व्याकुल छु', 'बादलुले कति छेक्छस् ? अरू आई सिँगार्दैनन्', 'कसरी मैले सम्झनु', 'पूर्वी हावा सर्सरायो', 'नासपातीका सेतै फूल', 'गाऊँ भन्दा यौटा गीत',

'डाँडापारि घाम हजुर', 'सहरमा बत्ती बल्ने', 'गरिब यो देश', 'जहाँ गए पनि हुने', 'कति बोकूँ सधैँभरि', 'मैलाई नै पछ्याउँछ', 'आज हेर यहाँ पनि', 'निलकण्ठे दायाँ उडे', 'हैन किन यस्तो आफैँ', 'खुसी मुस्कुरायो', 'आफ्नो भने ज्यानै जाने', 'बाकसको झिलिमिली' लगायतका २० वटा गीतहरू पर्दछन् भने १४ पङ्क्ति भएका गीतमा 'ल आऊ है' र 'आगो फुल्ने फूल मायाको यो रोग' दुई वटा मात्र पर्दछन् । १६ पङ्क्तिका २० वटा छन् भने १० पङ्क्ति भएका गीतअन्तर्गत 'आज पक्कै आउनु', 'म कहाँ गएर तिम्रो', 'रोपेर वाण मैले' आदि गीत पर्दछन् । १२ पङ्क्ति भएका गीतअन्तर्गत 'मेरो आफ्नो छैन कोही' बोलको गीत पर्दछ ।

यसरी गीतकार सुशील गौतमका गीतहरूलाई हेर्दा आठ पङ्क्तिका नौ वटा, दस पङ्क्तिका तीन वटा, बाह्र पङ्क्तिको एउटा, १४ पङ्क्तिका तीन वटा, सोह्र पङ्क्तिका २० वटा, बीस पङ्क्तिका एकसट्ठी वटा छन् । यसरी हेर्दा सबैभन्दा धेरै बीस पङ्क्तिका र सबैभन्दा थोरै बाह्र पङ्क्तिका गीतहरू देखिन्छन् ।

### ६.२.६ सङ्गीत/लय र छन्द

सङ्गीत गीतका लागि चाहिने एक अनिवार्य तत्त्व हो । यसको प्रयोग गीतमा आनन्ददायक सङ्गीतको सिर्जना गर्न र कथ्य विषयलाई अझ प्रभावकारी बनाउनको लागि गरिन्छ ।[83] सङ्गीतले शब्दको प्रभावलाई उचाइ प्रदान गर्न र भावलाई गहकिलो बनाउन सहयोग गर्दछ । उनले प्रस्तुत सङ्ग्रहमा प्रयोग गरेका लयबारे निम्नानुसार विश्लेषण गर्न सकिन्छ :

#### (१) लय

लय गीतका लागि अत्यावश्यक तत्त्व हो । यसलाई गीत विश्लेषणको एउटा आधारका रूपमा लिन सकिन्छ । लयका आधारमा गीतलाई विश्लेषण गर्दा एउटै लय व्यवस्थामा आधारित गीत, मिश्रित नियमित लय व्यवस्थामा आधारित गीत र अनियमित वा मुक्त लय व्यवस्थामा आधारित गीत गरी तीन तरिकाबाट गर्ने गरिन्छ । सुशील गौतमका गीतहरूतर्फ दृष्टि दिँदा उनका अधिकांश गीतहरू एउटै नियमित लय व्यवस्थामा आधारित छन् भने कतिपय गीतहरू पनि अनियमित लय व्यवस्थामा आधारित पनि छन् ।

सुशील गौतमले एउटै नियमित लय व्यवस्थामा आधारित गीतहरूको रचना गर्दा वार्णिक छन्दको प्रयोग गरेका छन् भने अनियमित लय व्यवस्थामा आधारित गीतहरूको रचना गर्दा मुक्त लयको प्रयोग गरेका छन् । अनियमित लय व्यवस्थामा अक्षरगत समानता नभएर

---

83= कृष्णहरि बराल, पूर्ववत्, पृ. २४ ।

भावको प्रवाहअनुसार अक्षरको घटीबढी देख्न सकिन्छ ।

(२) छन्द

गीतकार सुशील गौतमको **पिरतीका धुनहरू** गीतिसङ्ग्रहमा सङ्ग्रहित पच्चीस वटा गीतहरू शास्त्रीय छन्दमा संरचित छन् भने छयहत्तर वटा गीतहरू लोकछन्दमा संरचित छन् । **पिरतीका धुनहरू**मा प्रमाणिका, वंशस्थ, शालिनी, अनुष्टुप आदि छन्दको प्रयोग गरेको देखिन्छ भने लोकछन्दमा सवाई छन्दको प्रयोग बढी देखिन्छ । गीतकार गौतमले प्रयोग गरेका केही छन्दका नमुनास्वरूप केही गीतांशहरू तल प्रस्तुत गरिएका छन् :

**प्रमाणिका**

नभाग साथमा बसौँ
रमाइला कुरा गरौँ !
हरेक पल, अमूल्य छन्
झुमेर प्रेममा डुबौँ

'नभाग साथमा बसौँ'

माथिको उदाहरणमा गीतकारले पाँच अक्षरमा विश्राम हुने एक 'ज' गण, एक 'र' गण र अन्त्यमा एउटा ह्रस्व र एउटा दीर्घ हुने प्रमाणिका छन्दको प्रयोग गरेका छन् । यसलाई नगस्वरुपिणी छन्द पनि भनिन्छ ।

**वंशस्थ**

न बर्स है ! आँसु बनी सिरानिमा
न रोउ है ! शीत बनी बिहानिमा
बनेर आशा बरु छाउने गर
मुसुक्क हाँसी अब आउने गर

'न बर्स है !'

उपर्युक्त गीतांशमा प्रत्येक तीन अक्षरपछि अति छोटो विश्राम हुने प्राकृतिक सौन्दर्य वर्णनमा सुहाउने 'ज' गण 'त' गण, 'ज' गण र 'र' गण मिलेर बनेका बाह्र अक्षरको वंशस्थ छन्दको प्रयोग गरेका छन् ।

**शालिनी**

मेरो आफ्नो छैन कोही यहाँ खै !
मेरो भन्ने शब्दको अर्थ व्यर्थै
व्यर्थैमा यो जिन्दगी खेर फालेँ

माया गर्ने चाखमा हाम फालें

'मेरो आफ्नो छैन कोही'

उपर्युक्त उदाहरणमा गीतकारले चार अक्षरमा विश्राम हुने शृङ्गारलगायतका कोमल भावयुक्त रचनामा बढी रुचाउने 'म' गण, दुई 'त' गण र दुईटा दीर्घ हुने एघार अक्षरले बनेको शालिनी छन्दको प्रयोग गरेका छन् ।

**अनुष्टुप्**

आँखामा वेदना हुन्छन् वेदनाभित्र तिर्सना !
तिर्सनाबाट घन्किन्छन् प्रेमका दिव्य सिर्जना !

'न ब्यूँझेका भए'

माथि उल्लेख गरिएको पद्यांशमा आठ अक्षरको एक पाउ हुने चारै पाउमा सबैतिर छैठौँ अक्षर दीर्घ, पाँचौँ अक्षर ह्रस्व हुने, दोस्रो र चौथो पाउको सातौँ अक्षर ह्रस्व र पहिलो र तेस्रो पाउको सातौँ अक्षर दीर्घ हुने अनुष्टुप् छन्दको प्रयोग भएको छ ।

यस्तै गीतकार सुशील गौतमले आफ्ना गीतहरूमा शास्त्रीय छन्दको मात्र प्रयोग नगरेर लोकछन्दको पनि सफल प्रयोग गरेका छन् । विशेष गरी लोकछन्दअन्तर्गत पर्ने सवाई छन्दलाई उनले बढी खेलाएको देखिन्छ । **पिरतीका धुनहरू** नामक गीतिसङ्ग्रहका लोकछन्दमा रचिएका गीतहरू सबैजसो सवाई छन्दमा लेखिएका छन् । कतिपय गीतहरूमा छन्द नमिलेको आभास पनि हुन्छ । कतिपय गीतहरू उनले असारे झ्याउरे र मारुनी गीतको शैलीमा रचेको देखिन्छ ।

**सवाई छन्द**

विशाल त्यो छातीभित्र कोमल थ्यो मन
मन पनि ढुङ्गा जस्तै सारो पाऱ्यौ किन ?
समस्याको भुङ्ग्रोभित्र छटपटी गरी
तिमी पनि रुन्छौ किन म रोए जस्तै गरी ?

'बुझ्ने कोही छैन हजुर !'

यसमा गीतकारले चार पाउको एक श्लोक हुने प्रत्येक पाउ चौध अक्षरले बनेको ४+४+४+२ =१४ अक्षर हुने सवाई छन्दको प्रयोग गरेका छन् ।

**असारे झ्याउरे**

आकाश मस्त, बतास शान्त सिमसिमे झरीमा
यो मन मात्रै छटपटिराख्छ हरेक घडीमा

'रिमझिम गर्ने सिमसिमे झरी'

यस उदाहरणमा ३+२+३+२+३+३ =१६ अक्षरको संरचना हुने असारे झ्याउरे छन्दको

प्रयोग गरेका छन् ।

**मारुनी गीत**

लौ छुमुछुमु नाचिदे मन
गीतले घन्काइ दे गगन
बग्न थाल्यो पिरतीको गङ्गा
नुहाएर क्या भयो मन चङ्गा

'लौ, छुमुछुमु नाचिदे मन'

उपर्युक्त गीतांशमा ४+३+३ =१० अक्षरको संरचना हुने मारुनी गीतको प्रयोग गरेका छन् ।

गीतकार सुशील गौतमले उपर्युक्त सङ्ग्रहका गीतहरूमा आद्यानुप्रास, मध्यानुप्रास, अन्त्यानुप्रास, वृत्यनुप्रास, छेकानुप्रास जस्ता अनुप्रासको आयोजना गरी आफ्ना गीतहरूलार्य बढी लयात्मक एवम् श्रुतिमधुर बनाउने चेष्टा गरेका छन् । प्रस्तुत सङ्ग्रहभित्र प्रयोग गरिएका अनुप्रासका नमुनास्वरूप निम्न लिखित गीतहरूलाई उद्धृत गर्न सकिन्छ :

**आद्यानुप्रास**

अशान्ति छ चारैतिर भन्छन् सबैजना
अशान्ति छ मनैभित्र चस्किने वेदना

'गह्रुँगो छ'

यसमा 'अशान्ति छ' भन्ने शब्द दुवै पङ्क्तिका सुरुमा आएकोले आद्यानुप्रास हुन गएको देखिन्छ ।

**मध्यानुप्रास**

कति फाडूँ तीतेपाती चोट लाग्छ मनमा
कति गरुँ बिलौना म सल्लो जस्तै वनमा

'कति फाडूँ तीतेपाती'

यस उदाहरणमा दुवै पङ्क्तिका मध्य भागमा आएका 'फाडूँ' र 'गरूँ' का बीच मध्यानुप्रास पर्न गएको छ ।

**अन्त्यानुप्रास**

फूलहरू रङ्गीचङ्गी फुल्न थाले ऐले
वसन्तको आगमन ! सुवासना फैले
माहुरीका बथानले फूल घेर्न थाले
लहराले मुसारेर रुख बेर्न थाले ।

'नास्पातीका सेतै फूल'

यस उदाहरणमा सबै पङ्क्तिका अन्त्यमा आएका ऐले, फैले, थाले शब्दका बीच

अन्त्यानुप्रास पर्न गएको देखिन्छ ।

**वृत्त्यनुप्रास**

मर्न परे मरिदिन्छु जाबो जिन्दगानी
तर, माया भर्न दिन्नँ, सुक्न दिन्नँ पानी

'आफ्नो भने ज्यानै जाने'

माथिको तल्लो पङ्क्तिमा 'न' वर्णको धेरै पटक आवृत्ति भएकाले वृत्त्यनुप्रास अलङ्कार बन्न पुगेको देखिन्छ ।

## ६.२.७ अलङ्कार, विम्ब र प्रतीक

अलङ्कार भन्नाले शब्दहरूको आभूषण भन्ने बुझिन्छ । अलङ्कार चमत्कारविशेषको नाम हो । गीतकार गौतमको **पिरतीका धुनहरू** सङ्ग्रहका गीतमा अनेक अलङ्कार र विम्ब-प्रतीकको प्रयोग गरिएको पनि पाइन्छ । उनका गीतमा प्रयुक्त आद्यानुप्रास, मध्यानुप्रास, अन्त्यानुप्रास, वृत्त्यनुप्रास जस्ता शब्दालङ्कारका विषयमा छन्द र लयका प्रसङ्गमा चर्चा गरिएकाले यहाँ अर्थालङ्कारगत वैशिष्ट्यबारे मात्र चर्चा गरिएको छ । गौतमको प्रस्तुत सङ्ग्रहका गीतहरूमा दृष्टि दिँदा विशेष गरी उपमा, रूपक, कारणमाला, विभावना, लोकोक्ति, उत्प्रेक्षा जस्ता अर्थालङ्कारको प्रयोग गरेको देखिन्छ । उनको प्रस्तुत सङ्ग्रहभित्रका गीतमा पाइने अर्थालङ्कारको नमुनाका लागि केही पङ्क्तिहरूलाई यहाँ उद्धृत गरिएको छ ।

**उपमा**

फूल जस्तै फुलेकी छ्यौ न सिङ्रिए पनि
सुगन्धमा डुबेकी छ्यौ न मात्तिए पनि

'पञ्चमीका चन्द्रमाको'

माथिको उदाहरणमा गीतकारकी प्रेमिका उपमेय, फूल उपमान, जस्तै वाचक शब्द र फुलेकी साधारण धर्म आएर उपमा अलङ्कार पर्न गएको छ ।

**रूपक**

सुषमा जूनकी आफै ! उज्याली कविता तिमी !
आऊ यो जिन्दगीभित्र हाँसिद्यौ रमिता बनी

'न व्युँझेका भए'

यसमा तिमी उपमेयसँग कविता, जून, सुषमा उपमाबीच रूप साम्य तथा कार्यसाम्यका आधारमा उपमेय र उपमानका रूपमा अभेद्य आरोप गरिएकोले यसलाई रूपक अलङ्कारको उदाहरणका रूपमा लिन सकिन्छ ।

**कारणमाला**

वसन्तको रापसँगै रङ्ग चढ्यो वनमा
कस्तो हुनथाल्यो आहा ! मेरो भित्री मनमा
'कसले पोख्यो'

यस उदाहरणमा वसन्त ऋतुको आगमनका कारण वनमा हरियो रङ्ग चढ्ने कार्य देखाइएकाले कारणमाला अलङ्कार हुन गएको छ ।

**विभावना**

वारि पऱ्यो सालघारी पारी पऱ्यो बारी
बीचैबाट उर्लिराछ विरहको बाढी
'हिजोआज गुन्जिँदैनन्'

यसमा वारिपारि सालघारी र बारी भएको तर कुनै कारणबिना बीचबाट विरहको बाढी बढेको देखाइएकाले विभावना अलङ्कार पर्न गएको छ ।

**असङ्गति**

छातीभित्र किन रोप्यौ प्रीतको सुइरो
सूर्यलाई ढाकिदिन्छ शङ्काको कुहिरो

माथिको गीतांशमा छातीभित्र प्रीतको सुइरो रोप्दा सूर्यलाई शङ्काको कुहिरोले ढाकेको दृश्य देखाइएकोले असङ्गति अलङ्कार पर्न गएको छ ।

सुशील गौतमले आफ्ना गीतको शैली र प्रस्तुतिलाई कलात्मक बनाउन विम्ब र प्रतीकको समुचित रूपमा प्रयोग गरेको देखिन्छ । यस सङ्ग्रहका गीतमा गौतमले विभिन्न स्रोतबाट विम्बहरू टिपेको पाइन्छ । उनले विशेष गरी सामाजिक जनजीवन, प्राकृतिक जगत्, प्राणी जगत्, सांस्कृतिक तथा वनस्पतिजगत् आदिबाट विम्बहरू लिएको देखिन्छ । सूर्य, चन्द्र, फूल, बादल, समुद्र, सगरमाथा, तुसारो, गुफा, माछापुच्छ्रे आदि प्राकृतिक जगत्का विम्ब हुन् । त्यस्तै पानी, परिश्रम, हिउँद, लास, झुपडी आदि परमपरित विम्बका रूपमा आएका छन् । मादल, खैँजडी आदि सांस्कृतिक विम्बका रूपमा प्रयोग भएका छन् ।

सुशील गौतमले आफ्ना गीतहरूमा विभिन्न प्रतीकहरूको पनि प्रयोग गरेका छन् । उनले प्रतीकको प्रयोग गर्दा एउटै प्रतीकलाई विभिन्न गीतमा विभिन्न अर्थमा प्रयोग गरेको देखिन्छ । उदाहरणका रूपमा उनले फूललाई मुस्कान, सुन्दरता, कौमार्य, नारी आदिको प्रतीकका रूपमा प्रयोग गरेका छन् भने नासोलाई यौवनको प्रतीक, जूनलाई सुन्दरी नारीको प्रतीक, नदीलाई प्रेमको वहको प्रतीक, वर्षालाई बिछोडको प्रतीक, नास्पातीका सेता फूललाई नारीकोसुन्दरताको प्रतीकका रूपमा लिएका छन् ।

त्यस्तै गीतकार गौतमले पौराणिक मिथकबाट, प्राकृतिक जगत्बाट, धार्मिक जगत्बाट,

परम्परित स्रोतबाट प्रतीकहरू लिएका छन् । जीवन-जगत्को सजीव चित्र उतार्न र गीतलाई कलात्मक उचाइमा पुऱ्याउनका लागि गीतकार गौतमले विम्ब र प्रतीकको सफल संयोजन गरेको देखिन्छ ।

### ६.२.८ भाषाशैली

गीतकार सुशील गौतमले आफ्ना गीतहरूमा प्रयोग गरेको भाषाशैली आलङ्कारिक देखिन्छ । आफ्ना रचनामा सहज, सरल र स्वभाविक भाषाको प्रयोग गर्नु उनको विशेषता नै हो । यिनका गीतमा तत्सम, तद्भव, अनुकरणात्मक र आगन्तुक शब्दको प्रयोग भएको देखिन्छ । यिनका गीतमा 'भेल', 'जिन्दगी', 'याद', 'हावा', 'सुहाग', 'गुलामी', 'इज्जत', 'मस्तूल जस्ता आगन्तुक शब्द, 'सिन्दूर', 'सूर्यमुखी', 'वेदना', 'कण्टक' जस्ता तत्सम शब्द, 'भुसुक्क', 'सुटुक्क', 'तरक्क', 'फरक्क' जस्ता अनुकरणमूलक शब्दहरूको प्रयोग पाइन्छ । 'हाड', 'पहाड', 'काँडा', 'जून', 'घाम', 'रात', 'साँझ', 'सिउँदो', 'नासो', 'परेली' जस्ता तद्भव शब्दहरूको पनि सफल संयोजन उनका गीतमा देखिन्छ । त्यस्तै उनले 'मीत', 'बह', 'पखेरा', 'टुकी', 'मुसुमुसु', 'परेली', 'सिरानी' जस्ता नेपाली शब्दहरूको प्रयोग पनि समुचित रूपमा गरेका छन् । यिनका गीतमा कतिपय ठाउँमा पयोधरा जस्ता अप्रचलित संस्कृत शब्दहरूको पनि प्रयोग गरेको देखिन्छ । यस्ता विभिन्न स्रोतबाट शब्दहरू लिएर गीतकार गौतमले आफ्ना रचनाको भाषाशैलीलाई सुन्दर र सहज बनाएका छन् ।

सुशीलले मानक नेपाली भाषाका साथै बोलचालका शब्दहरूको प्रयोग पनि आफ्ना गीतहरूमा गरेका छन् । जस्तै : कहियै– कैल्यै, हावा– हवा जस्ता कथ्य स्तरमा प्रयोग हुने शब्दको प्रयोग देखिन्छ । यस्ता शब्दहरूको प्रयोगले यिनका गीतहरू अझ बढी लयात्मक, सरस र मिठासयुक्त बनेका छन् । गौतमले गीतलाई मिलाउन र सङ्गीतको सृष्टि गर्नका लागि कतिपय ठाउँमा उनले लेख्य मानक स्तरमा विचलन पनि देखाएका छन् । जस्तै : तिमी– तिमि, मस्तुल– मस्तूल ।

गौतमले आफ्ना गीतहरूमा काव्यात्मक विराम चिह्न र व्याकरणिक विराम चिह्नको सफल प्रयोग गरेका छन् । यिनका गीतमा रातो माटो चिप्लो बाटो, वल्लो घाट न पल्लो तीर जस्ता उखान-टुक्का र कर्कलाको पात, तात्तिएको हावा जस्ता पदावलीको प्रयोग पनि देखिन्छ । यिनले गीतहरू प्रस्तुत गर्दा धेरैजसो ठाउँमा प्रश्नात्मक शैलीको प्रयोग गरेका छन् । जसको उदाहरणको रूपमा तलका पङ्क्तिहरूलाई लिन सकिन्छ :

कसरी झिकूँ गडेको तीर झिकेर के हुन्छ ?
कसरी सारूँ त्यो ठूलो ढुङ्गा सारेर के हुन्छ ?
'कसरी मैले सम्झनु'

त्यस्तै कतिपय गीतहरूमा उनले संवादात्मक शैलीको पनि प्रयोग गरेका छन् । जसको

उदाहरणको रूपमा 'आज पक्कै आउनु है !' बोलको गीतलाई लिन सकिन्छ । गौतमका पहिलो सङ्ग्रहका गीतहरूभन्दा यस सङ्ग्रहका गीतमा भाषाशैलीमा केही परिष्कृति परिमार्जन देखिन्छ । यिनले यस सङ्ग्रहका गीतमा विशेष गरी शास्त्रीय छन्द र लोक छन्दलाई लिएर गीतहरूको सिर्जना गरेकोले पनि ती बढी मर्मस्पर्शी, घतलाग्दा बन्न पुगेका छन् । यिनले आफ्ना निजी अनुभूति र चिन्तनलाई यस सङ्ग्रहका गीतहरूमा भाषिक एवम् शैलीगत कलात्मकताका साथ प्रस्तुत गरेका छन् । त्यसकारण यिनका गीत सरल, सरस र मार्मिक बन्न पुगेका छन् ।

### ६.२.९ निष्कर्ष

**पिरतीका धुनहरू** गीतकार सुशील गौतमको दोस्रो गीतिसङ्ग्रह हो । यसमा २०५९ मकरसङ्क्रान्तिदेखि २०६० फागुन २१ गतेसम्म लेखिएका १०१ वटा गीतहरू सङ्कलित छन् । समसामयिक परिस्थितिका पृष्ठभूमिमा जीवन र जगत्सम्बन्धी विभिन्न पक्षलाई विषयवस्तुका रूपमा समेटेर यिनले यस सङ्ग्रहका गीतहरू प्रस्तुत गरेका छन् । यिनले यौन भावना, राष्ट्रप्रेम, निराशावाद, प्रकृति चित्रण, सामाजिक यथार्थले सजिएका गीतहरू लेखेर नेपाली हृदयलाई छुन प्रयत्न गरेका छन् । यिनले लय, विम्ब, प्रतीक र अलङ्कारको सटीक प्रयोग गरेका छन् भने तत्सम, तद्भव, आगन्तुक, अनुकरणात्मक, झर्रा नेपाली शब्दहरूको प्रशस्त प्रयोग गरेका छन् तर पनि संस्कृत शब्दहरूको बाहुल्य यिनका गीतमा धेरै देखिन्छ । कतिपय ठाउँमा अप्रचलित संस्कृत शब्दहरूको प्रयोग पनि देखिन्छ । यिनका गीतमा विषयवस्तुगत विविधता पाइए पनि पढ्दै जाँदा यिनका सबै गीतको भाव उस्तै-उस्तै लाग्छ । गीतकार एउटै भावमा गतिशील छन् । गौतमले आफ्ना गीतमा प्रश्नात्मक तथा संवादात्मक शैलीको प्रयोग गरेको देखिन्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय धरातलमा टेकेर जीवन्त समाजको सजीव चित्र उतार्न चाहने गौतमले प्रेमशील नारी हृदयको छटपटी, ग्रामीण परिवेशमा बस्ने निम्नवर्गीय परिवारको यथार्थताको उद्घाटन, विकृति र विसङ्गतिप्रति आक्रोश, समाज सुधारको चाहना लगायतका विषयगत परिधिमा रहेर यस सङ्ग्रहका रचना गरेको देखिन्छ । उनका गीत सरल, सरस र मर्मस्पर्शी छन् । मोफसलमै बसेर पनि आफ्नै शैली र आफ्नै रहनसहन, आफ्नै परिवेशलाई उतारेर गीतहरू रचना गर्नसक्नु उनको प्रमुख विशेषता नै मान्नुपर्ने हुन्छ ।

गौतमका गीतहरूमा प्रणयका विषयहरू प्रशस्त रूपमा आएका छन् भने यिनका गीतहरू बढी पाठ्य छन् । गौतमका गीतहरूको कथ्य विषय मूलतः शृङ्गार हो तापनि उनले त्यसकै समानान्तरमा देशप्रेम, प्रकृति, समाज तथा संस्कृतिलाई छोएका छन् । यसरी विविध विषयलाई लिएर लेखिएका प्रस्तुत सङ्ग्रहका गीतमार्फत गौतमले आफूलाई नेपाली गीति साहित्यका समसामयिक युगका एक कुशल गीतकारका रूपमा स्थापित गरेका छन् ।

## ६.३ 'गजल रापती' गजलसङ्ग्रहमा सङ्कलित गजलको विश्लेषण

### ६.३.१ लेखन तथा प्रकाशन

**गजल रापती** गजलकार सुशील गौतमद्वारा २०६३ साल भाद्र ८ गतेदेखि २०६३ पौष ८ गतेसम्म रचना गरिएका १११ वटा गजलहरूको सङ्ग्रह हो। **गजल रापती** उनको सातौँ पुस्तकाकार कृति हो। गोविन्दराज विनोदीबाट २०६३ साल चैत्र २७ गतेका मितिमा 'गजल रापतीमा भावाभिषेक' लेखिएबाट यस कृतिको रचना २०६३ सालमा भइसकेको देखिन्छ। यो गजलसङ्ग्रह लेखक संघ, दाङले गौतमको लेखनी निरन्तर चलिरहोस् भन्ने हार्दिक शुभेच्छा प्रकट गर्दै प्रकाशन गरेको देखिन्छ।

### ६.३.२ सङ्ग्रहको नामकरण

नेपाली साहित्यका विविध विधामा कलम चलाउँदै आएका साहित्यकार सुशील गौतमले समयको मागअनुसार साहित्य सिर्जना गर्नुपर्छ भन्ने मान्यता राख्ने गर्दछन्। यो गजलसङ्ग्रहका गजलमा नेपालको समकालीन अवस्थाप्रति चिन्ता व्यक्त गरिएको छ। राप्ती अञ्चलमा लेखक संघ, दाङले आयोजना गरेको गजल प्रशिक्षण गोष्ठीबाट विशेष प्रभावित भएर गौतमले गजल विधातर्फ कलम चलाउन थालेको देखिन्छ। उक्त प्रशिक्षणबाट गजल रचनातर्फ आकर्षित भएर गजल सिर्जना गर्ने काम सुरु गरेकोले प्रस्तुत सङ्ग्रहको नाम नै उनले **गजल रापती** राख्न रुचाएको देखिन्छ।

### ६.३.३ शीर्षकचयन

शीर्षक त्यस्तो तत्त्व हो जसले कुनै पनि लेख-रचना वा कृति विशेषको समग्र भावलाई एकमुष्ठ रूपमा इङ्गित गरेको हुन्छ।[84] कुनै पनि साहित्यकारले शीर्षक छनोट गर्दा भाव वा विषयवस्तुका आधारमा चयन गर्दछन्। यसरी चयन गरिएका रचनाहरूको शीर्षक र भावका बीच अभिधात्मक र प्रतीकात्मक सम्बन्ध हुने गर्दछ तर गजल शीर्षकहीन हुन्छ। यसमा हरेक शेर स्वतन्त्र हुने भएकाले गजलमा एउटै मात्र भाव वा कथ्यमा समेटिएको हुँदैन। गजललाई कुनै एउटा मात्र शीर्षक दिनु उचित मानिदैन। गजलकार सुशील गौतमले आफ्ना गजलहरूको शीर्षक गजल मात्र नराखेर अनेक विभाग वा प्रकरणमा गजल रापती...१', 'गजल रापती...२' भनी शीर्षकविधान गरेका छन्।

### ६.३.४ विषयवस्तु

84= घनश्याम न्यौपाने 'परिश्रमी', **गजल सौन्दर्य मीमांसा**, (बुटवल : सन शाइन आवासीय उच्च मा.वि., २०६४, ज्येष्ठ), पृ. ३।

कवितामा जस्तै गजलमा पनि भावलाई महत्त्वपूर्ण तत्त्वका रूपमा स्वीकारिन्छ। गजलमा कुनै पनि भाव बाँधिन सक्छ भने भावको प्रभावकारिता अर्को एउटा आवश्यक तत्त्व हो। गजलमा प्रायः शृङ्गारिक भावको प्राधान्य रहन्छ भन्ने मानिए तापनि अहिले आएर गजलमा भावगत विविधताकै प्रचलन रहेको छ। सुशील गौतमका गजलहरूमा प्रणयका साथै अन्य विविध भावहरूलाई पनि समेट्ने प्रयास गरिएको पाइन्छ। विषयवस्तु वा भावका दृष्टिले गौतमको प्रस्तुत सङ्ग्रहमा सङ्कलित गजलहरूलाई निम्नानुसार विश्लेषण गर्न सकिन्छ :

(१) प्रणयभाव

गजलकार सुशील गौतमले प्रस्तुत सङ्ग्रहका गजलमा प्रणयलाई विषयवस्तु बनाएका छन्। यिनका गजलमा शृङ्गारिक भावलाई लिइएको पाइन्छ। शृङ्गारिक भावअन्तर्गत पनि वियोगभन्दा संयोगलाई नै प्रधानता दिएको देखिन्छ। यिनले गजलमा वियोगलाई नगण्य रूपमा मात्र प्रयोग गरेका छन्। गजलकार गौतमले संयोग शृङ्गारलाई आफ्ना गजलमा यसरी प्रयोग गरेका छन् :

कता जान्छिन् भनी हेर्दै पुगँ आफैं बिहानीमा
लजाएभैँ रमाएभैँ वरै सर्दै उनी हाँसिन्

'गजल रापती...८२'

प्रस्तुत अंशमा कथयिता 'म' बिहानीको मिर्मिरेसँगै आफ्नी प्रेमिकालाई खोज्न हिँडेको र लजाएभैँ र रमाएभैँ गरी प्रेमिका प्रेमीको नजिक सरेको सन्दर्भ व्यक्त भएको छ। १५-१६ वर्षका युवायुवतीहरू प्रेमको संसारमा आफूलाई हराउन चाहन्छन्। उनीहरूले एकअर्काको हाँसोलाई प्रेमको ओज सम्भन्छन्। यस कुरालाई गजलकारले यसरी व्यक्त गरेका छन् :

मुस्कुराई तिमी हाँस्यौ र हाँसे यी दिवानिशा
सबै हाँसो मिली निस्क्यो प्रेमको दिव्य ओज यो

'गजल रापती...३

प्रेममा मानिस अन्धो हुन्छ। वयस्क अवस्थाका युवा-युवतीहरूले प्रेमबाहेक अरू केहीको चाहना राख्दैनन् र जस्तोसुकै विघ्नबाधा आइलागे पनि त्यसलाई पन्छाएर जिन्दगीलाई फुलाउन, फलाउन र प्रेमको मस्त हावा डुलाउन चाहन्छन्। गजलकार गौतमले जिन्दगी एउटा कोपिला हो यसलाई फुल्न दिनुपर्छ भन्ने कुरालाई यसरी प्रस्तुत गरेका छन् :

प्रेमको नै मस्त हावा डुल्न देऊ
जिन्दगी यो कोपिला हो, फुल्न देऊ

'गजल रापती...६'

प्रणयको वर्णन गर्ने क्रममा प्रेमीले आफ्नी प्रेमिकासँग गरेका प्रेमका चारु चर्चालाई पनि

उनले समेटेका छन् । प्रेम गर्न नचाहेको प्रेमीलाई प्रेमलीला देखाएर मनलाई नै सुटुक्क चोरेको भाव 'गजल रापती...१५' मा व्यक्त भएको छ । 'गजल रापती...३९' मा प्रेमिकाको प्राप्तिले प्रेमीमा भएको उत्साहको सञ्चारको सजीव चित्र उतारेको पाइन्छ । त्यस्तै 'गजल रापती...५१' मा प्रेमिकाको साक्षात्कारमा प्रेमीमा उत्पन्न उमङ्गका भावहरू व्यक्त छ । 'गजल रापती...८२' मा प्रेम गर्न चाहनेहरूलाई प्रकृतिले समेत साथ दिएको चित्र खिचिएको छ । यसमा प्रेमिकाको रूपमा प्रकृतिलाई उभ्याएर सिमसिमे पानीमा इन्द्रेणीरूपी द्वारबाट प्रकृतिले आफूलाई तान्न खोजेको कुरालाई यसरी व्यक्त गरेका छन् :

परेको सिमसिमे पानी ! खुलेको द्वार इन्द्रेणी !
मलाई तान्न खोजेझैँ कुरो गर्दै उनी हाँसिन्

'गजल रापती... ८२'

प्रेम गरेपछि प्रेमी-प्रेमिकाहरू एकअर्काको समकक्षमा रहन चाहन्छन् । यदि आफ्नो अगाडि नभएमा एकअर्काले आफ्नो प्रिय वस्तुलाई गौरी, हिमाल, चन्द्रमा आदिका रूपमा उपस्थित भएको महसुस गर्दछन् । 'गजल रापती... ८५' मा गजलकारले प्रेमिकाको मायालाई हिमाली रत्नको रूपमा लिँदै उनले मन चोरेकाले आफू नै हराएको कुरालाई यसरी प्रस्तुत गरेका छन् :

कहाँ राखेर राखिन्थ्यो हिमाली रत्नको शोभा ?
हराएझैँ भएँ, मेरो 'म' नै हर्दै उनी आइन्

'गजल रापती... ८५'

त्यस्तै 'गजल रापती... ९२' मा प्रेमीले प्रेमिकासँग गरेको याचनाको वर्णन छ । त्यस्तै 'गजल रापती... ९७' मा वियोग पक्षको चित्रण छ । यसमा गजलकारले मातृवियोग र टुहुरो भई बाँच्नुको पीडाबोधलाई अभिव्यक्त गरेका छन् । आफ्नी आमाको देहावसानपछि मातृवात्सल्यविहीन संसारमा बाँचेकोले जीवनमा निराशाको बादलमात्र रहेको भाव व्यक्त छ । त्यस निराशाको बादललाई छिचोली सुन्दर संसारमा रमाउने बाटोमा लाग्न निराशालाई छिचोल्ने साधना देऊ भन्दै आफ्नी मातासँग गरेको आग्रहलाई यसरी व्यक्त गरेका छन् :

सहेँ धेरै व्यथा आमा ! मलाई सान्त्वना देऊ
निराशाको अँध्यारो यो छिचोल्ने साधना देऊ

'गजल रापती... '

(२) व्यङ्ग्य भाव

साहित्यकार समाजका संवाहक हुन् । उनीहरूको लेखनीको बेजोड शक्तिले समाजमा परिवर्तन ल्याउन सक्छ । साहित्यकारहरूले सरल र व्यङ्ग्यात्मक तरिकाले आफ्ना मनका भावहरू व्यक्त गरेर नयाँ समाजको निर्माणमा उत्तिकै योगदान दिइरहेका हुन्छन् । गजलकार

सुशील गौतमले आफ्ना गजलमार्फत समतामूलक समाजको निर्माण गर्न सचेत नागरिक बनाउन, विकृति र विसङ्गतिलाई हटाउन व्यङ्ग्यको सहारा लिएका छन् । उनले विशेष गरी देशका सत्ताधीन नेताहरू, समाजका ठूला भनाउँदाहरू, भ्रष्ट राजनीतिज्ञहरू, आडम्बरी व्यक्तिहरू आदिलाई व्यङ्ग्यको झटारो हानेका छन् । उनले व्यङ्ग्यात्मक अभिव्यक्तिबाट रसिक पाठकवर्गलाई आनन्दित तुल्याउनुका साथै देशमा बढ्दै गइरहेको हत्या, हिंसा, आतङ्क, अन्याय, अत्याचार, विकृति र विसङ्गतिप्रति घोचपेच गर्दै सुधारको चाहना आफ्ना गजलमा व्यक्त गरेका छन् । उनका व्यङ्ग्यभाव प्रस्तुत भएका गजलहरूमा 'गजल रापती... २', 'गजल रापती... ४', 'गजल रापती... १२', 'गजल रापती... १०', 'गजल रापती... २०', 'गजल रापती... ४०', 'गजल रापती... ९४', 'गजल रापती... १०१' आदि पर्दछन् । 'गजल रापती... २' मा गजलकार गौतमले सशस्त्र युद्धका कारण नेपाली जनताले भोग्नुपरेको पीडा, रोग, भोक, शोक र छटपटीलाई समेट्दै नेताहरूका छद्मभेषी चरित्रलाई यसरी व्यङ्ग्यवाण बर्साएका छन् :

सबै साधु बनी बोक्छन् सुल्फा, चिम्टा, कमण्डलु ।
को भक्षी र अभक्षी हुन् ? नचिन्दै पाउ के परुन् ?

लोकका भाग्य-निर्माता स्वयं घोषित बन्दछन्
यिनका हाँकले मात्रै जनता पेट के भरुन् ?

'गजल रापती... २'

'गजल रापती... ४' मा आफ्नो संस्कृति र परम्परालाई बाईबाई गरी नेपाल आमाका सन्तानहरूले पाश्चात्य संस्कृतिलाई हाईहाई गरेकोमा आपत्ति व्यक्त गर्दै गजलकारले चिन्ता व्यक्त गरेका छन् । 'गजल रापती... १०' मा ठूलाबडाको धाक रवाफप्रति व्यङ्ग्य गरेका छन् भने 'गजल रापती... १२' मा देशको राष्ट्रिय सम्पत्तिको संरक्षण नगरी अरूलाई सुम्पने, सम्पदा र स्वाभिमानलाई सहजै बेच्न खोज्ने नेतृत्व पङ्क्तिलाई व्यङ्ग्य गरेका छन् । यसको नमुनास्वरूप तलका शेरलाई लिन सकिन्छ :

छाल हान्दै उर्लिएको गण्डकीको
दिव्य गाथा हाईहाई बेचिदिन्थे

यो ध्वजाको चन्द्रमा औ सूर्यलाई
यै ध्वजामा नै पट्याई बेचिदिन्थेँ

'गजल रापती... १२'

'गजल रापती... १२' मा पैसाको कारणले हुने कुकृत्यको निन्दा गरेका छन् । यसमा गजलकार गौतमले धनको प्रभुत्वप्रति बेजोड व्यङ्ग्य भाव प्रहार गरेका छन् :

उसैको नै गुलामीमा डुबेको सभ्य मान्छेले

उसैको दास भै गोडा मलेको भैँ छ पैसाले

'गजल रापती... ४०'

उपर्युक्त शेरमा गजलकारले मानिस जति सभ्य भए पनि पैसाको लागि अरूको दास भई गोडासमेत मोल्न पछि नपरेको भाव व्यक्त छ । 'गजल रापती... ५८' मा कोइली भैँ कुरा फेर्ने र विदेशी इसारामा चल्ने अहङ्कारी नेताको विरोध गर्दै सदाचारविहीन नेपाली राजनीतिप्रति व्यङ्ग्य गरिएको पाइन्छ । त्यस्तै 'गजल रापती... ६२' मा मानवीय अस्तित्वलाई धनसित दाँजेर हेर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको भाव व्यक्त छ ।

(३) देशप्रेम

सुशील गौतमका गजलहरूमा प्रणयभाव, व्यङ्ग्यभाव जस्तै देशप्रेमको भाव पनि पाइन्छ । उनका गजलहरूले नेपाली प्रकृति, सामाजिक स्थिति, देशको शासनप्रणालीसँग हातेमालो गर्दै देश र समाजको यथार्थ चित्र खिचेका छन् । देशमा चलिरहेको आतङ्क, विध्वंस, अन्याय, अत्याचार, हत्या, हिंसा आदिले आफूलाई आघात परेको भाव उनका गजलमा पाउन सकिन्छ । आफ्नो देशको सीमा मिचिएकोमा गजलकार आक्रोशित देखिन्छन् । सुशील गौतमले राष्ट्रप्रतिको चिन्ताको भाव यसरी प्रस्तुत गरेका छन् :

कहाँ सीमा डुबाइन्छन् ? कहाँ खम्बा उखेलिन्छन् ?
नजागी राष्ट्र यो पुरै सिमाना-थात के थाहा ?

'गजल रापती... '

आफ्नो देशको सीमा डुबेको र खम्बा उखेलेकोमा चिन्ता व्यक्त गर्दै राष्ट्रका सम्पूर्ण जनता नजागेमा सिमाना थात नलाग्ने भाव यस शेरमा व्यक्त छ । देशप्रेमको भावले भरिएका अन्य गजलहरूमा 'गजल रापती... ८', 'गजल रापती... १३', 'गजल रापती... २६', 'गजल रापती... ४९', 'गजल रापती... ८३', 'गजल रापती... ९८', 'गजल रापती... १०२' आदि पर्दछन् । 'गजल रापती... ८' मा 'जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी' भन्ने आदर्श वाक्यलाई मनन गर्दै आफ्नो स्वार्थ नै बाँझा खेतमा अन्न फलाउनु, असहायको सहारा बन्नु र जन्मभूमिको सेवा गर्नु रहेकोले अरूको गोडा हैन देशको माटो मल्न आफू बाँचेको भाव व्यक्त छ । 'गजल रापती... ९८' मा राष्ट्रप्रतिको चिन्ता व्यक्त छ । 'गजल रापती... १३' मा देशको संवेदनशीलताको ख्याल राख्न, विदेशी हस्तक्षेपबाट देशको अस्तित्व रक्षा गर्न र अरूको गोडा तान्न होइन, देशको विकासका लागि गोडा चाल्न सिकौं भन्ने भाव व्यक्त छ । 'गजल रापती... ४९' मा युद्धकालमा फैलिएको मत्स्य न्यायले जनतालाई परेको अप्ठ्यारोको उद्घाटन गर्दै देशमा नयाँ बिहानी ल्याउनका लागि सम्पूर्ण जनतालाई माहुरी-हुरी बनेर आउन आग्रह गरिएको छ ।

सुगन्ध बन्द भै सके न गीत गुनगुनाउँछन्
बनेर माहुरी-हुरी वसन्त खोज्न आइद्यौ ।

'गजल रापती... ४९'

त्यस्तै 'गजल रापती... ८३' मा आफ्नो देश नेपाल परजीवी एवम् ऋणी बनेर स्वतन्त्र भएको र देशको नासोको रूपमा रहेका साधारण जनताले दुःख-कष्ट पाएकोमा चिन्ता व्यक्त छ । यसमा गजलकारले राष्ट्र विखण्डनको आशङ्का गर्दै यस्तो भाव प्रकट गरेका छन् :

सार्वभौम बन्यो देश रचेका संविधानमा
कहाँ अखण्डता बाँच्यो उसकै तन मासिए ?

'गजल रापती... '

(४) प्रकृतिचित्रण

साहित्यकारका निम्ति प्रकृति प्रेरणाको स्रोत हो । कुनै पनि मान्छे त्यस्तो नहोला जसलाई प्रकृतिको मनमोहक छटाले आकर्षित पार्न नसकेको होस् । त्यसमा पनि साहित्यकारहरू प्रकृतिका अनेकानेक भावभङ्गीहरू देखेर अरूभन्दा बढी मुग्ध हुन्छन् । सुशील गौतम पनि प्रकृतिको काखमा रमाउन चाहने लेखक हुन् । उनका गजलहरू प्रकृतिसँग पनि सम्बन्धित छन् । यिनले प्रकृतिचित्रण गर्दा प्रकृतिलाई मानवीकरण गरी त्यसको सुन्दर र शान्त रूपको वर्णन गरेका छन् । यस क्रममा उनले हिमाली माथ, अन्नपूर्णा, गौरी हिमाल, लैँकबैँसी, आकाश गङ्गा, लता, पुष्पगुच्छा, पहाडी टाकुराहरू, मेघमाला आदि प्राकृतिक सन्दर्भहरूको उल्लेख गरेका छन् । उनका गजलमा प्रकृति र मानवको तादात्म्य पाइन्छ । यिनले प्रकृतिको व्यापक सन्दर्भलाई समेट्ने क्रममा सूर्य, तारा, आकाश गङ्गा, वसन्त, शरद् ऋतुको सन्दर्भ उल्लेख गरेका छन् । गौतमले प्रकृतिचित्रण गरेर लेखेका गजलको उदाहरणको रूपमा तलको शेरलाई लिन सकिन्छ :

सूर्यले सिन्दूर हाले यी हिमाली माथमा
षोडशीझैँ झल्मलाई खुल्न थाले चैतमा

'गजल रापती... २५'

उपर्युक्त शेरमा गौतमले प्रकृतिको मानवीकरण गरी हिमालको माथमा सूर्यको किरण पर्दा हिमाल नै नवयुवतीजस्तो देखिएको भाव व्यक्त छ । त्यस्तै प्रकृतिचित्रण गरेर लेखिएका उनका अन्य गजलहरूमा 'गजल रापती... ८२', 'गजल रापती... ८५', 'गजल रापती... ९६', 'गजल रापती... ३' मा उनले प्रकृतिको मानवीकरण गरेका छन् । यसमा प्रकृतिको मानवीकरण गर्दा आफूलाई हावाको बेग र प्रेमिकालाई प्रकृतिको सुन्दर सृजना चमेलीको रूपमा उपस्थित गराएका छन् । 'गजल रापती... ८२' मा आफ्नी प्रेमिकालाई सिमसिमे पानी, नदीको किनार, बिहानीको मिर्मिरेसँग तुलना गरेका छन् । 'गजल रापती... ८५' मा पनि

प्रेमिकालाई हिमाली रत्न, हिमाली काखमा रम्ने गौरी, पहाडी खोँचमा बग्ने निश्छल खोलाको उपमा दिएका छन् । त्यस्तै 'गजल रापती... ७०' मा प्रकृतिको दिव्य रूप उषा, स्वर्ग, गङ्गा, चन्द्रमा, अन्नपूर्णा आदि आफ्नो बाटोमा साधनाको रूपमा उपस्थित भएर विघ्न बाधालाई हटाएको भाव व्यक्त छ ।

यस्तै गजलकार गौतमले **गजल रापती**. सङ्ग्रहका गजलमा प्रकृतिको सामान्य चित्रणको साथै प्रकृतिको माध्यमबाट देशको उज्ज्वल भविष्यको कामना पनि गरेका छन् ।

(५) मानवतावाद

सुशील गौतमका गजलहरूमा देशप्रेम, प्रकृतिचित्रण, व्यङ्ग्यात्मकताका साथै मानवतावादी भाव पनि सलबलाएको पाइन्छ । देशमा बढ्दै गइरहेको विकृति, विसङ्गतिको विरोध, मानवतावादी समाजको स्थापना, दासमनोवृत्तिप्रति व्यङ्ग्य गरी समाजमा मानवतावादी भावको सृजना गर्न उनका गजलहरू सफल देखिन्छन् । यिनका गजलहरूमा मानव-मानवकै रूपमा बाँच्न नपाएको गुनासो प्रस्तुत छ । अनेक सम्पदाले भरिपूर्ण भएको नेपालमा ती सम्पदाको सदुपयोग नहुँदा नेपालीहरूले विदेशमा गई पशुसरह निरीह जीवन बिताउनुपरेको भाव सुशील गौतमले 'गजल रापती... ४३' मा व्यक्त गरेका छन् । मानवतावादी भाव व्यक्त गरिएको गजलको उदाहरणका रूपमा तलको शेरलाई लिन सकिन्छ :

थियो इच्छा सबै मान्छे बनी मान्छे यहाँ बाँचून्
कहाँ मेटेर मेटिन्थ्यो तृषा त्यो के मरुँ ऐले ?

'गजल रापती... ६३'

त्यस्तै मानवतावादी भाव व्यक्त गरिएका गौतमका अन्य गजलहरूमा 'गजल रापती... ८', 'गजल रापती... ४४', 'गजल रापती... ४६', 'गजल रापती... ७४', 'गजल रापती... ३६', 'गजल रापती... १०९', 'गजल रापती... ११०', 'गजल रापती... ९३', 'गजल रापती... ९६' आदि पर्दछन् । 'गजल रापती... ४४' मा आफूलाई सम्पूर्ण मानवजातिको पक्षमा उभ्याएर अहम् त्यागी निष्काम सेवामा लाग्न र मानवतावादी भाव सिञ्चित गर्न खोजेको सन्दर्भ प्रस्तुत छ । 'गजल रापती... ४६' मा बम र बारुदको दुर्गन्धले क्षतविक्षत भएको मातृभूमि, आततायीहरूको क्रूर व्यवहार र साधारण निर्दोष व्यक्तिहरूको रगतले मातृभूमि नै रक्तरङ्गीन बनेकोले युद्धमा हातगोडा भाँचिएका, काटिएका अभागी प्राणलाई मानवी सम्भार दिन र लोकको उद्धार गर्न हामी सबैलाई आग्रह गरेका छन् । 'गजल रापती... ७४' मा गौतमले अँध्यारा गाउँ-बस्तीमा आफू दियो झैँ बल्न चाहेको कुरा व्यक्त गर्दै मानवसेवा गरी मर्न चाहेको भाव प्रस्तुत छ । यसलाई गजलकारले यसरी वाणी दिएका छन् :

मलाई मोहमायाले लुटेका छन् सयौँ फेरा

गरी क्यै मानवी सेवा खुसीले ढल्न चाहन्थेँ

'गजल रापती... '

त्यस्तै 'गजल रापती... ३६' मा गौतमले मानवमा मानवता नभएकोप्रति खेद प्रकट गरेका छन् । दस वर्षे युद्धकालमा मानवमा मानवता हैन कालको क्रूरात्मा चिच्च्याएको वर्णन छ । 'गजल रापती... १०९', 'गजल रापती... ११०' मा विश्वमा बढ्दो दानवता र मानवताप्रति व्यङ्ग्य वर्षा गरिएको भाव व्यक्त भएको छ । 'गजल रापती... ९३' मा मानवमा मानवीनाता, सद्भावना, सदाचार, सहिष्णुता आदि सबै हराएको र मान्छेले मान्छेलाई नै क्रूर यातना दिएको देख्दा आफूले सान्त्वना दिन नसकेर भागेको चित्र खिचिएको छ ।

(६) सामाजिक यथार्थ

सुशील गौतमले **गजल रापती**का थुप्रै गजलहरू सामाजिक यथार्थवादी विषयवस्तुमा आधारित भएर पनि लेखेका छन् । नेपाली समाजमा व्याप्त सामाजिक-आर्थिक विभेद, मानवीय अस्तित्वलाई धनसित दाँजेर हेर्ने समाजका यथार्थ, गरिब र धनीका बीच विभेद देखाउने समाजका यथार्थ, नेपाली जनताका दुःख वेदनाका अन्तर्पीडाहरू जस्ता विषयले उनका गजलमा यथोचित स्थान पाएका छन् । सामाजिक यथार्थको चित्रण गरी लेखिएको गजलको नमुनास्वरूप तलको शेरलाई लिन सकिन्छ :

कसैले हेप्दछन् नारी उघारी सभ्यता आफ्नो

कसैले जातले हेप्छन् बलेका स्पष्ट घातै छन् ।

'गजल रापती... ७'

यस उद्धरणमा लिङ्ग, जाति र सिद्धान्तका आधारमा मानिसलाई भेदभाव गर्ने समाजको यथार्थ रूप प्रस्तुत भएको देखिन्छ । त्यस्तै सामाजिक विषयवस्तुलाई लिएर रचिएका अन्य गजलहरूमा 'गजल रापती... ९', 'गजल रापती... १६', 'गजल रापती... २२', 'गजल रापती... २३', 'गजल रापती... ३५', 'गजल रापती... ५७', 'गजल रापती... ७१', 'गजल रापती... ७७', 'गजल रापती... ९३' आदि पर्दछन् । 'गजल रापती... ९' मा देशलाई चलाउने नेता नै भोको भएपछि उसले पराईको जलेको घाउमा मलमपट्टी गर्न, उनीहरूको पीर बुझ्न र डढेका गाउँबस्तीमा धुरी खामाहरू बाँड्न कसरी सक्छ भन्दै गौतमले नेताहरूको यथार्थ चित्र खिचेका छन् । 'गजल रापती...१६' मा दस वर्षे जनयुद्धले निम्त्याएको विभीषीकाको मार्मिक चित्रण छ भने 'गजल रापती... २२' मा देशको कुशासनले निम्त्याएको बेरोजगारीका कारण कामको खोजमा खाडी मुलुकमा श्रम बेच्न जान बाध्य नेपालीहरूको अवस्थालाई व्यक्त गरिएको छ । एक गास खान र एकसरो लगाउन समेत धौ-धौ पर्ने समाजको यथार्थ रूप यिनका गजलमा देखिन्छ । नेपाली समाजमा धनीहरूधनी बन्दै गएको र गरिब झन् पछि झन् गरिब बनेको

कुरालाई गौतमले आफ्ना गजलमा टिपेका छन् । आफ्नै स्वार्थमा रम्ने र आफ्नै घ्याम्पा भर्ने समाजका मै हुँ भन्ने व्यक्तिहरूप्रति व्यङ्ग्य गर्दै गजलकारले नेपाली समाजको कारुणिक स्थितिलाई 'गजल रापती... २२' मा यसरी देखाएका छन् :

नपाई अन्नका दाना यहाँ मान्छे मरेकै छन्
नपाई वासको छाना तुवाँलोमा भरेकै छन् ।

'गजल रापती... २२'

'गजल रापती... ३५' आर्थिक अभावका कारण नेपालीहरू विदेशिनुपर्ने बाध्यता र आपद पर्दा सहारासमेत नपाएको दृश्य प्रस्तुत छ । देशमा अथाह सम्पदा भएर पनि खेर गइरहेकाले गजलकारले शाषकवर्गसँग यसरी गुनासो पोखेका छन् ।

फलेका संपदा थुप्रै, लुकेका स्रोत थुप्रै छन्
सबैलाई बटुल्दै यो खलामा कत्ति दाएनन् ।

'गजल रापती... ३५'

त्यस्तै 'गजल रापती... ५७' मा पनि नेपालीहरू धनको जोहो गर्न मुगलान पसेकाले घरका धुरीहरू अशक्त, बलाहरू विभक्त, कलाहरू, विरक्त, मृदङ्ग र बाँसुरी समेत मौन भएको भाव व्यक्त छ । 'गजल रापती... ९६' मा गौतमले समाजमा धाक र रवाफ देखाएर आफ्नो प्रभुत्व जमाउने र द्रौपदी जस्ता निश्छल नारीहरूको कौमार्य हरण गर्ने, सिउँदो उजाड गरिदिने समाजको चिरफार गरेका छन् । त्यस्तै उनले आफ्ना गजलहरूमा लोकसंस्कृति र रीतिरिवाजलाई हटाउन गीत गाउनेहरूको गला रेटिदिने समाजको यथार्थलाई पनि उद्घाटन गरेका छन् । यसरी गजलकार सुशील गौतमले आफ्नो समाज र त्यस समाजको यथार्थ रूपको चित्र कुनै न कुनै रूपमा आफ्ना गजलहरूमा उतारेका छन् । उनले आफ्नो लेखनीमार्फत समाजमा विद्यमान विकृति, विसङ्गति, तडकभडक, नेताहरूको कुप्रवृत्ति आदिलाई यथार्थ रूपमा प्रस्तुत गरेका छन् । त्यसैले त उनले भनेका छन् :

म दम्भमा डुबेर नै विलासका कुरा गरेँ
निरीह सत्यतथ्यका विनाशका कुरा गरेँ ।

'गजल रापती... '

त्यस्तै 'गजल रापती... २२' मा उनले धनी र गरिबबीच देखिने विभेदको यथार्थ अङ्कन गरेका छन् :

लुगा निर्यात भै जान्छन् विदेशी वासना छोप्ने
नपाई वस्त्र आपदमा सदा मान्छे परेकै छन् ।

'गजल रापती... २२'

यस शेरमा धनीहरूले स्वदेशका कपडाहरू विदेशमा निर्यात गरेको र स्वदेशीहरूले

आफ्नो अस्तित्व रक्षा गर्न एकसरो कपडासमेत नभएको स्थिति प्रस्तुत छ। त्यस्तै 'गजल रापती... ५७' मा देशका सम्पदाहरू अथाह भए पनि त्यसको सदुपयोग नगरेकाले गरिबहरू भोकभोकै बाँच्नुपरेको सामाजिक यथार्थको चित्र प्रस्तुत गरिएको छ।

(७) राजनीतिक वस्तुस्थिति

सुशील गौतमले आफ्ना गजलहरूमा विगत १० वर्षसम्म चलेको युद्ध एवम् देशको राजनीतिक अवस्थाको चित्रण पनि गरेको देखिन्छ। राजनीतिक विषयलाई लिएर रचिएका उनका गजलहरूमा राजनीतिक अव्यवस्थाप्रति उनले व्यङ्ग्य र आक्रोश पोखेका छन्। यस खालका गजलमा पनि व्यङ्ग्यकै प्रचुरता देख्न सकिन्छ। उनका विचारमा फूट, बेइमानी र षड्यन्त्र नेपालको राजनीतिको पर्याय बनेका छन्। असत्यको सहारा लिएर गरिएको राजनीति दिगो हुन सक्दैन भन्ने विचारलाई नेपाली जनताहरूले मनन गरेको भाव सन्दर्भ यिनका गजलमा समेटिएको पाइन्छ। अनेक वाचा गरी सत्तासम्म पुगेका जनप्रतिनिधिहरूले जनताको भावनामाथि खेलबाड गरेकोमा गौतम व्यङ्ग्य गर्छन्। उनी भन्दछन् :

विभिन्न मुण्ड मुण्डमा कुरो पकाउँछन् यहाँ
अनेक तर्कवादको चुरो तताउँछन् यहाँ।

'गजल रापती... ४२'

यस शेरमा नेताहरूको छद्मभेषी चरित्रको उद्घाटन गरिएको छ। त्यस्तै सदाचारविहीन राजनीतिप्रति उनले यसरी आक्रोश पोखेका छन् :

नशामा छन् सबै नेता नशाका रूप अर्कै छन्
सबैका बातमा आफ्नै अहंका धुप अर्कै छन्।

'गजल रापती ५८'

यसैगरी राजनीतिक विषयलाई समेटेर लेखेका अन्य गजलहरूमा 'गजल रापती... १४', 'गजल रापती... १७', 'गजल रापती... १८', 'गजल रापती... १९', 'गजल रापती... २३', 'गजल रापती... २४', 'गजल रापती... २५', 'गजल रापती... २६', 'गजल रापती... २७', 'गजल रापती... ५३', 'गजल रापती... ५४', 'गजल रापती... ९९', 'गजल रापती... १०१', 'गजल रापती... १०२', 'गजल रापती... १०३' आदि पर्दछन्।

'गजल रापती... १४' मा व्यक्तिहत्या गर्ने, अरूको सम्पत्ति लुटपाट गर्ने, घात गर्ने, फगत नाराहरू मात्र घन्काउने राजनीतिक सिद्धान्तहरू ठेङ्ग्रामा बढेको भ्फालजस्ता भएको भाव व्यक्त छ। 'गजल रापती... १७', 'गजल रापती... १८', 'गजल रापती... १९' मा राजनीतिक युद्धले खडा गरेका समस्याहरूको समाधानतिर नलागेकोमा नेतृत्व वर्गसँग गुनासो गरिएको छ। 'गजल रापती... २३', 'गजल रापती... २४', 'गजल रापती... २६', 'गजल रापती... २७' मा दशाब्दीको युद्धपछि पनि सोझासाझा जनताले दुःख पाएको, धूर्तहरूको नै

सबैतिर हालीमुहाली भएको, जनयुद्धकालमा जनताले भोग्नुपरेको सास्तीको वर्णन गर्दै धोका दिने राजनीतिक नेताहरू र राज्यका कुसञ्चालकहरूप्रति आक्रोश व्यक्त गरेका छन् । 'गजल रापती... ४२' मा जनतलाई फुटाएर भोटको राजनीति गर्ने र जितेपछि राजधानीमै हराउने नेताप्रति व्यङ्ग्य गरिएको पाइन्छ । 'गजल रापती... ५३', 'गजल रापती... ५४' मा गरिब र सर्वहारावर्गको वकालत गरी आफ्नो दुनो सोझ्याउने राजनीतिक नेताहरूको निरङ्कुश प्रवृत्तिको खेदो खनिएको छ । 'गजल रापती... १०१' मा पनि वर्तमान राजनीतिक अव्यवस्थामा देखिएको नैराश्यलाई उद्घाटन गरिएको छ ।

(८) विविध

सुशील गौतमले सामाजिकता, प्रकृतिचित्रण, देशप्रेम, मानवतावादका साथै अन्य विविध विषयवस्तुलाई समेटर पनि गजल लेखेका छन् । यिनका गजलमा कारुणिकता, नारीवादी दृष्टिकोण, शान्तिको कामना, स्वतन्त्रताको अभिव्यक्ति, दार्शनिकता आदि विषयहरू यत्रतत्र छरिएर रहेका छन् । उनका गजलमा 'बाँच र बाँच्न देऊ' भन्ने धारणा पनि व्यक्त छ । 'गजल रापती... ४६' मा यस्तो अभिव्यक्ति पाइन्छ :

कान फुट्ने त्रासदीमा रुन्छ मान्छे छट्पटाई
बाँच्न देऊ कर्म गर्दै, शान्तिको उद्गार देऊ ।

'गजल रापती... ४६'

यसमा गजलकारले मान्छे त्रासै त्रासमा बाँचेकोले उनीहरूलाई डर-धम्की होइन शान्तिको बिगुल फुकी कर्म गर्दै बाँच्न दिन आग्रह गरेका छन् । त्यस्तै शान्तिको कामना गरेर रचिएका अन्य गजलहरूमा 'गजल रापती... १६', 'गजल रापती... ४५', 'गजल रापती... ७६', 'गजल रापती... ७८', 'गजल रापती... १०३' आदि पर्दछन् । त्यस्तै दार्शनिकता पनि उनका गजलमा पाइन्छ । 'गजल रापती... ५१' मा सुशील गौतमले दार्शनिक भाव यसरी व्यक्त गरेका छन् :

फुल्नलाई मात्र तिम्रो प्यार रोजेँ
डुल्नलाई तिर्सना-संसार रोजेँ

'गजल रापती... ५१'

'गजल रापती... २८' मा पनि दार्शनिकताको पुट पाइन्छ । यसमा तेरो-मेरो भन्ने भावलाई छोडी समदर्शी दृष्टिको खोज गरिएको छ । गजलकार गौतमले आफ्ना गजलमा नारीवादी दृष्टिकोण पनि प्रस्तुत गरेका छन् । 'गजल रापती... ३४' मा उनले नारी जागृतिको आग्रह यसरी गरेका छन् :

उज्यालोले नछोएका सेपिला ठाउँ छन् अझै
झुकेका सिउँदा हेरी ती बस्ती गाममा उठौँ

'गजल रापती... ३४'

यस गजलमा गौतमले नारीलाई आधा आकाश ढाक्ने बिहानीको उज्यालोसँग दाँज्दै आँसु लिएर अँध्यारोमा होइन लौहमार्गी बनी उज्यालोले नछोएका सेपिला ठाउँमा निर्धा नारीको न्यायको लागि युद्ध गर्न र शक्ति सङ्ग्राममा जुट्न आग्रह गरेका छन्। 'गजल रापती... ३३' मा श्रमप्रति श्रद्धा र स्रष्टाप्रति सम्मान भाव व्यक्त गरिएको छ। स्वतन्त्रताप्रति गरिएको उपहासको यथार्थ चित्रण पनि उनका गजलमा पाइन्छ। 'गजल रापती... ५७' मा उनले कारुणिक भाव व्यक्त गरेका छन्। 'गजल रापती... २६' मा जनयुद्धकालमा जनताले भोग्नु परेको सास्तीको वर्णन गर्दै शान्ति सम्झौतापछि पनि शस्त्रभय कायमै रहेको भाव व्यक्त छ।

यसरी गजलकार सुशील गौतमले विविध भाव र विषयवस्तुलाई समेटेर पनि आफ्ना गजलहरूको सिर्जना गरेका छन्। समयको माग र आत्मसन्तुष्टिका लागि मात्र हैन नेपाली समाजमा देखापरेका विभिन्न विकृतिहरूलाई दरिलो प्रहार गर्न पनि उनी सक्षम छन्। प्रणयलाई मात्र विषय बनाएर गजल लेख्ने परिपाटी र प्रवृत्तिलाई छिचोल्दै विविध विषयवस्तुलाई अँगालेर गजल सिर्जना गर्न सकिन्छ भन्ने उदाहरण उनका गजलले देखाएका छन्।

### ६.३.५ संरचना

ज्ञान-विज्ञान सम्बन्धी कुनै पनि वस्तु तत्त्व आदिको प्रस्तुतिका निम्ति बनाएको ढाँचा वा किसिम वा बनावटलाई संरचना भनिन्छ।[85] गजलको संरचनाभित्र यसको निर्माणको निम्ति आवश्यक तत्त्वहरूलाई समेटिन्छ शेर काफिया, रदिफ, तखल्लुस, बहर, भाव, आदि गजलका संरचनात्मक तत्त्वहरू हुन्। यहाँ गजलकार सुशील गौतमका गजल रापती सङ्ग्रहअन्तर्गत परेका गजलहरूको संरचनाको बारेमा विश्लेषण गर्ने प्रयास गरिएको छ।

सुशील गौतमको यस सङ्ग्रहभित्र छ देखि आठ शेरसम्मका गजलहरू राखिएका छन्। 'गजल रापती... ३' मा छ शेरको विधान पाइन्छ। 'गजल रापती... ६२' मा आठ शेरको विधान पाइन्छ। सात शेरको विधान भएका यिनका गजलहरूमा 'गजल रापती... २' 'गजल रापती... ८', 'गजल रापती... ११', 'गजल रापती... १२', 'गजल रापती... ५९' 'गजल रापती... ६३ आदि पर्दछन् भने बाँकी अन्य सबै गजलहरूमा छ शेरको विधान पाइन्छ।

**गजल रापती** सङ्ग्रहभित्रका गजलहरूमा मतला प्रयोग पूर्ण रूपमा निर्वाह भएको पाइन्छ। मतला खण्डमा 'काफिया' भनिने अनुप्रासयुक्त शब्दहरू रहन आश्यक मानिन्छ र गौतमले आफ्ना गजलहरूमा त्यसको सफल संयोजन गरेको देखिन्छ। त्यस्तै उनले रदिफको

85= वासुदेव त्रिपाठी र अन्य (सम्पा), **नेपाली बृहत शब्दकोष**, (काठमाडौँ : ने. रा. प्र., २०५२) पृ. १२७७।

पनि यथास्थानमा समुचित प्रयोग गरेको पाइन्छ । उनका कतिपय गजलहरूका मतला खण्ड कमजोर पनि देखिन्छन् । **गजल रापती** गजल सङ्ग्रहका १११ वटा गजलहरूमध्ये गजल रापती... २', 'गजल रापती... ४२', 'गजल रापती... ५५', 'गजल रापती... ५६', 'गजल रापती... ५७ जस्ता ५ वटा गजलहरूमा तखल्लुसको प्रयोग भएको पाइन्छ भने अन्य १०६ वटा गजलहरूमा तखल्लुस अथवा मकताको प्रयोग भएको पाईंदैन । गौतमले आफ्ना गजलहरूमा तखल्लुसको रूपमा 'सुशील' शब्दलाई प्रयोग गर्ने गरेको देखिन्छ । मकताको प्रयोग गरेर रचना गरिएको गजलको नमुना स्वरूप तल उल्लिखित शेरलाई लिन सकिन्छ :

परेड खेल्दछन् उतै र जेल कुर्दछन् उतै
सुशील ! मातृभूमिको सतीत्व हर्दछन् सबै

'गजल रापती... ५५'

उनले 'सुशील' शब्दलाई तखल्लुसको रूपमा प्रयोग गर्दा कतै द्वितीय पुरुष र कतै तृतीय पुरुषका रूपमा प्रयोग गरेका छन् ।

सुशील ! के बुझिस् बता उनै हराउँछन् यहाँ'

'गजल रापती... ४२'

उक्त मिसरामा गजलकारले 'सुशील' शब्दलाई द्वितीय पुरुषका रूपमा उभ्याएका छन् ।

सुशील के गरी बसोस् ? असह्य छन् पलाहरू !

'गजल रापती... ५७'

उक्त मिसरामा गजलकारले 'सुशील'लाई तृतीय पुरुषका रूपमा उभ्याएका छन् ।

त्यस्तै अक्षर संरचनाका दृष्टिले हेर्दा उनका गजलहरूमा न्यूनतम बाह्र अक्षरदेखि अधिकतम सोह्र अक्षर सम्मको अक्षरसंरचना पाइन्छ । बाह्र अक्षर भएको गजलको उदाहरणका रूपमा 'गजल रापती... ५३' लाई लिन सकिन्छ । यस सङ्ग्रहमा बाह्र अक्षरको संरचना भएका अट्ठाइस वटा गजल छन् भने बयासी वटा गजलहरूमा सोह्र अक्षरको संरचना पाइन्छ । संरचनाका दृष्टिले हेदा केही सामान्य अपवादलाई छोडेर भन्ने हो भने यिनका गजल सफल छन् ।

### ६.३.६ छन्द र लय

गजलकार सुशील गौतमले **गजल रापती**का सम्पूर्ण गजलहरू शास्त्रीय छन्द र बहरहरूमा नै रचना गरेका छन् । यसमा गौतमले शास्त्रीय छन्दमा विशेष गरी अनुष्टुप छन्दलाई सफल रूपमा खेलाएका छन् भने उर्दू छन्दमा बहरे हजज र बहरे रमलको सफल रूपमा संयोजन गरेका छन् । शास्त्रीय छन्द अन्तर्गत पञ्चचामर, भुजङ्गप्रयात, वंशस्थ,

शिखरिणी आदि छन्दको प्रयोग गरे पनि यिनमा चार पाउको एक श्लोक हुने हुनाले शास्त्रीय छन्दमा नराखी उर्दू छन्दका विभिन्न भेद अन्तर्गत राखी प्रस्तुत गर्ने जमर्को गरेको देखिन्छ । यहाँ छन्दका विभिन्न नामहरूलाई प्रस्तुत गर्दा कृष्णहरि बरालको **गजल सिद्धान्त र परम्परा**, घनश्याम 'परिश्रमी' को **गजल सौन्दर्य मीमांसा**, सनतकुमार वस्तीको अप्रकाशित स्नातकोत्तर सृजनापत्र **सबेरै आएँ** आदि कृतिहरूको आधार लिइएको छ । गौतमले प्रयोग गरेका केही शास्त्रीय छन्द र बहरहरूका नमुना स्वरूप केही श्लोक र शेरहरू तल प्रस्तुत गरिएका छन् ।

(१) शास्त्रीय छन्द

**अनुष्टुप्**

आगोले पोल्छ थाहै छ, यसले शीत छर्छ के ?
जति घाउ दुखेका छन् यसले पीर हर्छ के ?

'गजल रापती... ११'

उपर्युक्त श्लोकमा गजलकारले आठ अक्षरको एक पाउ हुने चारवटै पाउको छैठौं अक्षर दीर्घ, पाँचौं अक्षर ह्रस्व, दोस्रो र चौथो पाउको सातौं अक्षर ह्रस्व र पहिलो र तेस्रो पाउमा सातौं अक्षर दीर्घ हुने अनुष्टुप् छन्दको प्रयोग गरेका छन् ।

**शिखरिणी**

कहाँ निभ्ने आगो जडमगजको वास छ अझै
त्यसैले मान्छेका हृदय गतिमा त्रास छ अझै

'गजल रापती... ८१'

यसमा छ अक्षरमा विश्राम हुने, 'य', 'म', 'न', 'स', 'भ', 'ल', 'गु' हुने तथा सत्र अक्षरले बन्ने शिखरिणी छन्दको प्रयोग गरिएको छ ।

**वंशस्थ**

न बाँड राम्रा सपना म के गरुँ ?
उनै तिलस्मी छलमा म के परुँ ?

'गजल रापती... ३२'

यस शेरमा ज, त, ज, र गण हुने संस्कृत वंशस्थ छन्दको प्रयोग गरिएको छ । यस छन्दमा चार पाउको एक श्लोक हुन्छ । त्यस्तै यसमा प्रत्येक तीन अक्षरपछि अति छोटो विश्राम हुने र बाह्र अक्षरले बनेको 'ज' गण, 'त' गण, 'ज' गण र 'र' गण हुने गर्दछ । तर यहाँ गजलकारले वंशस्थ छन्दलाई गजलका रूपमा प्रयोग गर्दा पाउको रूपमा प्रयोग नगरी शेरका रूपमा लिएका छन् ।

(२) उर्दू छन्द (बहर)

**क) बहरे रमल मुसद्दस सालिम**

मूल्य पाए स्वत्वलाई बेचिदिन्थेँ
मोहमायाको मिठाई बेचिदिन्थेँ

'गजल रापती... १२'

यस शेरमा (ऽ।ऽऽ+ऽ।ऽऽ+ऽ।ऽऽ) सालिम फाइलातुन् × ३ सूत्र हुने बहरे रमल मुसद्दस बहरको प्रयोग गरिएको छ ।

**ख) बहरे रमल मुसद्दस महजुफ**

प्रेमको नै मस्त हावा डुल्न देऊ
जिन्दगी यो कोपिला हो, फुल्न देऊ

'गजल रापती... ६'

यस शेरमा गजलकारले (ऽ।ऽऽ + ऽ।ऽऽ+ऽ।ऽ) फाइलातुन् × २ + फाइलुन सूत्र हुने बहरे रमल मुसद्दस महजुफ बहरको प्रयोग गरेका छन् ।

**ग) बहरे रमल मुसम्मन महजुफ**

राप बोकी मस्त हावा डुल्न थाले चैतमा
यो पहाडी लेकबेँसी फुल्न थाले चैतमा

'गजल रापती... २५'

यसमा गौतमले (ऽ।ऽऽ+ऽ।ऽऽ+ऽ।ऽऽ+ऽ।ऽ) फाइलातुन् × ३ + फाइलुन् सूत्र हुने बहरे रमल मुसम्मन महजुफ बहरको प्रयोग गरेका छन् । यसलाई पिङ्गल छन्दमा मेनका/गीतिका छन्द पनि भनिन्छ ।

**घ) बहरे रमल मुसम्मन सालिम**

भावनामा विध्न-बाधा आउँदैछन् प्यास बोकी
मिर्मिरेमा कालरात्री छाउँछन् सन्त्रास बोकी

'गजल रापती... ६८'

यस उदाहरणमा (ऽ।ऽऽ + ऽ।ऽऽ + ऽ।ऽऽ + ऽ।ऽऽ) फाइलातुन् × ४ सूत्र हुने बहरे रमल मुसम्मन सालिम बहरको प्रयोग भएको छ । यसलाई पिङ्गल छन्दमा माधवामालती छन्द भनिन्छ ।

**ङ) बहेर हजज मुसम्मन सालिम**

नसक्ने के गरी बाँचून् सडेको जेलखानामा ?
गलेका वृद्ध-वृद्धाका कता छोराहरू जान्छन् ?

'गजल रापती... ४'

यस उदाहरणमा (ISSS + ISSS + ISSS + ISSS) मफाईलुन् × ४ सूत्र हुने बहेर हजज मुसम्मन सालिम बहरको प्रयोग गरिएको छ। यसलाई पिङ्गल छन्दमा विधाता छन्द मानिन्छ ।

**च) बहरे मुतदारिक मुसम्मन सालिम**

लुक्न भागेँ चमेली-लता-कुञ्जमा
माहुरी रूपमा झन् तिमी धाउँछौ

'गजल रापती... १५'

उपर्युक्त शेरमा सुशील गौतमले (SIS + SIS + SIS + SIS) फाइलुन् × ४ सूत्र हुने बहरे मुतदारिक मुसम्मन सालिम बहरको प्रयोग गरेका छन्। यसलाई पिङ्गल छन्दमा स्रग्विणी नामले चिनिन्छ ।

**छ) बहरे हजज मुसम्मन मकबुज**

निरीहता छ फैलिदो हरेक घातमा यहाँ
उराठ जिन्दगी भयो हरेका बातमा यहाँ

'गजल रापती... १६'

यस शेरमा (ISIS + ISIS + ISIS + ISIS) मुफाइलुन् × ४ सूत्र हुने बहरे हजज मुसम्मन मकबुज बहरको प्रयोग गरिएको छ। यसलाई पिङ्गल छन्दमा पञ्चचामर नामले चिनिन्छ।

**ज) बहरे मिनकारिब मुसम्मन सालिम**

मलाई परेको विपद् हर्न आँट्यौ !
निशामा उषाको खुशी भर्न आँट्यौ !

'गजल रापती... ७३'

माथि उल्लिखित शेरमा (ISS + ISS + ISS + ISS) फऊलुन् × ४ सूत्र हुने बहरे मिनकारिब मुसम्मन सालिम बहरको प्रयोग गरेको पाइन्छ। यसलाई पिङ्गल छन्दमा भुजङ्गप्रयात छन्दको नामले चिनिन्छ।

यसरी गजलकार सुशील गौतमले शास्त्रीय छन्द र उर्दू छन्द (बहर) दुवैलाई सफल रूपमा खेलाई कथ्य विषयलाई अभिव्यक्त गरिएको हुनाले भावको सम्प्रेषणमा गजलकार कमजोर बन्न पुगेको स्थिति यहाँ देखिदैन ।

गजल एउटा लयात्मक र गेयात्मक पद्यसंरचना हो ।[86] गजल गेय परम्पराबाट अगाडि बढेको साहित्यिक विद्या हो । त्यसैले यो सङ्गीतात्मक हुनु त्यत्तिकै आवश्यक छ । गजलमा दुई किसिमबाट लयको आयोजना गरिन्छ– शास्त्रीय लय (बहर) र स्वनिर्मित लय । गजलमा बहरले लालित्य, सरसता, रोचकता र मार्धुय थप्ने काम गर्ने हुनाले गजल र बहरको सम्बन्ध निकट रहेको हुन्छ । शास्त्रीय लयको प्रयोग गर्दा उनले विभिन्न छन्दहरूको प्रयोग गरेका छन् जसलाई छन्दविधानमा उल्लेख गरिसकिएको छ । गजल छन्दशास्त्रमै हुर्केको हुनाले यसमा लयात्मकता र गेयात्मकताका साथै सङ्गीतात्मक पनि हुन जरुरी छ । गजलकार सुशील गौतमका गजलमा गजललाई लयात्मक बनाउनका लागि विभिन्न अनुप्रासको प्रयोग गरेको देखिन्छ भने शब्दसङ्गीतले उनका गजलमा प्रशस्त साङ्गीतिकता थपेको पाइन्छ । शब्द सङ्गीतका हिसाबले हेर्दा उनका गजलहरू उत्कृष्ट देखिन्छन् । उदाहरणको रूपमा तलको शेरलाई प्रस्तुत गर्न सकिन्छ :

फूल उस्तै, पात उस्तै, गन्ध उस्तै, छन्द उस्तै
लाज पोली, कण्ठ तानी भन्दछन् भो बोट अर्कै

'गजल रापती... ७२'

उपर्युयुक्त शेरमा 'ऐ' स्वरको आवृत्ति ५ पटक, 'उ' स्वरको आवृत्ति ३ पटक र 'ई' स्वरको आवृत्ति २ पटकसम्म भएकाले सङ्गीतको स्थिति अत्यन्तै सबल देखिन्छ । यसरी कथ्यलाई प्रभावकारी बनाउनका लागि जगलमा सङ्गीतको प्रयोग गरिन्छ । यिनका गजलमा छन्द, अनुप्रास र शब्द आदिको सफल संयोजनका कारणले साङ्गीतिक सबलता प्रयोग भएको देख्न सकिन्छ ।

### ६.३.७ अलङ्कार, विम्ब र प्रतीक

'अलङ्कार' शब्द अलम्  + कृ धातुबाट बनेको हो । 'अलम्' भनेको भूषण हो । जसले भूषित गर्छ त्यसलाई अलङ्कार भनिन्छ । कसैको पनि शोभा बढाउनेलाई अलङ्कार भनिन्छ ।[87] अलङ्कार दुई प्रकारको हुन्छ– शब्दालङ्कार र अर्थालङ्कार ।

#### (१) शब्दालङ्कार

जसले शब्दका माध्यमबाट काव्यलाई अलङ्कृत पार्दछ त्यसलाई शब्दालङ्कार

---

86= टीकाराम उदासी, **गजल सिद्धान्त र नेपाली गजलको इतिहास**, (दाङ : अतिरिक्त प्रकाशन, नेपाल, २०५९), पृ. २१ ।

87= हिमांशु थापा, साहित्य परिचय चौ.सं. (काठमाडौं : साझा प्रकाशन,  २०५०), पृ. २६० ।

भनिन्छ ।[88] यस गजल सङ्ग्रहमा सुशील गौतमले आद्यानुप्रास, मध्यानुप्रास, छेकानुप्रास, वृत्यानुप्रास, अन्त्यानुप्रास जस्ता शब्दालङ्कारको प्रयोग गरेको देखिन्छ ।

आद्यानुप्रास

नयाँ नेपाल बन्ने रे ! विदेशीको गुलामीले
नयाँ भिक्षाहरू माग्ने बुनेको जाल हो कस्तो ?

'गजल रापती... १४'

उपर्यक्त शेरका दुवै पङ्क्तिका प्रारम्भमा 'नयाँ' शब्द आएकोले आद्यानुप्रास पर्न गएको देखिन्छ ।

मध्यानुप्रास

नपाई अन्नका दाना यहाँ मान्छे मरेकै छन्
नपाई वासको छाना तुवाँलोमा झरेकै छन् ।

'गजल रापती... २२'

यसमा 'दाना' र 'छाना' दुवै शेरका बीच भागमा आएकाले मध्यानुप्रास हुन गएको छ ।

छेकानुप्रास

सुगन्ध बन्द भैसके न गीत गुन्गुनाउँछन्
बनेर माहुरी-हुरी बसन्त खोज्न आइद्यौ

'गजल रापती... ४९'

यसमा 'न' 'ह' 'र' उही क्रममा एक पटक मात्र आवृत्ति भएकाले छेकानुप्रास अलङ्कार पर्न गएको देखिन्छ ।

वृŒयनुप्रास

चराहरू कता गए विरक्तिए कि आत्तिए
जुटो न कर्ममा उठो विदीर्ण वास छाइद्यौ

'गजल रापती... ४९'

यसमा 'ए' वर्णको तीन पटकसम्म आवृत्ति भएकाले वृत्त्यानुप्रास अलङ्कार परेको देखिन्छ ।

अन्त्यानुप्रास

यहाँ दाताहरू आए विधाता कत्ति आएनन्
बने आशामुखी मात्रै खुशीले कत्ति गाएनन्

'गजल रापती... ३५'

---

88= केशवप्रसाद उपाध्याय, पूर्वीय साहित्य सिद्धान्त, दो.सं. (काठमाडौं : साझा प्रकाशन, २०४८), पृ. १२३ ।

अशक्त छन् धुरीहरू विभक्त छन् बलाहरू !
प्रसून वैलिँदा यहाँ विरक्त छन् कलाहरू !

'गजल रापती... ५७'

माथिका उदाहरणमा पङ्क्तिका अन्त्यमा आएनन्, गाएनन् र बलाहरू, कलाहरू जस्ता शब्दहरू अन्त्यानुप्रासका रूपमा आएका छन् ।

गजल एक लयात्मक विधा भएकाले यसमा अन्त्यानुप्रासको अति नै महत्त्व हुन्छ । गजलमा अनुप्रास 'काफिया'का रूपमा आउने र दुवै पङ्क्तिमा अनुप्रासयुक्त संरचना 'मतला' खण्डमा रहने हुनाले कविता र गीतको जस्तो अधिक अनुप्रास गजलमा रहन्न । प्रत्येक अंश भएर आउने हुनाले गजलमा अनुप्रासको छुट्टै स्थान रहेको देखिन्छ ।

(२) अर्थालङ्कार

अर्थका आधारमा हुने अलङ्कारलाई अर्थालङ्कार भनिन्छ ।[89] गजलकार सुशील गौतमले यस सङ्ग्रहका गजलहरूमा उपमा, उत्प्रेक्षा, कारणमाला जस्ता अर्थालङ्कारलाई राम्ररी संयोजन गरेको देखिन्छ । ती अर्थालङ्कारका नमुना स्वरूप तलका शेरहरूलाई लिन सकिन्छ :

उपमा

पूरै सिन्धु छचल्केझैँ भयो आँखा जुधाउँदा
कसरी सहने देवी ! सुनामी रोजरोज यो

'गजल रापती... ३'

उपर्युक्त उदाहरणमा 'सिन्धु' उपमान, 'आँखा' उपमेय, 'झैँ' वाचक शब्द र 'जुधाउँदा' साधारण धर्मका रूपमा रहेकाले उपमा अलङ्कार हुन गएको छ ।

उत्प्रेक्षा

डुब्न लाग्या सूर्यलाई रोक्न तम्सेँ
गोधुलीमा काँध थापी बोक्न तम्सेँ

'गजल रापती... ३०'

यसमा सूर्य डुब्न लाग्नु सम्भव वर्णनीय छ तर उसलाई रोक्न र बोक्नका लागि गोधूलीमा काँध थाप्न खोजेको असम्भव अवर्णनीय रूपमा सम्भावना गरिएकाले उत्प्रेक्षा अलङ्कार बन्न गएको छ ।

कारणमाला

ग्रीष्मले झत्झती पोल्यो र बर्खामा रुझ्यो जगत्
शरच्चन्द्र उदाएर बल्ल हाँस्यो असोज यो

'गजल रापती... ३'

89= केशवप्रसाद उपाध्याय, पूर्वीय समालोचना सिद्धान्त, पूर्ववत्, पृ. १२७ ।

यहाँ ग्रीष्मका कारण धरती तात्तिनु, वर्षाका कारण धरती रुभ्नु र शरद ऋतुको आगमनका कारण असोज हाँसेको देखाइनुले कारणमाला अलङ्कार बन्न पुगेको देखिन्छ ।

गजलकार सुशील गौतमले आफ्ना भाव वा विचारहरू प्रस्तुत गर्ने क्रममा विभिन्न विम्ब र प्रतीकहरूको प्रयोग गरेका छन् । विम्ब र प्रतीकको समुचित आयोजनाले गजलको भाव गहन र प्रभावकारी हुने गर्दछन् । कुनै पनि वस्तु, कार्य, भाव, विचार, धारणा मनका अवस्था आदिलाई बुझाउनको लागि विम्बको प्रयोग गरिन्छ ।[90] विम्ब कुनै पनि सिर्जनालाई प्रभावित तुल्याउनका लागि उपस्थित भएको हुन्छ । गजलकार गौतमले **गजल रापती** गजल सङ्ग्रहमा विभिन्न प्रकारका विम्बहरूको प्रयोग गरेका छन् । उनले विशेष गरी विम्बहरू प्रयोग गर्दा प्राकृतिक र सामाजिक जनजीवनबाट विम्बहरू टिपेको पाइन्छ । हिमाल, गण्डकी, हिमाली शिखर, ज्वालामुखी आदि प्राकृतिक विम्बका रूपमा आएका छन् भने पसिना, चौपारी, भोक, तिर्खा सामाजिक विम्बका रूपमा आएका छन् । सुशील गौतमले प्रयोग गरेका विम्बको उदाहरणका रूपमा तलका शेरलाई उद्धृत गर्न सकिन्छ :

न हाँसेको दिवा देखेँ, न हाँसेको निशा देखेँ
हताशाले पिरोलेको उदासीमा दिशा देखेँ

'गजल रापती... ६९'

माथि उल्लेखित शेरमा नहाँसेको दिवा, नहाँसेको निशा र हताशाले पिरोलेको उदासीमा दिशा देखेको देखाइएकाले दृश्यसम्बन्धी विम्बको प्रयोग गरेको देखिन्छ । उनले विम्बको प्रयोग गर्दा गतिसम्बन्धी, तापसम्बन्धी, स्पर्शसम्बन्धी, गन्धसम्बन्धी विम्बहरूको पनि प्रयोग गरेको देखिन्छ ।

त्यस्तै गजलकार गौतमले आफ्ना गजलहरूमा विभिन्न प्रतीकहरूको पनि प्रयोग गरेका छन् । गौतमले विश्वव्यापी, स्थानीय, मिथक, आदिबाट प्रतीकहरू टिपेका छन् । यिनले माकुराहरूलाई सत्तासीन नेताहरूको प्रतीकका रूपमा लिएका छन् भने मेघ– डर, भय र अन्धकारको प्रतीकका रूपमा लिएका छन् । त्यस्तै आसुरी अशान्तिको प्रतीकका रूपमा आएको छ भने सहिष्णुता र एकता-धीरता र मेलमिलापको प्रतीकका रूपमा आएका छन् । यिनका गजलमा प्रयोग भएका प्रतीकहरूमध्ये जून तारा, सूर्य, फूल, गङ्गा आदि प्राकृतिक जगत्‌बाट टिपिएका प्रतीकहरू हुन् भने माहुरी, चरा पक्षी एवम् कीट जगत्‌बाट टिपिएका प्रतीक हुन् । त्यस्तै वनस्पति जगत्‌बाट टिपिएको प्रतीकका रूपमा 'मकै' लाई लिन सकिन्छ । उनले प्रयोग गरेको प्रतीकका उदाहरणका रूपमा तलका शेरलाई उद्धृत गर्न सकिन्छ :

यहाँ द्यौता भनी पुज्छन् चढाई भेटमा माला
म मान्छे, हैन द्यौता क्यै मलाई रोट के खाँचो

'गजल रापती... २९'

यस उदाहरणमा 'द्यौता' मिथकबाट लिइएको प्रतीक हो ।

---

90= कृष्णहरि बराल, गजल : सिद्धान्त र परम्परा, पूर्ववत् पृ. ११३ ।

६.३.८ भाषाशैली

गजल भाषाका माध्यमद्वारा अभिव्यक्त हुने कलाविशेष हो। गजललाई सङ्गीतात्मक बनाउनका लागि भाषाका स्वर र व्यञ्जन वर्णहरूको भूमिका महत्त्वपूर्ण हुन्छ। गजलमा प्रायोग गरिने भाषा विशिष्ट, कलात्मक र नवीन किसिमको हुनुपर्छ। भाषाकै माध्यमबाट गजलको केन्द्रीय कथ्य अभिव्यक्त हुन्छ। गजलकार सुशील गौतमले आफ्ना गजलमा प्रयोग गरेको भाषा कलात्मक देखिन्छ। उनका गजलमा, शब्दहरूको कलात्मक व्यवस्थापन गर्दा गौतमले अक्षरहरूको समानुपातिक वितरण गरेका छन्। सङ्गीत सिर्जना गर्ने खालका वर्णहरूको प्रयोग पनि उनका गजलमा यथास्थानमा देखिन्छ। त्यस्तै लय मिलाउनका लागि गौतमले शब्द प्रयोगको विचलन देखाएका छन्, जसको नमुनास्वरूप तलका शेरलाई लिन सकिन्छ :

हिमाल पग्लिए उता, विचेत अग्लिए यता
नयाँ बिहान आउने प्रभात-गीत गाइ द्यौ

'गजल रापती... ४९'

यस उदाहरणमा 'देऊ' गर्दा अक्षर बढी हुने भएकाले 'द्यौ' क्रियाको प्रयोग गरेको देखिन्छ। त्यस्तै काफिया मिलाउनका लागि पनि गजलकारले भाषिक विचलनको प्रवृत्ति देखाएका छन्–

यो ध्वजाका चन्द्रमा औ सूर्यलाई
यै ध्वजामा नै पट्याई बेचिदिन्थेँ

'गजल रापती... १२'

यसमा हाईहाई, टाईँफाईं, राईंदाईंसँग मिलाउनका लागि पट्याएरको सट्टा पट्याईको प्रयोग गरिएको छ। गजलमा सरल भाषाको प्रयोग गर्नुपर्ने हुन्छ सुशीलले आफ्ना गजलहरूमा सरल मानक नेपाली भाषाको प्रयोग गरेका छन्। कथ्य भाषाको प्रयोग गरिएको गजलका उदाहरणका रूपमा 'गजल रापती... ५८' को कुनै एउटा शेरलाई यहाँ प्रस्तुत गरिएको छ :

जहाँ जे जे गरुन् बाचा कतै क्यै पालना हुन्नन्
यिनैको चक्चकी बढ्दो यिनैका हुप अर्के छन्।

'गजल रापती... ५८'

यसमा गीतकारले लय मिलाउनको लागि 'केही' को प्रयोग गनुपर्ने ठाउँमा 'क्यै' को प्रयोग गरेका छन्।

सुशील गौतमका गजलमा संस्कृत तत्सम शब्दहरूको प्रयोग पाइन्छ। त्यस्तै उनले तद्भव, आगन्तुक एवम् झर्रा नेपाली शब्दको प्रयोग पनि गरेका छन्। अरू गजलमा कतै-

कतै संस्कृत शब्दहरूको प्रयोग भएको देखिन्छ। चर्क्षु, व्योम, जननी, लता-कुञ्ज, साधु, पिपासा, संवेदना, दावानल, विदीर्ण जस्ता संस्कृत तत्सम; सन्ध्या, संघात जस्ता तद्भव शब्द; हिम्मती, सलामी, लास, गुलामी, हुप जस्ता आगन्तुक शब्दको प्रयोग उनका गजलमा पाइन्छ। त्यस्तै उनले कथ्य भाषाको पनि निकै प्रयोग गरेका छन्। जस्तै :

| | | | |
|---|---|---|---|
| था'छ | थाहा छ | कै'ल्यै | कहिल्यै |
| भो | भयो | थ्यो | थियो |
| त्यै | त्यही | कहाँ गो | कहाँ गयो |
| भै | भई | रै'छ | रहेछ |

कतिपय ठाउँहरूमा पङ्कशायी, म्लान, वितण्डा जस्ता संस्कृतका नेपाली बोलचालमा प्रयोग हुने अप्रचलित शब्दको प्रयोग पनि गरेका छन्। यिनका गजलमा संस्कृत तत्सम शब्दको बाहुल्य देखिन्छ। यिनले कतिपय गजलहरूमा ढेङ्ग्रा जस्ता स्थानीय भाषिकाको पनि प्रयोग गरेका छन्। गजल आत्मपरक शैलीमा लेखिएता पनि गौतमले कतिपय ठाउँहरूमा प्रश्नात्मक, इच्छात्मक, उपदेशात्मक, व्यङ्ग्यात्मक शैलीको पनि प्रयोग गरेका छन्। उनले प्रयोग गरेका विविध शैलीका निम्नानुसारका उदाहरण प्रस्तुत गर्न सकिन्छ :

प्रश्नात्मक

उज्ज्यालो यो बिहानीमा चराले गीत के गायो ?
कुनै नौलो कुरा ब्यूँझ्यो ? सुधा-सन्देश के आयो ?
'गजल रापती... ९'

इच्छात्मक

अहन्ताले पिरोलेको तुवाँलो फाल्न चाहन्थेँ
त्यही बाक्लो अँध्यारोमा दियालो बाल्न चाहन्थेँ
'गजल रापती... ३१'

उपदेशात्मक

मार्ग हिँड्दै, बास बस्दै रात काट्ने
एक यात्रा जिन्दगी हो मान्न देऊ
'गजल रापती... १८'

व्यङ्ग्यात्मक

सबै जना लाहुरमात्र ताक्दछन्
पराइ-दासत्व विकास भो यहाँ
'गजल रापती... ४३'

यसप्रकार गजलकार गौतमले आफ्ना गजलहरूमा उपर्युक्त उदाहरणमा जस्तै विविध प्रकारको अभिव्यक्ति शैलीलाई कलात्मकताका साथ प्रयोग गरी कथ्यविषयलाई प्रस्तुत गरेका छन् ।

### ६.३.९ निष्कर्ष

सुशील गौतमको **गजल रापती** गजल सङ्ग्रह सातौँ प्रकाशित कृति हो । प्रस्तुत गजल सङ्ग्रहमा प्रणय सन्दर्भका साथै नेपालको समकालीन अवस्थाप्रति चिन्ता व्यक्त गरिएको छ । यसमा नेताहरूको छद्मवेशी प्रवृत्ति, स्वतन्त्रताको उपहास गर्नेहरूप्रति व्यङ्ग्य गरिएको पाइन्छ । यिनका गजलमा मानवतावादी स्वर यत्रतत्र छरिएको छ भने उनले स्वतन्त्रता र समानताको पक्षमा आवाजहरू पनि उठाएका छन् । यो गजल सङ्ग्रहमा गजलकारका गजलाभिव्यञ्जना रूपी पुष्पहरू सरस्वतीका चरणमा अर्पण गरी सुरु र अन्त्य गरिएको छ । यसमा गौतमले प्रेमको भावनाका अतिरिक्त युद्धमा अल्झिएको नेपालको समकालीन अवस्थाप्रति चिन्ता व्यक्त गर्दै देशलाई ध्वस्त पार्न होइन राष्ट्रनिर्माणको गन्तव्यतिर लाग्न आग्रह गरेका छन् ।

उपर्युक्त गजल सङ्ग्रहका गजलहरूको लेखनशैली कलात्मक र व्यङ्ग्यात्मक देखिन्छ । यिनका गजलमा प्रवाह सुमधुर छ । संरचनागत रूपमा यिनले विभिन्न शास्त्रीय छन्द र बहरका नियमहरूको पूर्ण परिपालन गरेका छन् । रदिफ, मतला, मकता, काफिया आदिको समुचित रूपमा प्रयोग गर्न रुचाउने गजलकार गौतमले अलङ्कार, विम्ब, प्रतीकको प्रयोग पनि यथास्थानमा गरेका छन् । त्यसै हुनाले उनका गजलहरू लयात्मक, श्रुतिमधुर र सङ्गीतात्मक बन्न पुगेका छन् । विभिन्न शैलीको प्रयोग गरेर लेखिएका सङ्ग्रहका गजलहरू सङ्गीतात्मक मिठासपूर्ण र सुमधुर बन्न पुगेका छन् । भाव, विचार र शिल्प सौन्दर्यका दृष्टिले गौतमका गजल राम्रा छन् भने शास्त्रीय छन्द र बहर भित्र आबद्ध रहेका यिनका गजलहरू गेयताका दृष्टिले पनि सहज र सार्थक देखिन्छन् ।

# सातौँ परिच्छेद

# उपसंहार तथा निष्कर्ष

सुशील गौतमको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा परिच्छेद दुई, तीन र चारमा विवेचना गरिसकिएको छ । यस परिच्छेदमा उपर्युक्त परिच्छेदहरूमा गरिएको विवेचनाको निष्कर्ष प्रस्तुत गरिएको छ ।

सुशील गौतम २००२ साल असोज महिनाको शुक्लपक्ष नवदुर्गाभित्रको चतुर्थी तिथिका दिन हालको दाङ जिल्लाको हापुर गा.वि.स., बगिया भन्ने गाउँमा जन्मिएका थिए । उनको बाल्यकाल आफ्नी आमाको असामयिक देहावसानका कारण एक वर्षसम्म आफ्नै घरमा र बाँकी आठ वर्ष मावलीघरको पारिवारिक स्नेह र ममतापूर्ण वातावरणमा बितेको पाइन्छ । टेकनाथ गौतम र मुन्नादेवीको कोखबाट एकमात्र पुत्ररत्नको रूपमा जन्मिएका गौतमले नौ वर्षको उमेरमा आफ्नै बुबाबाट अक्षरारम्भ गरेको देखिन्छ । त्यसपछि उनले औपचारिक रूपमा दाङको बिजौरीस्थित जनता प्रधान पाठशालाबाट प्रथमा परीक्षा दिएको देखिन्छ । त्यसपछि २०१८ सालमा तौलिहवास्थित रत्नराज्यलक्ष्मी हाई स्कुलबाट उनले प्रथम श्रेणीमा एस. एल. सी. उत्तीर्ण गरेका थिए । त्यसपछि उनको उच्च शिक्षाको क्रम सुरु भयो र उनले दाङस्थित महेन्द्र इन्टर कलेजबाट आई. ए., त्रिचन्द्र कलेजबाट बी.ए. र सम्पूर्णानन्द विश्वविद्यालयबाट शास्त्री उत्तीर्ण गरेको देखिन्छ भने २०२५ सालमा त्रिभुवन विश्वविद्यालयबाट अर्थशास्त्र विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको पाइन्छ ।

शारीरिक रूपमा अलि कमजोर भएका कारण स्नातकोत्तर तहसम्मको औपचारिक अध्ययन पूरा भएपछि उनी आफ्नै गाउँमा घरगृहस्थी र सामाजिक कार्यमा व्यस्त हुन थाले । २०१५ सालमा 'भट्केको बटुवा' शीर्षकमा निबन्ध लेखेर सिर्जनात्मक गतिविधिमा संलग्न गौतमका हालसम्म सातवटा कृतिहरू प्रकाशित छन् । कविताञ्जलि (२०५६) उनको प्रथम प्रकाशित कृति हो । यसपछि २०५८ सालमा उनको दोस्रो पुस्तकाकार कृति **My Poems** अङ्ग्रेजी कवितासङ्ग्रह प्रकाशित भएको पाइन्छ । यस्तै २०६० सालमा एक सय एक प्रेम गीतहरू गीतिसङ्ग्रह, चर्किएको जून कवितासङ्ग्रह प्रकाशित भएको देखिन्छ । यसपछि २०६१ सालमा उनका पिरतीका धुनहरू गीतिसङ्ग्रह र **प्रेसर कुकर** कवितासङ्ग्रह प्रकाशित भए भने २०६४ सालमा गजल रापती गजलसङ्ग्रह प्रकाशित भयो । त्यस्तै उनले श्रापशान्ति लघुकाव्यको प्रकाशन स्थगित गरेका छन् भने सूर्यमुखी महाकाव्य लेख्दा लेख्दै बीचैमा छोडेका छन् । उनका थुप्रै फुटकर लेख-रचनाहरू पनि विभिन्न पत्रिकामा प्रकाशित छन् । उनले हालसम्म लेख-निबन्ध, कथा, गजल, कविता, समालोचना जस्ता विविध विधामा कलम

चलाएको देखिन्छ । प्रस्तुत शोधपत्रमा उनका पाइएसम्मका सबै रचनाहरूलाई समावेश गर्ने प्रयास गरिएको छ । सबै पत्रपत्रिकाको अनुपब्लधताका कारणले गर्दा उनका कतिपय फुटकर रचनाहरूको आधिकारिक विवरण यस शोधपत्रमा समावेश गर्न सकिएको छैन ।

२०१५ सालदेखि २०५४ सालसम्म उनका रचनाहरू फाटफुट रूपमा प्रकाशित भएको पाइन्छ तर त्यसबेलाका उनका रचनाहरू सबै उपलब्ध छैनन् । २०५४ सालदेखि उनी साहित्यसिर्जनातर्फ बढी सक्रियताकासाथ लागि परेका छन् । त्यसैको परिणामस्वरूप २०५६ सालदेखि २०६४ सालसम्मको लगभग एक दशकको अवधिमा उनी सातवटा कृति प्रकाशित गर्न सफल भएका छन् । यी कृतिहरूमा **कविताञ्जलि**, **My Poems, चर्किएको जून**, **एक सय एक प्रेम गीतहरू**, **प्रेसर कुकर**, **पिरतीका धुनहरू** र **गजल रापती** पर्दछन् । उनको यस अवधिको सिर्जनात्मक सक्रियतालाई हेर्दा परिमाणात्मक र गुणात्मकताका दृष्टिले पनि यो चरण प्राप्तिपूर्ण रहेको छ । यसलाई उनको सिर्जना यात्राको उर्वरकाल पनि मान्न सकिन्छ । यस अवधिमा उनी साहित्यसिर्जनामा ज्यादै सक्रिय रहेका कारणले पनि यो समयलाई उनको सिर्जनाको उत्कर्षकाल भन्न सकिन्छ ।

बहुमुखी प्रतिभाका धनी साहित्यकार सुशील गौतमको पुग-नपुग पाँच दशक लामो साहित्यसाधनाका क्रममा उनी आफूलाई कवि, लेखक, निबन्धकार, कथाकार, गजलकार, समालोचकका रूपमा चिनाउन सफल भएका छन् । तुलनात्मक रूपमा हेर्दा सुशील गौतम अन्य विधामा भन्दा कविता विधामा बढी सक्रिय देखिन्छन् । कविताको लघु रूपदेखि बृहत् रूपसम्मको यात्रा गर्न प्रयत्नशील गौतमका विभिन्न पत्रपत्रिकाहरूमा फाटफुट रूपमा एक दर्जन जति कविता प्रकाशित भएको देखिन्छ । त्यस्तै उनका लगभग अठारवटा जति लेख-रचनाहरू पनि प्रकाशित भएका छन् । उनी गीतकार र गजलकारका रूपमा पनि सक्रिय रहिआएका छन् ।

विषयवस्तुका दृष्टिले हेर्दा उनका सिर्जनामा प्रकृति, मानवता, सामाजिकता, देशप्रेमका भावहरू छरिएको पाइन्छ । सामाजिक विकृति र विसङ्गति, समसामयिक समाज, संस्कृति, परम्परा र परिवेशलाई पनि उनले आफ्ना सिर्जनामा समेटेका छन् । उनले आफ्नो साहित्यमार्फत अन्तर्राष्ट्रिय स्तरमा शक्तिसम्पन्न राष्ट्रहरूले कमजोर र गरिब राष्ट्रमाथि गरेका अमानवीय व्यवहारको भर्त्सना गरेका छन् भने देशका निम्ति जीवनदान गर्ने शहीदहरूप्रति श्रद्धाभाव र नेपाली भाषा र साहित्यका क्षेत्रमा योगदान दिने स्रष्टाहरूप्रति आस्थाभाव व्यक्त गरेका छन् । उनी सिर्जनात्मक सक्रियताका दृष्टिले अरूका तुलनामा कविता, गीत र गजल विधामा बढी सक्रिय देखिन्छन् । नेपाली साहित्यको प्रगतिवादी धाराबाट साहित्ययात्रा सुरु गरी हालसम्म आइपुग्दा गौतम एक बहुआयामिक साहित्यसाधकका रूपमा स्थापित हुन पुगेका छन् । कविताका लघु रूपदेखि बृहत् रूपसम्मको यात्रा गर्न सक्रिय गौतमका स्वतन्त्रता,

समानता, विश्वशान्ति र भ्रातृत्वमा आधारित मानवतावादी विचार एवम् प्रकृतिप्रेम र सुधारात्मक भावना प्रस्तुत गर्नु उनको काव्यगत विशेषता हो। पाँच दशक लामो साहित्ययात्रामा एउटा अङ्ग्रेजी कवितासङ्ग्रह र तीनवटा नेपाली कवितासङ्ग्रह प्रस्तुत गरी एक सफल गद्य कविका रूपमा उपस्थित हुन सक्नु कवि गौतमको प्रमुख उपलब्धि हो।

त्यस्तै साहित्यकार सुशील गौतम गीतकारका रूपमा पनि चर्चित छन्। समयको मागअनुसार साहित्यसिर्जना गर्न रुचाउने गौतम नेपाली गीतको फाँटमा झ्याउरे छन्द र सवाई छन्दको प्रयोग गरी समसामयिक परिवेश, प्रणयभाव, नेपाली ग्रामीण समाजको यथार्थको अभिव्यक्तिलगायतका विविध विषयमा आधारित भएर गीतको रचना गर्नु गीतकार गौतमको वैशिष्ट्य मान्न सकिन्छ भने छोटो समयमै पाठकहरूको मन छुने खालका गीतहरूको सिर्जना गरी आफूलाई सृजनशील गीतकारका रूपमा चिनाउन सक्नु गीतकार गौतमको उपलब्धि हो।

२०६३ सालमा 'गजल रापती... १' गजल लेखेर गजल विधामा प्रवेश गरेका गौतमले प्रणयका साथै स्वतन्त्रता, शान्ति, राष्ट्रप्रेम, मानवतावाद, मुलुकले भोग्नुपरेको युद्धबिभीषिका आदि विविध विषयलाई समेटेर मार्मिक गजलहरू प्रस्तुत गरेका छन्। हाम्रो समाजमा देखिएका विकृति र विसङ्गतिमाथि व्यङ्ग्य प्रहार गरी सुधारको चाहना राख्नु गजलकार गौतमको प्रमुख विशेषता हो भने शास्त्रीय छन्द र बहरहरूमा आधारित भएर गजलको रचना गरी आफूलाई समकालीन गजलकारका रूपमा चिनाउन सक्नु पनि यिनको उपलब्धि हो।

यसरी सुशील गौतम एक बहुआयामिक साहित्यसाधक हुन्। उनी मूलतः साहित्यका क्षेत्रमा कवि, गीतकार र गजलकारका रूपमा परिचित हुन पुगेका छन् भने राष्ट्रियता प्रकृतिचित्रण, देशप्रेम, मानवतावाद, समसामयिक समाज आदि उनका साहित्य सिर्जनाका प्रमुख विषयवस्तु हुन्। वर्णनात्मक, आलङ्कारिक एवम् प्रतीकात्मक शैली तथा सरल, सुबोध शब्दयोजना उनका शैलीगत वैशिष्ट्य हुन्। यिनै विशेषताका आधारमा उनलाई समसामयिक साहित्यका एक उल्लेख्य व्यक्तित्वका रूपमा लिन सकिन्छ।

सुशील गौतमको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा आधारित यस शोधपत्रमा उनको कृतित्वको सामान्य अध्ययन मात्र गरिएको छ। त्यसैले उनका कृतित्वका बारेमा भविष्यमा अरू पनि शोधकार्य हुन सक्ने सम्भावना देखिन्छ। भविष्यमा हुन सक्ने त्यस्ता सम्भाव्य शोधशीर्षकहरू यसप्रकार छन् :

(१) सुशील गौतमका कविताकृतिको विवेचना

(२) गीतकार सुशील गौतम

(३) गजलकार सुशील गौतम

(४) नेपाली साहित्यमा सुशील गौतमको योगदान

# सन्दर्भस्रोत

(१) पुस्तक


- अधिकारी, हेमाङ्गराज, **पूर्वीय समालोचना सिद्धान्त**, दो.सं., काठमाडौँ : साझा प्रकाशन, २०३५ ।
- गौतम, सुशील, **कविताञ्जलि**, दाङ : लेखक संघ, २०५६ ।
- गौतम, सुशील, **My Poems**, दाङ : लेखक संघ, २०५८ ।
- गौतम, सुशील, **एक सय एक प्रेमगीतहरू**, दाङ : लेखक संघ, २०६० ।
- गौतम, सुशील, **चर्किएको जून**, दाङ : लेखक संघ, २०६० ।
- गौतम, सुशील, **प्रेसर कुकर**, दाङ : सिर्जनशील परिवार, २०६१ ।
- गौतम, सुशील, **पिरतीका धुनहरू**, दाङ : लेखक संघ, २०६१
- गौतम, सुशील, **गजल रापती**, दाङ : लेखक संघ, २०६४ ।
- नेपाल, देवी, **छन्द-पराग**, काठमाडौँ : भुँडीपुराण प्रकाशन, २०६२ ।
- न्यौपाने, घनश्याम, **गजल सौन्दर्य मीमांसा**, काठमाडौँ : सङ्गम बुक्स पब्लिकेसन, २०६४ ।
- त्रिपाठी, वासुदेव र अन्य (सम्पा.), **नेपाली कविता भाग ४**, ललितपुर : साझा प्रकाशन, २०४६ ।
- तिमसिना, डिल्लीराज र माधव भण्डारी, **छन्द र अलङ्कार**, चौ.सं., फिदिमः प्रेमजनक पुस्तकालय, २०६२ ।
- बराल, कृष्णहरि, **गजल : सिद्धान्त र परम्परा**, काठमाडौँ : साझा प्रकाशन, २०६४ ।
- शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल, **शोधविधि**, ते.सं., ललितपुर : साझा प्रकाशन, २०६२ ।


(२) पत्रपत्रिका


- अधिकारी, दामोदर, 'नहारेको एउटा जीवन', **गोरक्ष**, (दाङ : वर्ष ३, अङ्क ९४, २०६४), पृ. ४ ।
- उदासी, टीकाराम, सुशील गौतमका 'एक सय एक प्रेमगीतहरू' **नयाँ युगबोध**, (दाङ : वर्ष २७, अङ्क १४२, २०६०), पृ. ४ ।

- डी. सी., कृष्णराज, 'लेखक संघ दाङद्वारा पुरस्कृत साहित्यिक प्रतिभाहरू', **नयाँ युगबोध**, (दाङ वर्ष २७, अङ्क २६९, २०६०), पृ. ४ ।

(३) शोधग्रन्थ

- रायमाभ्की, शंकरकुमार, **ऋषिराम न्यौपानेको जीवनी, व्यक्तित्व र कृतित्व**, त्रि.वि. नेपाली केन्द्रीय विभागमा प्रस्तुत अप्रकाशित स्नातकोत्तर शोधपत्र, २०५८ ।
- पौडेल, पोषराज, **ज्ञानुवाकर पौडेलको जीवनी, व्यक्तित्व र कृतित्व**, त्रि.वि. नेपाली केन्द्रीय विभागमा प्रस्तुत अप्रकाशित स्नातकोत्तर शोधपत्र, २०६१ ।
- वस्ती, सनत, **सबेरै आएँ**, त्रि.वि. नेपाली केन्द्रीय विभागमा प्रस्तुत अप्रकाशित स्नातकोत्तर शोधपत्र, २०५३ ।